बौद्धनाथसँग सम्बन्धित संस्थाहरू

# बौद्धनाथ क्षेत्रका संस्थाहरूको ऐतिहासिक अध्ययन

बौद्धनाथ क्षेत्र विकास समितिका लागि अध्ययन

**फागुन, २०८२**





**अध्ययन टोली**

इन्द्रकुमार तामाङ

उदय थिङ

पेमाछिरिङ तामाङ

सन्तोष योन्जन तामाङ



**ग्लोबल भोइस**

**बौद्ध, काठमाडौँ**

## विषयसूची

अध्याय- एक


**१. अध्ययन परिचय** ... ४

**२. अध्ययनका उद्‌देश्यहरू** ... ५

**३. अध्ययन विधि** ... ५

**४. अध्ययनको सीमा** ... ८


अध्याय- दुई


**५. बौद्धनाथ क्षेत्रका संघसंस्थाहरू** ... ९

५.१. धार्मिक संघसंस्थाहरू ... ९

(क) श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी ... ९

(ख) श्री बौद्धनाथ क्षेत्र विकास समिति ... १०

५.२. बौद्ध क्षेत्रका गुम्बाहरू ... १३

५.३. सामाजिक-सांस्कृतिक गुठीहरू ... १४

(क) श्री बौद्ध तामाङ कल्याण गुठी ... १४

(ख) ओम तामाङ सुख दुःख गुठी ... २९

(ग) बज्यु गुठी ... ३८

(घ) दे भ्वय गुठी ... ३९

५.४. सामाजिक संघसंस्थाहरू ... ४०

(क) बौद्ध जेष्ठ नागरिक समाज ... ४०

(ख) छ्योरडान महिला समाज ... ४२

५.५. खेलकुदसँग सम्बन्धित संघसंस्थाहरू ... ४६


अध्याय- तीन


**६. ऐतिहासिक सम्पदा : बौद्धनाथ महाचैत्य** ... ४७


अध्याया- चार


७. **ऐतिहासिक परम्परा : बौद्ध-मेलाम्ची घ्याङ गुठी** ... ५२

७.१. परिचय ... ५२

७.२. ऐतिहासिक पक्ष ... ५२

७.३. बौद्ध मेलाम्ची घ्याङ गुठी एकीकरण र चिनियाँ लामाको नेतृत्व ... ५५

७.४. घ्याङ गुठीको उद्‌देश्य तथा काम-कर्तव्यहरू ... ५६

७.५.  घ्याङ गुठी अधिनस्थ घ्याङ-गुम्बाहरू ...... ५७
(क) गुरू ल्हाखाङ
(ख) मेलाम्ची घ्याङ
७.६.  घ्याङ गुठीको धार्मिक अनुष्ठानका कार्यहरू ...... ५८
७.७. घ्याङ गुठीको सांस्कृतिक कार्यहरू ...... ५९
७.८. घ्याङ गुठीको सामाजिक कार्यहरू ...... ६७
७.९. घ्याङ गुठीको स्रोत व्यवस्थापन ...... ६८
७.१०. प्रमुख लामाको नियुक्ति, काम कर्तव्य र अधिकारहरू ...... ६८
७.११. बौद्ध घ्याङ गुठीमा चिनियाँ लामा परम्परा ...... ७१
७.१२. प्रशासनिक संरचना ...... ७३
७.१३. ऐतिहासिक परिवर्तन र समकालीन अवस्थाहरू ...... ७५
७.१४. घ्याङ गुठी र स्थानीय समुदायबीचको सम्बन्ध ...... ७६
अध्यया पाँच
**८.  अध्ययनको निष्कर्ष ......** ७७
**९. घ्याङ गुठीको संरक्षण र विकासका लागि केही सुझाव ......** ७९

सन्दर्भसूची ...... ८०
अनुसूचीहरू ...... ८२
परिशिष्ट ...... ११२

अध्याय एक

## १. अध्ययन परिचय

बौद्ध स्तूप काठमाडौं उपत्यकाको पूर्वी उत्तर भागमा अवस्थित नेपालका प्रख्यात बौद्ध तीर्थस्थल मध्ये एक प्रमुख तीर्थस्थल हो। यो स्तूप संसारकै सबैभन्दा ठूला गोलाकार भएको स्तूप हो। सन् १९७९ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचिकृत बौद्ध सम्पदा क्षेत्र अन्तर्गत बौद्ध स्तूप करिब ८२,१४० वर्ग फिट क्षेत्रफलमा फैलिएको छ। यस स्तूपको गर्भगृहको व्यास १०० फिट छ भने उचाइ १४१.२ फिट रहेको छ। (लामा, २०८१) बौद्ध क्षेत्र विशेषतः काठमाडौं उपत्यकाभित्र तामाङ समुदायको आदिम कालदेखी बसोबास रहेको एवं बाहुल्यता रहेको तामाङ सम्पदा क्षेत्र हो। साथै, हाल यस क्षेत्रमा नेवार, तिब्बती, शेर्पा, लगायतका जातजातिको समेत बसोबास भएकोले यो क्षेत्र तामाङसँगै विविध जातजातीको साझा सम्पदाको रूपमा रहेको छ। यस स्तूपलाई तामाङ लगायत हिमाली बौद्ध समुदायहरूले खस्योर, झ्यारूङ खस्योर, खस्योर छ्योर्तेन, नेवारी समुदायले खास्ती चैत्य एवम् आम रूपमा बौद्धस्तूप, बौद्ध चैत्य आदि विविध नामबाट पनि सम्बोधन गरिएको पाइन्छ। सप्त तथागतमध्ये एक काश्यप बुद्धको अस्तिधातु राखी निर्माण गरिएको विश्वास गरिने यस स्तूप विश्ववमा रहेका स्तूपहरूमध्ये सबैभन्दा विशाल स्तूप हो। त्रिकाल बुद्धको चित्तको प्रतीक मानिने यस स्तूपलाई भगवान् बुद्घले सम्यक् सम्बुद्धत्व लाभ गर्नुभएको घटनासँग सम्बन्धित बोधिचैत्य पनि भनिन्छ। महायान बौद्ध परम्पराको केन्द्रबिन्दुका रूपमा रहेको बौद्ध स्तूपलाई चिन्तामणिरत्न अर्थात जुनसुकै मनोकामना पुरा गर्ने रत्नको प्रतीक पनि मानिन्छ।

नेपालको सांस्कृतिक धरोहर र धार्मिक पर्यटनको केन्द्रको रूपमा रहेको विश्व सम्पदा सूचीमा सूचिकृत तीर्थस्थल बौद्ध स्तूपको व्यवस्थापन तथा संचालन गर्ने बौद्ध मेलम्ची घ्याङ गुठी नेपालको प्राचीन धार्मिक-प्रशासनिक संस्था हो। यस गुठीको स्थापनादेखि नै यस संस्थाले बौद्ध स्तूपको नित्यपूजा, अनुष्ठान, जात्रा, र सम्पदा व्यवस्थापनको जिम्मेवारी लिंदै आएको छ। यसका साथै, समयक्रमको विकाससँगै स्थानीय तामाङ लगायत अन्य समुदायले स्थापना गरेको सामुदायिक गुठी तथा संघसंस्था, नेपाल सरकारको आधिकारिक निकाय लगायतका अंगले यस सम्पदाको व्यवस्थापन, संरक्षण, संवर्द्धन लगायतका कार्यमा विशेष योगदान पुर्याएको देखिन्छ। तर, यसको ऐतिहासिक विकासक्रम, सामाजिक-राजनीतिक प्रभाव, र स्थानीय तामाङ समुदायसँगको सम्बन्धबारे हालसम्म विस्तृत अध्ययन तथा अनुसन्धान भएको देखिदैन। विशेषगरी, तामाङ समुदाय यस क्षेत्रमा आदिम कालदेखी बासोबास गर्दै आएका र बौद्ध स्तूप, मामथान लगायत अन्य सम्पदाहरूको संरक्षण, संवर्द्धनका साथै धार्मिक अनुष्ठान, नित्य नैमित्य पूजापाठ, जात्रापर्वहरू तीनै तामाङ समुदायले संचालन र व्यवस्थापन गर्दै आएकोमा आधुनिक नेपालको स्थापना र विशेषतः राणा शासनकालदेखि गुठी संचालन र व्यवस्थापनमा स्थानीय तामाङ समुदायलाई राज्यले नै वञ्चित गरी उनीहरूले निवाउदैं आएका परम्पारगत भूमिकाहरूबाट विमूख गरिएको देखिन्छ। जसले गर्दा बौद्धका स्थानीय तामाङ समुदायको धार्मिक अधिकार, सांस्कृतिक पहिचान, र सामुदायिक स्वायत्ततामा गम्भीर प्रभाव पारेको छ। यसैकारण, यस अध्ययनले बौद्ध मेलम्ची घ्याङ गुठी लगायतका बौद्ध सम्पदासँग सम्बद्ध संघसंस्था तथा निकायहरूको ऐतिहासिक अभिलेख, प्रशासनिक संरचना, आर्थिक व्यवस्था, र तामाङ समुदायको ऐतिहासिक योगदानलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ।

## २. अध्ययन उद्‌देश्यहरू

१. बौद्ध महास्तूपको नित्य नैमित्य पूजाआजा, अनुष्ठान, जात्रा, पर्व लगायतका स्तूपको संचालन, व्यवस्थापन तथा मर्मतसंभारका लागि स्थापित बौद्ध मेलम्ची घ्याङ गुठी लगायत अन्य परम्परागत संस्थाहरूको ऐतिहासिक पृष्ठभूमी, विकासक्रम, प्रशासनिक संरचना, स्रोत व्यवस्थापन, संचालन प्रकृयाका साथै वर्तमान अवस्थाको विश्लेषण गर्ने ।

२. तामाङ समुदायले गुठीको संचालनमा निभाएको ऐतिहासिक तथा परम्परागत भूमिका र पछि किन हटाइयो भन्ने कारण पत्ता लगाउने।

३. गुठीको आर्थिक स्रोत (जग्गा, दान, अनुष्ठान आय) र यसको वर्तमान अवस्थाको मूल्याङ्कन गर्ने।

४. गुठीले परम्परागत रूपमा संचालन गर्ने अनुष्ठानहरू कसरी परिवर्तन भएका छन् भन्ने अध्ययन गर्ने।

५. गुठीको भविष्यको नीति निर्माणमा स्थानीय समुदाय, धार्मिक नेतृत्व, र सरकारी निकायहरूको भूमिका निर्धारण गर्न सुझाव दिने।

## ३. अध्ययन विधि

यस अध्ययनले बौद्ध महास्तूपको नित्य नैमित्य पूजाआजा, अनुष्ठान, जात्रा, पर्व लगायतका स्तूपको संचालन, व्यवस्थापन तथा मर्मतसंभारका लागि स्थापित बौद्ध मेलम्ची घ्याङ गुठी लगायत अन्य परम्परागत संस्थाहरूको ऐतिहासिक पृष्ठभूमी, विकासक्रम, प्रशासनिक संरचना, स्रोत व्यवस्थापन, संचालन प्रकृयाका साथै वर्तमान अवस्थाको विश्लेषण गर्ने मूल उद्‌देश्यका साथ उल्लेखित विषयहरूको गहिरो रूपमा अन्वेषणका लागि गुणात्मक अनुसन्धान विधिको बहुआयामिक दृष्टिकोणलाई अपनाइएको छ।

गुणात्मक अनुसन्धान ढाँचामा सामान्यतया अर्ध संरचित अन्तर्वार्ता, सहभागी अवलोकन, समूह छलफल, मौखिक इतिहास संकलन, र दस्तावेज विश्लेषण विधिहरू मार्फत तथ्याङ्कहरू सङ्कलन गरिएको छ। यी विधिहरूमार्फत अन्वेषकहरूले बौद्ध सम्पदा क्षेत्रमा क्रियाशिल गुठी लगायत अन्य संघसंस्थाहरूको स्थापना, ऐतिहासिक घटनाक्रम, संरचना, व्यवस्थापन, वर्तमान अवस्था तथा बौद्ध सम्पदा क्षेत्रको समग्र विकास, संवर्द्घन तथा प्रवर्द्घनमा भूमिका लगायतका मूल शीर्षकका बारेमा विस्तृत, वर्णनात्मक सूचना तथा जानकारी सङ्कलन गरिएको छ। अध्ययनको प्राथमिक स्रोतको रूपमा गुठीका लालमोहर, इस्तिहार, अभिलेख, पुस्तकलगायत अन्य दस्तावेजहरूको अध्ययन गरिएको छ। साथै, गुठी सम्बद्घ सरकारी अधिकारी, बौद्ध मेलम्ची घ्याङ गुठी लगायत बौद्ध सम्पदा क्षेत्रमा क्रियाशिल अन्य सामुदायिक गुठी, सामाजिक, धार्मिक संघसंस्था तथा क्लवहरूका पदाधिकारी तथा सदस्यहरू, बौद्ध, मेलम्ची लगायत अन्य स्थानमा गुठीको जग्गा भोगचलन गर्दै आएका गुठियारहरू, यस विषयसंग सम्बन्धित विषयविज्ञ, जानकार, र स्थानीय तामाङ समुदायसँग अन्तर्वार्ता तथा सामूहिक छफलफ गरिएको छ। त्यसैगरी, द्वितीय स्रोतको रूपमा बौद्ध धर्म, तामाङ इतिहास, र गुठी प्रणालीसम्बन्धी हालसम्म प्रकाशित पुस्तकहरू, शोधपत्र, र लेखहरूको विश्लेषण गरीएको छ। बौद्ध क्षेत्रका स्थानीय तामाङ समुदाय लगायत अन्य समुदायका अग्रज, वुद्धिजीवी, सांस्कृतिक अभ्यासकर्ता लगायतको पहिचान गरी वहाँहरूको जीवन्त अनुभव, भोगाइ साथै बौद्धसँग सम्बन्धित स्मृति तथा दृष्टिकोणलाई केन्द्रमा राखी अध्ययन गरिएको छ।

**अध्ययनको लागि निम्न अध्ययन विधि अवलम्बन गरिएको छः**

**तथ्याङ्क सङ्कलन**

**अन्तर्वार्ताः** अध्ययनको लागि प्राथमिक तथ्याङ्क संकलनका यस अध्ययनले बौद्ध महास्तूपको नित्य नैमित्य पूजाआजा, अनुष्ठान, जात्रा, पर्व लगायतका स्तूपको संचालन, व्यवस्थापन तथा मर्मतसंभारका लागि स्थापित बौद्ध मेलम्ची घ्याङ गुठी लगायत अन्य परम्परागत संस्थाहरूको ऐतिहासिक पृष्ठभूमी, विकासक्रम, प्रशासनिक संरचना, स्रोत व्यवस्थापनका साथै वर्तमान अवस्थाको विस्तृत संकथनहरू तथा जीवन्त अनुभव र स्मृतिहरू सङ्कलन गर्न बौद्धका स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाहरू, सांस्कृतिक अभ्यासकर्ताहरू (बौद्ध घ्याङ गुठी, तामाङ कल्याण गुठीमा अवद्ध लामा तथा धर्मगुरू), बौद्ध घ्याङ गुठी, तामाङ कल्याण गुठी, ओम तामाङ सुखदुःख सेवा गुठी, दे भ्वय गुठी, भज्यु गुठी, छ्योरङान महिला समाज लगायतका बौद्ध क्षेत्रमा क्रियाशील संघसंस्थाका नेतृत्वहरू, स्थानीय बुद्धिजीवी, विज्ञ आदिको पहिचान गरि अर्ध-संरचित अन्तर्वार्ताहरू सञ्चालन गरिएको छ। त्यसैगरी, बौद्ध, सिन्धुपाल्चोकस्थित मेलम्ची, हेलम्बु लगायत अन्य स्थानमा बौद्ध मेलम्ची घ्याङ गुठीको जग्गा भोगचलन गर्दै आएका गुठियारहरूको पहिचान गरि अर्ध-संरचित अन्तर्वार्ताहरू सञ्चालन गरिएको छ।

**सहभागी अबलोकनः** तथ्याङ्क संकलनका लागि यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताले बौद्ध घ्याङ गुठी लगायत अन्य गुठी, सामाजिक, धार्मिक संघसंस्थाहरूद्वारा बौद्घ क्षेत्र र स्थानीय तामाङ समुदाय तथा अन्य समुदायमा संचालन गरिने नित्य नैमित्य पूजापाठ, अनुष्ठान एवम् अन्य क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी भइ दैनिक जीवन, धार्मिक अनुष्ठान, चाडपर्व तथा सामाजिक सांस्कृतिक अन्तरक्रियाहरूको अवलोकन गरिएको छ। सहभागी अवलोनमार्फत अनुसन्धानकर्तालाई समुदायको आत्मगत पक्षहरू बुझ्न तथा सांस्कृतिक अभ्यासहरूको सजीव अनुभव गर्न मद्दत पुग्ने गर्दछ। यस अध्ययनको क्रममा अनुसन्धानकर्ताले बौद्ध स्तूपमा सम्पन्न विशेष जात्राहरू मामला जात्रा, तेमाल जात्रा, बुद्ध जयन्ती लगायत अन्य धार्मिक, सांस्कृतिक अनुष्ठानहरू, बौद्धका स्थानीय तामाङ समुदायको दैनिक दिनचर्या, सामाजिक गतिविधि तथा कार्यक्रमहरूमा प्रत्यक्ष सहभागी भइ तथ्याङ्कहरू संकलन गरिएको छ। सहभागी अवलोकनको क्रममा उल्लेखित जात्राहरू, पूजापाठ, अनुष्ठान तथा सामाजिक कार्यमा सहभागीहरूको प्रत्यक्ष अनुभव तथा घ्याङ गुठी को परम्परागत भूमिका तथा वर्तमान समयसम्म आइपुग्दा भएका परिमार्जन तथा परिवर्तनहरूका बारेमा स्थानीय समुदाय लगायतका सरोकारवालाहरूको दृष्टिकोणहरूको विस्तृत विवरण संकलन गरिएको छ।

**सामूहिक छलफल तथा अन्तर्क्रियाः** बौद्ध महास्तूपको नित्य नैमित्य पूजाआजा, अनुष्ठान, जात्रा, पर्व लगायतका स्तूपको संचालन, व्यवस्थापन तथा मर्मतसंभारका लागि स्थापित बौद्ध मेलम्ची घ्याङ गुठी लगायत अन्य परम्परागत संस्थाहरूको ऐतिहासिक पृष्ठभूमी, विकासक्रम, प्रशासनिक संरचना, स्रोत व्यवस्थापनका साथै वर्तमान अवस्थाको समष्टिगत बुझाइमा एकरूपता कायम गर्न  व्यक्तिगत रूपमा संकलन गरिएका तथ्याङ्कलाई अझ विश्वसनिय बनाउन बौद्ध स्तूप, गुठी संचालन तथा व्यवस्थापन सम्बन्धित विज्ञ समुह, स्थानीय जानकार, बुद्धिजीवी, स्थानीय तथा मेलम्ची लगायतका स्थानका गुठीयारहरू लगायतसँग सामुहिक छलफल तथा अन्तक्रिया गरिएको छ।

**दस्तावेज संकलन तथा विश्लेषणः** अध्ययनको प्राथमिक स्रोतको रूपमा बौद्ध मेलम्ची घ्याङ गुठीको नाममा इतिहासका विभिन्न कालखण्डमा लिखित लालमोहर, इस्तिहार, अभिलेख, पुस्तकलगायत अन्य दस्तावेजहरूको संकलन गरी विश्लेषण गरिएको छ। गुठी संस्थान, राष्ट्रिय अभिलेखालय लगायत अन्य स्थानमा बौद्ध स्तूपको परम्परागत गुठी तथा सम्बद्ध संघसंस्थाको बारेमा उपलब्ध दस्तावेजहरूको संकलन गरि विश्लेषण गरिएको छ। त्यसैगरी, द्वितीय स्रोतको

रूपमा बौद्ध स्तूप, तामाङ इतिहास र गुठी प्रणालीसम्बन्धी हालसम्म प्रकाशित पुस्तकहरू, शोधपत्र, र लेखहरूको संकलन गरि विश्लेषण गरिएको छ।

### नमूना छनौट

बौद्ध सम्पदा क्षेत्रसंग सम्बन्धित गुठस् संघ संस्थाको विषयमा समृद्ध ज्ञान र अनुभव भएका सहभागीहरू चयन गर्न उद्देश्यपूर्ण नमूना विधि प्रयोग गरिएको छ। उद्देश्यपूर्ण नमूनाले उनीहरूका विशेषताहरू, ज्ञान, अनुभवहरू, वा केही अन्य मापदण्डहरूमा आधारित सहभागीहरूलाई जानाजानी चयन गर्नु हो। सुविधा नमूनामा मुख्य रूपमा व्यक्तिहरू उपलब्ध छन्, इच्छुक छन्, वा व्यावहारिक स्तरमा पहुँच गर्न वा सम्पर्क गर्न सजिलो हुन्छ। स्थानीय बासिन्दाहरू र बौद्ध स्तूप वरपरका समुदायहरूबाट विभिन्न दृष्टिकोणहरू समावेश छन् भनी सुनिश्चित गर्न यस अध्ययनको लागि उद्देश्यपूर्ण नमूना विधि अनुरूप नमूना छनौट विधि प्रयोग गरिएको छ। बौद्ध क्षेत्रका स्थानीय समुदायका साथै, मेलम्ची, हेलम्बु क्षेत्रका गुठी लगायत संघसंस्था बारे गहिरो जानकार भएका सहभागीहरूलाई छनौट गर्न उद्देश्यपूर्ण नमूनाहरू प्रयोग गरिएको थियो। यसमा बौद्ध सम्पदा क्षेत्रका स्थानीय वृद्धवृद्धा, महिला, वुद्धिजीवी, जानकार, गुठी लगायत विभिन्न संघसंस्थामा संलग्न पदाधिकारी र परम्परागत मेला, जात्रापर्व तथा अनुष्ठानहरूको अभ्यासकर्ताहरू समावेश गरिएका थिए।

### तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कको मुख्य विषयवस्तु र ढाँचाहरू पहिचान गर्न विषयगत विश्लेषण प्रयोग गरिएको छ। गुणात्मक विश्लेषणले अध्ययनको प्राथमिक स्रोतको रूपमा बौद्ध मेलम्ची घ्याङ गुठीको नाममा इतिहासका विभिन्न कालखण्डमा लिखित लालमोहर, इस्तिहार, अभिलेख, पुस्तकलगायत अन्य दस्तावेजहरूको विश्लेषण तथा गुठी संस्थान, राष्ट्रिय अभिलेखालय लगायत अन्य स्थानमा बौद्ध स्तूपको परम्परागत गुठी तथा सम्बद्ध संघसंस्थाको बारेमा उपलब्ध दस्तावेजहरूको विश्लेषण गरी बौद्ध सम्पदा क्षेत्रको व्यवस्थापन, संचलान, संरक्षण र संवर्द्धनमा उल्लेखि गुठी लगायत संघ संस्थाहरूको ऐतिहासिक भूमिका र वर्तमान समयसम्म आइपुग्दा भएका गतिशीलता र परिवर्तनहरूको अन्वेषणमा केन्द्रित गरिएको छ। त्यसैगरी, द्वितीय स्रोतको रूपमा बौद्ध स्तूप, तामाङ इतिहास र गुठी प्रणालीसम्बन्धी हालसम्म प्रकाशित पुस्तकहरू, शोधपत्र र लेखहरूको संकलन गरि विश्लेषण गरिएको छ।

यस अध्ययनले गहिरो अन्तर्वार्ता, समूह छलफल र सहभागी अवलोकन सहित गुणात्मक विधिहरूको प्रयोग गरि स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाहरू, विशेषत बौद्ध सम्पदा क्षेत्रको लामो इतिहास तथा गतिशीलता प्रत्यक्ष अनुभव गर्दै आएका वृद्धवृद्धाहरू, महिला, स्थानीय जानकार, बुद्धिजीवी लगायतको आत्मगत अनुभूति तथा स्मृतिहरू मार्फत बौद्ध सम्बद्ध संघ संस्थाप्रतिको समुदायिक बुझाइ तथ दृष्टिकोणलाई आधारभूत तथ्याङ्कको रूपमा अक्षरस प्रस्तुत गरिएको छ। यी विधिहरू समुदायहरूले आफ्नो सांस्कृतिक सम्पदासँग जोड्ने व्यक्तिपरक अर्थ र मूल्यहरूको सूक्ष्म बुझाइको लागि हालसम्म प्रयुक्त प्रभावकारी अध्ययन विधि हो। साथै, समय अनुसार बौद्धको परिवर्तनशील संकथनहरू बुझ्न व्यक्तिगत कथाहरू र जीवन्त अनुभवहरूको विश्लेषण गरिएको छ। सम्पदा क्षेत्र सम्वद्घ गुठी संघसंस्था अध्ययनको प्रचलित आधारभूत मान्यता तथा हालसम्मको अध्ययन अभ्यासको आधारमा उल्लेखित विषय (थिम) हरू **१. बौद्धनाथ क्षेत्रका संघसंस्थाहरू, २. ऐतिहासिक सम्पदाः बौद्धनाथ महाचैत्य, ३. ऐतिहासिक परम्पराः बौद्ध-मेलाम्ची घ्याङ गुठी र ४. अध्ययनको निष्कर्ष**मा संकलित तथ्याङ्कहरूलाई प्रस्तुत गरिएको छ।

## ४. अध्ययनको सीमा

घ्याङ गुठीको ऐतिहासिक अध्ययनको गहिराइमा पुग्ने मूल आधार भनेको पुराना अभिलेख तथा लिखित प्रमाणहरू हुन्। तर, गुठी संस्थान जस्ता आधिकारिक निकायमा समेत घ्याङ गुठीसँग सम्बन्धित पूर्ण विवरण उपलब्ध नहुनुले शोधको दायरालाई खुम्च्याएको छ। धेरैजसो घ्याङ गुठीहरू लालमोहर, स्रेस्ता वा पुराना लिखतहरू संस्थानको अभिलेखमा समेटिन सकेका छैनन्। प्रमाणहरूको यो रिक्तताका कारण गुठीको उत्पत्ति, यसको सञ्चालन पद्धति र ऐतिहासिक विकासक्रमको विश्लेषण गर्दा कतिपय ठाउँमा अनुमानमा भर पर्नुपर्ने वा सतही निष्कर्षमा पुग्नुपर्ने बाध्यता अध्ययनमा रहेको छ।

अध्याय- दुई

## ५. बौद्धनाथ क्षेत्रका संघसंस्थाहरू

बौद्धनाथ क्षेत्रमा मूलतः धार्मिक संघसंस्था (गुठी), गुम्बाहरू, सामाजिक-सांस्कृतिक गुठीहरू, सामाजिक संघसंस्थाहरू र खेलकुदसँग सम्बन्धित क्लबहरू सञ्चालनमा रहेका छन्। धार्मिक गुठी र गुम्बाहरू धार्मिक क्रियाकलापहरूमा, सामाजिक गुठीहरू, संघसंस्था र क्लबहरू विशेष गरेर स्थानीय विकास र खेलकुद क्षेत्रसँग सम्बन्धित रहेका छन्।

बौद्धनाथ क्षेत्रमा क्रियाशील संघसंस्थाहरू निम्नानुसार रहेका छन्:

५.१. धार्मिक संघसंस्थाहरू

(क) श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी

(ख) श्री बौद्धनाथ क्षेत्र विकास समिति

५.२. बौद्ध क्षेत्रका गुम्बाहरू

५.३. सामाजिक-सांस्कृतिक गुठीहरू

(क) श्री बौद्ध तामाङ कल्याण गुठी

(ख) ओम तामाङ सुख दुःख गुठी

(ग) बज्यु गुठी

(घ) दे भ्वय गुठी

५.४. सामाजिक संघसंस्थाहरू

(क) बौद्ध जेष्ठ नागरिक समाज

(ख) छोरङान महिला समाज

५.५. खेलकुदसँग सम्बन्धित संघसंस्थाहरू

### ५.१. धार्मिक संघसंस्थाहरू

### (क) श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी

श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी बौद्धनाथ क्षेत्रको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक जीवनको केन्द्रीय संस्था हो। गुठीले स्थानीय तामाङ समुदायको धार्मिक अभ्यास, सामाजिक संरचना र सांस्कृतिक निरन्तरतामा दीर्घकालीन प्रभाव पारेको छ। घ्याङ गुठीले बौद्धनाथ महाचैत्यसँग जोडिएका पूजा-अनुष्ठान मात्र सञ्चालन गर्ने नभई बौद्धनाथ क्षेत्रका तामाङहरूको सामाजिक व्यवस्थापन, परम्परागत अधिकार संरचना, सांस्कृतिक पर्व-उत्सवको संरक्षण तथा सामूहिक पहिचान निर्माणमा सक्रिय भूमिका निर्वाह गर्दै आएको देखिन्छ।

अध्ययनबाट देखिन्छ कि घ्याङ गुठीले बुद्ध जयन्ती, मामला जात्रा, छेच्यु पूजा, काराङकुरुङ ङ्ह्या, सोनाम ल्होछार, म्हेनिङलगायतका पर्वहरूको आयोजना तथा सञ्चालनमार्फत् तामाङ धार्मिक-सांस्कृतिक परम्परालाई जीवन्त राखेको छ। विशेषतः मामला जात्रा र छेच्यु पूजा-अनुष्ठानहरूले गुरु पद्मसम्भवसँग सम्बन्धित धार्मिक आख्यान, स्थानीय देवी-देवताको सांस्कृतिक समायोजन तथा सामुदायिक ऐक्यबद्धताको अभिव्यक्ति प्रस्तुत गर्दछन्। त्यस्तै म्हेनिङ र काराङकुरुङ

ङ्ह्या जस्ता पर्वहरूले तामाङ समुदाय र चिनियाँ लामाबीचको ऐतिहासिक सामाजिक सम्बन्ध तथा संरक्षणात्मक संरचनाको झलक दिन्छ।

समयक्रमसँगै सामाजिक रूपान्तरण, शहरीकरण तथा संस्थागत विवादका कारण घ्याङ गुठीका केही परम्परागत अभ्यासहरूमा परिवर्तन आएको भए पनि यसको ऐतिहासिक भूमिका र सांस्कृतिक महत्व अद्यापि समुदायमा जीवित छ। वर्तमान सन्दर्भमा घ्याङ गुठी तामाङ सांस्कृतिक पहिचान, धार्मिक अनुशासन र ऐतिहासिक स्मृतिको संरक्षणका लागि पुनर्संरचना र सहकार्यको आवश्यकता भने देखिन्छ (थप पृष्ठ **५२** विस्तृत लेखन खण्डमा हेर्नुहोस्)।

### (ख) श्री बौद्धनाथ क्षेत्र विकास समिति

### १. परिचय

बौद्धनाथ महाचैत्य काठमाडौँको उपत्यकाको उत्तरी क्षेत्रमा अवस्थित नेपालको प्रसिद्ध र प्राचीन तिर्थास्थल मध्ये एउटा हो। प्राचीन इतिहास र धार्मिक आस्थाका कारण महाचैत्यको धेरै ठूलो महत्व रहेको छ। धार्मिक तीर्थयात्रीहरू तथा विश्वभरका पर्यटकहरूको प्रमुख आकर्षणका रूपमा स्थापित यो पवित्र स्थल बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र मात्र नभई नेपालको राष्ट्रिय सम्पदा पनि हो। आध्यात्मिक श्रद्धा, सांस्कृतिक गौरव र ऐतिहासिक पहिचान एकैसाथ समेट्दै राष्ट्रिय धरोहरका रूपमा खडा रहेको महाचैत्य सन् **१९७९** मा UNESCO द्वारा विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि यसको अन्तर्राष्ट्रिय महत्व अझ सुदृढ भएको छ। विश्वभरबाट आउने तीर्थयात्री र पर्यटकहरूका लागि यो आस्था, शान्ति र सांस्कृतिक विविधताको जीवन्त केन्द्र बनेको छ। आकारका दृष्टिले पनि यो नेपालको सबैभन्दा ठूलो छ्योर्तेन (स्तूप) हो, जसले देशको धार्मिक वास्तुकलाको उत्कृष्ट नमुना प्रस्तुत गर्दछ। इतिहासमा भारत, नेपाल र भोट (चीन) बीचको त्रिकोणात्मक धार्मिक-सांस्कृतिक सम्बन्धसँग जोडिएका विभिन्न कथनहरू र परम्पराहरूले यस महाचैत्यलाई तीनै देशबीचको आध्यात्मिक सेतुका रूपमा उभ्याएको छ। यसले क्षेत्रीय सहअस्तित्व, सांस्कृतिक आदान-प्रदान र बौद्ध दर्शनको प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यस सम्पदाको संरक्षण, व्यवस्थापन, धार्मिक मर्यादा कायम राख्ने तथा पर्यटन विकासलाई सन्तुलित रूपमा अगाडि बढाउने उद्देश्यले श्री बौद्धनाथ क्षेत्र विकास समिति गठन गरिएको हो। समितिले स्थानीय समुदायसँग सहकार्य गर्दै सांस्कृतिक पर्व-उत्सव सञ्चालन, भौतिक संरचना संरक्षण, सरसफाइ तथा व्यवस्थापन र अन्तर्राष्ट्रिय स्तरमा सम्पदाको प्रवर्द्धन जस्ता कार्यहरू गर्दै आएको छ।

### २. गठन इतिहास

श्री बौद्धनाथ क्षेत्र विकास समिति को स्थापना नेपाल सरकारद्वारा विकास समिति ऐन, **२०१३** को दफा **३** ले प्रदान गरेको अधिकार प्रयोग गरी वि.सं. **२०५३** सालमा गरिएको हो (नेपाल सरकार, **२०५३**)। उक्त कानुनी आधारमा जारी गरिएको 'बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, **२०५३**' नेपाल राजपत्रमा मिति **२०५४** फागुन **२** गते प्रकाशित भई औपचारिक रूपमा कार्यान्वयनमा आएको थियो (नेपाल राजपत्र, **२०५४**)।

बौद्धनाथ महाचैत्य सन् **१९७९** देखि UNESCO को विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि यसको संरक्षण, व्यवस्थापन तथा दीर्घकालीन विकासका लागि विशेष संस्थागत संयन्त्र आवश्यक भएको थियो (UNESCO, **1979**)। यही सन्दर्भमा बौद्धनाथ क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक विकासलाई समन्वित रूपमा अघि बढाउने उद्देश्यले समितिको गठन गरिएको हो।

### ३. कार्यक्षेत्र

समितिको कार्यक्षेत्रमा महाचैत्य तथा आसपासका सम्पदाहरूको संरक्षण र मर्मत-सम्भार, धार्मिक परम्परा तथा अनुष्ठानको निरन्तरता, तीर्थयात्री तथा पर्यटक व्यवस्थापन, सरसफाइ तथा वातावरणीय सन्तुलन कायम गर्ने समावेश छन् (बौद्धनाथ क्षेत्र विकास समिति गठन आदेश, २०५३)। यसैगरी, स्थानीय समुदायको सांस्कृतिक पहिचान, संरक्षण तथ पर्यटनमार्फत् बौद्धनाथ क्षेत्रको आर्थिक सुदृढीकरण पनि समितिको कार्यक्षेत्रभित्र पर्दछ।

## ४. संस्थागत संरचना

श्री बौद्धनाथ क्षेत्र विकास समितिको संस्थागत संरचना विकास समिति ऐन, २०१३ तथा *बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३* अनुसार निर्धारित गरिएको छ (नेपाल सरकार, २०१३; नेपाल सरकार, २०५३)। उक्त कानुनी प्रावधानले समितिको कार्यकारी र प्रशासनिक तहबीच स्पष्ट जिम्मेवारी विभाजन गर्दै स्थानीय, सरकारी र विशेषज्ञ प्रतिनिधित्व सुनिश्चित गर्दछ।

### (क) कार्यकारी संरचना

बौद्धनाथ क्षेत्र विकास समितिको सर्वोच्च निकाय कार्यकारी समिति हो। समितिको अध्यक्ष नेपाल सरकारद्वारा नुयुक्ति हुने व्यवस्था छ, जसले समग्र नीतिगत नेतृत्व प्रदान गर्दछ। समितिमा पाँच जना मनोनयन सदस्य (बौद्धनाथ क्षेत्रसँग सम्बन्धित बौद्धनाथ क्षेत्रका समाजसेवी, बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्ति)हरू रहन्छन्।

पदेन सदस्यहरूको रूपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौं महानगरपालिका तथा स्थानीय तहका प्रतिनिधिहरू सहभागी हुने प्रावधान छ। यस बहु-क्षेत्रीय सहभागिताले अन्तरसंस्थागत सहकार्यलाई सुदृढ बनाउँदछ।

कार्यकारी निर्देशक सदस्य-सचिवको भूमिकामा रहने व्यवस्था छ, जसले कार्यकारी समितिका निर्णयहरू कार्यान्वयन गर्ने, दैनिक प्रशासनिक कामकाज सञ्चालन गर्ने तथा विभिन्न शाखाहरूबीच समन्वय कायम गर्ने जिम्मेवारी निर्वाह गर्छन् (नेपाल सरकार, २०५३)।


### (ख) प्रशासनिक संरचना

कार्यकारी निर्देशकको प्रत्यक्ष नेतृत्वमा प्रशासनिक संरचना सञ्चालन हुन्छ। समितिको उद्देश्य अनुरूप विभिन्न शाखा/विभागहरू गठन गरिएका छन्, जसले आ-आफ्नो कार्यक्षेत्रमा विशेषज्ञता र उत्तरदायित्व बहन गर्छन्।

| शाखा/विभाग | प्रमुख जिम्मेवारीहरू |
|---|---|
| योजना तथा कार्याक्रम | परियोजना तर्जुमा, वार्षिक योजना निर्माण, बजेट समन्वय र अनुगमन। |
| प्रशासन | कर्मचारी व्यवस्थापन, अभिलेख संधारण, कार्यालय सञ्चालन र समन्वय। |
| लेखा तथा वित्त | आर्थिक प्रशासन, राजस्व संकलन, लेखा परीक्षण र पारदर्शिता सुनिश्चितता। |
| प्राविधिक | इन्जिनियरिङ कार्य, भौतिक संरचना संरक्षण, पुनःनिर्माण तथा पूर्वाधार विकास। |
| सूचना तथा प्रचार | वेबसाइट, सामाजिक सञ्जाल व्यवस्थापन, पर्यटकीय प्रचार-प्रसार |
| निरीक्षक | ..... |

**श्री बौद्धनाथ क्षेत्र विकास समिति**

**संस्थागत संरचना**




**५. पूर्व अध्यक्ष तथा कार्यकारी निर्देशकहरू**

**(क) पूर्व अध्यक्षहरू**

१. स्व. साङ्गे लामा (२०५४-१०-१४ देखि २०५९-५-०)
२. राजेन्द्र कुमार लामा (२०५९-०६-११ देखि २०६०-९-११)
३. कृष्णबहादुर लामा (२०६०-०९-११ देखि २०६३-०१-२४)
४. दिलिप कुमार लामा (२०६३-०४-८ देखि २०६५-०९-२२)
५. चन्द्रबहादुर लामा (२०६५-०९-२९ देखि २०६६-०३-२१)
६. दिपेन्द्र लामा (२०६६-०३-२१ देखि २०७०-०३-२१)
७. सम्पूर्णकुमार लामा
८. राजकुमार लामा

**(ख) पूर्व कार्यकारी निर्देशकहरू**

१. भोला सिग्देल (२०५५-०५-२९ देखि २०५८-११-२२)
२. निमा ग्याल्जेन लामा (२०५८-११-२३ देखि २०६०-०९-११)
३. वीरबहादुर वाइबा (२०६०-०९-२४ देखि २०६१-०१-२४)
४. सोनाम लामा (२०६१-०२-२१ देखि २०६३-०४-०८)
५. निर्मला लामा (२०६३-०४-१८ देखि २०६५-०९-२२)
६. आचार्य नोर्बु शेर्पा (२०६५-०९-२९ देखि २०६६-०३-२१)
७. छरिङ दोर्जे लामा (२०६६-०३-२१ देखि २०७०-०३-२१)

८. फुबु याङ्दि लामा

९. कुयाङ लामा

१०. शान्ति तामाङ

११. मोहन कुमार तामाङ

### ७. विकास समितिका प्रकाशनहरू

श्री बौद्धनाथ क्षेत्र विकास समितिका प्रकाशनहरू निम्नानुसार छन्:

**(क) पुस्तकहरू**

| **पुस्तकको नाम (प्रकाशन वर्ष)** | **लेखक/व्याख्याकार/अनुवादक** |
|---|---|
| १. षड्अक्षरी चिन्तामणीको महत्व तथा अनुशंसा (सन् २०१३) | टीका शेर्पा (अनु.) |
| २. भग्वान बुद्धको संक्षिप्त जीवनी (सन् २०१४) | टीका शेर्पा/सम्पूर्णकुमार लामा (ले.) |
| ३. बोधिचित्तको महिमा र अनुशंसा समेटिएको स्तुती रत्नप्रदीप (सन् २०१४) | तेन्जीन ग्याल्छेन (ले.)<br>टीका शेर्पा/सम्पूर्णकुमार लामा (अनु.) |
| ४. मानवजीवनमा बुद्धवच (सन् २०१५) | टीका शेर्पा/सम्पूर्णकुमार लामा/मिलन शाक्य (ले./अनु.) |
| 5. The Great Bouddha Stupa | Binod Karki/Sachin Yagol Sherestha |
| ६. लोसार पर्व एक परिचय (सन् २०१६) | टीका शेर्पा/सम्पूर्णकुमार लामा (ले./अनु.) |
| ७. बोधिपथदर्पण | टुल्कु लोसाङ नाम्ग्याल (व्या.)<br>टीका शेर्पा (अनु.) |
| ८. बुद्धको अमृतमय वचन सार (सन् २०१७) | टीका शेर्पा/सम्पूर्णकुमार लामा (ले./अनु.) |
| ९. चिन्तामणि बौद्धमहास्तूप | सम्पूर्णकुमार लामा/विनोद कार्की (ले./अनु.) |
| १०. बौद्ध दर्पण स्मारिका (२०७४) | सम्पूर्णकुमार लामा र साथीहरू (स.) |

**(ख) स्मारिका/ब्रोसर**

| **पुस्तकको नाम (प्रकाशन वर्ष)** | **सम्पादन** |
|---|---|
| १. बौद्ध दर्पण स्मारिका (२०७४) | सम्पूर्णकुमार लामा र साथीहरू (स.) |
| २. The Great Bouddha Stuppa: A world Hearitage site | Browser |

### ५.२. बौद्ध क्षेत्रका गुम्बाहरू

बौद्धनाथ महाचैत्य बौद्ध धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध क्षेत्र हो। यो क्षेत्र हिमाली बौद्ध परम्पराका गुम्बाहरूको क्षेत्र पनि हो। यस क्षेत्रमा जम्मा २९ वटा गुम्बाहरू रहेका छन् (अनुसूची- ... हेर्नसहोस्)। २९ गुम्बाहरू मध्ये १९ वटा सार्वजनिक र बाँकी १० वटा व्यक्तिगत गुम्बा रहेका छन्। बौद्ध परिसरमा गुरू ल्हाखाङ र अरू दुई गुम्बाहरू थेकछेन लेक्छेलिङ (सहस्रबुद्ध) गुम्बा र त्रिकाल मैत्रेय बुद्ध विहार रहेका छन्। बौद्ध परिसर उत्तरतर्फ मामथानको ठिक अगाडि अवस्थित गुरू ल्हाखाङ बौद्ध घ्याङ गुठी अन्तर्गत सञ्चालित ञिङ्मा सम्प्रदायका पुरानो सार्वजनिका गुम्बा हुन्।

थेकछेन लेक्छेलिङ गुम्बा कार्ग्युपा सम्प्रदाय अन्तर्गतको पुरानो सार्वजनिक गुम्बा हो। यो गुम्बाको स्थापना **१९८५** सालमा गुरु **दाजाङ् ङेदेन छोएकी ङिमा पाल्साङ्पो**ले गरेका हुन्। गुम्बाभित्र सजिएका हजारौँ बुद्धका प्रतिमा तथा भित्ताचित्रहरूका कारण यो गुम्बा सहस्रबुद्ध गुम्बा नामले समेत चिनिन्छन्।

त्रिकाल मैत्रेय बुद्ध विहार मुस्ताङी राजपरीवारको निजी गुम्बा हो। साक्यापा सम्प्रदाय अन्तर्गतका यस गुम्बाको स्थापना वि.सं. **१९८३** साल भएको हो।

बौद्धनाथ महाचैत्य परिसरमा अवस्थित सहस्रबुद्ध (थेकछेन लेक्छेलिङ) गुम्बाको ठीक पछाडिपट्टि अर्को विशिष्ट तथा ऐतिहासिक गुम्बा सम्तेनलिङ गुम्बा रहेको छ। यो गुम्बा गेलुक्पा सम्प्रदाय अन्तर्गतको एक महत्वपूर्ण तिब्बती बौद्ध मठ हो। सम्तेनलिङ गुम्बा गुरु येशी ग्याल्छेनद्वारा स्थापना गरिएको हो। बौद्ध क्षेत्रका प्रारम्भिक तथा पुराना गुम्बाहरूमध्ये यसलाई एक मानिन्छ, र सन् **१९७०** देखि यो गुम्बा औपचारिक रूपमा निरन्तर सञ्चालनमा रहँदै आएको छ।

यस क्षेत्रका अन्य प्रमुख गुम्बाहरूमा जाम्चेन गुम्बा (सन् **१९८६**), ठाङ्गु टाशी छ्योइलिङ गुम्बा (सन् **१९७८**), सेचेन तेञी दार्गेलिङ गुम्बा (सन् **१९७७**), कानिङ शेडुबलिङ गुम्बा (सन् **१०७५**), थार्लाम नाग्याललिङ/फुलबारी (सन् **१९७१**), थारिग गुम्बा (सन् **१९६९**), पाल डिलयाङ गुम्बा/डाब्साङ (सन् ....), पाल ङे गोन गुम्बा (सन् .....), शेर्पा गुम्बा (शेर्पा सेवा केन्द्र) र उर्गेन डोङ्गार छोलिङ गुम्बा (सन् **१९९५**) छन्।

### ५.३. सामाजिक-सांस्कृतिक गुठीहरू

### (क) श्री बौद्ध तामाङ कल्याण गुठी

### १. पृष्ठभूमि

बौद्धनाथ महाचैत्यगिर्दमा बसोबास गर्ने तामाङहरूको इतिहास बौद्ध महास्तूपसँग जोडिएको दीर्घ धार्मिक परम्परासँग जोडिएको छ। महाचैत्यको नित्य-नैमित्यि पूजा-पर्व सञ्चालन तथा चैत्यको संरक्षण, सम्वर्द्धन समेतका लागि स्थापित प्राचीनतम संस्था श्री बौद्ध घ्याङ गुठी नै स्थानीय तामाङहरूको परम्परागत संस्था पनि हो।

वि.सं. **१९१४** मा चिनियाँ ताइफोसिंहको उदय पूर्वसम्म घ्याङ गुठीको प्रमुख लामा स्थानीय तामाङ लामाहरू नै नियुक्त हुने परम्परा थियो। उपलब्ध अभिलेखहरू अनुसार घ्याङ गुठीका अन्तिम प्रमुख लामा छेवाङ सितार लामा (बाज्यू) थिए। त्यसभन्दा पूर्व गुण्डा लामा (रूम्बा) थिए भनिन्छ।

घ्याङ गुठीको स्थापना कहिले भयो भन्ने लिखित प्रमाण उपलब्ध छैन। वि.सं. **१९१६** को स्तिहारले वि.सं. **१९१४** देखि चिनियाँलामाले गुठीको प्रमुख लामाको जिम्मेवारी निर्वाह गर्दै आएको प्रष्ट्याउँछ। यही लालमोहरले वि.सं. **१९०८**, **१९१४** र त्यस पूर्व **१८९४** को लालमोहर तर्फ पनि इङ्गित गर्दछ। यसबाट बौद्ध महास्तूपको धार्मिक व्यवस्थापन परम्परादेखि नै व्यवस्थित र संस्थागत ढाँचामा सञ्चालन हुँदै आएको स्पष्ट हुन्छ।

वि.सं. **१९१४** मा चिनियाँ ताइफोसिंहको उदयपछि उनको वंशपरम्पराले बौद्ध तथा मेलम्ची घ्याङ गुठीको प्रमुख लामा पद सम्हाल्दै आएको देखिन्छ। चौथो चिनियाँ लामा पुण्यज्वाला लामासम्मको अवधिमा धार्मिक तथा सामाजिक गतिविधिहरू नियमित सञ्चालन भएको देखिन्छ। घ्याङ गुठीले केवल पूजा-पर्व मात्र सञ्चालन गरेको थिएन, बरु सामुदायिक जीवनसँग गहिरो सम्बन्ध राख्ने विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधिहरू पनि सञ्चालन गर्ने गर्दथ्यो।

जनै पूर्णिमाको अघिल्लो दिन महाचैत्य परिसर सरसफाइ गर्ने, ६० घरधुरी गुठीयारबाट फर्सी र मकै संकलन गरी दरबारसम्म कोसेली चढाउनेदेखि गुरु रिन्पोछेको दशमी (छेच्यू पूजा) का अवसरमा गुरु ल्हाखाङ गुम्बामा सम्पूर्ण गुठीयारहरूको पूजा सामग्रीसहित अनिवार्य उपस्थितमा पूजा सम्पन्न गर्ने, कञ्याङकुरुङ ङ्ह्या (मंसीर पूर्णिमा) का दिन गुठीयारहरू सपरिवारलाई भोज खुवाउने, मामलाजात्रा सञ्चालन गर्ने तथा गाईजात्राको भोलिपल्ट रोपाइँजात्रा निकाल्ने गर्दथे। प्रत्येक दुई वर्षमा ग्रहदशा शान्तिका लागि रात्रिकालीन पूजा घ्याङ गुठीकै आयोजनामा सम्पन्न गरिन्थ्यो। गुठीयारहरू गुठी तथा प्रमुख लामाको निर्देशनमै चाडपर्व, जात्रा र पूजा-अनुष्ठान सञ्चालन गर्नुका साथै कृषि तथा सामुदायिक कार्यहरूमा पनि सक्रिय हुन्थे। घ्याङ गुठीबाट गरिने सबै गतिविधिहरूमा स्थानीय तामाङहरूको सक्रिय सहभागिता रहन्थ्यो, जसले घ्याङ गुठीलाई धार्मिक मात्र नभई सामाजिक एकताको केन्द्रका रूपमा स्थापित गरेको थियो।

तर समय परिवर्तनसँगै विशेष गरी पाँचौ चिनियाँ लामाको आगमन पछि भने घ्याङ गुठीद्वारा सञ्चालन हुँदै आएका परम्पराहरू क्रमशः छाड्दै जान थाले। पछिल्लो समय छेच्यू र मामलाजात्रा बाहेक अन्य परम्पराहरू घ्याङ गुठीले गर्ने छाडिदिए। यसपछि भने बौद्धनाथगिर्दका तामाङहरूले आफ्नो सामुदायीक सांस्कृतिक पहिचान सङ्कटमा परेको महसुस गऱ्यो र परम्परादेखि निरन्तर सञ्चालनमा रहिआएको संस्कार-संस्कृति र परम्परा संरक्षणप्रति गम्भीर चासो लिन थाल्यो। पछिल्ला चिनियाँ लामाहरू परम्परागत सामाजिक-सांस्कृतिक जिम्मेवारीहरूबाट क्रमशः विमुख भएको भन्ने समुदायको निष्कर्ष पश्चात् बौद्ध क्षेत्रमा परम्परागत रूपमा सञ्चालन हुँदै आएका जात्रा, पर्व तथा सामाजिक-धार्मिक कार्यहरूको निरन्तरता कायम राख्न वैकल्पिक संस्थाको आवश्यकता महसुस गऱ्यो। फलस्वरूप जन्मियो श्री बौद्ध तामाङ कल्याण गुठी।

कल्याण गुठीको स्थापना केवल नयाँ संस्था गठन मात्र थिएन, बौद्धनाथ क्षेत्रको तामाङ सामाजिक-सांस्कृतिक निरन्तरता, धार्मिक उत्तरदायित्व र सामुदायिक पहिचानको पुनःस्थापनाको ऐतिहासिक कदम थियो। यसरी तामाङ कल्याण गुठी बौद्ध क्षेत्रका स्थानीय तामाङ समुदायको सांस्कृतिक निरन्तरता र सामाजिक स्वायत्तताको अभिव्यक्तिको रूपमा उदय भएको संस्था हो।

## २. कल्याण गुठीको स्थापना

वि.सं. २०४१ साल ज्येष्ठ १ गते फुर्बा छिरिङ शेर्पा लामा (भ्लोन) को अध्यक्षतामा कल्याण गुठीको स्थापना भयो। श्री बौद्ध तामाङ कल्याण गुठीको स्थापना शुरूमा “मरूवा गुठी” (गुठीका सदस्यको मृतु भएमा सहयोग गर्ने) को रूपमा भएको हो। तत्कालीन समयको बौद्धनाथगिर्दका ६० घरधुरी नै यस गुठीका गुठियारहरु रहेका थिए। हाल ४०० भन्दा बढी घरधुरी गुठीयारहरू यस गुठीमा आवद्ध छन्।

## ३. कल्याण गुठीको उत्तरचढाव

वि.सं. २०४१ सालमा स्थापना भएको श्री बौद्ध तामाङ कल्याण गुठी वि.सं. २०६३ साल मंसिर ३ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा औपचारिक रूपमा दर्ता भयो। यस अवधिसम्म गुठी अनौपचारिक रूपमै सञ्चालन हुँदै आएको थियो। जन्मदेखि मृत्युसम्मका संस्कारजन्य परम्परा तथा सामाजिक-सांस्कृतिक कार्यहरूमा सरसहयोग गर्ने परम्परागत अभ्यास रहिआएकाले प्रारम्भिक चरणमा गुठीलाई औपचारिक दर्ताको आवश्यकता खासै महसुस गरिएको थिएन।

अध्यक्ष श्री दिनेश लामा (ब्लोन) को नेतृत्वमा गठित तेस्रो कार्यसमितिदेखि गुठीमा केही उतारचढाव देखिन थाले। क्रमशः गुठी सुस्ताउँदै गई लामै समयका लागि निष्क्रियजस्तै हुन पुग्यो। यस अवधिमा वि.सं. **२०५२** देखि **२०५३** फागुन **५** गतेसम्म "बौद्ध कला तथा संस्कृति समिति"का नामबाट क्रियाशील रहने प्रयास पनि भएको थियो।

वि.सं. **२०५३** फागुन **५** गते बौद्ध स्तूपको मण्डलाको पहिलो तलामा बौद्धवासी तामाङहरूको वृहत भेला आह्वान गरियो। उक्त भेलाले श्री बौद्ध तामाङ कल्याण गुठीको पुनर्गठन गर्दै श्री राजेन्द्र कुमार रूम्बाको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति गठन गऱ्यो। अध्यक्ष रूम्बाको नेतृत्वमा गुठीले पुनः गति लियो। विभिन्न आरोह-अवरोह पार गर्दै गुठीले गुठियारहरूको दुःख-सुखमा सेवा दिने कार्यलाई निरन्तरता दियो र आवश्यक सामग्री व्यवस्थापनसमेत गरियो। यद्यपि आर्थिक अभाव र विविध चुनौतीका कारण गुठी फेरि क्रमशः सुस्ताउँदै गयो। पूर्ण रूपमा बन्द भने हुन सकेन; जेनतेन सञ्चालन भइरह्यो। यस्तो अवस्था लामो समयसम्म कायम रह्यो।

वि.सं. **२०६१** सालमा गुठीलाई पुनः सक्रिय बनाउने उद्देश्यले तत्कालीन कार्यसमिति विघटन गरी श्री बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष श्री कृष्णबहादुर लामा, प्रमुख लामा श्री ज्ञानीबज लामा र समाजसेवी श्री टासी कुमार लामा सम्मिलित तीन सदस्यीय कार्यदल गठन गरियो। कार्यदलले **२०६२** सालसम्म विभिन्न अनौपचारिक बैठक र छलफलहरू सञ्चालन गऱ्यो। यसै क्रममा वि.सं. **२०६२** फागुन **२१** गते शुक्रबार समाजसेवी श्री टासी कुमार लामाको संयोजकत्वमा गुठियार, लामा गुरु, समाजसेवी तथा बुद्धिजीवीहरूको भेला सम्पन्न भयो। उक्त भेलाले छ महिनाभित्र विधान निर्माण गरी सम्बन्धित निकायमा दर्ता गर्ने र अधिवेशन सम्पन्न गर्ने निर्णय गर्दै श्री दिपेन्द्र लामा गोलेको अध्यक्षतामा **१३** सदस्यीय तदर्थ समिति गठन गऱ्यो।

तदर्थ समितिको सक्रियता, सल्लाहकारहरूको मार्गदर्शन तथा पदाधिकारीहरूको सहयोगबाट वि.सं. **२०६३** मंसिर **३** गते गुठी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा विधिवत् दर्ता भयो। त्यसपछि वि.सं. **२०६३** जेठ **२३** गते गुरु ल्हाखाङ गुम्बामा तत्कालीन प्रमुख लामा श्री ज्ञानीबज लामाको प्रमुख आतिथ्यतामा प्रथम अधिवेशन सम्पन्न गरियो। यससँगै गुठीले वैधानिकता प्राप्त गर्दै नयाँ जीवन पायो। निर्वाचित कार्यसमितिले गुठीलाई संस्थागत रूपमा अगाडि बढाउने जिम्मेवारी सम्हाल्यो। वि.सं. **२०६२** फागुन **२१** गते चिनियाँ लामा श्री सेरब दोर्जे लामाद्वारा लिखित निर्णयमार्फत् हाल गुठीको कार्यालय रहेको बौद्ध फूलबारी भवनमा स्थान उपलब्ध गराइयो। पदाधिकारीहरूबाट प्रति व्यक्ति रु. **५००** संकलन गरी मेच लगायतका आधारभूत सामग्री खरिद गरियो। त्यतिबेला गुठीको आफ्नै आर्थिक स्रोत थिएन। बौद्ध क्षेत्रका अधिकांश स्रोतहरू बौद्ध घ्याङ गुठीमार्फत् परिचालित हुन्थे। आवश्यक कार्यक्रमका लागि अनुरोध गर्दा सीमित सहयोग प्राप्त हुने बाहेक कल्याण गुठी आर्थिक रूपमा कमजोर अवस्थामै थियो।

बौद्ध परिसरभित्र मास्टर लामाद्वारा सञ्चालन भइरहेको 'छ्योइमे घर'सम्बन्धी विषय अगाडि आयो। बौद्ध घ्याङ गुठीले उक्त घर आफैं सञ्चालन गर्ने निर्णय गर्दै मास्टर लामालाई तीन महिनाको समयसीमा दिएको थियो। समयावधि समाप्त भएपछि मास्टर लामाले तीन महिनाको भाडा तथा साँचो तामाङ कल्याण गुठीलाई बुझाए। त्यसपछि छ्योइमे घर कल्याण गुठीले सञ्चालन गर्न थाल्यो।

छ्योइमेघर सञ्चालनको विषयमा घ्याङ गुठी र कल्याण गुठीबीच विवाद उत्पन्न भई प्रतिवादसम्मको अवस्था सिर्जना भयो। विवाद समाधानका लागि दुवै पक्ष महानगरीय प्रहरी वृत्त बौद्धसम्म पुगे। अन्ततः चिनियाँ लामा श्री सेरब दोर्जे लामा र कल्याण गुठी बीच छ्योइमेघर कल्याण गुठीलाई सञ्चालन गर्न दिने सहमतिमा पुग्यो। त्यसयता हालसम्म छ्योइमेघर कल्याण गुठीको नियमित आम्दानीको प्रमुख स्रोतका रूपमा सञ्चालन हुँदै आएको छ। छ्योइमेघर कल्याण

गुठीले सञ्चालन गर्न पाउनुमा तत्कालिन अध्यक्ष श्री दिपेन्द्र लामा (गोले) को सबल नेतृत्व र सक्रिय भूमिका उल्लेखनीय र सराहनीय देखिन्छ।

## ४. कल्याण गुठीले गरेका कार्यहरू

मरण गुठीको रूपमा स्थापित गुठीले शुरूशुरूमा मरणमा परेका गुठीयारकै आँगनमा सुकुल बिछ्याएर रू. २० सहयोग सङ्कलन गर्थ्यो र मृतकको घरपरिवारलाई सहयोगस्वरूप उपलब्ध गराइन्थ्यो। दाहसंस्कारमा खर्च गरेर बचेको रकम गुठी कोषमा जम्मा गर्ने गरिन्थ्यो।

कल्याण गुठीले गरेका कार्याहरूलाई निम्नानुसार रहेका छन्:

### (क) परम्परागत संस्कृतिको जगेर्ना

बौद्धनाथ क्षेत्रमा प्राचीनकालदेखि नै कला, धर्म र संस्कृतिको संगमस्थलका रूपमा परिचित रहँदै आएको छ। यहाँ वर्षभरि विभिन्न जात्रा, पर्व तथा धार्मिक अनुष्ठानहरू सञ्चालन हुने परम्परा रहेको छ, जसले बौद्धलाई केवल ऐतिहासिक सम्पदा मात्र नभई जीवित सांस्कृतिक क्षेत्रका रूपमा स्थापित गरेको छ। यस सांस्कृतिक निरन्तरताको संरक्षण र सञ्चालनमा श्री बौद्ध तामाङ कल्याण गुठीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

तेमालजात्रा, मामलाजात्रा, बुद्धजयन्ती, ल्होछार तथा रोपाइँजात्रा जस्ता प्रमुख चाडपर्वहरूको व्यवस्थापन, समन्वय र सञ्चालनमा गुठी सक्रिय रूपमा संलग्न रहँदै आएको छ। यी पर्वहरू केवल धार्मिक अनुष्ठान मात्र नभई सामुदायिक एकता, सांस्कृतिक पहिचान र ऐतिहासिक स्मृतिको अभिव्यक्ति पनि हुन्। यी कार्यक्रमहरू सञ्चालन गर्दा गुठीले श्री बौद्धनाथ क्षेत्र विकास समितिसँग समन्वय र सहकार्य गर्दै आएको छ, जसले संस्थागत सहअस्तित्व र साझेदारीको अभ्यासलाई सुदृढ बनाएको छ।

यसका अतिरिक्त, गुठीले विभिन्न तिथि-विशेषमा सामूहिक धार्मिक अनुष्ठानहरूको व्यवस्थापन गर्दै आएको छ। बाला चतुर्दशीका अवसरमा कैलाशमा गरिने सतबीज छर्ने पूजा, कुशे औंसीका दिन गोकर्णेश्वरमा पितृहरूको नाममा गरिने प्रणिधान (डोवा) पूजा, तथा मातातीर्थ औंसीका दिन दिवंगत आमाको स्मृतिमा गरिने प्रणिधान पूजा सामूहिक रूपमा सम्पन्न गर्न गुठीले आवश्यक प्रबन्ध मिलाउँदै आएको छ। यी पूजाहरूमा समुदायका सदस्यहरूको सहभागिता सुनिश्चित गर्दै सम्बन्धित तीर्थस्थलहरूमा सामूहिक पूजा गराउने र त्यसपछि गुठियारहरूका लागि प्रसाद ग्रहणको व्यवस्था गुठीमार्फत् मिलाइने गरिएको छ।

यस प्रकार, श्री बौद्ध तामाङ कल्याण गुठीले धार्मिक अनुष्ठानहरूको नियमितता मात्र कायम गरेको छैन, बरु सामूहिक स्मृति, पितृ-संस्कार र सांस्कृतिक उत्तराधिकारको संरक्षणमा पनि सशक्त भूमिका निर्वाह गर्दै आएको छ। परम्परागत चाडपर्व र जात्राहरूलाई पुनर्जीवित गर्दै समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नु गुठीको प्रमुख योगदानका रूपमा देखिन्छ। यसले बौद्ध क्षेत्रको सांस्कृतिक जीवन्ततालाई निरन्तरता दिन महत्वपूर्ण आधार प्रदान गरेको छ।

### (ख) भौतिक पूर्वाधार निर्माणमा सहयोग

कुनै पनि सामाजिक वा धार्मिक संस्थाको दीर्घकालीन स्थायित्वका लागि भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण आधार मानिन्छ। पर्याप्त संरचना र स्वामित्वमा रहेको भौतिक सम्पत्ति विना संस्था व्यवस्थित, नियमित र प्रभावकारी रूपमा

सञ्चालन हुन कठिन हुन्छ। यस यथार्थलाई आत्मसात गर्दै श्री बौद्ध तामाङ कल्याण गुठीले आफ्नो स्थापना-कालपछि क्रमशः भौतिक पूर्वाधार सुदृढीकरणतर्फ विशेष ध्यान दिएको देखिन्छ।

वि.सं. २०६९ सालमा तत्कालीन अध्यक्ष श्री वसन्त लामाको कार्यकालमा गुठीले बौद्ध गुह्येश्वरी मार्गमा ८ आना जग्गा खरिद गरी "तामाङ भवन" निर्माण गरेको थियो। यो भवन गुठीको संस्थागत पहिचान सुदृढ गर्ने मात्र नभई सामाजिक, सांस्कृतिक तथा धार्मिक कार्यक्रम सञ्चालनका लागि स्थायी स्थलका रूपमा स्थापित भएको छ।

त्यसैगरी वि.सं. २०७५ सालमा गुठीले थप ५ आना जग्गा खरिद गरी हाल अस्थायी टहरो निर्माण गरेको छ, जसले भविष्यमा थप संरचनात्मक विस्तारको सम्भावना खुला गरेको छ। साथै वागमती नगर जग्गा विकास आयोजनाबाट न्यूनतम मूल्यमा गुठीको नाममा ६ आना २ दाम जग्गा खरिद गर्ने पहल भइरहेको छ। उक्त जग्गामा आगामी दिनमा धर्मशाला निर्माण गर्ने लक्ष्य राखिएको छ, जसले बौद्ध क्षेत्रमा धार्मिक तथा सामाजिक कार्यका लागि दीर्घकालीन आधार तयार गर्ने अपेक्षा गरिएको छ।

भौतिक पूर्वाधार विकासमा बाह्य सहयोगसमेत उल्लेखनीय रहेको छ। संघीय सांसद माननीय श्री कृष्ण बहादुर राईज्यूबाट पूर्वाधार विकासका लागि रु. २५ लाख सहयोग उपलब्ध भएको थियो। उक्त सहयोगमा गुठीले केही रकम थप गरी गुह्येश्वरी मार्गस्थित गुठी भवनमा सभा कक्ष र ल्हाखाङ निर्माण गरेको छ। यस संरचनाले धार्मिक अनुष्ठान, बैठक, प्रशिक्षण तथा सामुदायिक कार्यक्रम सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाएको छ।

त्यसैगरी फूलबारीस्थित गुठी भवनमा वि.सं. २०७६ सालमा सामाजिक तथा धार्मिक कार्यक्रम सञ्चालन गर्न सहज होस् भन्ने उद्देश्यले एक हल निर्माण गरिएको छ। यसले समुदायका विभिन्न कार्यक्रमहरूलाई एकीकृत र सुव्यवस्थित ढङ्गले सम्पन्न गर्न आवश्यक भौतिक आधार प्रदान गरेको छ।

यसरी हेर्दा श्री बौद्ध तामाङ कल्याण गुठीले केवल सांस्कृतिक र धार्मिक गतिविधिहरू सञ्चालनमा मात्र होइन, संस्थागत स्थायित्व र भावी पुस्ताका लागि आधार निर्माण गर्ने दृष्टिले पनि महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको देखिन्छ। भौतिक पूर्वाधार सुदृढीकरणमार्फत् गुठीले आफ्नो संरचनात्मक क्षमता विस्तार गर्दै सामुदायिक नेतृत्वको दायरा फराकिलो बनाएको छ।

### (ग) कोरोना महामारीमा सहयोग वितरण

वि.सं. २०७७ सालको पूर्वार्द्धमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले नेपालसमेत गम्भीर रूपमा प्रभावित भयो। यस महामारीका कारण जनस्वास्थ्य संकट उत्पन्न हुनुका साथै दैनिक ज्यालादारीमा निर्भर वर्ग, विपन्न परिवार तथा धार्मिक-सामाजिक संस्थासँग आबद्ध व्यक्तिहरू प्रत्यक्ष रूपमा प्रभावित भए। यस्तो विकराल परिस्थितिमा श्री बौद्ध तामाङ कल्याण गुठीले आफ्नो सामाजिक दायित्वलाई आत्मसात गर्दै सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ।

१. २०७७ साल वैशाख ३ गते गुठीले गुठियार, गुठीका लामा, सुरक्षाकर्मी, श्री बौद्धनाथ क्षेत्र विकास समिति तथा श्री बौद्ध घ्याङ गुठीका गार्ड र कर्मचारीहरूलाई राहत सामग्री वितरण गरी सहयोग कार्यको सुरुवात गर्यो। त्यसपछि २०७७ वैशाख ११ गते विपन्न परिवार, मजदुर तथा सडक मानवहरूलाई करिब १० दिनसम्म पुग्ने राहत सामग्री वितरण गरिएको थियो।

२. महामारीका कारण दैनिक भोजनको अभाव झेलिरहेका वर्गलाई लक्षित गर्दै २०७७ वैशाख १८ गतेदेखि वैशाख २८ गतेसम्म करिब २८०० जना विपन्न, मजदुर र सडक मानवहरूलाई निःशुल्क भोजन गराउने कार्यक्रम सञ्चालन

गरिएको थियो। यस कार्यले संकटको घडीमा गुठीको मानवीय संवेदनशीलता र व्यवस्थापन क्षमताको परिचय दिएको छ।

५. २०७७ जेठ ११ गते गुठीका २५ जना कर्मचारीलाई २५ बोरा चामल, २५ जना लामागुरूहरूलाई २५ बोरा चामल वितरण गरिएको थियो। यसका अतिरिक्त गोरखनाथ आश्रमलाई ५ बोरा चामल, जि.डो.बि.एस. सलम्बुलाई ५ बोरा चामल, पेम्बा समूह बौद्धलाई ५ बोरा चामल तथा होम सेन्टर, बौद्धलाई ५ बोरा चामल राहतस्वरूप उपलब्ध गराइएको थियो। २०७७ जेठ २८ गते बौद्ध जागरण केन्द्र, तीनचुलेलाई चामल, दाल, मस्यौरा, तेल, चाउचाउ र नून वितरण गरिएको थियो।

६. स्वास्थ्य पूर्वाधार सुदृढीकरण तर्फ २०७७ असार महिनामा क्वारेन्टाइन व्यवस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले स्तूप सामुदायिक अस्पताललाई रु. २ लाख बराबरका १० थान बेड-सेट उपलब्ध गराइएको थियो। यस सहयोगले महामारी नियन्त्रण तथा बिरामी व्यवस्थापनमा प्रत्यक्ष योगदान पुऱ्याएको मान्न सकिन्छ।

७. महामारीको समयमा गुठीले राहत वितरण कार्यक्रम मात्र सञ्चालन गरेन, व्यक्तिगत रूपमा प्रभावित सदस्यहरूलाई पनि सहयोग प्रदान गऱ्यो। जस अन्तर्गत २०७७ असोज १० गते गुठियार श्री ज्ञानेन्द्र मोक्तानलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग प्रदान गरिएको थियो। त्यस्तै, गुठीका कर्मचारी जितेन्द्र कलवालको निधन हुँदा उहाँको परिवारलाई गुठियारसरह आर्थिक सहयोग उपलब्ध गराइएको थियो भने गुठीकै कर्मचारीका श्रीमती कान्छा गुरूङको परिवारलाई पनि गुठियारसरह रु. ५५ हजार आर्थिक सहयोग प्रदान गरिएको थियो।

यस प्रकार, कोमिड-१९ महामारीको कठिन समयमा श्री बौद्ध तामाङ कल्याण गुठीले राहत वितरण, खाद्यान्न सहयोग, स्वास्थ्य पूर्वाधार सुदृढीकरण तथा व्यक्तिगत मानवीय सहयोगमार्फत् आफ्नो सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतारेको देखिन्छ। संकटको घडीमा समुदायसँग ऐक्यबद्धता प्रदर्शन गर्दै गुठीले केवल धार्मिक संस्था मात्र नभई सामाजिक संरक्षणको संस्थाका रूपमा पनि आफ्नो पहिचान स्थापित गरेको थियो।

### (घ) गुठीले गरेका अन्य विविध कार्यहरू

श्री बौद्ध तामाङ कल्याण गुठीले धार्मिक तथा सांस्कृतिक गतिविधिहरूमा मात्र सीमित नरही सामाजिक, शैक्षिक, मानवीय तथा खेलकुद क्षेत्रहरूमा समेत सक्रिय सहभागिता जनाउँदै आएको छ। विशेषतः वि.सं. २०७७ सालमा गुठीले समुदायका विभिन्न वर्गलाई लक्षित गरी विविध सहयोगात्मक कार्यहरू सम्पन्न गरेको देखिन्छ। ती कार्यहरू निम्नानुसार रहेका छन्:

१. **खेलकुद क्षेत्रमा सहयोग:** २०७७ साल पुस ९ गते बौद्ध भेट्रान क्लबलाई १५ सेट ट्र्याकसुट सहयोग प्रदान गरिएको थियो, जसले खेलकुद गतिविधिमा गुठीको समर्थनलाई देखाउँछ।

२. **प्रतिभा र स्वास्थ्य सहयोग:** २०७७ माघ ११ गते नेपाल आइडलका फाइनलिस्ट श्री सुरेश लामालाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग प्रदान गरिएको थियो। साथै गुठीका सेफ तथा गुठियार श्री राम लामालाई उपचारार्थ आर्थिक सहयोग उपलब्ध गराइएको थियो।

३. **स्वास्थ्य उपचारमा सहयोग:** २०७७ चैत्र १ गते क्यान्सर पीडित गुठियार श्रीमती याङदे लामा (लो) लाई उपचारार्थ आर्थिक सहयोग प्रदान गरिएको थियो। मृगौला रोगबाट पीडित श्रीमती मनमाया तामाङलाई पनि आर्थिक सहयोग उपलब्ध गराइएको थियो।

४. **धार्मिक संरचना निर्माणमा सहयोग:** साथै हेटौंडा-१८, हर्नामाडीस्थित गुम्बाडाँडामा भगवान् बुद्धको २५ फिट अग्लो प्रस्तर मूर्ति निर्माणका लागि रु. १ लाख ५५ हजार आर्थिक सहयोग प्रदान गरिएको थियो।

५. **शैक्षिक भ्रमण/धर्मदेशना कार्यक्रम:** २०७७ चैत्र २८ गते चितवनस्थित चेपाङ वस्तीका काभ्रेमा आवासीय रूपमा अध्ययनरत छात्रछात्राहरू (करिब ६० जना) लाई शैक्षिक भ्रमणका क्रममा गुठीद्वारा धर्मदेशना, प्रवचन तथा खानाखाजाको व्यवस्था गरिएको थियो।

६. **छात्रवृत्ति सहयोगः** बौद्ध बहुमुखी क्याम्पसद्वारा सञ्चालित बी.बी.एस. कार्यक्रममा अध्ययनरत छात्रछात्रा धिरेन लामा (काभ्रे) र लमु तामाङ (इलाम) लाई सहयोग प्रदान गरिएको छ। साथै “Buddhism and Peace Studies” स्नातकोत्तर कार्यक्रममा अध्ययनरत तीन जना विद्यार्थीलाई ५०% छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ।

७. **खेलकुद प्रायोजनः** स्नूकरका राष्ट्रिय खेलाडी गुठियार श्री चक्र लामा तथा युवा समाजसेवी श्री किसन लामाको स्मृतिमा आयोजित अन्तर्राष्ट्रिय स्नूकर प्रतियोगितामा गुठीले प्रायोजकको भूमिका निर्वाह गरेको थियो।

यसरी गुठीले धार्मिक कार्यक्षेत्रभन्दा बाहिर पनि सामाजिक उत्तरदायित्व वहन गर्दै बहुआयामिक योगदान पुऱ्याएको देखिन्छ।

## ५. गुठीको आर्थिक स्रोत

कुनै पनि सामाजिक, धार्मिक वा सामुदायिक संस्थाको नियमित र प्रभावकारी सञ्चालनका लागि आर्थिक स्रोत अत्यन्त महत्वपूर्ण आधार हो। आर्थिक सुदृढता विना संस्थाका कार्यक्रमहरू, पूर्वाधार व्यवस्थापन तथा दीर्घकालीन योजनाहरू कार्यान्वयन गर्न कठिन हुन्छ। यस यथार्थलाई आत्मसात गर्दै श्री बौद्ध तामाङ कल्याण गुठीले आफ्ना विभिन्न आय-स्रोतहरू व्यवस्थित रूपमा विकास गर्दै आएको छ।

गुठीको प्रमुख आम्दानी स्रोत “छ्योइमे घर” (दियो घर) बाट प्राप्त हुने आय हो। धार्मिक आस्था र पूजाअनुष्ठानसँग सम्बन्धित यस संरचनाबाट प्राप्त आम्दानी गुठीको नियमित सञ्चालनमा महत्वपूर्ण योगदान पुऱ्याउने आधार बनेको छ। यसका अतिरिक्त गुठियारहरूबाट प्राप्त वार्षिक शुल्क गुठीको अर्को स्थायी आर्थिक स्रोत हो, जसले सदस्य-आधारित संस्थागत संरचनालाई मजबुत बनाउँछ। गुठी भवनमा रहेको हल विभिन्न सामाजिक तथा धार्मिक कार्यक्रमका लागि उपलब्ध गराइने हुँदा त्यहाँबाट प्राप्त हुने न्यूनतम शुल्क पनि आय-स्रोतका रूपमा रहेको छ। त्यसैगरी ... मार्ग अड्गतधारस्थित तामाङ भवनबाट प्राप्त हुने भाडा गुठीको नियमित आम्दानीको अर्को महत्वपूर्ण पक्ष हो। यसले गुठीको भौतिक पूर्वाधारलाई आर्थिक दृष्टिले पनि उपयोगी बनाएको छ। साथै विभिन्न दाताहरू तथा शुभेच्छुकहरूबाट प्राप्त सहयोग र दानले गुठीको आर्थिक संरचनालाई थप सुदृढ बनाउँदै आएको छ। यसरी श्री बौद्ध तामाङ कल्याण गुठीले धार्मिक आय-स्रोत, सदस्य-आधारित शुल्क, पूर्वाधारबाट प्राप्त भाडा तथा दातृ-सहयोगमार्फत् आफ्नो आर्थिक आधार निर्माण गरेको देखिन्छ। आर्थिक स्रोतहरूको यस्तो विविधिकरणले गुठीलाई संस्थागत रूपमा स्थायित्व र निरन्तरता प्रदान गरेको छ।

## ६. कल्याण गुठीका भैतिक संरचनाहरू

श्री बौद्ध तामाङ कल्याण गुठीले आफ्नो संस्थागत उद्देश्यलाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न भौतिक संरचनाहरू निर्माण तथा व्यवस्थापन गर्दै आएका छन्। गुठीले निर्माण गरेका भौतिक संरचनाहरू निम्न छन्:

१. कार्यालय भवन, पूजागृग र कार्याक्रम हल (बौद्ध फूलबारी)

२. तामाङ भवन (अड्गदधार)

२. धर्मशाला भवन (निर्माणधिन कुवाटोल)

बौद्ध फूलबारीस्थित गुठीको कार्यालय भवन संस्थाको केन्द्रीय प्रशासनिक केन्द्र हो। यही भवनभित्र पूजागृह स्थापना गरिएको छ, जहाँ नियमित रूपमा धार्मिक अनुष्ठान, पूजा तथा सामूहिक प्रार्थना गरिन्छ। साथै, सोही परिसरमा रहेको कार्यक्रम हल विभिन्न सभा, प्रशिक्षण, सांस्कृतिक कार्यक्रम तथा सामुदायिक भेला आयोजना गर्न प्रयोग हुँदै आएको छ।

त्यसैगरी, अङ्गदधारस्थित तामाङ भवन गुठीको भव्य संरचना पनि हो। गुठीको यो भवन बौद्धका स्थानीय तामाङहरूसँग बाहिरका तामाङहरूलाई जोड्ने तामाङ सामुदायीक-सांस्कृतिक केन्द्र बनेको छ। तामाङ राष्ट्रिय पुस्तकालयदेखि धार्मिक संघसंस्थाहरूको कार्यालय यसै भवनमा रहेको छ।

हाल कुवाटोलमा धर्मशाला भवन निर्माणाधीन अवस्थामा रहेको छ। निर्माण सम्पन्न भएपछि यसले बाहिरबाट आउने श्रद्धालु तथा पाहुनाहरूलाई आवास सुविधा उपलब्ध गराउनेछ र गुठीका धार्मिक तथा सामाजिक गतिविधिहरूलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। यसरी यी भौतिक संरचनाहरू गुठीको संस्थागत सुदृढीकरण, धार्मिक निरन्तरता र सामुदायिक एकताको आधारका रूपमा विकसित हुँदै आएका छन्।

## ७. कल्याण गुठीका प्रकाशनहरू

श्री बौद्ध तामाङ कल्याण गुठीले आफ्नो संस्थागत इतिहास तथा गतिविधिहरूलाई अभिलेखीकरण गर्ने उद्देश्यले विभिन्न समयमा प्रकाशनहरू गर्दै आएका छन्। यस्ता प्रकाशनहरू मार्फत् गुठीले आफ्ना ऐतिहासिक यात्रा, नेतृत्व, कार्यक्रम तथा सामुदायिक योगदानका कार्यहरूलाई दस्तावेजीकरण गर्दै आएको छ। गुठीका हालसम्मका प्रकाशनहरू निम्न छन्:

१. श्री बौद्ध कल्याण गुठी रजत महोत्सव स्मारिका- **२०६५**

२. श्री बौद्ध कल्याण गुठी स्मारिका-**२०७८**

गुठीले सालमा आफ्नो रजत महोत्सवको अवसर पारेर वि.सं. **२०६५** मा ‘श्री बौद्ध कल्याण गुठी रजत महोत्सव स्मारिका-**२०६५**’ प्रकाशनमा ल्यायो। उक्त स्मारिकामा गुठीको स्थापना, विकासक्रम, प्रमुख गतिविधि तथा योगदानहरू समेटिएका थिए। त्यसैगरी वि.सं. २०७८ सालमा ‘श्री बौद्ध कल्याण गुठी स्मारिका-२०७८’ प्रकाशित गऱ्यो। यसमा गुठीको इतिहास, संस्थागत विस्तार, समसामयिक गतिविधि तथा सामुदायिक भूमिका सम्बन्धी सामग्रीहरूलाई अभिलेखित गरेको छ।

## ८. कल्याण गुठीसँग जोडिएका विवादहरू

संस्थागत विकासको यात्रामा चुनौती र विवादहरू देखिनु अस्वाभाविक होइन। श्री बौद्ध तामाङ कल्याण गुठीको इतिहासमा पनि केही यस्ता चरणहरू आएका छन्, जसले संस्थालाई आन्तरिक तथा बाह्य रूपमा प्रभावित पारे। प्रारम्भिक समयमा स्रोत-साधनको सीमितताका कारण आर्थिक रूपमा सहयोग गर्न सक्ने व्यक्तिहरूलाई नेतृत्वमा चयन गर्ने अभ्यास देखियो। तत्कालीन आवश्यकता र व्यवहारिकताबाट प्रेरित यो निर्णय दीर्घकालमा विवादको कारण बन्न पुग्यो। संस्थाभित्र असन्तोष बढ्दै गयो र एक समय गुठीको क्रियाशीलता कमजोर भई लगभग निष्क्रिय अवस्थासम्म पुगेको अवस्था पनि आयो। यस चरणलाई गुठीको इतिहासको चुनौतीपूर्ण, “अध्यारो पाटो” का रूपमा स्मरण गर्न सकिन्छ।

पछिल्लो समयमा आठौं चिनियाँ लामा तथा स्वयंलाई गुरु रिन्पोछे घोषणा गरेका भूपतिबज्र लामाले गुठी भवन तथा छ्योइमे दिम (दियोघर) सम्बन्धी विषयलाई लिएर विवाद सिर्जना गरे। गुठीलाई नकारात्मक दृष्टिले मात्र हेर्दै विभिन्न आरोपहरू लगाइए, जसका कारण संस्थागत अधिकार, स्वामित्व र व्यवस्थापनका सवालहरू उठे र परिस्थिति तनावपूर्ण बन्यो। हाल फूलबारीस्थित गुठीको कार्यालय समेत रहेको भवनको विषयमा समेत विवाद सिर्जना गरी गुठीलाई विभिन्न प्रकारले दुःख दिने काम भयो।

उल्लेखनीय कुरा के छ भने पूर्व चिनियाँ लामा सेरबदोर्जे लामासँग गरिएको लिखित सम्झौताका आधारमा गुठीले उक्त भवनको भोगचलन गर्दै आएको हो। सोही भवनमा गुठीले पूजागृह तथा सामाजिक कार्यक्रमका लागि हल पनि निर्माण

गरेको छ। वास्तवमा यो गुठी भवन बौद्ध क्षेत्रका तामाङ समुदायको धार्मिक, सामाजिक र सांस्कृतिक आवश्यकताका लागि स्थापना गरिएको संरचना हो भन्ने तथ्यलाई घ्याङ गुठी नेतृत्वले बुझ्नु जरूरी छ।

उक्त विवादहरू अन्ततः कानुनी प्रक्रियासम्म पुगे। गुठीमाथि मानहानि तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरिए पनि न्यायिक निर्णय गुठीको पक्षमा आएको तथ्य महत्वपूर्ण छ। यस घटनाले गुठी आफ्नो संस्थागत अस्तित्व, सम्पत्ति र संरचनाको संरक्षणका लागि दृढतापूर्वक उभिन सक्षम रहेको सन्देश दिएको छ। यस प्रकार, यी विवादहरू गुठीका लागि चुनौती बने तापनि तिनले संस्थालाई थप सचेत, संगठित र संस्थागत रूपमा परिपक्व बन्न प्रेरित गरेको देखिन्छ।

## ९. पुरा हुँदै सपना र योजना

श्री बौद्धनाथ क्षेत्र विकास समितिले २०७४ सालमा अमिताभ बुद्धमार्ग, टुसालमा धर्मशाला निर्माण गरेको थियो। उक्त धर्मशाला केही समय सञ्चालन आएपनि समितिको कार्यालय सञ्चालनमा उपयोग भईरहेको छ।

स्थानीय तामाङ अगुवाहरूका अनुसार, विश्व सम्पदा सूचीमा सूचीकृत धार्मिक स्थल, बौद्धनाथ महाचैत्य परिसरमा विगतमा धर्मशाला अवस्थित थियो। तर, समयक्रमसँगै मानवीय अतिक्रमणका कारण त्यो धर्मशाला लोप भयो। विश्वप्रसिद्ध बौद्ध महाचैत्य क्षेत्रमा एउटा पनि धर्मशाला नहुनु बौद्धबासी तामाङ र कल्याण गुठीका लागि अत्यन्त दुःखद र लज्जास्पद विषय बन्दै आएको थियो। त्यसैले गुठीले धर्मशाला निर्माणलाई आफ्नो भावी सपना र योजना रूपमा प्राथमिकतामा राख्दै आएको थियो। हाल, गुठीको पहल र नेतृत्वमा कुवाटोलमा नयाँ धर्मशाला निर्माणाधीन रहेकोले बौद्धबासी तामाङ र कल्याण गुठीको यो सपना र योजना पुरा हुने चरणमा रहेको छ। गुठीको अबको सपना र योजना भनेको जेष्ठ नागरिक विश्राम स्थल निर्माण रहेको छ।

## श्री बौद्ध तामाङ कल्याण गुठीका निर्वाचित कार्यसमितिहरू

### प्रथम कार्यसमिति (२०४१-२०४४)

१. अध्यक्ष- श्री फुर्बा छिरिङ शेर्पा लामा (म्लोन)

२. उपाध्यक्ष- श्री सूर्यबज लामा

३. सचिव- राजेन्द्र कुमार लामा (रूम्बा)

४. कोषाध्यक्ष- श्री चलन बहादुर लामा (वाइबा)

५. कोषाध्यक्ष- श्री पृथ्वी बहादुर लामा (थिङ)

(सदस्यहरु नाम उपलब्ध नभएको।)

### गौरूडहरु

१. आले लामा (स्याङ्दन)

२. गोपाल (चाउरे) लामा (स्याङ्दन)

**दोस्रो कार्यसमिति (२०४४-२०४७)**

१. अध्यक्ष- श्री फुर्बा छिरिङ शेर्पा लामा (म्लोन)

२. उपाध्यक्ष- श्री सूर्यबज्र लामा

३. सचिव- श्री राजेन्द्र कुमार लामा (रूम्बा)

४. कोषाध्यक्ष- श्री चलन बहादुर लामा (वाइबा)

५. कोषाध्यक्ष- श्री पृथ्वी बहादुर लामा (थिङ)

६. सह-सचिव- श्री रत्नबज्र लामा (भज्यू)

७. सदस्य- श्री भैरबबहादुर थिङ

८. श्री किरण कुमार पाखिन

**गौरूङहरु**

१. आले लामा (स्याङ्दन)

२. गोपाल (चाउरे) लामा स्याङ्दन

**तेस्रो कार्यसमिति (२०४७-....)**

१. अध्यक्ष- श्री दिनेश लामा (म्लोन)

२. उपाध्यक्ष- श्री पासाङ लामा (लो)

३. कोषाध्यक्ष-प्रमुख लामा ज्ञानीबज्र लामा

४. सचिव- श्री धर्मकाजी लामा

५. सह-सचिव- श्री दिपेन्द्र लामा (गोले)

(गुठी केही समय निश्क्रिया रहेको।)

**चौथो कार्यसमिति (२०५२-२०५३)**

१. अध्यक्ष- सोनम लामा (भज्यू)

२. उपाध्यक्ष- श्री पासाङ लामा (लो)

३. कोषाध्यक्ष- श्री श्याम बहादुर लामा (वाइबा)

(सदस्यहरूको नाम थाह नभएको।)

(२०५३ साल फागुण ५ गतेसम्म *बौद्ध कला तथा संस्कृति समिति* नाममा क्रियाशील)

**पाँचौ कार्यसमिति (२०५३-२०६१)**

१. अध्यक्ष- श्री राजेन्द्र कुमार रूम्बा
२. उपाध्यक्ष- श्री सिंह बहादुर लामा (लो)
३. कोषाध्यक्ष- श्री किरण पाखिन
४. सचिव- श्री सम्पूर्ण कुमार लामा (घिसिङ)
५. सह-सचिव- श्री बुद्ध बहादुर लामा (लो)
६. लामा प्रतिनिधि- प्रमुख लामा श्री ज्ञानीबज्र लामा
७. लामा प्रतिनिधि- वरिष्ठ लामा श्री नरे लामा

**पुरानो कार्यसमिति विगठन र तीन सदस्यीय कार्यदल गठन**

१. संयोजक- श्री कृष्ण बहादुर लामा, तत्कालीन श्री बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष
२. सदस्य- श्री ज्ञानीबज लामा, स्यानीय प्रमुख लामा
३. सदस्य- श्री टासीकुमार लामा, समाजसेवी

**छैटौं कार्यसमिति (तदर्थ समिति २०६२ फागुण २१ - २०६३ जेठ २३)**

१. अध्यक्ष- श्री दिपेन्द्र लामा (गोले)
२. उपाध्यक्ष- श्री सोनम लामा (भज्यू)
३. कोषाध्यक्ष- श्री विष्णु बहादुर (लो)
४. सचिव- श्री खड्गजीत लामा (थिङ)
५. सह-सचिव- श्री बुद्ध बहादुर लो
६. लामा प्रतिनिधि- वरिष्ठ लामा श्री नरे लामा
७. सदस्य- श्री सुरेन्द्र लामा (लो)
८. सदस्य- श्री पूर्ण लामा (लो)
९. सदस्य- श्री वसन्त लामा (लो)
१०. सदस्य- श्री राजेन्द्र लामा (वाइबा)
११. सदस्य- श्रीमती माया डोल्मा लामा (लो)
१२. सदस्य- श्रीमती निर्मला लामा
१३. सदस्य- श्री मोहन लामा (मनोज लामा)

**सल्लाहकार समिति**

१. बौद्ध तथा मेलम्ची घ्याङ गुठीका चिनियाँ लामा/अध्यक्ष

२. का.म.पा. वडा नं. ६ का प्रमुख
३. श्री बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष
४. प्रमुख लामा श्री ज्ञानीबज्र लामा
५. श्री गजेन्द्र कुमार लामा (लो)
६. श्री सूर्यबज्र लामा
७. श्री जयमंगल लामा (लो)
८. श्री नेपालजीत लामा (थिङ)
९. श्री डा. गणेश योञ्जन
१०. श्री छ्योर्तेन लामा (लो)
११. श्रीमती माइली लामा गुरूङ
१२. श्री आनन्द लामा (योञ्जन)
१३. श्री टासीकुमार लामा (लो)
१४. श्री श्यामबहादुर लामा (वाइबा)
१५. श्री जितेन्द्र कुमार लामा (रूम्बा)

(२०६२ साल फागुण २१ गते शुक्रबारका दिन समाजसेवी श्री टासीकुमार लामाको संयोजनमा गुठियारहरु, लामा गुरूहरु, समाजसेवी एवं बुद्धिजीवीहरुको भेला बसी ६ महिनाभित्र विधान बनाई सम्बन्धित निकायमा दर्ता गरी अधिवेशन गर्ने गरी १३ सदस्यीय तदर्थ समिति गठन। तदर्थ समितिका अध्यक्ष श्री दिपेन्द्र लामाको सक्रियता, पदाधिकारीहरूको सहयोग र सल्लाहकारज्यूहरुको मार्गनिर्देशनबाट २०६३ साल मंसीर ३ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता। २०६३ साल जेठ २३ गते शनिबारका दिन गुरू ल्हाखाङ गुम्बामा तत्कालीन प्रमुख लामा श्री ज्ञानीबज लामाज्यूको प्रमुख आतिथ्यतामा प्रथम अधिवेशन सम्पन्न।)

**सातौं कार्यसमिति (२०६३-२०६६)**

१. अध्यक्ष- श्री दीपेन्द्र लामा (गोले)
२. उपाध्यक्ष- श्री वसन्त लामा (लो)
३. कोषाध्यक्ष- श्री विष्णु बहादुर लो
४. सचिव- श्री खड्गजीत लामा (थिङ)
५. सह-सचिव- श्री बुद्ध बहादुर लामा
६. सदस्य- (लो) श्री शान्त लामा (म्लोन)
७. सदस्य- श्री सुरेन्द्र लामा (लो)
८. सदस्य- लामा श्री पूर्ण बहादुर घ्यबा
९. सदस्य- श्री पूर्ण लामा (लो)

१०. श्री मोहन लामा (मनोज लामा लो)

११. श्री राजेन्द्र लामा (वाइबा)

१२. श्रीमती वृन्दा लामा (वाइबा)

१३. श्रीमती फुबुयाङ्जी लामा (घिसिङ)

**आठौं कार्यसमिति (२०६६-२०७९)**

१. अध्यक्ष- श्री दिपेन्द्र लामा गोले

२. उपाध्यक्ष- श्री वसन्त लामा लो

३. कोषाध्यक्ष- श्री विष्णु बहादुर लामा लो

४. सचिव-श्री खड्गजीत लामा थिङ

५. सह-सचिव- श्री बुद्ध बहादुर लामा

६. सदस्य- श्री शान्त लामा म्लोन

७. सदस्य- लामा श्री पूर्ण बहादुर लामा घ्यबा

८. सदस्य- श्रीमती म्हेन्दो लामा

९. सदस्य- श्री सुरेन्द्र लामा (लो)

१०. सदस्य- श्रीमती सृजना लामा भज्यू

११. सदस्य- श्री राजेन्द्र लामा (वाइबा)

११. सदस्य- श्री लेख बहादुर रूम्बा

१२. सदस्य- श्री बुद्ध लामा स्याङ्बो

(२०६६ साल आषाढ २१ गते दीपेन्द्र लामा पुनः अध्यक्ष निर्वाचित भएको सात दिनमै श्री बौद्धनाथ क्षेत्र विकास समितिको अध्यक्षमा नियुक्त भएपछि २०६६ साल आषाढ २७ गते उपाध्यक्ष श्री वसन्त लामालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी सुम्पिय।)

**नवौं कार्यसमिति (२०७९-२०७९)**

१. अध्यक्ष- श्री वसन्त लामा लो

२. उपाध्यक्ष- श्री शान्त लामा म्लोन

३. कोषाध्यक्ष- श्री विष्णु बहादुर लामा लो

४. सचिव- श्री खड्गजीत लामा

५. सहसचिव- श्री बुद्ध बहादुर लामा

६. सहसचिव- श्री निरज लामा भज्यू

७. सदस्य- लामा श्री पूर्ण बहादुर लामा घ्यबा
८. सदस्य- श्री सुरेन्द्र लामा लो
९. सदस्य- श्री राजेन्द्र लामा वाइबा
१०. सदस्य- श्रीमती म्हेन्दो लामा
११. सदस्य- श्रीमती सृजना लामा भज्यू
१२. सदस्य- श्री लेख बहादुर रूम्बा
१३. सदस्य- श्री बुद्ध लामा स्याङबो
१४. सदस्य- श्री धरम लामा (म्लोन)

**दशौं कार्यसमिति**

१. अध्यक्ष- श्री वसन्त लामा (लो)
२. उपाध्यक्ष- श्री शान्त लामा (म्लोन)
३. उपाध्यक्ष- श्री मोहन (मनोज) लामा (लो)
४. कोषाध्यक्ष- श्री विष्णु बहादुर लामा (लो)
५. सचिव- श्री खड्गजीत लामा (थिङ)
६. सहसचिव- श्री निरज लामा (भज्यू)
७. सहकोषाध्यक्ष- श्री भुवन लामा (स्याङ्दन)
८. सदस्य- वरिष्ठ लामा श्री पूर्णबहादुर लामा (घ्यबा)
९. सदस्य- लामा श्री रत्न लामा (स्याङ्दन)
१०. सदस्य- श्री राजेन्द्र लामा (वाइबा)
११. सदस्य- श्री बुद्ध लामा (स्याङ्बो)
१२. सदस्य- श्री धरम लामा (म्लोन)
१३. सदस्य- श्रीमती मेन्दो लामा
१४. सदस्य- श्रीमती सृजना लामा भज्यू
१५. सदस्य- श्री राजन लामा (लो)
१६. सदस्य- श्रीमती माया लामा (थिङ)
१७. सदस्य- श्री सुरेन्द्र लामा (लो)

**एघारौं कार्यसमिति**

१. अध्यक्ष- श्री खड्गजीत लामा थिङ

२. उपाध्यक्ष- श्री शान्त लामा म्लोन
३. उपाध्यक्ष- श्रीमती माया लामा थिङ
४. कोषाध्यक्ष- श्री प्रमोद लामा थिङ
५. सह-कोषाध्यक्ष- श्री देशभक्त लामा गोले
६. सचिव- श्री भुवन लामा स्याङ्दन
७. सह-सचिव- श्री आशिक लामा लो
८. सदस्य- वरिष्ठ लामा श्री पूर्णबहादुर लामा घ्यबा
९. सदस्य- लामा श्री रत्न लामा स्याङ्दन
१०. सदस्य- श्री सुरेन्द्र लामा लो
११. सदस्य- श्री पूर्ण लामा लो
१२. सदस्य- श्री कृष्ण बहादुर लामा थिङ
१३. सदस्य- श्रीमती वीना लामा (चेडा)
१४. सदस्य- श्री अर्जुन लामा थिङ
१५. सदस्य- श्री राजु लामा योञ्जन
१६. सदस्य- श्री अनिल योञ्जन तामाङ
१७. सदस्य- सुश्री सरस्वती/माया लामा घिसिङ

**बाह्रौं कार्यसमिति**

१. अध्यक्ष- श्री खड्गजीत लामा थिङ
२. उपाध्यक्ष- श्री भुवन लामा स्याङ्दन
३. उपाध्यक्ष- श्री पूर्ण लामा लो
४. उपाध्यक्ष- श्री विष्णु लामा घिसिङ
५. कोषाध्यक्ष- श्री संजय लामा लो
६. सहकोषाध्यक्ष- श्री कर्म फुन्छोग (बलवीर लामा लो)
७. सचिव-श्री सुरेन्द्र लामा लो
८. सहसचिव- श्री देशभक्त लामा गोले
९. सदस्य- वरिष्ठ लामा पूर्ण बहादुर लामा घ्यबा
१०. सदस्य- लामा सुरेन्द्र लामा लो
११. सदस्य- श्री कृष्ण बहादुर लामा थिङ
१२. सदस्य- श्रीमती चन्द्रमाया लामा

१३. सदस्य- श्रीमती माया लामा पाखिन

१४. सदस्य- श्री अर्जुन लामा थिङ

१५. सदस्य- श्री अनिल लामा योञ्जन तामाङ

१६. सदस्य- श्री सोनाम लामा म्लोन

१७. सदस्य- श्रीमती वन्दना लामा म्लोन

१८. सदस्य- श्रीमती रोजी लामा

१९. सदस्य- श्री दिपेन्द्र लामा योञ्जन

२०. सदस्य- श्री राखिन्द्र लामा थिङ

२१. सदस्य- श्री श्याम/कान्छा लामा म्लोन

### (ख) ओम तामाङ सुख दुःख गुठी

### १. पृष्ठभूमि

बौद्ध-टुसाल क्षेत्रमा करिब एक शताब्दीअघि सामुदायिक आस्था र परम्परासँग जोडिएको एउटा महत्वपूर्ण संरचना निर्माण गरिएको थियो- टुसाल पाटी (सत्तल)। वि.सं. १९८७ सालतिर स्थानीय इन्द्रबहादुर लामा (केरुङ नोर्बु लामा) को सम्झनामा उनकी धर्मपत्नी सेती लमिनीले उक्त सत्तल निर्माण गराएकी थिइन्। त्यो सत्तल केवल भौतिक संरचना मात्र थिएन, स्थानीय टुसालबासी तामाङहरूको सांस्कृतिक केन्द्रका रूपमा स्थापित थियो।

स्थानीय बुढापाकाहरूका भनाइअनुसार, उक्त सत्तलमा वर्षको एकपटक सामूहिक पूजाआजा आयोजना गरिन्थ्यो र सबैजना मिलेर भोजभतेर गर्ने परम्परा पनि थियो। यसले समुदायबीच आपसी सम्बन्ध सुदृढ बनाउनुका साथै धार्मिक-सांस्कृतिक निरन्तरता कायम राख्न समेत सहयोग पुऱ्याउँथ्यो। तर, समयक्रमसँगै पाटीको अस्तित्व पनि मेटियो र भोज खाने परम्परा पनि हराएर गयो। यो मात्र होइन टुसालका अन्य स्थानीय तामाङ परम्पराहरू पनि कमजोर बन्दै गए र अन्ततः हराउँदै गए।

वि.सं. २०३९ सालतिरसम्म बौद्ध-टुसाल क्षेत्रमा आजको जस्तो घना बस्ती विकास भइसकेको थिएन। त्यतिबेला करिब ४० घरपरिवार तामाङ तामाङहरू बसोबास गर्थे। त्यही अवधिमा एक स्थानीय कान्छा लामा (आइतराम) को टुसाल चोकस्थित आफ्नै निवासमा दुःखद निधन भयो। परिवारमाथि दाहासंस्कारकै निम्ति पनि आर्थिक बोझ आइलाग्यो। यस दुःखद घटनाले समुदायलाई गहिरो रूपमा झस्कायो। मृतक परिवारलाई आर्थिक सहयोग पुगोस् भन्ने उद्देश्यले स्थानीय लामा धर्मगुरु, छरछिमेकी तथा समाजका अगुवाहरूबीच आपसी सरसल्लाह भयो, सहयोग रकम सङ्कलन गरी शोकाकुल परिवारलाई हस्तान्तरण गरियो।

यस घटनापछि समुदायले एउटा स्थायी र संस्थागत संरचनाको आवश्यकता महसुस गऱ्यो। सबैले महसुस गरे कि केवल अस्थायी सहयोगले मात्र पर्याप्त हुँदैन, बरु सुखमा सँगै उत्सव मनाउने र दुःखका घडीमा पनि मजबुत साथ दिने एउटा स्थायी तथा संस्थागत संरचना आवश्यक छ। समुदायको सामूहिक सुरक्षा, पारस्परिक सहयोग र सामाजिक उत्तरदायित्वलाई सुनिश्चित गर्ने उद्देश्यले यही सोचबाट प्रेरित भई गुठीको स्थापना भयो।

## २. सुखदुःख गुठीको स्थापना

**२०३९** साल माघ ९ गते स्व. लामा गुरू दुप्चेन लामा (गोले) को अध्यक्षतामा पाँच सदस्यीय 'सुखम् दुःखम् गुठी' स्थापन भयो। तत्कालिन समयमा टुसाल क्षेत्रमा बसोबास गर्ने ४० घरधुरी स्थानीय तामाङहरू नै यस गुठीका गुठीयार सदस्य थिए। हाल आएर गुठीको गुठीयार सदस्य सङ्ख्या **१३४** घरधुरी पुगेको छ। (कार्यसमितिको विवरण अन्तिममा हर्नुहोस्)

वि.सं. **२०३९** देखि **२०५३** सालसम्म गुठी औपचारिक दर्ता बिना नै सञ्चालन हुँदै आयो। गुठी स्थापनाको पृष्ठभूमि मरूवा गुठी भएकाले प्रारम्भिक कार्यक्षेत्र मुख्यतः मृत्यु संस्कार तथा दुःखका घडीमा सहयोग पुऱ्याउने कार्यमा केन्द्रित थियो।

गुठीको स्थापनापूर्वकालदेखि नै टुसालबासी स्थानीय तामाङ समुदायले बौद्धनाथ क्षेत्रका चाडपर्वहरूसँग घनिष्ठ धार्मिक-सांस्कृतिक सम्बन्ध कायम राख्दै आएका थिए। माघ शुक्ल पूर्णिमामा मनाइने ममलाजात्रा, बौद्ध तेमालजात्रा, घोनाङ, रोपाइँ जात्रा तथा बुद्ध जयन्ती जस्ता पर्वहरूमा उनीहरूको सक्रिय सहभागिता रहँदै आएको थियो। गुठीको स्थापनापछि यो कार्य अझ व्यापक र संगठित रूपमा अघि बढ्यो। विशेषतः बौद्ध क्षेत्रको ऐतिहासिक पर्व ममलाजात्रालाई गुठीले विशेष धार्मिक-सांस्कृतिक सम्बन्ध स्थापित गऱ्यो। यस अवसरमा गुठियारहरू बिहानै बौद्ध परिसरस्थित मामथानमा उपस्थित भई मामलाई इष्टदेवीका रूपमा विधिपूर्वक पूजा गर्ने र त्यसपछि सामूहिक भोज आयोजना गर्ने परम्परा प्रारम्भ गऱ्यो। आजसम्म निरन्तर रूपमा चल्दै आएको यस परम्पराले गुठीलाई धार्मिक आस्था, सांस्कृतिक निरन्तरता र सामुदायिक एकताको केन्द्रका रूपमा स्थापित गरेको छ।

वि.सं. **२०५३** सालमा संस्थापक अध्यक्ष लामा गुरु दुप्चेन लामाको निधन भएपछि गुठीको कार्यभार केही समय उपाध्यक्ष चित्रकुमार लामाले समाले। रिक्त रहेको अध्यक्ष पदमा नयाँ नेतृत्व चयन अनिवार्य थियो। वि.सं. **२०५३** साल माघ **१२** गते शनिबार उपाध्यक्ष चित्रकुमार लामाले गुठियारहरूको भेला डाक्यो। भेलाले गुठीलाई औपचारिक रूपमा दर्ता गरी व्यवस्थित ढंगले सञ्चालन गर्ने निर्णय गऱ्यो। सोही निर्णयअनुसार पुरानो समिति विघटन गरी स्व. भक्तबहादुर तामाङको अध्यक्षतामा **१५** सदस्यीय तदर्थ समिति गठन भयो। तदर्थ समितिको उपाध्यक्ष वीरबहादुर स्याङ्वा, सचिव वीरबहादुर वाइबा, सह-सचिव कुमार लामा, कोषाध्यक्ष सुखराम लामा, सदस्यहरूमा बसन्त लो, मोक्तान माइला तामाङ, नरेन्द्र लामा, गणेश लामा, चन्द्र मोक्तान, सन्तवीर स्याङ्बा, दिपक स्याङ्बा र लक्ष्मण लामा थिए।

तदर्थ समिति गठन पश्चात् गुठीलाई मरूवा गुठीको सीमित दायराबाट फराकिलो स्वरूपमा समयानुकूल सामाजिक-सांस्कृतिक संस्थाका रूपमा विस्तार गर्नुपर्ने आवश्यकता महसुस गरियो। विधान मस्यौदा तयार पार्ने जिम्मेवारी तत्कालीन सचिव वीरबहादुर वाइबालाई सुम्पियो। व्यापक छलफल, सुझाव र सरसल्लाहका आधारमा तयार गरिएको विधानमा दुःखका घडीमा मृत्यु संस्कारलाई प्राथमिकता दिँदै सहयोग गर्ने, धार्मिक तथा सांस्कृतिक रीतिरिवाज, जात्रा-पर्व र सामाजिक कार्यक्रमहरू बढावा दिने, विवाह, व्रतबन्ध र अन्नप्राशनजस्ता सुखका अवसरहरूमा गुठियारहरूको अनिवार्य सहभागिता सुनिश्चित गर्ने, प्राकृतिक विपत्ती तथा दैवीप्रकोप जस्ता भईपरि आउने आपतविपतहरूमा मानवीय सहयोग गर्ने तथा बेवारिसे अवस्थामा मृत्यु भएका व्यक्तिको दाहसंस्कारको व्यवस्था गर्ने जस्ता उद्देश्यहरू समेटिए।

गुठीलाई व्यापक सामाजिक उत्तरदायित्व वहन गर्ने संस्थाका रूपमा रूपान्तरण गर्ने स्पष्ट दृष्टि विधानमार्फत् स्थापित गरिएसँगै गुठीको नामबारे पनि गम्भीर छलफल भयो। केही सदस्यहरूको राय थियो पुरानै नाम कायम राख्ने, केही सदस्यहरूले 'सुखम् दुःखम्' संस्कृत मूलको शब्द भएकाले तामाङ समुदायको पहिचान झल्किने नाम आवश्यक रहेको

तर्क समेत प्रस्तुत गरे। अन्ततः “ओम् तामाङ सुखदुःख सेवा गुठी” नामकरण भयो। अन्ततः सम्पूर्ण प्रक्रिया पूरा गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २०५३ साल ... विधिवत् दर्ता भयो।

### ३. सम्पर्क कार्यालय सन्चालन

औपचारिकि दर्ता पूर्व गुठी कार्यालय बिहीन अवस्थामै सञ्चालमा थियो। औपचारिक रूपमा दर्ता भएर आएपछि सम्पर्क कार्यालयको आवश्यकता महसुस गरियो र संस्थापक अध्यक्षा स्व. लामा गुरु दुप्चेन लामाकी धर्मपत्नी शोभा लामासँग निःशुल्क रूपमा एउटा कोठा उपलब्ध गराइदिन अनुरोध गरियो। लामाले सहर्ष स्वीकार गरी आफ्नै घरमा एक कोठा उपलब्ध गराएपछि गुठीको सम्पर्क कार्यालयका पनि सञ्चालनमा आयो।

कार्यालय व्यवस्थापनका लागि कामनपा वडा नं. ६ का तत्कालिन वडाध्यक्ष नेपालजीत लामाले आवश्यक सामग्रीहरू- टेबल, कुर्सी, दराज, कार्पेट आदि उपलब्ध भएको थियो। कार्यालय सञ्चालनका लागि सम्पूर्ण रूपमा तयार भएपछि नेपालजीत लामाले नै कार्यालयको औपचारिक उद्घाटन पनि भएको थियो। यसै स्थानबाट करिब एक वर्ष कार्यालय सञ्चालनमा आयो।

### ४. जग्गा प्राप्ति र भवन निर्माण

गुठीको दीर्घकालीन स्थायित्व र संस्थागत सुदृढीकरणका लागि आफ्नै भौतिक पूर्वाधार अपरिहार्य थियो। काठमाडौँ महानगरपालिका वडा नं. ६ का तत्कालीन वडाध्यक्ष नेपालजीत लामासमक्ष सार्वजनिक जग्गा उपलब्ध गराइदिन औपचारिक रूपमा अनुरोड गर्ने निर्णय बमोजिम कार्य अगाडि बढ्यो। वडाध्यक्ष लामाले उक्त प्रस्तावलाई सकारात्मक र गम्भीर रूपमा लिंदै वडाका इन्जिनियर नेलाल श्रेष्ठलाई तत्काल बोलाएर बौद्ध कुवा टोलस्थित सार्वजनिक जग्गाको नापजाँच गराए। आवश्यक प्राविधिक प्रक्रिया पूरा गरी ३ आना क्षेत्रफलको जग्गा रेखाङ्कन गरी गुठीलाई भोगचलनका लागि उपलब्ध गराइयो।

जग्गा प्राप्त भएको छ दिनमै प्रमुख लामा ज्ञानिबज्र लामाद्वारा विधिपूर्वक पूजापाठ गरी शुभसाइत जुराएर जग खन्ने कार्य प्रारम्भ भयो। भवन निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउने जिम्मेवारी तत्कालीन कोषाध्यक्ष स्व. सुखराम लामाले सम्हाले। गुठियारहरूलाई भेला गरी गच्छेअनुसार आर्थिक सहयोग संकलन गर्ने सहमति भयो। सामूहिक सहभागिताको भावनाले निर्माण कार्यलाई गति दियो। तत्कालीन सचिव जगत मोक्तानले जग निर्माणका लागि आवश्यक ढुंगा र बालुवा उपलब्ध गराए। वडाध्यक्ष नेपालजीत लामाले ७५ बोरा सिमेन्ट सहयोग गरे। गुठियारहरूबाट संकलित रकम मिस्त्री ज्याला, श्रमिक ज्याला, रंगरोगन तथा अन्य निर्माण खर्चमा भयो।

सामूहिक श्रम, आर्थिक सहयोग र दृढ प्रतिबद्धताको परिणामस्वरूप १३ दिनमै भुइँतला तीन कोठे भवन निर्माण सम्पन्न भयो। यो निर्माण कार्य गुठीको एकता, सहकार्य र सामुदायिक समर्पणको उदाहरणीय उपलब्धि बनेको छ।

### ५. सँधियारको निष्फल असहयोग

भवन निर्माणको कार्य तीव्र गतिमा अघि बढिरहेकै समय सँधियारले शक्ति केन्द्रहरूको आडमा अवरोध गर्न खोजेका थिए। गुठीको सार्वजनिक प्रयोजनकै उद्देश्यले निर्माण कार्य भइरहेकै बेला अवरोधका आएपछि केही असहज परिस्थिति भने उत्पन्न भएको थियो। यद्यपी यस्तो संवेदनशील अवस्थामा पूर्व राजदूत डा. गणेश योन्जन र तत्कालीन वडाध्यक्ष नेपालजीत लामा गुठीको पक्षमा दृढतापूर्वक उभिए। अन्ततः सार्वजनिक जग्गामाथिको वैधानिक अधिकार र सामुदायिक

प्रयोजनको औचित्य स्पष्ट भएपछि असहयोगी पक्षको प्रयास निष्फल भयो। यस घटनाले गुठी भवनको भौतिक संरचना निर्माण सामुदायिक अधिकार, एकता र न्यायका पक्षमा गरिएको दृढ पहल पनि थियो भन्ने स्पष्ट गर्दछ।

### ६. ऋण व्यवस्थापनका लागि स्मारिका प्रकाशन

गुठी भवन निर्माण सफलतापूर्वक सम्पन्न भए पनि निर्माणका क्रममा खरिद गरिएका केही सामग्रीको रकम ऋणस्वरूप बाँकी नै थियो। उक्त ऋण व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा गुठियारहरूबीच सरसल्लाह भयो। सामूहिक सहमतिअनुसार भवन उद्घाटन समारोहको अवसर पारेर “स्मारिका **२०५५**” प्रकाशन गर्ने तथा त्यसका लागि विज्ञापन सङ्कलनमार्फत् आवश्यक रकम जुटाउने निर्णय गरियो।

प्रकाशनलाई व्यवस्थित र प्रभावकारी रूपमा अघि बढाउन स्मारिका प्रकाशन समिति नै गठन गरियो। स्मारिका प्रकाशन समितिमा निम्नानुसार सदस्यहरू थिए:

संरक्षक: श्री चित्रकुमार लामा

सम्पादन सल्लाहकार: श्री अम्मर योञ्जन

व्यवस्थापक: भक्तबहादुर तामाङ

सहयोगीहरू: कुमार लामा, बसन्त लो र स्व. नरेन्द्र लामा

सम्पादक: वीरबहादुर वाइबा

समितिले सक्रिय रूपमा विज्ञापन सङ्कलन तथा सामग्री तयारीको कार्य अघि बढायो। समुदाय, व्यवसायी तथा शुभेच्छुकहरूको उल्लेखनीय सहयोग रह्यो। विज्ञापन रकम सङ्कलन राम्रो भयो। फलस्वरूप भवन निर्माणको क्रममा बाँकी रहेका सम्पूर्ण ऋण चुक्ता गर्न सम्भव भयो।

### ७. सुखदुःख गुठीले गरेका कार्यहरू

औपचारिक दर्ता र कार्यालय स्थापना पश्चात् सुखदुःख गुठीले आफ्नो गतिविधिलाई संगठित, योजनाबद्ध र प्रभावकारी ढंगले अघि बढायो। गुठीले सामाजिक उत्तरदायित्व, शान्ति, शिक्षा, स्वास्थ्य र सांस्कृतिक संरक्षणका क्षेत्रमा गरेका उल्लेखनीय कार्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

१. गुठीयार परिवारका सदस्यहरूमा मृत्यु भएमा चार सहयोग निरन्तर रहेको छ (हाल आएर नगदमा परिनत भएको चारको परम्परागत स्वरूप चामल, जाँड आदि सहयोग रहेको थियो)।

२. गुठीले आयोजना गरेको पहिलो सार्वजनिक कार्यक्रम लुम्बिनीमा जापानी बौद्ध भिक्षु नावातामेको हत्याको विरोधमा गरिएको शान्ति र्‍याली थियो। र्‍यालीमा विद्यालयका विद्यार्थी, समाजसेवी, व्यापारी तथा बुद्धिजीवीहरूलाई सहभागी गराई करिब **५००** जनाको उल्लेखनीय उपस्थिति थियो। शान्तिपूर्ण रूपमा सम्पन्न उक्त कार्यक्रमले गुठीलाई सामाजिक न्याय, मानवता र शान्तिको पक्षमा दृढतापूर्वक उभिने संस्थाका रूपमा परिचित गरायो।

३. शैक्षिक र बौद्धिक विकासका उद्देश्यले गुठीको पहलमा “टुसाल पुस्तकालय” स्थापना गरिएको थियो। पुस्तकालयमा करिब ७०० पुस्तक सङ्कलित थियो, जसले स्थानीय विशेषगरी युवापुस्तालाई अध्ययन र ज्ञानार्जनका अवसर प्रदान गरेका थिए। हाल पुस्तकालय सञ्चालनमा छैन र करिब **२५०** पुस्तक मात्र सुरक्षित रहेका छन्। बाँकी पुस्तकहरू हराएर गए, उचित व्यवस्थापन नहुँदा पाठकहरूले फिर्ता नै गरेनन्।

४. गुठीले गुठीयार परिवारका महिला सशक्तीकरणमा पनि महत्वपूर्ण भूमिका खेलेको छ। गुठीमा आबद्ध गुठीयार परिवारका महिलाहरू धार्मिक तथा सामाजिक गतिविधिमा सक्रिय रूपमा सहभागी हुन थालेका छन्। घरधन्दामा

मात्र सीमित रहँदै आएका महिलाहरू अब स्वतन्त्र रूपमा सामुदायिक कार्यमा अग्रसर भएका छन्, जसले सामाजिक चेतना र आत्मविश्वासमा उल्लेखनीय वृद्धि गरेको छ।

५. धार्मिक-शैक्षिक उन्नयनका लागि गुठी भवनमा वार्षिक रूपमा सम्बोटा लिपि कक्षा सञ्चालन गर्दै आइरहेको छ। गुठियार महिलाहरूलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कक्षाबाट धेरै महिलाहरू म्हाने मोलम पाठ गर्न सक्षम भएका छन्। यसले तामाङ समुदायको धार्मिक परम्परा र भाषिक सम्पदाको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

६. स्वास्थ्य सेवाका क्षेत्रमा पनि गुठी सक्रिय रहेको छ। स्तूपा सामुदायिक अस्पताल, बौद्धसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम आयोजना गरेका छन्। त्यसैगरी लाइन्स क्लब तीनकुने अस्पतालसँगको संयुक्त आयोजनामा आँखा शिविर सञ्चालन गरिएको छ। यस्ता कार्यक्रमहरूले स्थानीय बासिन्दाहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउँदै आएको छ।

७. यसका अतिरिक्त गुठीले स्थानीय स्तरमा सरसफाइ कार्यक्रम सञ्चालन गर्नुका साथै बौद्ध क्षेत्रमा मनाइने तेमाल जात्रा, मम्ला जात्रा, गाईजात्रा, रोपाइँ जात्रा, ल्होछार पर्व, गठेमंगल लगायतका जात्रा-पर्वहरूको संरक्षण, प्रवर्द्धन र निरन्तरतामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।

यसरी सुखदुःख गुठीले सामाजिक सेवा, सांस्कृतिक संरक्षण, महिला सशक्तीकरण, शैक्षिक विकास तथा सामुदायिक स्वास्थ्यका विविध क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै समुदायको भरोसायोग्य संस्थाका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ।

## ८. सुखदुःख गुठीको आर्थिक स्रोत

गुठीयारहरूबाट प्राप्त सदस्य शुल्क र सहयोगहरू नै गुठीको मुख्य आर्थिक स्रोतका आधार हुन्।

## ९. सुखदुःख गुठीको प्रकाशनहरू

सुखदुःख गुठीले आफ्नो इतिहास, नियमित गतिविधि तथा सामुदायिक योगदानका कार्यहरूको अभिलेखीकरण तथा दस्तावेजीकरण गर्ने उद्देश्यले समय-समयमा प्रकाशन पनि गर्दै आएको छ। गुठीका प्रकाशनहरू निम्नानुसार रहेका छन्:

**१. ओम् तामाङ सुखदुःख गुठी स्मारिका २०५५** : गुठी भवन उद्घाटनको अवसरमा प्रकाशित यस स्मारिकाले संस्थाको स्थापना, उद्देश्य, तात्कालिन गतिविधि तथा सामुदायिक सहभागिता कार्याहरूलाई समेट्दै ऐतिहासिक दस्तावेजको रूपमा स्थान बनाएको छ।

**२. गुठी दर्पण २०८१ :** गुठीको समकालीन गतिविधि, उपलब्धि, योजनाहरू तथा संस्थागत विकासलाई समेटिएको यस प्रकाशनले गुठीको वर्तमान अवस्थाको प्रतिबिम्ब प्रस्तुत गरेको छ।

## ओम तामाङ सुखदुःख गुठीका निर्वाचित कार्यसमितिहरू

### प्रथम कार्यसमिति (२०३९-२०५३)

१. अध्यक्ष- लामा गुरू दुप्चेन लामा गोले

२. उपाध्यक्ष- चित्रकुमार लामा रुम्बा

३. सचिव- दिलबहादुर लामा (सानुकान्छा लामा)

४. सदस्य- श्यामबहादुर लामा

५. सदस्य- चतुरसिंह लामा

६. सदस्य- डम्बरबहादुर लामा

७. गौराइ- मानबहादुर भज्यू

**दोस्रो कार्यसमिति (२०५३-२०५६)**

१. संरक्षक- चित्र कुमार लामा

२. अध्यक्ष- भक्तबहादुर तामाङ

३. उपाध्यक्ष- वीरबहादुर स्याङ्बा

४. कोषध्यक्ष- सुखराम लामा

५. सचिव- वीरबहादुर वाइबा

६. सहसचिव- कुमार लामा

७. सदस्य- नरेन्द्र लामा

८. सदस्य- दिपक स्याङ्बा

९. सदस्य- मोक्तान माइला तामाङ

१०. सदस्य- वसन्त राज लो

११. सदस्य- रामबहादुर लामा (पन्ध्र)

१२. सदस्य- लक्ष्मण लामा म्लोन

१३. सदस्य- सन्तवीर स्याङ्बा

१४. सदस्य- चन्द्र मोक्तान

**गौराइ**

१. डम्बरबहादुर वाइबा

२. मानबहादुर लामा

**तेस्रो कार्यसमिति (२०५६-२०६७)**

१. सरेक्षक- चन्द्रदिप लामा

२. अध्यक्ष- वीरबहादुर स्याङ्बा

३. उपाध्यक्ष- धनबहादुर म्लोन

४. कोषाध्यक्ष- मोहन म्लोन

५. महासचिव- वीरबहादुर वाइबा

६. सचिव- कुमार लामा

७. सदस्य- भुवन सिंह लामा

८. सदस्य- मोक्तान माइला तामाङ

९. सदस्य- रत्नमान 'आँसु'

१०. सदस्य- एस के राज नकर्मी

११. सदस्य- चाम्परी लामा

१२. गौराइ- सानु लामा घोड्बा

**सल्लाहकार**

१. नेपालजीत लामा

२. बाबु म्लोन

३. सुख राम लामा

४. सिद्धिबज्र लामा

५. दिपक लामा स्याङ्बा

## चौथो कार्यसमिति (२०६७-२०७१)

१. संरक्षक- चन्द्रदिप लामा

२. अध्यक्ष- रत्नमान 'आँसु'

३. उपाध्यक्ष- पुष्प लामा डुक्पा

४. कोषाध्यक्ष- अर्जुन लामा

५. सचिव- सुरज लामा लो

६. सदस्य- धोर्जे लामा लो

७. सदस्य- धर्मेन लामा भनेड्बा

८. सदस्य- छोटे लाल साह

९. सदस्य- सावित्री लामा

१०. सदस्य- गीता लामा

११. सदस्य- म्हेन्दो लामा

१२. सदस्य- चाम्परी लामा

**सल्लाहकार**

नेपालजीत लामा (कानपा वडा नं. ६ वडाध्यक्ष)

बाबु लामा म्लोन

वीरबहादुर स्याङ्वा सिद्धिबज्र लामा

टासी कुमार लामा

## पाँचौ कार्यसमिति (२०७१-२०७५)

१. संरक्षक- चन्द्रदिप लामा
२. अध्यक्ष- कुमार लामा
३. उपाध्यक्ष- लक्ष्मण लामा म्लोन
४. कोषाध्यक्ष- सुरज लामा घोड्बा
५. सचिव- विजय लामा
६. सदस्य- शोभा लामा
७. सदस्य- कुमार ढकाल सदस्य- नवी लामा गुरुङ
९. सदस्य- सदस्य- सूर्यराज लामा रुम्बा
१०. सदस्य- अरुण लामा म्लोन
११. सदस्य- नानबहादुर म्लोन
१२. घौराई सानु लामा घोड्बा

**सल्लाहकार**

१. धनबहादुर म्लोन
२. नेपालजीत लामा
४. वीरबहादुर स्याङ्जा
५. टासीकुमार लामा
६. वीरबहादुर वाइबा

## छैटौं कार्यसमिति (२०७५-२०७८)

१. संरक्षक- चन्द्रदिप लामा
२. अध्यक्ष- सुरज लामा घोडबा
३. उपाध्यक्ष- बीलामा गुरुङ
४. सचिव- विजय लामा
५. सह-सचिव- बबिता लामा
६. कोषाध्यक्ष- सुरज लामा रुम्बा
७. सदस्य- शोभा लामा घोले

८. सदस्य- कुमार ढकाल

९. सदस्य- मानबहादुर लामा टुम्बुल

१०. सदस्य- सूर्यराज लामा

११. सदस्य- नानु लामा

**सल्लाहकार**

१. नेपालजीत लामा

२. राम लामा भ्लोन

३. कुमार लामा

४. बसन्त लो

५. राकेश स्याङ्दान

**सातौँ कार्यसमिति (२०७८-हालसम्म)**

१. अध्यक्ष- सुरज लामा रुम्बा

२. उपाध्यक्ष- बबिता लामा

३. सचिव विजय लामा

४. कोषध्यक्ष- विक्रम लामा थिङ

५. सहसचिव- बसन्ती लामा

६. सहकोषाध्यक्ष- अमर लामा लो

७. सदस्य- शोभा लामा घोले

८. सदस्य- कुमार ढकाल

९. सदस्य- नानु लामा

१०. सदस्य- राम लामा लो

११. सदस्य- मानबहादुर लामा दुम्बुल

**संरक्षक**

१. चन्द्रदिप लामा

**सल्लाहाकार**

१. नेपालजीत लामा

२. सम्पूर्णकुमार लामा

३. टासीकुमार लामा

४. कुमार लामा

५. राकेश स्यादन

**कार्यालय सहायक**

गौराइ- सूर्यराज रूम्बा

## (ग) बज्यु गुठी

वि.सं. **१९६७** सालमा तत्कालीन बौद्ध स्तूपका मुल पुजारी (प्रमुख लामा) श्री साइला बज्र लामाले तीनचुलीमा बसोबास गर्दै आएका तामाङ समुदायमा मराउ दुःख पर्दा सामूहिक रूपमा दुःख परेको घरमा सहयोग गर्न सकियोस भनेर स्थानीय, बूढापाखा, भद्र भलाद्मीहरूको भेला गराइ तीनचुली चोकमा पिपलको विरूवा रोपी, एक जोडी परेवा उडाइ यस गुठीको स्थापना गरिएको हो। उक्त समयमा कसैको घरमा दुःख पर्दा **२५** पैसा र **१** पाथी चामल लानु पर्ने नियम थियो। वि.सं. **२०४०** सालमा व्यवस्थित रूपले संचालन गर्नका लागि हरि बहादुर लामा भज्यूको नेतृत्वमा **७** सदस्यीय तदर्थ समिति बनाइ गुठीका लागि अवश्यक लामाका सामग्री, खाना पकाउन चाहिने सामग्री, त्रिपाल तथा सुकुलको व्यवस्था गरियो। वि.सं. **२०५०/५१** सालमा यस गुठीलाई अफ व्यवस्थित गर्नका लागि रामकुमार लामाको नेतृत्वमा जिल्ला प्रशासन कार्यलयमा दर्ता गरी यस गुठीको आफ्नै नियामावली बनाइ कार्य सम्पादन गर्दै आइरहेको छ। हाल यस गुठीले गुठीयारभित्र हुने विवाह, ब्रतबन्ध, मृत्यु संस्कार लगायतका सामूहिक कार्यहरूको व्यवस्थापनका साथै बौद्ध क्षेत्रमा मनाइने जात्रा पर्वहरूमा सामूहिक सहभागीताका साथै व्यवस्थापन, संचालनका लागि सहयोगी भूमिका निर्वाह गरिरहेको छ।

## (घ) दे भ्वयः गुठी

करिब **१५०** वर्ष अघिदेखि पाटनलगायतका सहरबाट मौसमी व्यापारका लागि नेवारहरू बौद्धनाथ क्षेत्रमा आउन थालेको अनुमान गरिन्छ। नेवारहरूमा पनि विशेष गरी बज्रचार्य र शाक्यहरू आउने गर्दथे। यिनै व्यापारी नेवार परिवारहरूले स्थापना गरेको सामाजिक-साँस्कृतिक गुठी हो, दे भ्वयः गुठी। हाल यस गुठीमा ८० घरधुरी गुठियार सदस्यहरू रहेका छन्। दे भ्वयमा नेवार समुदायभित्रका पनि बज्रचार्य र शाक्य परिवार मात्र गुठियार रहने प्रावधान रहेको छ।

नेवारी समुदायमा 'दे'को अर्थ देश 'भ्वय' पराइ हो। तत्कालीन समयमा बौद्ध क्षेत्रलाई काठमाडौं उपत्यकाका नेवार समुदायले छुट्टै राज्यको रूपमा हेर्ने गरिन्थ्यो।

ऐतिहासिक रूपमा नेवारी व्यापारीहरूको बौद्ध आगमन र प्रस्थान एक निश्चित मौसमी चक्रमा आधारित थियो। प्रत्येक वर्ष भाइटिका सकिएपछि कार्तिक शुक्ल पूर्णिमाको आसपास बौद्ध आउने गर्दथे। यो समय तिब्बत, डोल्पा र मनाङलगायतका हिमाली क्षेत्रबाट जाडो छल्न र तिर्थयात्रा समेतका लागि मानिसहरू बौद्ध झर्ने गर्दथ्यो। ती हिमाली समुदायको बाक्लो उपस्थितिले व्यापारिक गतिविधि निकै बढ्ने गर्दथ्यो। माघ शुक्ल पूर्णिमापछि जब सूर्य उत्तरायण भई गर्मी बढ्न थाल्थ्यो, हिमाली क्षेत्रका मानिसहरू पुनः आफ्नै थातथलोतिर फर्कन्थे। गर्मीसँगै बौद्ध क्षेत्रमा 'अउल' (औलो/ज्वरो) को प्रकोप देखिने डरले स्थानीय तामाङ बाहेक अन्य मानिसहरू त्यहाँ बस्न रुचाउँदैनथे। तसर्थ, ग्राहकका रूपमा आएका हिमाली समुदाय फर्किएसँगै नेवारी व्यापारीहरू पनि माघ शुक्ल पूर्णिमापछि पुनः आ-आफ्नो घर फर्कने गर्दथे।

गुठीले बौद्ध क्षेत्रमा आगमन भइसकेपछि कार्तिक शुक्ल पुर्णिमा (सकिमना पुन्ही) का दिन बौद्ध स्तूप अगाडि हलिम्वालि भ्वाय:को रूपमा मकै भटमास, पिडालु, सखरखण्डलगायतका अन्नबाट मण्डला बनाएर डाफा भजन गर्ने प्रचलन थियो। त्यसैगरी, बौद्धबाट आफ्नो मूल घर फर्कने समयमा माघ शुक्ल पूर्णिमाको दिन विशेष भजन-कीर्तन, पूजापाठ र जात्रामा सहभागी हुने परम्परा तथा प्रचलन थियो। जात्रा मनाउनु भन्दा चारदेखि आठ दिन अगाडि अर्थात् माघ शुक्ल द्वादशीको बेलुकी मामथान (छ्वासकामुनी) अगाडि भजन गरी जात्राका लागि औपचारिक निमन्त्रणा र सूचना दिइन्थ्यो। यस क्रममा चिनियाँ लामाले मद्य (रक्सी) चढाउने र गुठियारहरू भेला भई डाफा भजन र आरती गर्ने गर्दथ्यो। यही अवधिमा व्यापारीहरूले आफ्नो व्यापारको हिसाबकिताब मिलाउने र बौद्ध छोड्ने तयारी गर्दथ्यो। अन्त्यमा, मामला जात्रा सम्पन्न भएपछि सामूहिक भोज गरी सबैजना आ-आफ्नो घर फर्कन्थ्यो। जात्रा सकिएलगत्तै ठाउँ छोडेर जाने भएकाले यस गुठीमा अन्य जात्राहरूमा जस्तो 'बीजा पूजा' गर्ने चलन छैन।

हाल गुठीले मामला जात्रा, भजन-कीर्तन, भोज र द्वादशीको दिन मामथानमा गरिने पूजालाई निरन्तरता दिँदै आएको छ। साथै, विगत ३० वर्षदेखि बुद्ध जयन्ती मनाउने र अक्षय तृतीयाका दिन सखरपानी वितरण गर्ने कार्यलाई पनि जोडे दिँदै आइरहेको छ। बौद्ध क्षेत्रमा लोप भइसकेको अक्षय तृतीयामा सखरपानी बाँड्ने नेवारी मौलिक परम्परालाई गुठीले पुनः सुरुवात गरी सांस्कृतिक संरक्षणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

बौद्धमा पछिल्लो सहरीकरणको चाप वृद्धिसँगै नेवार समुदायको बसोबास बढ्न थालेपछि नेवा खास्ती पूचः र नेवा देः दवू जस्ता नेवारी गुठीहरू पिन सञ्चालनमा आएका छन्।

## ५.४. सामाजिक संघसंस्थाहरू

### (क) बौद्ध जेष्ठ नागरिक समाज

### १. जेष्ठ नागरिक

ज्येष्ठ नागरिकहरू इतिहासका साक्षात् प्रतिमूर्ति हुन्। उनीहरू ज्ञान, अनुभव र जीवन-संघर्षका जीवित इतिहास हुन्। उनीहरू समाजका मार्गदर्शक, संस्कारका संवाहक तथा पुस्तान्तरणका सेतु हुन्।

सामान्यतया ६० वर्ष वा सोभन्दा माथिका वृद्धवृद्धाहरूलाई जेष्ठ नागरिक भन्ने गरिन्छ। 'जेष्ठ' शब्दले जेठा, पाका वा सबैभन्दा धेरै उमेर समूहका व्यक्तिहरूलाई जनाउँदछ। जेष्ठ नागरिकहरू लागि मार्गदर्शक र आदरणीय व्यक्तित्व मानिन्छन्। समाजमा उनीहरूले हिजोका दिनमा गरेका योगदानको कदर गर्दै उनीहरूको हेरचाह, उचित लालनपालन तथा संरक्षण परिवार अनि समाजको कर्तव्य हो, हुनु पर्दछ।

नेपालको ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ अनुसार ६० वर्ष उमेर पुगेको नेपाली नागरिक भनि परिभाषित गरेको छ। उक्त ऐनले उनीहरूको पालनपोषण, हेरचाह, स्वास्थ्य सेवा, यातायात लगायतका क्षेत्रमा प्राथमिकता तथा सहुलियतको व्यवस्था गरेको छ।

### २. पृष्ठभूमि

बुढ्यौली मानव जीवनको अनिवार्य अवस्था हो। यो चाहेर टार्न नसकिने, प्रत्येक व्यक्तिले अनिवार्य रूपमा पार गर्नुपर्ने जीवनको प्राकृतिक प्रक्रिया हो। चाहेर पनि अलगिन नसक्ने अवस्था हो। जुनकुनै व्यक्तिले यो अवस्थाबाट गुज्रनु पर्छ, यो चरण पार गर्नै पर्छ, कटाउनै पर्छ। पछिल्ला वर्षहरूमा विश्वव्यापी रूपमा औसत आयु वृद्धि हुँदै गएको छ र नेपालमा पनि यही प्रवृत्ति देखिन्छ। यसको परिणामस्वरूप ज्येष्ठ नागरिकहरूको संख्या क्रमशः बढ्दो छ।

केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ६० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकहरूको संख्या २९ लाख ७७ हजार ३१८ पुगेको छ, जुन कुल जनसंख्याको १०.२१ प्रतिशत हो। यो अघिल्लो जनगणनाको तुलनामा २.०८ प्रतिशतले बढी हो। ज्येष्ठ नागरिकहरूको वार्षिक वृद्धि दर ३.५ प्रतिशत रहेको छ, जुन कुल जनसंख्याको वृद्धि दर ०.९२ प्रतिशतभन्दा उल्लेखनीय रूपमा बढी हो।

संख्यामा वृद्धि हुँदै जाँदा सामाजिक तथा मनोवैज्ञानिक चुनौतीहरू पनि थपिँदै गएका छन्। आर्थिक रूपमा निवृत्त अवस्था, स्वास्थ्य समस्याहरू, सन्तान विदेशिएपछि उत्पन्न हुने एक्लोपन, निराशा तथा उपेक्षाभावका कारण धेरै ज्येष्ठ नागरिकहरू मानसिक तनाव र सामाजिक अलगावको अवस्थासँग जुधिरहेका हुन्छन्।

यसै पृष्ठभूमिका ज्येष्ठ नागरिकहरू परिवार, समाज र राष्ट्रका अभिन्न अङ्ग हुन् भन्ने मान्यताका आधारमा उनीहरूको हकहितको संरक्षण र सेवा-सुविधाको सुनिश्चितताका लागि सामूहिक पहल कदमी थालिनु पर्दछ भन्ने मान्यताका साथ बौद्ध ज्येष्ठ नागरिक समाजको गठन भएको हो।

### २. गठन र दर्ता

बौद्ध जेष्ठ नागरिक समाज मिति २०७७ साल माघ २० गते नेपाल सरकारसमक्ष विधिवत् दर्ता भई औपचारिक रूपमा सञ्चालनमा आएको हो।

## ३. कार्यालय

बौद्ध क्षेत्रका ज्येष्ठ नागरिक समाजको कार्यालय तामाङ भवन, बौद्ध अङ्गदधारामा अवस्थित छ। यही स्थानबाट संस्थाका सम्पूर्ण प्रशासनिक तथा कार्यालयीय कार्यहरू सञ्चालन गरिन्छन्।

## ४. समाजका उद्देश्यहरू

बौद्ध क्षेत्रका ज्येष्ठ नागरिक समाजका उद्देश्यहरू निम्नामुरा छन्:

- जेष्ठ नागरिकहरुको मानवीय आवश्यकता परिपूर्ति, सुरक्षा, आत्मसम्मानका साथ बाँच्न पाउने वातावरण सिर्जना गर्ने।
- जेष्ठ नागरिकले आफ्ना जीवन अवधिमा परिवार, समाज र राष्ट्रलाई पुऱ्याएको योगदानको उचित सम्मान गर्दै नयाँ पुस्ता, परिवारको सदस्यहरु एवं सम्पूर्ण समाजलाई नै सचेत, सक्रिय र जिम्मेवार बनाउने।
- सरकारी, गैर-सरकारी संस्था एवं नागरिक समाजबाट जेष्ठ नागरिकलाई उपलब्ध सेवा तथा सुविधाहरुको पहुँचको लागि सहजीकरण गर्ने।
- जेष्ठ नागरिकसम्बन्धी समसमायिक विषयहरुमा अन्तरक्रिया, बौद्धिक बहस, अभिमुखीकरण सचेतना कार्यक्रमहरु संचालन गर्ने।
- जेष्ठ नागरिकहरूको लागि पुस्तकालय, ई-पुस्तकालय एवं ज्ञान संग्रहालयको स्थापना गर्ने।
- जेष्ठ नागरिकहरुको लागि सुविधायुक्त आधुनिक आवास गृह निर्माण गर्ने।
- जेष्ठ नागरिकहरूको हकहित, सुविधा तथा कल्याणको लागि अन्य सबै उपायहरु अवलम्वन गर्ने

## प्रथम कार्यसमिति

१. अध्यक्ष- श्री जयमंगल लामा

२. उपाध्यक्ष- श्री रत्नबज्र लामा

३. सचिव- श्री टासीकुमार लामा

४. कोषाध्यक्ष- श्री वीरबहादुर लामा वाइबा

५. सदस्य- श्री धर्मकाजी लामा

६. सदस्य- श्री वीरबहादुर स्याङ्बो

७. सदस्य- श्रीमती सतिला लामा (महिलासदस्य)।

## (ख) छ्योरङान महिला समाज

### १. पृष्ठभूमि

छ्योरङान महिला समाजको स्थापना कुनै आकस्मिक घटना होइन, बरु चेतनाको क्रमिक विकास र सामूहिक अनुभूतिबाट जन्मिएको सामाजिक अभियान हो। यसको प्रारम्भिक आधार ललितपुरस्थित 'समता संगम' नामक महिला संस्थासँग जोडिएको थियो, जहाँ बौद्ध क्षेत्रका केही सचेत तथा जागरुक महिलाहरू आवद्ध थिए। उक्त संस्थामा महिला अधिकार, सामाजिक समानता र समसामयिक राष्ट्रिय विषयहरूमाथि नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन हुने गर्दथे। विशेषगरी महिलाहरूको भूमिका, अधिकार, वर्तमान नेपालमा उनीहरूको अवस्था र समाज रूपान्तरणमा उनीहरूको सम्भावनाबारे गहन विमर्श हुने गर्थ्यो। यस्ता वैचारिक संवादहरूले बौद्ध क्षेत्रका महिलाहरूमा समाजप्रतिको दृष्टिकोण विस्तार गर्न तथा सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेले।

लगातारका यस्ता भेटघाट र अन्तरक्रियाले बौद्ध क्षेत्रका तामाङ महिलाहरूमा पनि स्थानीय स्तरमै संगठित भई सामाजिक तथा सांस्कृतिक क्षेत्रमा योगदान पुऱ्याउने प्रेरणा जागृत गरायो। यस उत्साहको श्रैय समता संगमकी अध्यक्ष श्रीमती जुलिया चित्रकारलाई जान्छ।

यसै परिपेक्षमा वि.सं. **२०५८** साल चैत **२५** गते बौद्धस्थित श्री महेन्द्र बौद्ध माध्यामिक विद्यालयको सभाकक्षमा श्रीमती शुष्मा योञ्जन र मायाडोल्मा लामाको सक्रियतामा **३०** जना तामाङ महिलाहरूको एक ऐतिहासिक भेला सम्पन्न भयो। भेलाले स्थानीय स्तरमा तामाङ महिलाहरूको छुट्टै संस्थाको आवश्यकता महसुस गऱ्यो र पाँच सदस्यीय समूह गठन गरियो, जसलाई "समता संगम बौद्ध" नाम दिइयो। समूहका सदस्यहरूमा माइली लामा, प्रभा लामा, फुबुयाङजी लामा, अनु लामा र सोमी लामा थिए। करिब पाँच महिनापछि समूहलाई विस्तार गर्दै सदस्य संख्या **१०** पुऱ्याइयो। विस्तारित समूहमा सुमित्रा लामा, बृन्दा लामा, निर्मला लामा, सुस्मा लामा र मायाडोल्मा लामा थपिएका थिए। समूहले मासिक बैठक सञ्चालन गर्ने, समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, महिलासम्बन्धी सवालहरूमा छलफल गर्ने, विभिन्न संघसंस्थाको निमन्त्रणामा प्रतिनिधित्व गर्ने लगायतका गतिविधिहरू सञ्चालन गर्दै आयो। समूहकै नामबाट स्थानीय चाडपर्व, जात्रा तथा सामाजिक कार्यहरूमा स्वयंसेवी तथा सहयोगी भूमिकामा सक्रिय सहभागिता जनाउँदै पनि आइरह्यो।

वि.सं. **२०६१** सालमा संस्थालाई तामाङ भाषा, संस्कृति र पहिचानसँग जोडिएको मौलिक नाम दिनुपर्ने सुझाव स्थानीय बुद्धिजीवी तथा सदस्यहरूबाट आएपछि नाम परिवर्तन गरी "छ्योरङान महिला समाज" राखियो। यसरी प्रारम्भ भयो छ्योरङान महिला समाज बौद्ध।

### २. गठन तथा दर्ता इतिहास

वि.सं. **२०५८** देखि **२०६१** सालसम्मको तीन वर्षे अवधिमा छ्योरङान महिला समाजले स्थानीय स्तरमा सामाजिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा उल्लेखनीय गतिविधिहरू सञ्चालन गर्न सफल भए। प्रारम्भिक रूपमा अनौपचारिक समूहका रूपमा सुरु भएको यस अभियानले छोटो समयमै समुदाय माझ विश्वसनीय उपस्थिति जनायो। वि.सं. **२०६१** सालमा **१०** सदस्यीय महिला समूहलाई एकजना सदस्य थप गरेर श्रीमती वृन्दा लामाको अध्यक्षतामा **११** सदस्यीय कार्यसमितिको स्वरूप दियो। उक्त समय देश राजनीतिक परिवर्तनका दौरानबाट गुज्रिरहेकोले समाजले योजनाअनुसार सबै कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न भने सकेन। तथापि, संस्थालाई निरन्तर सक्रिय र जीवन्त राख्न भने सफल भयो।

संस्थागत सुदृढीकरणको क्रमसँगै वि.सं. २०६३ साल पुस २२ गते पुरानै कार्यसमितिलाई सामन्य हेरफेर गरी श्रीमती निर्मला लामाको अध्यक्षतामा पुनर्गठित तदर्थ समिति बन्यो। उक्त तदर्थ समितिको पहलमा संस्थालाई औपचारिक कानुनी मान्यता दिलाउनका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौँमा विधिवत् दर्ता भयो। दर्ता पश्चात वि.सं. २०६४ साल वैशाख १६ गते प्रथम साधारणसभा आयोजना गरी फुपुयाङ्जी लामाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरियो। यससँगै छोरङान महिला समाजले विधिवत् संगठनात्मक संरचना, कानुनी हैसियत र कार्यगत निरन्तरता प्राप्त गर्दै संस्थागत विकासको नयाँ चरणमा प्रवेश गऱ्यो। सोही वर्ष संस्था समाज कल्याण परिषद्मा पनि आवद्ध भयो।

## ३. समाजको कार्यालय

छोरङान महिला समाजको कार्यालय श्री बौद्ध तामाङ कल्याण गुठीको भवन अङ्गदधारा बौद्धस्थित 'तामाङ भवन'मा रहेको छ। समाजका सम्पूर्ण कार्यालयीय कार्यहरू बैठक सञ्चालन, अभिलेख व्यवस्थापन, योजना निर्माण, कार्यक्रम समन्वय तथा सरसम्पर्क समेत यहीबाट सम्पादन हुने गर्दछ।

## ४. समाजको लक्ष तथा उद्देश्यहरू

### (क) लक्ष्य

(क) बौद्ध क्षेत्रलगायत तथा देशभर भरका तामाङ महिलाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चितताका लागि ऐक्यबद्धता जनाउँदै सहयोग र सहकार्य गर्नु।

(ख) स्थानीय स्तरमा सञ्चालन हुने सामाजिक, सांस्कृतिक तथा धार्मिक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउँदै संस्थालाई बौद्ध क्षेत्रकै तामाङ महिलाहरूको सशक्त र संगठित संस्थाका रूपमा विकास गर्नु।

### (ख) उद्देश्यहरू

छोरङान महिला समाजका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) तामाङ महिलाहरू बीच सकारात्मक सामाजिक रूपान्तरण तथा तामाङ महिला सशक्तिकरणका लागि रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्नु।

(ख) महिला तथा बालस्वास्थ्यसम्बन्धी जनचेतनामूलक तथा सेवा-मुखी कार्यक्रमहरू सञ्चालन गर्नु।

(ग) महिलाहरूको समग्र विकास र आत्मनिर्भरता अभिवृद्धिका लागि सहभागितामूलक विकास प्रक्रियालाई प्राथमिकता दिँदै आयआर्जन, सीप विकास तथा रोजगारमूलक गतिविधिहरूमा सहयोग पुऱ्याउनु।

(घ) महिलाहरूको सशक्तीकरण र संगठित विकासका लागि आवश्यक सहयोग प्रदान गर्नुका साथै स्वास्थ्य, साक्षरता र शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु।

(ङ) महिलासँग सम्बन्धित विषयहरूमा खोज तथा अनुसन्धान कार्यहरू सञ्चालन गर्दै उनीहरूको सामाजिक हकअधिकार सुनिश्चित गर्न पहल तथा वकालत गर्नु।

(च) बौद्ध क्षेत्रका स्थानीय चाडपर्व, परम्परा, रीतिरिवाज तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनका लागि कार्यक्रमहरू सञ्चालन गर्नु।

(छ) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संस्था/निकायहरूसँग समन्वय स्थापना गरी सहकार्य गर्नु।

(ज) महानगरपालिका, जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग पारस्परिक विकास र सहयोगका लागि सञ्जाल निर्माण तथा सुदृढीकरण गर्नु।

## ५. समाजले गरेका मुख्यमुख्य कार्यहरू

छोरङान महिला समाजले गरेका मुख्य कार्यहरू निम्नानुसार रहेका छन्:

### १. स्वास्थ्य तथा जनचेतनामूलक कार्यक्रमहरू

- वि.सं. २०५९ पुस २० गते सम्पन्न राष्ट्रिय सघन पोलियो दिवसमा ५ वर्षमुनिका बालबालिकालाई पोलियो खुवाउने घरदैलो अभियानमा सक्रिय भूमिका निर्वाह।
- ओम् योग केन्द्र तथा पतञ्जली योग समितिको सहयोगमा निःशुल्क योग शिविर तथा नियमित बिहानको योग कक्षा सञ्चालन।
- बालबालिकाको समग्र विकासका लागि मनोवैज्ञानिक चेतनामूलक कार्यक्रम सञ्चालन (वि.सं. २०६५ माद्र ७)।
- शाका धावा लगायतका धार्मिक अवसरमा स्तूपा परिक्रमा गर्ने श्रद्धालुहरूलाई निःशुल्क पिउने पानी तथा जुस वितरण।
- वि.सं. २०६६ श्रावण १८ गते रक्तदान कार्यक्रम सम्पन्न।

### २. शिक्षा तथा क्षमता विकास कार्यक्रमहरू

- जापान चिल्ड्रेन लाइब्रेरीसँग सहकार्य गरी जाडो बिदामा विज्ञान विषयका प्रयोगात्मक कक्षा, ओरिगामी तालिम तथा प्रतिभा कार्यक्रम सञ्चालन।
- वि.सं. २०६४ असार ११ गतेदेखि बौद्ध धर्म अध्ययनका लागि सम्भोटा लिपी कक्षा सञ्चालन (हालसम्म निरन्तर, २५ प्रशिक्षार्थी सहभागी)।

### ३. सांस्कृतिक संरक्षण तथा प्रवर्द्धन

- “दशैं सांगीतिक साँझ” कार्यक्रम आयोजना (वि.सं. २०५९)।
- तामाङ मौलिक भेषभूषा पहिचान विषयक छलफल कार्यक्रम (वि.सं. २०६३)।
- फग ल्होछार (सँगुर नयाँवर्ष), न्यामूङ ल्होछार (मुसा नयाँवर्ष) तथा लाङ ल्होछार (गोरू नयाँवर्ष) का अवसरमा सांस्कृतिक कार्यक्रम आयोजना।
- गाईजात्रा, रोपाइँ जात्रा तथा परम्परागत ‘घोनाइ नाच’ कार्यक्रम स्थानीय महिला दिदीबहिनीहरूको सक्रिय संयोजनमा सम्पन्न।
- तेमाल जात्रा र मोलम छोक्पा कार्यक्रमहरूमा सहभागिता।
- २५५२ औँ बुद्ध जयन्तीका अवसरमा सरसफाइ कार्यक्रम, मोलम पाठ तथा शान्ति ऱ्यालीमा सहभागिता।

### ४. धार्मिक कार्यक्रम तथा आध्यात्मिक क्रियाकलाप

- शाका धावाको अवसरमा बौद्ध धर्म र दर्शन विषयक एकदिने विचार गोष्ठी आयोजना, जसमा श्री बौद्धनाथ क्षेत्र विकास समिति लगायत विभिन्न संस्थाको सहकार्य रहेको।
- गुरु रिन्पोछे जन्मोत्सव, आयुअभिषेक (छेवाङ), छोग पूजा, विश्व शान्ति होम (जिन्सेक) जस्ता धार्मिक अनुष्ठानहरू सम्पन्न।
- गुरु ल्हाखाङ गुम्बा तथा अन्य धार्मिक स्थलहरूमा नियमित पूजा तथा प्रवचन कार्यक्रमहरूमा सहभागिता।

### ५. सामाजिक सम्मान तथा ऐक्यबद्धता कार्यक्रमहरू

- वि.सं. २०६४ मा जापानका लागि राजदूतमा मनोनित डा. गणेश योञ्जनलाई अभिनन्दन तथा स्थानीय जेष्ठ महिलाहरूको सम्मान कार्यक्रम।
- इन्डियन आइडल प्रतियोगी Prashant Tamang लाई समर्थनार्थ दार्जिलिङ पुगेर मतदान अभियान तथा आर्थिक सहयोग संकलन।
- नारी दिवस तथा आदिवासी जनजाति महिला महासंघका कार्यक्रमहरूमा तामाङ मौलिक भेषभूषासहित सहभागिता।
- नियमित वार्षिक साधारणसभा तथा कार्यालय स्थापना (वि.सं. २०६५ मंसिरदेखि)।

**६. सामुदायिक सहकार्य तथा स्वयंसेवा**

- श्री बौद्ध तामाङ कल्याण गुठी, श्री बौद्ध घ्याङ गुठीलगायत स्थानीय संस्थाहरूसँग सहकार्य।
- गाईजात्रा महोत्सव प्रचारप्रसार, स्वयंसेवक व्यवस्थापन तथा प्रसाद वितरण कार्यक्रमहरूमा सहयोग।

छ्योरड़ान महिला समाजले स्वास्थ्य, शिक्षा, संस्कृति, धर्म तथा सामाजिक ऐक्यबद्धताको क्षेत्रमा निरन्तर सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। यस संस्थाका गतिविधिहरूले महिलाहरूको सशक्तीकरण मात्र होइन, बौद्ध क्षेत्रको सांस्कृतिक संरक्षण, सामुदायिक एकता र सामाजिक रूपान्तरणमा समेत उल्लेखनीय योगदान पुऱ्याउँदै आएको देखिन्छ।

**७. समाजको प्रकाशन**

महिला समाजद्वारा वि.सं. २०६६ सालमा प्रकाशित “छ्योरङान स्मारिका” संस्थाको ऐतिहासिक यात्रा र सामाजिक योगदानको एउटा महत्त्वपूर्ण दस्तावेज हो। स्मारिकामा समाजले आफ्नो स्थापनाकालदेखि सम्पादन गरेका विविध गतिविधि, उपलब्धि र कार्यहरूलाई दस्तावेजिकरण गरेको छ। यसले समाजको संस्थागत स्मृतिलाई जीवन्त राख्नुका साथै भावि पुस्ताका लागि प्रेरणा तथा मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ। समग्रमा, स्मारिकाले समाजको इतिहास र विकासक्रम बुझ्न चाहने जोकोहीका लागि एक भरपर्दो ऐतिहासिक सन्दर्भ सामग्रीको भूमिका निर्वाह गरेको छ।

**छ्योरङान महिला समाजका कार्यसमिति तथा पदाधिकारीहरू**

**संस्थापकहरू तथा प्रथम निर्वाचित कार्यसमिति)**

१. अध्यक्ष- फूबुयाङ्जी लामा घिसिङ

२. उपाध्यक्ष- सुष्मा योन्जन

३. कोषाध्यक्ष- सुष्मा लामा मोक्तान

४. सचिव- मायाडोल्मा लामा लो

५. सहसचिव- प्रमिना लामा रूम्बा

६. सदस्य- माइली लामा गुरूङ

७. सदस्य- सुनी लामा रूम्बा

८. सदस्य- माला लामा थिङ

९. सदस्य- सुमित्र लामा घिसिङ

१०. सदस्य- निर्मला लामा

११. सदस्य- सुभद्र लामा मोक्तान

## ५.५. खेलकुदसँग सम्बन्धित संघसंस्थाहरू

बौद्ध क्षेत्रको सामाजिक जीवनमा खेलकुदले महत्वपूर्ण स्थान ओगटेको छ। विशेषगरी फुटबलले यहाँको युवापुस्तालाई संगठित गर्ने, अनुशासित बनाउने र सामुदायिक एकता मजबुत गर्ने माध्यमका रूपमा काम गरेको छ। समयक्रमसँगै बौद्ध क्षेत्रमा थुप्रै खेलकुद क्लबहरूको स्थापना भयो, धेरै फुटबल क्लबहरू सक्रिय थिए र आज पनि छन्।

बौद्ध क्षेत्रका पुराना फुटबल क्लबहरूमा बौद्ध फुटबल क्लब, टुसाल युवा क्लब र सानो टुसाल युवा क्लब प्रमुख रूपमा उल्लेखनीय छन्। सानो टुसाल युवा क्लबको अस्तित्वमा नरहेको धेरै वर्ष भइसकेको क्लबसँग सम्बन्धित पूर्व खेलाडीहरू बताउँछन्। पुराना क्लबहरूमध्ये ड्राइगन क्लब बौद्ध पनि इतिहासमा सीमित भइसकेको छ। एक समय सक्रिय रहेको बौद्ध पिपलबोट युवा क्लबको सक्रियता पनि समयसँगै घट्दो क्राममा देखिन्छ।

खेल जीवनको लामो अनुभव बोकेका, उमेरको चौथो दशक पार गरेका खेलाडीहरूले आफ्नो निरन्तरता र अनुभवलाई जोगाइराख्न भेट्रान क्लबहरूको स्थापना गरेका छन्। तीमध्ये बौद्ध भेट्रान क्लब र जोरपाटी भेट्रान क्लब उल्लेखनीय छन्। यस्ता क्लबहरूले खेल संस्कृतिलाई पुस्तान्तरण गर्दै लैजान महत्वपूर्ण भूमिका खेल्ने गर्दछ।

बौद्ध क्षेत्रमा हाल क्रियाशील फुटबल क्लबहरू निम्नानुसार रहेका छन्:

१. बौद्ध पिपलबोट युवा क्लब

२. टुसाल युवा क्लब

३. बौद्ध भेट्रान क्लब

४. जोरपाटी भेट्रान क्लब

५. स्पोर्ट युवा क्लब, तीनचुली

६. पानीट्याङ्की युवा क्लब

७. टाउन प्लानिङ युवा समाज

यी क्लबहरूले स्थानीय स्तरमा प्रतियोगिता, मैत्रीपूर्ण खेल तथा युवा सहभागितामूलक गतिविधिहरू सञ्चालन गर्दै खेल संस्कृतिलाई जीवन्त राखेका छन्।

### अन्य खेल गतिविधि

फुटबल बाहेक बौद्ध क्षेत्रमा मार्शल आर्ट्सको अभ्यास पनि उल्लेखनीय रहँदै आएको देखिन्छ। पिपलबोट कराँटे डोजो बौद्ध क्षेत्रको पुरानो कराँटे प्रशिक्षण केन्द्रका रूपमा परिचित छ। स्थापनाकालदेखि नै यसले निरन्तर रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ र स्थानीय युवाहरूलाई अनुशासन, आत्मरक्षा तथा आत्मविश्वास विकासमा योगदान पुऱ्याउँदै आएको छ। समग्रमा हेर्दा, बौद्ध क्षेत्रको खेलकुद इतिहासले केवल प्रतिस्पर्धा मात्र होइन, सामाजिक ऐक्यबद्धता, अनुशासन र पुस्तान्तरणको संस्कारलाई पनि समेटेको देखिन्छ।

अध्याय- तीन

## ६. ऐतिहासिक सम्पदा : बौद्धनाथ महाचैत्य

### ६.१. परिचय

बौद्धनाथ महाचैत्य काठमाडौँको पूर्वमा अवस्थित नेपालको एक अत्यन्त प्राचीन र प्रसिद्ध तीर्थस्थल हो। चैत्यको विशाल आकारका कारण यो नेपालकै ठूलो 'छ्योर्तेन' मानिन्छ। सन् १९७९ मा युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत यो स्तुपा नेपालको राष्ट्रिय सम्पदा मात्र नभई भारत, नेपाल र तिब्बत (चीन) बीचको ऐतिहासिक र धार्मिक सम्बन्ध सेतुको रूपमा स्थापित रहँदै आएको छ। महायानी परम्परा अनुसार यो चैत्य सम्बोधी ज्ञान लाभको प्रतीक (ज्याङ्छ्युब छ्योर्तेन) को रूपमा निर्माण गरिएको हो, जसको प्रत्येक अङ्ग (आधारशीला, कलाश, तोरण र गजुर) ले बौद्ध धर्मका गहिरा दार्शनिक पक्ष र बुद्धका गुणहरूलाई प्रतिनिधित्व गर्दछन्। स्तुपालाई भगवान बुद्धको चित्तको प्रतीक मान्दछन्।

### ६.२. महाचैत्यसम्बन्धी स्थापित धारणाहरु

**(क) प्राचीन अवधारणा:** सभ्यताको प्रारम्भमा मानव जातिले प्रकृति र जगतको सम्बन्धलाई बुझ्ने क्रममा आफूभन्दा पृथक् दैवी शक्तिको परिकल्पना गरी निश्चित स्थानहरूलाई पवित्र मान्न थालेको देखिन्छ। विशेषगरी प्राचीनतम हिमाली बोन चिन्तन प्रणालीमा आकाशमा 'तेङला ला' (उच्च आकाशीय देवता), अन्तरिक्षमा 'भारला चान' (शिकारी देवता) र पातालमा 'होगला लु' (नाग) को बासस्थान हुने विश्वास गरिन्छ। यी शक्तिहरू अवतरण हुने पृथ्वीका विशेष स्थानलाई 'ला छ्याबा' वा पवित्र तीर्थस्थल 'ने' मान्ने परम्परा सुरु भयो। यही 'ने' (तीर्थस्थल) र 'पाल' (श्री वा शुभ) शब्दको संयोजनबाट 'नेपाल' (श्रीस्थान) बनेको देखिन्छ। नेपाल नामको उत्पत्ति पनि यही अवधारणासँग जोडिन पुग्दा यसले 'श्रीस्थान' वा 'तीर्थस्थल' भन्ने अर्थ बोकेको पाइन्छ (लामा, २०६५)।

प्राचीन समयदेखि नै हिमालका चुचुरा, डाँडाका टाकुरा, पानीका मुहान र श्मसानघाट (धुर्सा) जस्ता स्थानहरूमा देवीदेवता वा अन्य अदृश्य शक्तिहरूको बास हुने जनविश्वास रहिआएको छ। यसै विश्वासका कारण पहाडका भञ्ज्याङहरूमा ढुङ्गाहरू थुपारेर देउराली वा देवल बनाउने र तिनलाई पूज्य मान्ने संस्कृतिको विकास भएको पाइन्छ। बोन परम्परामा 'धुर्सा कुः' अर्थात् नौवटा श्मसानहरूको मान्यता रहेको छ, जसलाई नौ तला वा नौ तहका रूपमा पनि व्याख्या गरिन्छ। यी नौ तहलाई नौ ग्रहका रूपमा समेत बुझ्न सकिन्छ; किनकि श्मसान भूमिले अध्यात्मभन्दा बढी भौतिक अस्तित्वको समाप्ति र पुनरावृत्तिलाई सङ्केत गर्छ। यही विश्वासका आधारमा सबै ग्रह-नक्षत्रहरूलाई एक प्रकारले मृत्युलोककै रूपमा हेर्ने गरिन्छ।

नेपालका पहाड र भञ्ज्याङहरूमा स्थापित देउरालीहरू पनि वास्तवमा देवल र तीर्थस्थलकै रूप हुन्, जहाँ प्राचीन कालदेखि नै 'देवी देउराली' लाई पुज्ने गरिन्छ। सामान्यतया 'ने' (तीर्थस्थल) मा देवीदेवता र 'धुर्सा' (श्मसान) मा भूतप्रेतको बास हुन्छ भन्ने मान्यता छ। यसरी हिमालको चुचुरो, पानीको मुहान, चिहान, भीरपाखो, दोबाटो र चौबाटो जस्ता प्राकृतिक एवं मानवीय सन्धिस्थलहरूमा अलौकिक शक्तिहरूको उपस्थिति रहने जनविश्वास धेरै पुरानो समयदेखि चलिआएको देखिन्छ।

**(ख) बौद्धधर्मावलम्बीहरुको सामान्य धारणा:** बौद्धमार्गी मान्यताअनुसार चैत्य वा स्तुपलाई भगवान् बुद्धको 'चित्त' (ज्ञान) को प्रतीकका रूपमा सम्मान र पूजा गरिने गरिन्छ। बुद्धको महापरिनिर्वाणपछि उहाँको अस्तुधातुलाई गर्भगृहमा राखी स्तुप निर्माण गर्ने परम्परा सुरु भएको हो, जसलाई सम्राट अशोकले भारतवर्षभरि विस्तार गरेका थिए। बुद्धको अस्तुधातु नभएका खण्डमा पनि पवित्र धारणी (सुङ) राखेर विधिवत् प्राणप्रतिष्ठान (ह्राप्ने) गरिएको स्तुपलाई उत्तिकै श्रद्धाका

साथ पूजिन्छ। विशेषगरी तामाङ र हिमाली बौद्ध समाजमा मृतकको पुण्यका लागि वा जीवित छँदै धर्म कमाउन बाटोघाटो र डाँडाकाँडामा छ्योर्तेन बनाउने, देवलसहितको चौतारो निर्माण गर्ने र पिपलको बोट रोप्ने मौलिक परम्परा अझै जीवित छ। यसरी बुद्धको काय, वाक् र चित्तका प्रतीकहरूका साथै बुद्धको जीवनलीलासँग जोडिएका लुम्बिनी, बोधगया जस्ता स्थान र सिद्धपुरुषहरूले तपस्या गरेका ओडार एवं गुम्बाहरूलाई पवित्र तीर्थस्थलका रूपमा स्वीकार गरिएको छ।

**(ग) बौद्धतन्त्रको धारणाः** बौद्धतन्त्रले विश्व (जम्बुदिप) लाई एक मण्डलाकार स्वरूपमा परिकल्पना गर्दै विभिन्न पवित्र स्थान (ने), देश, र श्मसान भूमिहरूको वर्गीकरण गरेको छ, जसको केन्द्रविन्दु बोधगया (वज्रासन) लाई मानिन्छ। तान्त्रिक अवधारणा अनुसार साधकहरूले सहजै सिद्धि प्राप्त गर्न सक्ने विशेष ऊर्जायुक्त स्थलहरूलाई पवित्र तीर्थका रूपमा पहिचान गर्ने गरिन्छ, जसको आधारमा तिब्बतका राजा ठिस्रोङ देउचनले विभिन्न गुम्बा र छ्योर्तेनहरू निर्माण गराएका थिए। यसैगरी, गुरु पद्मसम्भव (रिम्पोर्छे) ले साधना गरेका स्थलहरू र उनले चिनाएका 'वेयुल' (गोप्य तीर्थस्थल) जस्तै य्होल्मो (हेलम्बु) लाई अत्यन्तै महत्त्व दिइन्छ, जहाँ मिलारेपा र गोद्छाङ्पा रेपा जस्ता महान् योगीहरूले तपस्या गरेका थिए। संक्षेपमा, बौद्धतन्त्रले कैलाश मानसरोवर, लाप्ची, स्वयम्भूनाथ, बौद्धनाथ र नमोबुद्ध जस्ता स्थलहरूलाई आध्यात्मिक साधना र आस्थाको केन्द्रका रूपमा स्थापित गरेको छ, जहाँ भूगोल र अध्यात्मको अनुपम समन्वय पाइन्छ।

## ६.४. बौद्धनाथ चैत्यको निर्माण

बौद्धनाथ महाचैत्यको निर्माणकाल र यसका वास्तविक निर्माताका सम्बन्धमा इतिहासकारहरूको एक मत छैन। वंशावली र जनश्रुतिहरूबीच पनि मतमतान्तर रहेका छन्। यस विवादलाई मुख्यतया दुई धारमा बाँडेर हेर्न सकिन्छः पहिलो, स्वदेशी वंशावलीहरूको धारणा र दोस्रो, विदेशी शोधकर्ता तथा हिमाली बौद्धहरूको धारणा।

गोपाल वंशावली र इतिहासकार भुवनलाल प्रधानका अनुसार, लिच्छवि राजा मानदेव (ई. ४५९-५०५) ले पितृ हत्याको पापमोचनका लागि यो स्तुप निर्माण गरेका हुन्। कतिपय स्रोतले राजा शिवदेव (ई. ५९०-६०४) लाई स्तुपको निर्माता वा पुनर्निर्माणकर्ताको रूपमा प्रस्तुत गर्दछन्। 'खासाती' वा 'खासाचैत्य' नामको व्युत्पत्ति खोज्ने क्रममा वंशावलीहरूले यसलाई 'खशु' (हुस्सु) र 'ती' (तरल पदार्थ) सँग जोडेर अनिकालको समयमा शीत जम्मा गरी निर्माण गरिएको रोचक कथा प्रस्तुत गरेका छन्। मेरी से स्लुसर जस्ता शोधकर्ताले मानदेवलाई निर्माता र शिवदेवलाई जीर्णोद्धारक माने तापनि पुरातात्विक उत्खनन विना यसको अन्तिम टुङ्गो लाग्न नसक्ने बताएकी छन्।

दोस्रो धारणामा विदेशी लेखकहरू सिल्भा लेभी, डी. राइट र एच.ए. ओल्ड फिल्डले 'खासा लामा' नामक तिब्बती लामाको प्रसङ्ग उल्लेख गरेका छन्। उनीहरूका अनुसार, तिब्बतबाट आएका एक लामाको यहाँ मृत्यु भएपछि उनकै चिहान वा अवशेषमा यो स्तुप बनाइएको हो। केहीले तिनै लामा पछि मानदेवका रूपमा अवतार लिएको समेत दाबी गरेका छन्। तर, ऐतिहासिक रूपमा तिब्बतमा अवतार (टुल्कु) प्रथाको सुरुवात १२औँ शताब्दीमा दोस्रो कर्मपा लामाबाट मात्र भएको हुनाले पाँचौँ शताब्दीका मानदेवलाई 'अवतार' मान्नु तर्कसंगत देखिँदैन। साथै, तिब्बती इतिहासमा यति ठूलो स्तुप निर्माण गर्ने 'खासा लामा' नामका कुनै प्रभावशाली लामाको प्रमाण भेटिएको छैन।

तेस्रो धारणा हिमाली बौद्धहरूको धारणा हो। हिमाली बौद्धहरू माफ 'ज्यारुङ खास्योर'को कथाले स्तुपाको धार्मिक र सांस्कृतिक पक्षलाई अझ बढी जीवन्त बनाएको छ। यसलाई पृथक धारणाको रूपमा पनि लिइएको छ। जसअनुसार यो स्तुपा एक गरिब महिला 'माज्याजीमा'को संकल्पको प्रतिफल हो। कथाअनुसार उनले आफ्नो कठोर श्रमबाट आर्जेको धनले स्तुपा निर्माण गर्न राजासँग अनुमति मागेकी थिइन्। एउटी सामान्य महिलाले यति विशाल संरचना बनाउन लागेको देखि डाह गर्ने भारदारहरूले राजासमक्ष उजुरी गरे। तर, राजाले 'एक पटक दिइसकेको वचन फिर्ता लिन मिल्दैन' भनी

हुकुम दिएकाले यसको नाम 'ज्यारुङ खास्योर' रहन गयो। महाचैत्य निर्माण कार्यमा ज्याजीमाका छोराहरूका साथै एउटा गोरु र गधाको समेत महत्वपूर्ण योगदान रहेको विश्वास गरिन्छ।

यस कथाको सबैभन्दा रोचक पक्ष यसका पात्रहरूको पुनर्जन्मसँग जोडिएको छ। स्तुपाको प्राणप्रतिष्ठाका क्रममा वर माग्नेहरू नै पछि तिब्बतमा बौद्ध धर्मको जग बसाल्ने प्रमुख व्यक्तित्वहरू- राजा ठिस्रोङ देउचन, खेन्पो बोधिसत्व र गुरु पद्मसम्भवका रूपमा जन्मिएको मानिन्छ। यसरी बौद्धनाथ र तिब्बती बौद्ध धर्मको इतिहास एकअर्कासँग अभिन्न रूपमा जोडिएको छ।

बौद्धनाथको यो कथा धेरै समयसम्म जनश्रुतिमा मात्र सीमित थियो। सन् १५७२ मा तान्त्रिक लामा डाग छ्याङ्ग शाक्य साङ्बोले तिब्बतको साक्ये नजिकैको रातो स्तुपबाट 'तेर' (निधिग्रन्थ) निकालेपछि मात्र यो लिखित रूपमा प्रकाशमा आयो। यो पुस्तकका अनुसार, गुरु रिम्पोर्छेले पहिले नै आफ्ना अनुयायीहरूलाई यो कथा सुनाएका थिए, जसलाई खाण्डो येसे छ्योग्यालले भविष्यका लागि लुकाएर राखेकी थिइन्। शाक्य साङ्बोले यो इतिहासलाई पुनर्जीवन मात्र दिएनन्, उनले नै भग्नावशेषको रूपमा रहेको महाचैत्यको बृहत्तर जीर्णोद्धार गरी यसलाई वर्तमान स्वरूप प्रदान गरे।

हिमाली परम्पराले बौद्धनाथलाई चाबेलको धन्दोचैत्यसँग पनि जोडेर हेर्ने गरिन्छ। जनश्रुतिअनुसार बौद्धनाथ निर्माण गर्दा बाँकी रहेको ढुङ्गा र माटोबाट धन्दोचैत्य बनाइएकाले यसलाई 'साल्हाग-दोल्हाग' (अतिरिक्त ढुङ्गा-माटोको चैत्य) पनि भनिन्छ। धन्दोचैत्यलाई राजकुमारी चारुमती र सम्राट अशोकको नेपाल आगमनसँग जोडेर हेर्ने गरिन्छ। यदि बौद्धनाथ र धन्दोचैत्य समकालीन हुन् भने यसको निर्माणकाल लिच्छविकाल भन्दा पनि अघि अर्थात् अन्तिम किराँतकाल वा अशोककाल (तेस्रो शताब्दी ई.पू.) तिर पुग्न सक्छ।

समग्रमा, बौद्धनाथ स्तुपाको इतिहास अनेकौं मिथक र तथ्यहरूको सम्मिश्रण हो। ऐतिहासिक रूपमा सातौं शताब्दी अघि तिब्बतमा बौद्ध धर्मको व्यापकता नभएकाले प्रारम्भिक निर्माणमा तिब्बती लामाको प्रत्यक्ष संलग्नताको सम्भावना कम देखिन्छ। तर, १६औँ शताब्दीमा शाक्य साङ्बोले गरेको जीर्णोद्धारले नै यसलाई विश्वव्यापी ख्याति र वर्तमान गोलो गुम्बज स्वरूप प्रदान गऱ्यो।

### ६.५. महाचैत्यको नामाकरण

बौद्धनाथ महाचैत्यको नामाकरणका सम्बन्धमा नेवारी, तामाङ र शास्त्रीय गरी विभिन्न रोचक धारणाहरू प्रचलित छन्। नेवारी समाज र वंशावलीअनुसार भीषण खडेरीका बेला पानीको अभाव भएपछि रातको शीत (खसु) कपडामा थापेर त्यसको पानी (ती) बाट स्तुपा निर्माण गरिएकाले यसको नाम 'खासुती' हुँदै 'खास्ती' रहन गएको मानिन्छ। अर्कोतर्फ, हिमाली र तामाङ समाजमा यसलाई 'ज्यारुङ खास्योर' भनिन्छ, जसको अर्थ राजाले निर्माणका लागि दिइसकेको आज्ञा फिर्ता लिन नसक्ने स्थितिमा बनेको स्तुपा भन्ने बुझिन्छ। भाषिक दृष्टिकोणबाट हेर्दा यो संस्कृतको 'षष्ठीचैत्य' (छैठौं चैत्य) बाट अपभ्रंश भएर 'खास्ती' भएको हुनसक्ने बलियो आधार देखिन्छ, किनकि बुद्धका आठ प्रकारका चैत्यमध्ये यो प्रारम्भमा छैठौं अर्थात् 'धर्मचक्र प्रवर्द्धन चैत्य' थियो। पछि १६औँ शताब्दीमा लामा शाक्य साङ्बोले यसको बृहत्तर पुनर्निर्माण गरेपछि यो 'सम्बोधी चैत्य' को स्वरूपमा परिवर्तन भयो र 'खास्योर' नाम बढी लोकप्रिय हुन पुग्यो।

यसका साथै, भगवान् काश्यप बुद्धको अस्तुधातु राखिएकाले यसलाई 'काश्यप चैत्य' वा कुनै समय तिब्बतबाट आएका 'खासा' लामाको नामबाट 'खासाचैत्य' भनिएको तर्कहरू पनि पाइन्छन्। नेपालीमा प्रचलित 'बौद्धनाथ' शब्दले भने बुद्धको काय, वाक् र चित्तको प्रतीकका रूपमा 'नाथ' वा स्वामीको उच्च सम्मानलाई प्रकट गर्दछ। ऐतिहासिक रूपमा ११औँ र

१२औँ शताब्दीका प्रसिद्ध लामाहरू मारपा र मिलारेपाको जीवनीमा यसबारे उल्लेख नहुनुले यो स्तुपा केही समय ओझेलमा परेको सङ्केत गर्छ। यद्यपि, वंशावलीहरूले राजा शिवदेवको पालामा भएको पुनर्निर्माणका प्रसङ्गहरू जोडे पनि ती विवरणहरू समयको तालमेलका कारण विवादित छन्। निष्कर्षमा, प्राचीन समयको 'षष्ठीचैत्य' नै १६औँ शताब्दीको भव्य जीर्णोद्धारपछि स्थानीय र हिमाली संस्कृतिमा 'खास्ती' र 'खास्योर'का रूपमा जनस्तरमा स्थापित भएको देखिन्छ।

### ६.६. महाचैत्यको मर्मत-सम्भार र जिर्णोद्वारका कार्यहरु

बौद्धनाथ स्तुपाको प्राचीनता र ऐतिहासिक पृष्ठभूमि अत्यन्तै गहिरो र रोचक रहेको छ। तिब्बतको इतिहास 'देपथेर मार्पो' (Red Annals) मा स्वयम्भूको जीर्णोद्धारको चर्चा भए पनि बौद्धनाथ बारे मौन देखिन्छ। यद्यपि, केही विदेशी लेखक र नेवारी जनश्रुतिहरूले यसको स्थापना राजा वृषभदेव (ई. ४००) को समयमा भएको र राजा शिवदेवले यसको पुनर्निर्माण गरेको उल्लेख गरेका छन्। ऐतिहासिक दृष्टिकोणबाट ईस्वी संवत् ५०० देखि १५औँ शताब्दीसम्मको करिब एक हजार वर्षको अवधिमा यस स्तुपाबारे कुनै स्पष्ट अभिलेख नपाइनुले शोधकर्ताहरूमा कौतुहलता जगाएको छ। यस कालखण्डमा तिब्बतमा भएको धार्मिक उतारचढाव र राजा लाङधर्मले बौद्ध धर्ममा पुर्याएको क्षतिले पनि अभिलेखहरूको निरन्तरतामा असर पारेको हुनसक्ने अनुमान लगाउन सकिन्छ।

स्तुपाको पुनरुत्थानमा 'तेरमा' (निधिग्रन्थ) र विशिष्ट लामाहरूको भूमिका महत्त्वपूर्ण देखिन्छ। लामा शाक्य साङ्बोले निधिग्रन्थबाट बौद्धनाथको इतिहास पत्ता लगाएपछि १६औँ शताब्दीको प्रारम्भमा यसको बृहत्तर पुनर्निर्माणको काम अघि बढेको थियो। उनले नै तत्कालीन ढिस्कोलाई फोरेर स्तुपाको वर्तमान स्वरूप प्रकट गरेको र राजा अंशुवर्माको अस्तुधातु फेला पारेको विश्वास गरिन्छ। शाक्य साङ्बोले नेपाल प्रवेश गर्नुअघि नै तिब्बतमा गुरु योजना तयार पारेको र विभिन्न लामाहरूको आशीर्वाद लिएको प्रसङ्गले यसको निर्माणमा हिमाली क्षेत्रको ठूलो चासो रहेको पुष्टि हुन्छ। यसै समयदेखि बौद्धनाथले एउटा व्यवस्थित आकार र पहिचान प्राप्त गर्न थालेको देखिन्छ।

विभिन्न कालखण्डमा भएका जीर्णोद्धारहरूले स्तुपालाई थप आकर्षक र भव्य बनाउँदै लगे। य्होल्मो टुल्कु तेन्जिन नोर्बुले स्तुपा परिसरमा पुजारी आवासको निर्माण गरे भने प्रसिद्ध लामा छोगडग राङ्डोलले यसमा स्वर्ण जलपसहितको गजुर स्थापना गरी स्तुपालाई पूर्णता दिए। १७औँ र १८औँ शताब्दीमा तिब्बत र लद्दाखका विशिष्ट लामाहरू जस्तै सीतुपा, कर्मपा र राङरिगरेपाको आगमन र मर्मत कार्यले बौद्धनाथलाई अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा स्थापित गर्यो। सीतुपा लामाले नै स्थानीयले भन्ने गरेको 'खासीचैत्य' शब्दको भाषिक व्युत्पत्तिबारे समेत प्रकाश पारेका थिए। नेपालको एकीकरणपछि राजा गीर्वाणयुद्ध विक्रम शाहको समयमा भूटानबाट आएका धार्मिक प्रतिनिधि सामगस ग्याल नोर्बुले स्तुपाको जीर्णोद्धार गरेको इतिहासले नेपाल र भूटानबीचको प्रगाढ धार्मिक सम्बन्धलाई दर्शाउँछ।

आधुनिक इतिहासमा २०७२ साल वैशाख १२ गतेको महाविनाशकारी भूकम्पले बौद्धनाथ महाचैत्यमा गम्भीर क्षति पुर्यायो। भूकम्पका कारण त्रयोदश भुवन, हर्मिका, छत्रावली र पद्ममुनिका संरचनाहरूमा ठूलो असर पर्यो। यस विषम परिस्थितिमा क्षेत्र विकास समितिको अगुवाइमा 'पुनर्निर्माण पहल समिति' गठन गरियो। पुरातत्व विभाग र युनेस्को (UNESCO) सँगको समन्वयमा प्राविधिक सहयोग लिई स्थानीय स्तरबाटै स्रोत जुटाउने साहसपूर्ण निर्णय भयो। पुनर्निर्माणलाई व्यवस्थित बनाउन विभिन्न २७ सदस्यीय प्राविधिक समिति र विशिष्ट कार्य विभागहरू गठन गरिएका थिए।

यस पुनर्निर्माण कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको ठूलो भूमिका रह्यो। ताई सितुपा रिन्पोछेले सुनको मोलम्ब लगाउने जिम्मेवारी लिनुभयो भने चिनियाँ बौद्ध संघ र विभिन्न वैदेशिक तथा स्थानीय दाताहरूको योगदानले आर्थिक स्रोत

जुट्यो। दक्ष कालीगढ र सामूहिक सहकार्यका कारण करिब डेढ वर्षको छोटो अवधिमै पुनर्निर्माण सम्पन्न भयो। **२०७३** मंसीर ७ गते तत्कालीन प्रधानमन्त्रीद्वारा समुद्घाटन गरिएको यो महाचैत्य, भूकम्पबाट क्षतिग्रस्त सम्पदामध्ये सबैभन्दा पहिलो पुनर्निर्मित विश्व सम्पदा बन्न सफल भयो। यसरी अनेकौं ऐतिहासिक आरोह-अवरोह र प्राकृतिक विपत्तिलाई झेल्दै बौद्धनाथ आज पनि विश्व शान्ति र नेपाली गौरवको प्रतीकका रूपमा ठिंग उभिएको छ।

परिवर्तित राजनैतिक परिवेशमा बौद्ध घ्याङगुठी र बौद्धनाथ क्षेत्र विकास समितिले बौद्ध धर्मका प्रतिनिधिमूलक भूमिका पनि खेल्न सक्छ। देशभरीको घ्याङ गुम्बाको तर्फबाट सरकारसँग दरो चालले धार्मिक तथा सांस्कृतिक स्वशासनका लागि माग राख्न पनि सक्छ। घ्याङगुठी सम्बन्धि कानुनको तर्जुमा गर्न सरकारलाई दबाब दिन सक्छ। तर, त्यसको लागि देशभरीका बौद्धसमाजलाई संगठित पार्न सक्नु पर्ने हुन्छ। बौद्ध घ्याङगुठीले राजनैतिक क्षेत्रको हस्ताक्षेपलाई स्वीकार्नु हुँदैन, जनताको विशुद्ध धार्मिक तथा सांस्कृतिक अधिकारको सदुपयोग गरेर बौद्धनाथको विकासको साथै धर्मको संरक्षण पनि गर्न सक्नु पर्छ।

अब तामाङ घ्याङगुठीहरुले धार्मिक तथा संस्कृतिक क्षेत्रलाई कसरी संरक्षण दिने र विकास गर्ने भन्ने विषयमा गम्भीरताका साथ लिनुपर्छ। पहिले जातीय भेदभाव र धार्मिक विभेदमा पर्नुका साथै राजनैतिक षडयन्त्रहरुका कारण बौद्ध धर्म र संस्कृतिले क्षति बेहोर्दै आएको छ। आफूलाई बौद्धमार्गी हुँ भन्ने जो कोहीले पनि आफ्नो स्थानबाट धार्मिक स्वतन्त्रताको उपयोग गर्दै धर्मको ऐतिहासिक धरोहरहरुको संरक्षण गर्न सक्नुपर्छ।

## ६.७. बौद्ध महाचैत्यसँग जोडिएका संरचनाहरु

बौद्धनाथ महाचैत्य परिसरमा उत्तरतिर महत्त्वपूर्ण मानिने निम्नानुसार दुई संरचनाहरू रहेका छन्- (क) मामथान र (ख) गुरू ल्हाखाङ।

### मामथान

महचैत्यको उत्तरी भागमा एउटा देवल छ, जसलाई तामाङ समाजले 'माम' र नेवार समाजले 'अजिमा' (बज्यै) भनी श्रद्धापूर्वक सम्बोधन गर्दछन्। कतिपयले यसलाई महाचैत्य निर्माता 'माज्याजीमा' भन्ने गरिएको पनि दिखन्छ तर यो वास्तवमा तान्त्रिक मण्डला संरचना अन्तर्गतको 'मामो पुक्कासी' (अष्टमातृका गण) को स्थान हो। बौद्ध तन्त्रको अवधारणा अनुसार स्तुपाको वरिपरि श्मसान (धुरठोइ), नाग, पर्वत र वृक्ष जस्ता विशिष्ट अङ्गहरू हुनुपर्ने मान्यता छ। पहिले स्तुपा नजिकै रहेको श्मसान अहिले अङ्गदधारामा सारिएको छ भने पोखरी र विशिष्ट वृक्ष जस्ता संरचनाहरू हाल अस्तित्वमा देखिँदैनन्। स्तुपाको विकास र सुधारका योजनाकारहरूले यस्ता लोप हुन लागेका तान्त्रिक अङ्गहरूको संरक्षणमा ध्यान दिनु आवश्यक छ।

### गुरू ल्हाखाङ

बौद्ध महाचैत्य परिसरमा रहेको अर्को महत्वपूर्ण संरचना गुरू ल्हाखाङ हो। य्होल्मो टुल्कु (ई. **१५००-१६३६**) ले राजा शिवसिंहको पालामा पुजारी बस्ने नयाँ घर बनाएको उल्लेख भएबाट त्यहाँ पुराना संरचनाहरू भत्किएर पुनः निर्माण गरिएको सङ्केत मिल्छ। यद्यपि, स्तुप निर्माणकालमै गुरू ल्हाखाङ भएको ठोस प्रमाण नभए पनि स्तुप र बिहार प्रायः सँगसँगै हुने बौद्ध परम्पराका आधारमा यसको अस्तित्वलाई नकार्न सकिँदैन। सामान्यतया एउटा पूर्ण बिहारमा बुद्धको मूर्ति, वचन (ग्रन्थ) र चित्तको प्रतीक चैत्य गरी तीनै अङ्ग हुनुपर्ने मान्यता छ तर कतिपय अवस्थामा परिक्रमाका लागि दोबाटो वा चौबाटोमा चैत्य मात्र पनि निर्माण गर्ने गरिन्छ।

अध्याय चार

## ७. ऐतिहासिक परम्परा : बौद्ध-मेलाम्ची घ्याङ गुठी

### ७.१. परिचय

विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ महाचैत्य धार्मिक, सांस्कृतिक तथा सामाजिक संस्थाहरूको एक जीवन्त ऐतिहासिक केन्द्रका रूपमा स्थापित छ। यस क्षेत्रमा क्रियाशील विभिन्न संघ-संस्थाहरूमध्ये 'श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी' विशेष उल्लेखनीय छ। यो गुठी बौद्धनाथ महाचैत्यसँग प्रत्यक्ष रूपमा जोडिएको, दीर्घकालीन परम्परा बोकेको तथा उपत्यका बाहिरको मेलाम्ची क्षेत्रका तामाङ र ह्योल्मो समुदायको धार्मिक-सांस्कृतिक जीवनसँग गहिरो सम्बन्ध राख्ने एक प्रमुख संस्था हो।

गुठीले महाचैत्यको धार्मिक अनुष्ठान सञ्चालन गर्ने भूमिका मात्र निर्वाह नगरी बौद्धनाथ क्षेत्रको मौलिक सांस्कृतिक निरन्तरता, सामाजिक समन्वय तथा परम्परागत व्यवस्थापन प्रणालीलाई ऐतिहासिक कालखण्डदेखि नै जीवन्त राख्दै आएको छ। सिन्धुपाल्चोकको मेलाम्ची र काठमाडौँको बौद्धनाथ क्षेत्रलाई एउटै धार्मिक-प्रशासनिक सूत्रमा आबद्ध गर्ने यस संस्थाले प्राचीनकालदेखि नै आफ्नो विशिष्ट पहिचान कायम राखेको पाइन्छ। बौद्ध र मेलाम्ची बीचको यो अटुट सम्बन्धले उपत्यका र पहाडी क्षेत्रबीचको धार्मिक-सांस्कृतिक सेतुको समेत काम गरेको प्रष्ट पार्दछ।

वर्तमान समयमा बौद्धनाथ क्षेत्रमा अनेकौँ नयाँ सामाजिक, सांस्कृतिक तथा सरकारी निकायहरू क्रियाशील भए तापनि यहाँको मौलिकता र परम्परागत विरासत जोगाउन घ्याङ गुठीको भूमिका अपरिहार्य रहेको छ। अतः प्रस्तुत अध्ययनमा बौद्धनाथ क्षेत्रका अन्य संस्थाहरूको तुलनामा यस गुठीलाई मुख्य केन्द्रमा राखी यसको ऐतिहासिक, प्रशासनिक तथा सामाजिक आयामहरूको विस्तृत एवं सूक्ष्म विश्लेषण गर्ने प्रयास गरिएको छ।

### ७.२. ऐतिहासिक पक्ष

नेपालमा घ्याङ गुठीको प्रचलन कहिलेदेखि सुरु भयो भन्ने सम्बन्धमा लिखित अभिलेख हालसम्म उपलब्ध छैन। काठमाडौँ उपत्यकाभित्र प्राप्त प्राचीन गुठीसम्बन्धी शिलालेख, लालमोहर तथा ऐतिहासिक दस्तावेजहरूको अध्ययनबाट नेपालमा धार्मिक गुठी परम्परा प्राचीनकालदेखि नै प्रचलनमा रहेको स्पष्ट हुन्छ। प्रायः राजामहाराजाहरूले मठ-मन्दिर, चैत्य वा विहार निर्माण गरेपछि त्यसको नित्यपूजा, अनुष्ठान र संरक्षणका लागि गुठी स्थापना गर्ने र त्यसको अभिलेखको रूपमा शिलालेख राख्ने परम्परा थियो।

लिच्छविकालीन अभिलेखहरूले गुठी परम्पराको प्राचीनता पुष्टि गर्दछ। चाँगुनारायण शिलालेख (संवत् ३८६/ई.सं. ५२२) मा राजा मानदेवले "गुठी" शब्द प्रयोग गरी मन्दिरको पूजा तथा धार्मिक कार्यका लागि जग्गा छुट्याएको उल्लेख गरेका छन्। त्यस्तै, लेले शिलालेख (ललितपुर, ने.सं. ५२६) मा अंशुवर्माले धूप, प्रदीप, पानीय गुठीमार्फत् मन्दिरको नित्यकर्म, बाटो मर्मत तथा पाटी निर्माणको व्यवस्था गरेको विवरण पाइन्छ (धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, २०३०)। भक्तपुर दधिकोट क्षेत्रको अनन्तलिङ्ग शिलापत्र (नरेन्द्रदेव, सं. ४४२) मा पनि मन्दिरको पूजा, दीप प्रज्वलन तथा परोपकारी कार्यका लागि गुठी स्थापना गरिएको उल्लेख छ।

मल्लकाल (ई.सं. १२औँ-१८औँ शताब्दी) लाई गुठी परम्पराको संस्थागत विकासको एक महत्वपूर्ण चरणका रूपमा लिइन्छ। यस अवधिमा राज्यले गुठी संस्थालाई औपचारिक मान्यता प्रदान गर्दै पूजाआजा, धार्मिक अनुष्ठान तथा सामाजिक

व्यवस्थापनका लागि स्थायी आर्थिक स्रोत सुनिश्चित गर्ने परम्परा स्थापना गरेको देखिन्छ। विशेषतः मल्ल राजाहरूले ताम्रपत्रमार्फत् जमिन दान गरी धार्मिक संस्थाहरूलाई दीर्घकालीन आधार प्रदान गरेका थिए। नेपाल संवत् ८४३ (ई.सं. १७२३) मा तत्कालीन मल्ल राजा जग्जय मल्ल ले काठमाडौँ उपत्यकामा फैलिएको महामारी नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरेबापत केरूङका लामा निमा सेङ्गेलाई ६६ रोपनी जमिन तथा थप पाँच रोपनी खोला किनारको सुख्खा क्षेत्र गरी कुल ७१ रोपनी जमिन 'ताक्यो' नामले ताम्रपत्रमार्फत् भोगचलनका लागि प्रदान गरेका थिए। उक्त ताम्रपत्रमा राजेन्द्र मल्ल देवलाई साक्षी राखिएको उल्लेख पाइन्छ। यसैगरी, नेपाल संवत् ८४७ (ई.सं. १७२७) मा अर्थात् चार वर्षपछि पनि राजा जग्जय मल्लले पाल्चोक क्षेत्रमा 'ताक्यो' नामले चिनिने २४ रोपनी जमिनका साथै दुई कर्सा, दुई कुलो, तीन दिही कर्सा र तीन चासी कर्सासमेत ताम्रपत्रमार्फत् उपहारस्वरूप प्रदान गरेका थिए। यी तथ्यहरूले मल्लकालीन राज्यसत्ताले गुम्बा प्रमुख तथा लामाहरूलाई जग्गा दान गरी धार्मिक संस्थाहरूको संस्थागत स्थायित्व सुनिश्चित गरेको स्पष्ट प्रमाण प्रस्तुत गर्दछ।

शाहकालको उदय र नेपालको एकीकरणसँगै परम्परागत गुठी व्यवस्थामाथि सरकारी नियमन र नियन्त्रण बढ्दै गयो। राणाकालसम्म आइपुग्दा गुठीको जग्गा, आम्दानी र प्रशासनिक संरचनालाई थप राज्यकेन्द्रित तुल्याइयो। यही प्रशासनिक पुनर्संरचनाको सन्दर्भमा मेलाम्ची घ्याङ, बौद्ध घ्याङ र बौद्धनाथ महाचैत्यसँग सम्बन्धित गुठीहरू एकै नेतृत्व वा व्यक्तिमार्फत सञ्चालन हुन थालेको देखिन्छ। स्वयम्भूनाथ घ्याङ गुठी, बौद्ध घ्याङ गुठी र हेलम्बु क्षेत्रका घ्याङ गुठीहरूबीचको अन्तरसम्बन्ध पनि यही कालखण्डमा विशेष रूपले विकसित भयो (लामा टि. २०६५)। ऐतिहासिक तथ्यहरूका अनुसार, त्यसअघि उपत्यका र आसपासका अधिकांश घ्याङ गुठीहरू स्वयम्भू घ्याङ गुठीको छातामुनि सञ्चालित थिए। समयक्रममा भएका राजनीतिक परिवर्तन, राज्यको भूमि नीति, गुठी जग्गाको रैकरिकरण तथा बिर्ता एवं अन्य सार्वजनिक गुठीमा गाभिने प्रक्रियाका कारण धेरै प्राचीन घ्याङ गुठीहरू क्रमशः लोप हुँदै गए। अनेकौँ उतारचढावका बाबजुद हाल स्वयम्भू, बौद्ध र हेलम्बु क्षेत्रका केही घ्याङ गुठीहरूले मात्र आफ्नो मौलिक अस्तित्व र परम्परालाई सीमित रूपमा जोगाइराखेका छन् (लामा टि. २०६५)।

वि.सं. १९१६ सालमा जारी लालमोहरमा 'वि.सं. १९११ सालमा भोटसँग लडाइँ हुँदा छ्वाङ सितार लामाले गोर्खा नमानी भोटमा गई जालसाज गरेको' आरोप लगाई 'वि.सं. १९१४ सालको बालीदेखि र छ्वाङ सितार लामा र पासाङबाट खोसी...बौद्ध र मेलाम्चीसमेत एकलौटी गरी पुजारी दस्तखत भएको' भनि चिनियाँ लामाको नाममा प्रमुख लामाको पद थमौती गरिदिएको देखिन्छ। तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाद्वारा जारी गरिएको उक्त लालमोहरमा 'श्री ५ बुबाज्यूबाट ९४ सालमा गुठीको लालमोहर गरी ...सो बमोजीम १९०८ सालसम्म चलिआएको रीतिथिती थामि श्री बौद्धको र मेलामची गुम्बाका नीत्य नैमित्यक पूजा र घ्याङको सदाबर्त चलाउनु' उल्लेखित छ। यो लालमोहरले वि.सं. १८९४ मा छ्वाङ (छेवाङ) सितार लामालाई घ्याङ गुठी चलाउन लालमोहर दिएको सङ्केत गर्दछ। सोपछि वि.सं. १९०८ सम्म निरन्तर रहेको र वि.सं. १९११ मा नेपाल-भोट लडाइँमा छेवाङ सितार लामाद्वारा असहयोगपछि सङ्कट पैदा भएपछि चिनियाँ लामालाई बौद्ध घ्याङ गुठी सञ्चालनको जिम्मा दिएको देखिन्छ। छेवाङ सितार लामासँग पासाङ लामा नाम पनि जोडिएर आउने गर्दछ। उनी छेवाङकै छोरा हुन् वा अरू कोही खुल्दैन। लालमोहरमा 'बौद्ध र मेलाम्चीसमेत एकलौटी गरी पुजारी दस्तखत भएको' उल्लेख गरिएकोले बौद्ध र मेलाम्ची अब एउटै घ्याङ गुठी अन्तर्गत आएको र प्रमुख लामा समेत एउटै भएको प्रष्ट पार्दछ।

बौद्ध घ्याङ गुठी चिनियाँ लामा प्रमुख लामा हुनु अघि स्वयम्भू घ्याङ गुठी अन्तर्गत सञ्चालन हुने गर्दथ्यो। वि.सं. १९४६ साल माघ ८ गते वीर शमसेर जङ्गबहादुर राणाद्वारा जरी ईस्तिहारमा 'अघि ६२ सालदेखि ... तिम्रो बाजे थर्चे लामाले

भोग गरी आएको' सिम्बु बौद्ध घ्याङको थिती बमोजिम ... तिमी सिम्बु बौद्ध घ्याङ बस्ने गुन्डा लामाको नाउमा माथि लेखिएको थिती बमोजिम तिम्रो बाजे थर्चे लामाको नाउको लालमोहोर बमोजिम तिम्रो नाउमा लालमोहोर गरी बक्स्यौं ... लालमोहोर बमोजिम खातिरजामा सित भोगगर' भनि लेखिएको छ। बौद्धमा चिनियाँ लामा परम्पराको सुरूवात भन्दा अगाडिको समयमा स्थानीय तामाङहरू नै प्रमुख लामाको रूपमा बौद्ध स्तूपको नित्य नैमित्तिक पूजा साथै जात्रा पर्वहरू संचालन गर्दै आएका थिए। तत्कालीन समयमा छेवाङ सितार लामा (भज्यू), गुण्डा लामा (रूम्बा)ले बौद्ध स्तूपको प्रमुख लामा (पूजारी) को भूमिका निर्वाह गर्दै आएको अभिलेखहरुले देखाउँछन्।

वि.सं. १९१४ मा बौद्धको प्रमुख लामाको रूपमा चिनियाँ लामा ताइफोसिंको नियुक्ति भएपश्चात् उनकै सन्तान दरसन्तानले बौद्ध तथा मेलम्ची घ्याङ गुठीको प्रमख लामा (पूजारी) को रूपमा नित्य नैमित्तिक पूजा-पर्व संचालन गर्दै आइरहेका छन्। चिनियाँ लामाको पद राणाकालीन लालमोहर बमोजिम चिनियाँ लामाका ज्येष्ठ पुत्रले संचालन गर्ने परम्परा हालसम्म पनि रहिआएको छ।

बौद्धको मूल पूजारीका रूपमा चिनियाँ लामा ताइफोसिङ नियुक्त हुनुअघि स्थानीय तामाङ लामाहरू नै पूजारीका रूपमा कार्यरत रहेका थिए। अन्तिम तामाङ पूजारीका रूपमा सितारबज्र लामाको नाम उल्लेख गरिए पनि तीनचुलीका भज्यू खलकका साँहिला बज्र लामालाई चिनियाँ लामाले अनेक बिन्तीभाउ गरी मूल पूजारीको पद छोड्न आग्रह गरेपछि घरपरिवार तथा दाजुभाइहरूको सल्लाहअनुसार उनले उक्त पद चिनियाँ लामालाई सुम्पिएको भन्ने मत पनि पाइन्छ। हालसम्म प्राप्त दस्तावेजका आधारमा वि.सं. १९१६ को लालमोहरअनुसार बौद्ध तथा मेलम्ची घ्याङ गुठीका तत्कालीन प्रमुख लामा (पूजारी) छेवाङ सितार लामामाथि नेपाल-भोट युद्धमा असहयोग गरेको, पूजाको व्यवस्थापन तथा सञ्चालन सन्तोषजनक नभएको आदि आरोप लगाई चिनियाँ ताइफोसिङलाई नियुक्त गरिएको देखिन्छ। ताइफोसिङ वि.सं. १९१४ देखि १९२० सम्म गुठीका प्रमुख रहे र त्यसपछि चीन फर्किएका थिए। ताइफोसिङपश्चात उनका छोरा बुद्धबज्र लामा वि.सं. १९३२ मा मात्र गुठीका प्रमुख नियुक्त भएको देखिन्छ। अभिलेखअनुसार वि.सं. १९२० देखि १९३२ सम्म बौद्ध स्तूपको मूल पूजारीसम्बन्धी स्पष्ट तथ्य उपलब्ध छैन। यस कारण उक्त अवधिमा स्थानीय तामाङ लामाहरूले नै प्रमुख लामा (पूजारी) का रूपमा गुठी सञ्चालन गरेको अनुमान लगाउन सकिन्छ। लामा (२०७८) का अनुसार सो अवधिमा प्रमुख लामा (पूजारी) स्थानीय तामाङ सिद्धबज्र लामा रहेको आकलन गर्न सकिन्छ। सम्भवतः यिनै सिद्धबज्र लामालाई स्थानीय गाउँसमाजमा साँहिला बज्र लामाका रूपमा सम्बोधन गरिन्थ्यो। यस आधारमा बौद्धको अन्तिम तामाङ प्रमुख लामा छेवाङ सितार लामा मात्र नभई, चिनियाँ ताइफोसिङपश्चात वि.सं. १९२० देखि १९३२ सम्म गुठी प्रमुखका रूपमा कार्यरत भज्यू साँहिलाबज्र (सिद्धबज्र) लामा रहेको आकलन गर्न सकिन्छ।

तेस्रो चिनियाँ लामा पुण्यबज्र लामादेखि चौथो चिनियाँ लामा पुण्यज्वाला लामाको पालासम्म बौद्ध क्षेत्रका धार्मिक तथा सामाजिक परम्पराहरू व्यवस्थित रूपमा सञ्चालन हुँदै आएका थिए। विशेषगरी जनै पूर्णिमाको एक दिनअघि, श्रावण शुक्ल चतुर्दशीका दिन बौद्ध स्तूपमा उम्रेका घाँस उखेल्ने, सम्पूर्ण परिसर सफा गर्ने तथा स्तूप वरपरको वातावरण शुद्ध र व्यवस्थित राख्ने कार्यलाई सामूहिक धार्मिक कर्तव्यका रूपमा लिइन्थ्यो। यस कार्यमा गुठीयारहरूका साथै स्थानीय समुदायको सक्रिय सहभागिता रहने गर्थ्यो। त्यसैगरी बौद्धका ६० घरधुरीबाट फर्सी र मकै संकलन गरी कोसेलीका रूपमा दरबारमा पु¥याउने चलन थियो। यसलाई धार्मिक निष्ठा, राज्यप्रति सम्मान तथा गुठी व्यवस्थापनसँग सम्बन्धित परम्परागत दायित्वका रूपमा बुझिन्थ्यो। गुरु रिम्पोछेको दशमी पूजा (छेच्यू पूजा) का अवसरमा गुरु ल्हाखाङ गुम्बामा गुठीयारहरूले अनिवार्य रूपमा पूजा सामग्री लैजानुपर्ने प्रावधान थियो। यस दिन विशेष पूजाअर्चना सम्पन्न हुन्थ्यो र गुठीबाट गुठीयारहरूलाई प्रसादस्वरूप सेलरोटी र बाबरी वितरण गरिन्थ्यो। यसले धार्मिक अनुष्ठानसँगै सामुदायिक एकता र सहकार्यको भावनालाई बलियो बनाउने काम गर्थ्यो। काराङकुरूङ ङ्ह्या (मंसिर पूर्णिमा) का दिन गुठीबाट परिवार संख्याअनुसार एक कचौरा दाल र दुई टुक्रा छ्योइला मासु वितरण गर्ने प्रचलन थियो। यसलाई सामूहिक भोजन तथा

सद्भाव अभिवृद्धि गर्ने अवसरका रूपमा लिइन्थ्यो। त्यस्तै, प्रत्येक दुई वर्षमा ग्रहदशा पन्छाउन रात्रिकालीन विशेष पूजा आयोजना गरिन्थ्यो, जसलाई समुदायको कल्याण, शान्ति र समृद्धिका लागि महत्वपूर्ण धार्मिक अनुष्ठान मानिन्थ्यो।

यस अतिरिक्त मामलाजात्रा सञ्चालन गर्ने तथा प्रत्येक वर्ष गाईजात्राको भोलिपल्ट रोपाइँ जात्रा निकाल्ने चलन पनि स्थापित थियो। रोपाइँ जात्राले कृषिसंस्कृतिसँग जोडिएको सांस्कृतिक चेतनालाई अभिव्यक्त गर्दथ्यो भने मामलाजात्राले धार्मिक-सामाजिक सम्बन्ध सुदृढ गर्ने भूमिका खेल्थ्यो। यी सम्पूर्ण परम्परागत कार्यहरूमा स्थानीय तामाङ समुदायको उल्लेखनीय सहभागिता रहन्थ्यो। गुठी र समुदायबीचको सहकार्यले धार्मिक, सांस्कृतिक र सामाजिक जीवनलाई निरन्तरता दिन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका थिए। तर पछिल्लो समय विभिन्न सामाजिक, आर्थिक तथा संरचनागत परिवर्तनका कारण घ्याङ गुठीले सञ्चालन गर्दै आएका कतिपय परम्परा र चलनहरूलाई निरन्तरता दिन उदासीनता देखिएको पाइन्छ। हाल छेच्यू पूजा र मामलाजात्राबाहेक अन्य धेरै परम्परागत कार्यहरू क्रमशः लोप हुने अवस्थामा पुगेका छन्। यसले बौद्ध क्षेत्रको पुरानो सामुदायिक र गुठीय परम्परामा आएको परिवर्तनलाई संकेत गर्दछ र भविष्यमा यी मौलिक परम्पराहरूको संरक्षण तथा पुनर्जीवनका लागि सचेत पहल आवश्यक देखिन्छ।

पञ्चायतकालपछि र विशेषतः **२०४६** सालपछिको राजनीतिक परिवर्तनसँगै बौद्धनाथ क्षेत्र विकास समिति जस्ता नयाँ संस्थागत संरचनाहरू उदए। यसले परम्परागत घ्याङ गुठीहरूको भूमिका पुनः परिभाषित गऱ्यो। आज बौद्ध घ्याङ गुठी गुठी संस्थानसँग आबद्ध भई आफ्नो जग्गा, आम्दानी-खर्चको अभिलेख राख्दै बौद्धनाथ महाचैत्यसँग सम्बन्धित नित्य, नैमित्तिक तथा विशेष पूजाआजा, जात्रा र सांस्कृतिक कार्यहरूमा ऐतिहासिक उत्तराधिकारी संस्थाका रूपमा क्रियाशील छ।

यसरी बौद्ध-मेलाम्ची घ्याङ गुठीको ऐतिहासिक विकास लिच्छवि तथा मल्लकालीन धार्मिक-सांस्कृतिक परम्पराबाट प्रारम्भ भई शाह, राणा, पञ्चायत हुँदै संघीय शासन व्यवस्थासम्म आइपुग्दा निरन्तर रूपान्तरणको प्रक्रियाबाट गुज्रिएको देखिन्छ। प्रत्येक राजनीतिक परिवर्तनसँगै यसको संरचना, कार्यप्रणाली र भूमिका केही न केही रूपमा परिवर्तित भए तापनि यसको मूल धार्मिक तथा सामुदायिक आधार भने स्थिर रूपमा कायम रहँदै आएको छ। यस गुठीको इतिहास तामाङ समुदायको धार्मिक आस्था, सामाजिक संगठन, सांस्कृतिक निरन्तरता तथा बौद्धनाथ महाचैत्य को संरक्षण र व्यवस्थापनसँग अविच्छिन्न रूपमा गाँसिएको छ। बौद्धनाथ महाचैत्यसँग जोडिएका पूजाअर्चना, जात्रा-पर्व, गुठीय दायित्व तथा सामुदायिक सहकार्यका अभ्यासहरू गुठीमार्फत नै संस्थागत रूपमा सञ्चालन हुँदै आएका छन्। यसले तामाङ समुदायको धार्मिक पहिचान र सामाजिक एकतालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। यस अर्थमा बौद्ध-मेलाम्ची घ्याङ गुठी धार्मिक संस्था मात्र नभई ऐतिहासिक स्मृति, सांस्कृतिक निरन्तरता र सामुदायिक स्वशासनको प्रतीकका रूपमा स्थापित भएको छ। नेपालका जीवन्त ऐतिहासिक तथा सांस्कृतिक संस्थाहरूमध्ये यो एक महत्वपूर्ण उदाहरणका रूपमा उभिएको छ, जसले परम्परा र परिवर्तनबीच सन्तुलन कायम गर्दै आफ्नो अस्तित्वलाई निरन्तरता दिँदै आएको देखिन्छ।

### ७.३. बौद्ध-मेलाम्ची घ्याङ गुठी एकीकरण र चिनियाँ लामाको नेतृत्व

बौद्ध र मेलम्ची घ्याङ गुठीको एकीकरण तथा चिनियाँ लामाको नेतृत्वको उदय हुनुमा तत्कालीन राजनीतिक परिस्थितिको विशेष भूमिका देखिन्छ। ऐतिहासिक तथ्यअनुसार वि.सं. **१९११-१९१२** को नेपाल-भोट युद्धका क्रममा स्थानीय तामाङ लामाहरूले नेपाल सरकारलाई सूचनागत असहयोग गरेको तथा पूजा एवं गुठी व्यवस्थापन पक्षसमेत फितलो बनाएको आरोप तत्कालीन श्री **३** जंगबहादुर राणा नेतृत्वको सरकारले लगाएको थियो।

युद्धकालीन अवस्थामा सूचना अत्यन्त महत्वपूर्ण मानिन्छ। त्यस समय भोट (तिब्बती) भाषा जान्ने र दरबारका लागि विश्वासयोग्य पात्रका रूपमा बौद्धका पूजारी (लामा) नै थिए। बौद्धका तत्कालीन प्रमुख लामा छेवाङ सितार लामा थिए। उनीबाट अपेक्षित सहयोग नपाएपछि परिस्थिति परिवर्तन भयो। यसै समय वि.सं. **१९११** तिर एक चिनियाँ लामा ताइफोसिङ पशुपतिनाथको गुफामा ध्यान-तपस्या गरी बसेको खबर पाएपछि उनलाई दरबारमा झिकाई भाषा तथा सूचनागत सहयोगका लागि आग्रह गरियो। युद्धताका उनको भाषानुवाद र सूचनागत सहयोगबाट सन्तुष्ट भई (वि.सं. **१९१६** को लालमोहरअनुसार) उनलाई 'चिनियाँ लामा'को पदवी प्रदान गरी बौद्ध र मेलम्ची घ्याङ गुठीको संयुक्त 'अमाल' (प्रमुख) नियुक्त गरिएको देखिन्छ। यसै लालमोहरले यी दुई महत्वपूर्ण गुठीहरूलाई पहिलोपटक एउटै प्रशासनिक संरचनाभित्र समेटिए

ताइफोसिङ वि.सं. **१९१४** देखि **१९२०** सम्म नेतृत्वमा रही कार्य गरेपछि चीन फर्किएका थिए। त्यसपश्चात केही समय नेतृत्वको विषयमा अन्योलता देखिन्छ। वि.सं. **१९२०-१९३२** को अवधिमा स्थानीय तामाङ लामा सिद्धबज्र (साँहिला बज्र) लामाले गुठीको संरक्षण तथा सञ्चालनको जिम्मेवारी सम्हालेको उल्लेख पाइन्छ। यद्यपि ताइफोसिङका छोरा बुद्धबज्र लामा वयस्क भएपछि उनलाई पुनः नेतृत्वमा ल्याउन चिनियाँ पक्षबाट पहल भएको देखिन्छ। फलस्वरूप वि.सं. **१९३३** मा तत्कालीन श्री **३** रणोद्दीप सिंहले अर्को लालमोहर जारी गरी बुद्धबज्र लामालाई आधिकारिक रूपमा गुठीको प्रमुख नियुक्त गरे। यसरी राजकीय लालमोहर तथा राणा शासकहरूको प्रत्यक्ष हस्तक्षेप र समर्थनका कारण गुठीको नेतृत्व स्थानीय तामाङ लामाहरूबाट हटेर चिनियाँ लामा परिवारमा सरेको स्पष्ट देखिन्छ। यस एकीकरणले बौद्धनाथ महाचैत्यको आयस्ता तथा हेलम्बुको मेलम्ची घ्याङको जग्गाजमिनलाई चिनियाँ लामाको अमल अन्तर्गत सञ्चालनमा ल्यायो।

### ७.४. घ्याङ गुठीको उद्देश्य तथा काम-कर्तव्यहरू

बौद्ध-मेलाम्ची घ्याङ गुठी बौद्धनाथ क्षेत्रको धार्मिक, सामाजिक र सांस्कृतिक इतिहासको आधारस्तम्भ हो। घ्याङ गुठी पूजा अनुष्ठान सम्पन्न गर्ने एकाइ मात्र होइन, यो तामाङ समुदायको परम्परागत स्वायत्तता, पुर्ख्यौली विरासत र बौद्धनाथको विश्वव्यापी गरिमालाई अक्षुण्ण राख्ने एक जीवन्त सम्पदा पनि हो।

### (क) धार्मिक तथा अनुष्ठानिक कर्तव्यहरू

घ्याङ गुठीको प्राथमिक उद्देश्य बौद्धनाथ महाचैत्य तथा मातहतका घ्याङ-गुम्बाहरूमा बौद्ध धर्मको विधि-विधान अनुसार नित्य, नैमित्तिक र विशेष पूजाआजा सञ्चालन गर्नु हो।

- **नित्य पूजाः** महाचैत्यमा दैनिक पञ्चामृत अभिषेक (साङ-सेरक्येम), छ्योमे (बत्ती) बाल्ने र मन्त्रोच्चारण सहितको पूजालाई निरन्तरता दिनु।
- **विशेष अनुष्ठानः** सोनाम ल्होसार, बुद्ध जयन्ती र छेपाच्यु (छेच्यु) जस्ता (पावन तिथि) हरूमा विशेष पूजा प्रार्थना र सामूहिक पूजाको नेतृत्व गर्नु।
- **लामा व्यवस्थापनः** महाचैत्य र घ्याङहरूमा पूजाका लागि आवश्यक दक्ष लामाहरूको छनोट, नियुक्ति र उनीहरूको धार्मिक आचारसंहिता निर्धारण गर्नु।

### (ख) महाचैत्यको ऐतिहासिक संरक्षकत्व र मर्यादा

बौद्धनाथ महाचैत्यको भौतिक संरक्षण र आध्यात्मिक शुद्धता कायम राख्नु यस गुठीको ऐतिहासिक जिम्मेवारी हो। मौखिक परम्पराअनुसार परापूर्वकालदेखि स्थानीय तामाङ समुदायद्वारा सम्पादित हुँदै आएको यो दायित्व नै पिछ्र आएर गुठीमार्फत् संस्थागत भएको हो। गुठीले महाचैत्य परिसरमा धार्मिक अनुशासन पालना गराउने, बाह्य हस्तक्षेप नियन्त्रण गर्ने र चैत्यको हेरचाहमा सामुदायिक उत्तरदायित्व सुनिश्चित गर्ने कार्य गर्दछ।

### (ग) सांस्कृतिक संरक्षण र प्रवर्द्धन

घ्याङ गुठी तामाङ समुदायको बौद्ध सांस्कृतिक पहिचानलाई जीवन्त राख्ने प्रमुख माध्यम हो। जात्रा, पर्व र धार्मिक उत्सवहरू (जस्तैः मामला जात्रा, काराङकुरूङ ङ्ह्या, बौद्ध-तेमाल जात्रा, छेच्यु आदि) को आयोजना गर्नु यसको महत्वपूर्ण कर्तव्य हो। यी गतिविधिहरूले तामाङ समुदायको सामूहिक स्मृति र सांस्कृतिक ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने आधार तयार गर्दछन्।

### (घ) सामाजिक ऐक्यबद्धता र मध्यस्थता

गुठीले स्थानीय समुदायभित्र सामाजिक सहकार्य र आपसी सहयोगको भावना विकास गर्ने उद्‌देश्य राख्दछ। परम्परागत रूपमा दुःख-सुखमा साथ दिने, सामूहिक श्रम (पर्मा) को व्यवस्थापन गर्ने र सामुदायिक विवादहरूमा मध्यस्थता गरी सामाजिक विवाद समाधान गर्ने भूमिका गुठीले नै निर्वाह गर्दै आएका थिए। विवाह, मृत्यु र प्राकृतिक विपत्ति जस्ता समस्याहरूमा गुठीले सामाजिक सुरक्षा कवजको रूपमा काम गर्ने गर्दथ्यो।

### (ङ) प्रशासनिक तथा संस्थागत व्यवस्थापन

घ्याङ गुठी एक व्यवस्थित प्रशासनिक संरचना हो। यसले प्रमुख लामा, गुठियार र सदस्यहरूको जिम्मेवारी स्पष्ट गर्ने, नियम-कानुन पालना गराउने र संस्थागत निर्णयहरू सामूहिक छलफलका आधारमा लिने गर्दछ। लामाहरूको कार्यकाल, अधिकार र जनशक्ति व्यवस्थापन यसको प्रशासनिक कार्यको महत्वपूर्ण हिस्सा हो।

### (च) आर्थिक स्रोतको परिचालन र पारदर्शिता

गुठीको सञ्चालनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन गर्नु यसको अनिवार्य कर्तव्य हो। गुठी जग्गा-जमिन, दान-दक्षिणा र सामुदायिक सहयोगबाट प्राप्त हुने आम्दानीलाई महाचैत्यको मर्मत्, लामाहरूको वृत्तिविकास र जात्रा-पर्व सञ्चालनमा पारदर्शी ढङ्गले खर्च गर्ने दायित्व गुठीमा रहन्छ।

### (छ) ऐतिहासिक उत्तराधिकार र पुस्तान्तरण

घ्याङ गुठीको दीर्घकालीन उद्‌देश्य परम्परागत बौद्ध-तामाङ मूल्य, आस्था र संस्थागत ज्ञानलाई भावी पुस्तामा अक्षुण्ण रूपमा हस्तान्तरण गर्नु हो। यो संस्था अतीतको इतिहास र भविष्यको आवश्यकतालाई जोड्ने एक सेतु हो, जसले अनुष्ठानिक अभ्यास र सामुदायिक जिम्मेवारीबोधलाई निरन्तरता दिन्छ।

## ७.५. घ्याङ गुठी अधिनस्थ घ्याङ-गुम्बाहरू

(क) गुरू ल्हाखाङ

(ख) मेलाम्ची घ्याङ

## ७.६. घ्याङ गुठीको धार्मिक अनुष्ठानका कार्यहरू

बौद्ध घ्याङ गुठीको ऐतिहासिक र आध्यात्मिक अस्तित्व गुठीद्वारा सम्पादन गरिने प्राचीन र अविराम धार्मिक अनुष्ठानहरूमा टिकेको छ। महाचैत्यको नित्य-नैमित्तिक पूजा तथा रेखदेखका लागि घ्याङ गुठीले एक विशिष्ट लामा समूह 'कोङ्यार' (दैनिक पूजापाठका लागि खटिएका पूजारी लामा) को व्यवस्थापन गरेको छ। यही लामा समूहले स्थानीय तामाङ संस्कृति र बौद्ध परम्पराको सम्मिश्रणबाट महाचैत्य र मामथानको अनुष्ठानिक निरन्तरतालाई जीवित राखेका छन्। स्थानीय गुठीयारहरूका अनुसार, लामाहरूले निश्चित कार्यतालिका अनुसार पालैपालो जिम्मेवारी वहन गर्ने भएकाले सदियौँदेखि यी पूजा-विधिहरूमा कुनै अवरोध आएको छैन।

यस गुठीअन्तर्गत सञ्चालन हुने मुख्य पूजाहरूलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ:

### (क) साङ छ्योपा: दैनिक आध्यात्मिक जागरण

बौद्धनाथ महाचैत्यको दैनिक आध्यात्मिक चक्र बिहान सबेरै साङ छ्योपाबाट प्रारम्भ हुन्छ। यो एक विशेष शुद्धिकरण पूजा हो। कोङ्यार लामाहरूद्वारा सर्वप्रथम *छ्युफुल्बा* (योन्छापा=जलअर्पण) चढाएपछि सुगन्धित *साङ* (धूप) र *छ्योमे* (दीप) प्रज्वलन गरिन्छ। यस विधिले महाचैत्य र मामथान परिसरको वातावरणलाई आध्यात्मिक रूपमा शुद्ध तुल्याई दिनभरका धार्मिक कृत्यहरूका लागि पवित्र आधार तयार गर्दछ।

### (ख) मामथानमा दैनिक र साप्ताहिक (काङ्सो) पूजा

महाचैत्य परिसरमा रहेको मामथान (जसलाई नेपाल भाषामा अजिमाथान पनि भनिन्छ) को धार्मिक मर्यादा कायम राख्नु घ्याङ गुठीको प्राथमिक दायित्व हो।

- **दैनिक पूजा:** कोङ्यार लामाहरूले दैनिक रूपमा छ्युफुल्बा, साङ र छ्योमे अर्पण गरी मामथानको नित्य पूजा सम्पन्न गर्दछन्।
- **साप्ताहिक काङ्सो पूजा:** प्रत्येक शनिबार मामथानमा गरिने विशेष अनुष्ठानलाई स्थानीय जनबोलीमा 'काङ्सो' भनिन्छ। मौखिक इतिहासअनुसार यस साप्ताहिक अनुष्ठानको औपचारिक थालनी स्वर्गीय चिनियाँ लामा पुण्यबज्र लामाको पालादेखि शुरू भएको हो। यस पूजाले बौद्ध क्षेत्रको आध्यात्मिक सुरक्षा गर्ने र विघ्नबाधा निवारण गर्ने जनविश्वास रहिआएको छ।

### (ग) वार्षिक तथा पर्व-विशेष अनुष्ठानहरू

१. **मंसिरको छेच्यू पूजा:** मंसिर महिना (स्थानीय तामाङ बोलीमा कराङकुरुङ ङ्या) मा महाचैत्यमा वार्षिक रूपमा भव्य 'छेच्यू' पूजा सम्पन्न गरिन्छ। यस अवसरमा गुठीका प्रमुख लामाबाट गुठीयारहरूलाई *वाङ* (अभिषेक) समेत प्रदान गर्ने विशिष्ट परम्परा छ। यस अनुष्ठानमा ६० घरधुरीलगायतका स्थानीय गुठीयारहरूको अनिवार्य उपस्थिति रहन्छ, जसले बौद्धनाथ क्षेत्रका तामाङहरूको सामुदायिक ऐक्यबद्धता र आध्यात्मिक निष्ठालाई प्रकट गर्दछ।

२. **बुद्ध जयन्ती र सोनाम ल्होछारः** बुद्ध जयन्तीका दिन महाचैत्यमा विशेष शान्ति पूजा र प्रदक्षिणाको आयोजना गरिन्छ। त्यसैगरी, पछिल्लो समय सोनाम ल्होछारका अवसरमा पनि विशेष पूजापाठ र शुभकामना आदानप्रदानका कार्यक्रमहरू पनि सञ्चालन हुन थालेका छन्, जसले सांस्कृतिक जागरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

### (घ) सामुदायिक र जीवन-चक्रका पूजाहरू

साङ्गुलुङ, काङ्सो, नाम्सा र तोङ्जे जस्ता पूजाहरू बौद्धनाथ क्षेत्रका विशेष पूजाहरू हुन्। यी पूजा सम्पन्न गर्नुपर्दा स्थानीय गुठीयारहरूले घ्याङ गुठीसँग समन्वय गरी सम्पन्न गर्ने परम्परा पुरानै हो।

१. **संस्थागत ढाँचाः** गुठीले पूजाको विधि निर्धारण, योग्य लामाहरूको व्यवस्थापन र समय तालिका तय गर्दछ। यसले धार्मिक कार्यलाई व्यक्तिगत अभ्यासमा मात्र सीमित नराखी संस्थागत र सामूहिक स्वरूप प्रदान गरेको छ।

२. **सामाजिक संलग्नताः** मृत्यु संस्कार (घेवा), शान्ति-पाठ र अन्य सामाजिक-धार्मिक अवसरहरूमा गुठीका लामाहरू प्रत्यक्ष सरिक हुन्छन्। प्रायः यस्ता पूजाहरू स्थानीय तामाङ लामाहरूले नै सम्पन्न गर्ने हुँदा यसले बौद्ध धार्मिक परम्परा र तामाङ समुदायको सामाजिक जीवनबीचको ऐतिहासिक सम्बन्धलाई जीवन्त राखेको छ।

बिहान सबेरै गरिने साङ छ्योपादेखि वार्षिक रूपमा हुने छेच्यू सम्मका यी विविध अनुष्ठानहरू केवल धार्मिक विधि मात्र नभई तामाङ समुदायीय सांस्कृतिक अस्तित्व र बौद्धनाथको आध्यात्मिक ऊर्जा जोगाउने महत्वपूर्ण कडी हुन्। कोङ्यार समूहको व्यवस्थित परिचालन र प्रमुख लामाको नेतृत्वले यसलाई एक सफल सामुदायिक धार्मिक संरचनाको रूपमा स्थापित गरेको छ।

## ७.७. घ्याङ गुठीको सांस्कृतिक कार्यहरू

घ्याङ गुठी केवल धार्मिक संस्था मात्र नभई बौद्धनाथ क्षेत्रको सांस्कृतिक जीवनको धुरीका रूपमा सक्रिय रहेको छ। यसले तामाङ समुदायका मौलिक पर्व, जात्रा र अनुष्ठानहरूलाई व्यवस्थित, संरक्षित र निरन्तरता दिने काम गर्दै आएको छ। विशेषतः देउसी-भैलो शैलीका बाह्य सांस्कृतिक प्रदर्शनभन्दा फरक, घ्याङ गुठीले धर्म, परम्परा र सामुदायिक एकतालाई जोड्ने गहिरा अनुष्ठानिक संस्कारहरूलाई प्राथमिकता दिएको देखिन्छ। घ्याङ गुठीअन्तर्गत सञ्चालन हुने प्रमुख सांस्कृतिक कार्यहरू यस प्रकार छन्:

### १. बुद्ध जयन्ती

बुद्ध जयन्ती बौद्ध धर्मावलम्बीहरूका लागि विश्वकै सबैभन्दा पवित्र र गौरवमय दिवस हो, जसलाई वैशाख शुक्ल पूर्णिमाका दिन भगवान् बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको त्रिसंयोगका रूपमा 'त्रिसम्बुद्ध जयन्ती' भनेर मनाइन्छ। बौद्धनाथ क्षेत्रमा यस पर्वको आयोजना केवल एउटा धार्मिक उत्सवमा मात्र सीमित नभई यसले अन्तर्राष्ट्रिय आध्यात्मिक ऐक्यबद्धताको प्रतिनिधित्व गर्दछ। घ्याङ गुठीले यस अवसरमा बौद्धनाथ क्षेत्र विकास समिति र तामाङ कल्याण गुठीजस्ता स्थानीय संस्थाहरूसँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गर्दछ। उत्सवको केही दिन अघिदेखि नै स्तूप परिसरमा सञ्चालन गरिने ध्यान शिविर, धर्मदेशना, रक्तदान र निःशुल्क स्वास्थ्य शिविरजस्ता गतिविधिले बुद्धको करुणा र सेवाको दर्शनलाई व्यवहारमा उतार्ने काम गर्दछन्। विद्यार्थीहरूबीच हुने चित्रकला र कविता प्रतियोगिताले नयाँ पुस्तालाई बुद्धको जीवनी र नैतिक आदर्शसँग जोड्ने एक महत्त्वपूर्ण प्राज्ञिक आधार तयार पारेको देखिन्छ।

धार्मिक अनुष्ठानको पक्षलाई हेर्दा, बुद्ध जयन्तीका दिन बिहानैदेखि महाचैत्यमा श्रद्धालुहरूको अपार घुइँचो लाग्ने गर्दछ। घ्याङ गुठीका लामाहरूबाट सम्पन्न हुने विशेष मोन्लम (शान्ति प्रार्थना) र म्हारमेन (दीप) प्रज्वलनले सम्पूर्ण वातावरणलाई आध्यात्मिक बनाउँछ। यस दिनको मुख्य आकर्षण भनेको घ्याङ गुठीको अगुवाइमा हुने विशाल सांस्कृतिक शोभायात्रा हो। विगतमा बौद्ध घ्याङ गुठीबाट बुद्धको प्रतिमालाई राजकीय सम्मानका साथ हात्तीमा राखेर बौद्ध-चुच्चेपाटी क्षेत्रको परिक्रमा गराउने भव्य ऐतिहासिक परम्परा थियो। हाल व्यवस्थापकीय कारणले प्रतिमालाई सवारी साधनमा राखेर परिक्रमा गराउने गरिए तापनि यसको सांस्कृतिक ओज र जनसहभागितामा कुनै कमी आएको छैन। लामाहरूले बजाउने परम्परागत ग्यालिङ र ढ्याङ्ग्रो, ताम्बाहरूको डम्फु र त्रिशरण मन्त्रको गुञ्जनले तामाङ समुदायको मौलिक पहिचान र आध्यात्मिक निष्ठालाई जीवन्त रूपमा प्रस्तुत गर्दछ।

यस पर्वले सामाजिक सद्भाव र अन्तर-सामुदायिक सहअस्तित्वको उत्कृष्ट उदाहरण समेत पेश गरेको छ। विशेष गरी चाबहिल क्षेत्रका नेवार समुदायले आफ्नै मौलिक बाजागाजासहित स्तूपको परिक्रमा गर्नुले उपत्यकाका दुई प्राचीन संस्कृतिहरूबीचको घनिष्ठ सम्बन्धलाई उजागर गर्दछ। समारोहको अन्त्यमा प्रमुख लामाबाट प्रदान गरिने 'वाङ' (अभिषेक) र राज्यका उच्च पदाधिकारीहरूको उपस्थिति हुनुले यो पर्व स्थानीय मात्र नभई राष्ट्रिय गौरवको विषय बनेको पुष्टि गर्दछ। समग्रमा, बुद्ध जयन्ती घ्याङ गुठी र तामाङ समुदायको साझा प्रयासबाट सञ्चालित यस्तो सांस्कृतिक समागम हो, जसले बौद्धनाथको गरिमालाई विश्वव्यापी रूपमा थप सुदृढ बनाएको छ।

### २. घोनाइ/गोने ङ्ह्या

तामाङ परम्परामा जनै पूर्णिमालाई 'गोने ङ्ह्या' भनिन्छ। यही गोने ङ्ह्या नै स्थानीय बौद्धका तामाङहरूको जनबोलीमा घोनाइ हुन गएकोमा दुई मत छैन। तीन दिनसम्म चल्ने 'घोनाइ' बौद्ध क्षेत्रको एक विशिष्ट र अद्वितीय सांस्कृतिक अभ्यास हो। बाह्य रूपमा यसलाई गाईजात्रा वा रोपाइँ जात्रासँग तुलना गरिए तापनि यसको उत्पत्ति, दर्शन र नृत्य शैली नितान्त पृथक् र स्थानीय तामाङ पहिचानमा आधारित छ। नेवार समुदायको गाईजात्रा पुत्र वा आफन्तजनको वियोगको शोक र त्यसको निवारणसँग जोडिएको ऐतिहासिक तथ्य छ भने घोनाइमा त्यस्तो कुनै शोकको पृष्ठभूमि पाइँदैन। स्थानीय टासी कुमार लामाजस्ता विद्वान् र स्थानीय जानकारहरूका अनुसार यो जात्रा विशुद्ध रूपमा तामाङ समाजको कृषि जीवन, लैङ्गिक स्वतन्त्रता र आध्यात्मिक सुरक्षाको संगम हो। पछिल्लो समय यसलाई रोपाइँ वा गाईजात्राको संज्ञा दिइनुले यसको मौलिक नाम 'घोनाइ' छायामा पर्ने जोखिम देखिएकाले यसको मौलिक नामाकरणमै जोड दिनु आवश्यक देखिन्छ।

जात्राको पहिलो दिन अर्थात् गोने ङ्ह्याका दिन महाचैत्यमा विशेष अनुष्ठान हुन्छ, जहाँ श्रद्धालुहरूले लामाहरूबाट *सुङ्वा* (रक्षा-धागो) ग्रहण गरी आध्यात्मिक कवच प्राप्त गर्छन्। यसै दिनदेखि सुरु हुने घोनाइ नाचको सबैभन्दा रोचक पक्ष भनेको महिलाहरूको भेष परिवर्तन र स्वतन्त्र अभिव्यक्ति हो। परम्परागत कृषि र पशुपालनमा व्यस्त रहने तामाङ महिलाहरूका लागि पुरुषको भेषमा (दौरा-सुरुवाल, फेटा र चस्मा लगाएर) नाच्नु एक प्रकारको सामाजिक विद्रोही र आत्मिक स्वतन्त्रताको क्षण हुन्थ्यो। स्थानीय माया तामाङकी ९७ वर्षीया वृद्धा सासुको स्मरणले के पुष्टि गर्छ भने यो जात्रा महिलाहरूका लागि वर्षभरिको बोझ बिसाउने र 'पुरुष' बनेर समाजसँग रमाइलो संवाद गर्ने दुर्लभ अवसर थियो। गीतका भाकाहरूमा मिसिएका व्यङ्ग्य र दक्षिणा माग्ने शैलीले तत्कालीन समयको आर्थिक र सामाजिक सम्बन्धलाई समेत झल्काउँछ। चिनियाँ लामाको घरबाट सुरु हुने यो परम्परा अहिले मामलाथान (अजिमाथान) बाट आरम्भ हुनुले समयसँगै यसको केन्द्र सामुदायिक स्थलतर्फ सरेको देखाउँछ।

जात्राको दोस्रो दिन 'धिङधिङनाका नाच'को माध्यमबाट बालस्वास्थ्यप्रति समुदायको संवेदनशीलता प्रकट हुन्छ। मादलको 'धिङधिङ' तालमा बालबालिकाका रोगव्याधि र बाधा-अवरोध निवारणका लागि गरिने यो अनुष्ठान एक प्रकारको 'सांस्कृतिक उपचार पद्धति' जस्तो देखिन्छ। परालको डोरी टाउकोमा बेरेर स्तूपको तीनपटक परिक्रमा गर्दा बालबालिकाको स्वास्थ्य समृद्धि हुने जनविश्वासले अझै पनि उपत्यकाका धेरै मानिसलाई बौद्धतर्फ आकर्षित गरिरहेको छ। त्यस्तै, तेस्रो दिन मनाइने रोपाइँ जात्राले राणाकालीन प्रशासन र स्थानीय ६० घरधुरीको अनिवार्य सहभागितालाई स्मरण गराउँछ। केटालाई केटीको भेषमा सजाएर 'रोपार' बनाउने र पुरुषहरू 'लाठे' बनेर हिलो छ्याप्ने यो जात्राले कृषि कर्मलाई उत्सवको रूपमा स्थापित गरेको छ। समाजका विकृतिमाथि सिस्नो देखाएर गरिने व्यङ्ग्य र राजादेखि सरकारी अधिकारीसम्मको भेष धारण गरेर गरिने टिप्पणीले यो जात्रालाई सामाजिक लोकतन्त्रको एक थलोका रूपमा उभ्याएको छ।

अन्ततः, बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध घ्याङ गुठी र तामाङ कल्याण गुठीको समन्वयमा आयोजना हुने यो बृहत् सांस्कृतिक समागमले बौद्ध क्षेत्रलाई विश्वकै जीवन्त सम्पदाको रूपमा प्रस्तुत गरेको छ।

यो जात्रा केवल रमाइलोका लागि मात्र नभई यसभित्र लुकेको तामाङ समुदायको 'न्यायपूर्ण लैङ्गिक दृष्टिकोण' र 'सामुदायिक सुरक्षाको दर्शन' लाई नयाँ पुस्तामा बुझाउनु जरुरी छ। घोनाइलाई बाह्य जात्राहरूको छायाबाट मुक्त गरी यसको मौलिक 'बौद्धको जात्रा'को पहिचानलाई विश्वव्यापी बनाउन सरकारी र स्थानीय दुवै तहबाट विशेष पहल हुनुपर्छ। समग्रमा, यो जात्रा तामाङ समाजको आध्यात्मिक आस्था, सामाजिक व्यङ्ग्य र सामूहिक ऐक्यबद्धताको एक जीवन्त दस्तावेज हो।

### ३. मामला जात्रा

माघ शुक्ल पूर्णिमाका दिन मनाइने मामला जात्रा बौद्धनाथ क्षेत्रको एउटा यस्तो विशिष्ट साँस्कृतिक कडी हो, जसले प्राचीन तान्त्रिक विरासत, ऐतिहासिक स्मृति र जीवन्त सामुदायिक आस्थालाई एउटै सूत्रमा उनेको छ। 'मामलाजात्रा' अर्थात् स्थानीय तामाङ भाषामा 'माम' (हजुरआमा/मातृशक्ति) र नेवारीमा 'अजिमा'का रूपमा पुजिने ममोपुकासिद्धि (छ्वास्कामुनी) को यो जात्रा बौद्ध क्षेत्रको संरक्षक शक्तिप्रतिको सामूहिक अनुष्ठान हो। यस जात्राको उत्पत्ति गुरु पद्मसंभव (गुरु रिन्पोछे) को साधनाकालसँग जोडिएको जनश्रुति निकै अर्थपूर्ण छ, जहाँ गुरुले स्थानीय देवीको विघ्नकारी शक्तिलाई लोककल्याणकारी मार्गमा रूपान्तरण गरी बौद्ध क्षेत्रको रक्षाका लागि 'सुङ्मा' (संरक्षक) का रूपमा प्रतिष्ठित गर्नुभएको थियो। यो जात्रा केवल एउटा पर्व मात्र नभई गुरु रिन्पोछेले बौद्ध धर्मलाई स्थानीय परिवेशमा ढाल्न गरेको सफल 'सांस्कृतिक कूटनीति'को ऐतिहासिक प्रतीक समेत हो।

स्थानीय तामाङ लोकमान्यता अनुसार खस्योर मामका सात दिदीबहिनीमध्ये 'पुका' मामले महाचैत्य निर्माणका लागि तारेभिरबाट माटो बोकेर सहयोग गरेको स्मृति यस जात्रासँग जोडिएको छ। यही कारण जात्रामा पुका मामको प्रतिमालाई विशेष सम्मानका साथ परिक्रमा गराइन्छ। जात्राको अर्को महत्वपूर्ण पाटो भनेको यसले बोकेको अन्तर-सामुदायिक सद्भाव हो। नेपाल संवत् १०१० तिर नेवार व्यापारीहरूको आगमनसँगै जोडिएको 'दे भ्वय गुठी'को सहभागिता र माघ शुक्ल द्वादशीदेखि नै सुरु हुने भजन-कीर्तन र निमन्त्रणाको परम्पराले तामाङ र नेवार संस्कृति बीचको एउटा साझा 'सांस्कृतिक मञ्च' तयार पारेको देखिन्छ। यसले उपत्यकाको सभ्यता निर्माणमा विभिन्न जाति र धर्मबीचको सहकार्य कति गहिरो थियो भन्ने ऐतिहासिक प्रमाण प्रस्तुत गर्दछ।

जात्राको दिन बिहानैदेखि बौद्ध क्षेत्रमा एउटा भिन्नै आध्यात्मिक रौनक छाउँछ। प्रत्येक गुठियारले घरघरबाट चिउरा, माछा, अण्डा, रक्सी (छ्याङ) लगायतका सगुन मामथानमा चढाउनु र त्यसलाई प्रसादका रूपमा घरमा भित्र्याउनुले धार्मिक शक्तिलाई पारिवारिक सुख र समृद्धिसँग जोड्ने कार्य गर्दछ। घ्याङ गुठीको नेतृत्वमा तामाङ कल्याण गुठी र क्षेत्र विकास समितिको समन्वयमा सजाइने भव्य खट, लामाहरूको तान्त्रिक पूजा र नेवारी धिमे बाजाको धुनले बौद्धनाथलाई उत्सवमय बनाउँछ। 'मामला जात्रा लिया लिया' भन्ने उद्घोषका साथ स्तूपको परिक्रमा गर्दै पिपलबोट र टुसाल चोकसम्म पुग्ने शोभायात्रामा युवापुस्ताको उत्साहजनक सहभागिताले परम्पराको पुस्तान्तरणलाई सुनिश्चित गरेको छ।

मामला जात्राको मूल मर्म भनेकै बालबालिकाको सुरक्षा र रोगव्याधि निवारणसँग जोडिएको 'मातृ-शरण'को विश्वास हो। विगतमा राति ढिलो समयसम्म मनाइने यो जात्रा अहिले समयको मागअनुसार साँझतिर सारिनुले यसको प्रशासनिक व्यवस्थापनमा आएको लचकतालाई देखाउँछ। तथापि, पहिलेको जस्तै प्रत्येक गुठियारको नाम किटान गरेर गरिने 'सेरगेम' विधिको महत्वलाई अझ सुदृढ बनाउनु आवश्यक छ, जसले गुठी र व्यक्तिबीचको आत्मिक सम्बन्धलाई जोगाइराख्छ। समग्रमा, मामला जात्रा केवल मूर्तिको परिक्रमा मात्र नभई बौद्ध क्षेत्रको रक्षात्मक उर्जाको पुनर्जागरण, ऐतिहासिक कथाको निरन्तरता र बहु-सांस्कृतिक सहअस्तित्वको उत्कृष्ट नमुना हो।

### ४. तेमाल जात्रा (नाम्दुङ ङ्या)

चैत्र पूर्णिमाको अवसरमा मनाइने तेमाल जात्रा (नाम्दुङ ङ्या) तामाङ समुदायको पितृ श्रद्धासँग जिडिएको छ। तामाङ संस्कृतिमा वर्षभरि पर्ने १२ वटा पूर्णिमामध्ये साउनको 'गोने ङ्या' (बोन्पो परम्परा), वैशाखको 'दुगु ङ्या' (बुद्ध जयन्ती) र चैतको 'नाम्दुङ ङ्ह्या'लाई विशेष महत्त्व दिइन्छ। नाम्दुङ ङ्या मुख्यतः आफ्ना दिवङ्गत आफन्तहरूको सुगतिको कामना गर्दै 'ङोवा' (पुण्य परिणामको समर्पण) प्रार्थना गर्ने दिन हो। यो जात्राले उपत्यकाका बौद्ध र स्वयम्भू जस्ता महाचैत्यहरूलाई दुर्गम पहाडका तामाङ बस्तीहरूसँग जोड्ने एउटा मजबुत धार्मिक-सांस्कृतिक सेतुको काम गरेको छ।

यस जात्राको ऐतिहासिक जरो तेमालका अन्तिम शक्तिशाली तामाङ राजा रिन्जिन दोर्जे बलसँग जोडिएको छ। स्थानीय समाजसेवी खड्कजीत लामा र डा. गणेश योञ्जनका अनुसार, राजा रिन्जिन दोर्जेले बौद्ध महाचैत्यको जीर्णोद्धार सम्पन्न भएको खुसीयाली र आफ्ना पितृहरूको मोक्षको कामना गर्दै यो जात्राको आरम्भ गरेका थिए। अर्को रोचक किंवदन्ती अनुसार, नमोबुद्धको छ्योर्तेनको स्वरूप हेरेर बौद्धनाथ निर्माण गरिएको र यसको प्राणप्रतिष्ठा गरिएको दिन तेमाल लगायतका क्षेत्रबाट मानिसहरू अवलोकनका लागि ओइरिएपछि यो जात्राले संस्थागत रूप लिएको मानिन्छ। बौद्धनाथमा प्राणप्रतिष्ठा भएको भोलिपल्ट यहाँको पवित्र माटो लगेर स्वयम्भू स्तूप निर्माण गरिएको विश्वासका कारण नै तेमाल जात्राको पहिलो दिन बौद्ध र दोस्रो दिन स्वयम्भूमा मेला लाग्ने परम्परा बस्यो, जसको पूर्वसन्ध्यामा बालाजु २२ धारामा शुद्धिकरणका लागि स्नान गर्ने गरिन्छ।

नाम्दुङ ङ्याका अघिल्लो दिन बौद्धनाथ परिसरमा श्रद्धालुहरूको सागर नै उर्लन्छ। भक्तजनहरूले महाचैत्यको गर्भदेखि मुनिका १०८ खोपाहरूमा रहेका बोधिसत्त्व र डाकिनीका मूर्तिहरूमा दीप प्रज्वलन (छ्योमे) गर्दछन्। टाढा-टाढाबाट आफ्नै लामा पुरोहित लिएर आउने र सम्भव नभएकाहरूले यहींका लामाहरूमार्फत् पितृका नाममा 'ङोवा मोलम' (प्रार्थना) गराउने दृश्यले तामाङ समाजको गहिरो आध्यात्मिक चेतनालाई झल्काउँछ। पूजा र अनुष्ठानको गम्भीर पक्ष सकिएपछि स्तूप परिसरमा 'गिताङ्गी'हरूका सवाल-जवाफ र गीतका माध्यमबाट सुख-दुःख साटासाट गर्ने अर्को रोचक सामाजिक पाटो खुल्छ। यसले केवल मनोरञ्जन मात्र नभई व्यक्तिगत वेदनाको विरेचन र नयाँ पुस्तालाई सांस्कृतिक ज्ञान पुस्तान्तरण गर्ने पाठशालाको रूपमा समेत काम गरेको छ।

आज यो जात्रा केवल तेमाल क्षेत्रमा मात्र सीमित नभई सम्पूर्ण तामाङ समुदायको राष्ट्रिय गौरवको पर्वका रूपमा स्थापित भइसकेको छ। यसलाई व्यवस्थित र जीवन्त बनाउन बौद्धनाथ क्षेत्र विकास समिति, श्री बौद्ध तामाङ कल्याण गुठी र घ्याङ गुठी जस्ता संस्थाहरूले समन्वयकारी भूमिका निर्वाह गर्दै आएका छन्। जात्राले तामाङ समुदायको ऐतिहासिक 'स्वाभिमान' र 'आध्यात्मिक भाव'को सन्देश दिन्छ। यस जात्रामा गाइने मौलिक तामाङ फापारे भाका र गरिने विशिष्ट अनुष्ठानहरूलाई दस्तावेजीकरण गर्नु आवश्यक छ, ताकि आधुनिकताको चापमा यो मौलिक पितृ-श्रद्धा परम्परा ओझेलमा नपरोस्। समग्रमा, नाम्दुङ ङ्याले तामाङ सभ्यताको जीवन्तता र पितृप्रतिको अगाध श्रद्धालाई विश्वसामु उजागर गरिरहेको छ।

## ५. मंसिरको छेच्यू पूजा

मंसिर महिनामा सञ्चालन गरिने 'छेच्यु' बौद्धनाथ क्षेत्रको एक विशेष तान्त्रिक तथा आध्यात्मिक महत्त्व बोकेको धार्मिक अनुष्ठान हो। यो पूजा गुरु पद्मसम्भवको पावन जन्म-स्मरणसँग सम्बन्धित छ र परम्परागत रूपमा मंसिर शुक्ल अष्टमीदेखि दशमीसम्म तीन दिनसम्म सम्पन्न गरिन्छ। धार्मिक मान्यताअनुसार गुरु पद्मसम्भवले हरेक शुक्ल पक्षको दशमीका दिन विशेष अधिष्ठान (आशीर्वाद) प्रदान गर्ने विश्वास रहिआएको छ। यही आधारमा दशमीका दिन सम्पन्न गरिने विशेष पूजा 'छेच्यु' नामले परिचित भएको मानिन्छ। बौद्ध शास्त्रहरूमा यस दिन श्रद्धा र निष्ठापूर्वक पूजाआजा गरेमा विशेष पुण्य प्राप्त हुने उल्लेख पाइन्छ।

छेच्यु पूजाका क्रममा लामाहरूले समुदायको कल्याण, रोग-व्याधि तथा महामारी निवारण, प्राकृतिक विपत्तिबाट रक्षा र सामाजिक शान्तिको कामना गर्दै विशेष तान्त्रिक विधिबाट अनुष्ठान सञ्चालन गर्दछन्। कतिपय अवस्थामा मुखुण्डो नृत्य (छाम) तथा गुह्य तान्त्रिक क्रियाकलापहरू समेत सम्पन्न गरिन्छन्। यसरी हेर्दा छेच्यु पूजा तामाङ लामा परम्पराको उच्च आध्यात्मिक तथा प्राविधिक साधनाको प्रतिनिधित्व गर्ने अनुष्ठानका रूपमा देखिन्छ।

बौद्ध क्षेत्रमा यो पूजा परम्परागत रूपमा श्री बौद्ध घ्याङ गुठीका चिनियाँ लामाको अगुवाइमा आयोजना हुँदै आएको हो। पूजाको अवधिभरि स्थानीय लामाहरूले सामूहिक रूपमा पाठ, साधना र विधि सम्पन्न गर्दछन्। दशमीका दिन मुख्य पूजापछि चिनियाँ लामाद्वारा भक्तजन, गुठियार तथा लामाहरूलाई 'अभिषेक' (वाङ) प्रदान गर्ने प्रचलन रहिआएको छ। पूजाको अवसरमा गुठियारहरूलाई दाल-भात, रोटी, सेलरोटी, बाबरी रोटी, गेडागुडी, सागपात आदि प्रसादस्वरूप वितरण गर्ने परम्परा पनि थियो।

टासी कुमार लामाका अनुसार ञिङ्मा सम्प्रदायअन्तर्गतका विभिन्न शाखामध्ये 'झ्याङतेर' परम्परा अवलम्बन गर्ने तिब्बती लामाहरू बौद्ध क्षेत्रका लामाहरूका गुरुका रूपमा स्थापित थिए। बौद्धका लामाहरू तिब्बतको केरूङस्थित झ्याङतेर गुम्बामा अध्ययन गर्न जाने चलन थियो। त्यहाँबाट दिक्षा प्राप्त गरेर फर्किएका लामाहरूबाट नै बौद्धमा छेच्यु पूजा परम्परा प्रारम्भ भएको मानिन्छ। प्रारम्भिक चरणमा केरूङबाट आएका गुरु लामाहरू नै पूजाको मुख्य सञ्चालनकर्ताका रूपमा रहने गर्थे। बौद्ध क्षेत्रमा उनीहरू बस्ने विशेष आवाससमेत थियो, जसलाई स्थानीय रूपमा 'केरूङ घर' भनिन्थ्यो। ती गुरु लामाहरू केही महिनासम्म बौद्ध क्षेत्रमा बसोबास गर्दै विविध धार्मिक अनुष्ठान सञ्चालन गर्दथे, जसको समापन छेच्यु पूजामा मुख्य गुरुबाट अभिषेक प्रदान गरेर हुने गर्दथ्यो।

स्थानीय तामाङ समुदायको यस पूजामा अत्यन्त सक्रिय सहभागिता रहन्थ्यो। प्रत्येक घरपरिवारबाट अनिवार्य रूपमा पूजा सामग्री- सेलरोटी, बाबरी रोटी लगायत अन्य खाद्य सामग्री लिएर उपस्थित हुने प्रचलन थियो। अनुपस्थित हुनेलाई दण्ड-जरिवानाको व्यवस्था समेत रहेको उल्लेख पाइन्छ। घ्याङ गुठीले करिब ६० घरधुरीभित्रका गुठियारहरूलाई प्रसाद वितरण

गर्ने र कोही उपस्थित नभए घरमै भाग पठाउने चलन थियो। यसले छेच्यु पूजालाई केवल धार्मिक अनुष्ठान मात्र नभई सामुदायिक एकताको प्रतीकका रूपमा स्थापित गरेको देखिन्छ।

तर समयक्रममा चिनियाँ लामा र केरूङबाट आउने गुरु लामाहरूबीचको व्यवस्थापन सम्बन्ध कमजोर हुँदै गएपछि बाह्य गुरु लामाहरूको आगमन क्रमशः घट्दै गयो। त्यसपछि बौद्ध घ्याङमा आबद्ध स्थानीय लामाहरूले नै छेच्यु पूजाको निरन्तरता कायम राख्दै आएका छन्। अतीतमा नृत्य टोलीसहित सामूहिक रूपमा आयोजना हुने यो अनुष्ठान हाल विधिपूर्वक सम्पन्न हुने धार्मिक कर्मकाण्डमा सीमित देखिन्छ। बौद्ध घ्याङ गुठी र स्थानीय तामाङ समुदायबीच समन्वय र सहकार्यको अभावका कारण छेच्यु पूजामा स्थानीय सहभागिता तुलनात्मक रूपमा न्यून हुँदै गएको पाइन्छ।

### ६. काराङकुरुङ ङ्ह्या

काराङकुरुङ ङ्ह्या बौद्ध क्षेत्रको स्थानीय तामाङहरूको एक मौलिक तथा ऐतिहासिक पर्व हो। यो पर्व प्रत्येक वर्ष मंसिर पूर्णिमाका दिन मनाइन्छ। उपत्यकाका नेवारहरू यस दिनलाई योमरी पुणीको रूपमा मनाउँछन्। धार्मिक पात्रोअनुसार निश्चित गरिने यस पर्वले समुदायमा आध्यात्मिक अनुशासन कायम राख्न, सामाजिक सम्बन्ध सुदृढ गर्न र परम्परागत संस्कारलाई जीवन्त तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको मानिन्छ।

स्थानीय परम्पराअनुसार 'काराङकुरुङ ङ्ह्या' केवल एक धार्मिक अनुष्ठान मात्र नभई सामाजिक-आर्थिक सम्बन्धसँग अन्योन्याश्रित रूपमा गाँसिएको पर्वका रूपमा विकसित भएको देखिन्छ। स्थानीय बासिन्दा लक्ष्मी लो तामाङका अनुसार, राणाकालमा राज्यले चिनियाँ लामालाई बौद्ध महाचैत्यको पूजापाठ र संरक्षकको जिम्मेवारी प्रदान गरेपछि यहाँका बासिन्दाहरू लामाको अधीनस्थ संरचनाभित्र आएको थियो। त्यस समयमा चिनियाँ लामाको खेतबारीको काम सम्पन्न नभएसम्म अन्य सर्वसाधारणले आफ्नो कृषि कार्य सुरु गर्न नपाउने बाध्यात्मक चलन थियो। विशेषगरी असार-साउनको रोपाइँमा सर्वप्रथम चिनियाँ लामा (आखे) को खेत रोप्नुपर्ने व्यवस्था थियो।

त्यस बेला गौराइ (सचिव) मार्फत् गाउँलेहरूलाई उर्दी जारी गरिन्थ्यो- 'मेमे आखेला पु सुगे लाबा रो, नाम्स्यो क्वार हाओ...' (अर्थात् बाजेको खेत रोप्न लागेको रे, भोली बेट आउनुहोस्...)। सचिवको यस्तो उर्दी पछि प्रत्येक घरबाट एक जना अनिवार्य रूपमा खेताल जानुपर्ने नियम थियो। खेताला गएबापत कुनै निश्चित पारिश्रमिक दिने गरिँदैनथ्यो। महिलाहरूले चिनियाँ लामाको घरबाट चिउरा, चिनी, आलु र गेडागुडी जस्ता खाजाका सामग्री खेतसम्म पुऱ्याउँथे। यसले तत्कालीन सामाजिक संरचनामा विद्यमान सामन्तवादी अभ्यासको प्रतिविम्ब प्रस्तुत गर्दछ। मंसिरमा धान भित्र्याएपछि चिनियाँ लामाको आँगनमा ठुलो परिमाणमा भात र राँगाको मासु पकाएर स्थानीयलाई सामूहिक भोज खुवाउने प्रचलन थियो। परम्पराअनुसार करिब १० वटा फोसी (रक्सी बनाउन प्रयोग हुने तामाको ठुलो भाँडो) चामलको भात पकाइन्थ्यो र प्रत्येक परिवारका सदस्य संख्याका आधारमा एक कचौरा भात र एक टुक्रा मासु वितरण गरिन्थ्यो। यही सामूहिक भोजलाई नै काराङकुरुङ ङ्ह्या भनिन्थ्यो। स्थानीयका अनुसार करिब एक दशक अघिसम्म पनि चिनियाँ लामाको घरमा यो भोजको परम्परा कायमै थियो।

स्थानीय टासीकुमार लामाका अनुसार काराङकुरुङ ङ्ह्याको सम्बन्ध योमरी पूर्णिमासँगै प्राकृतिक चक्रसँग पनि जोडिएको छ। यो समयमा साइबेरिया तथा हिमाली क्षेत्रबाट जाडो छल्न सारसलगायतका चराहरू नेपाल हुँदै दक्षिणतर्फ उड्ने गर्छन्। ती चराहरूलाई स्थानीय भाषामा काराङकुरुङ भनिन्छ। ती चराका बथानहरू बौद्धभन्दा तल्लो भेगमा रहेको पाम्पु फाँटको सिमसार क्षेत्रमा केही समयका लागि अवतरण गर्ने गर्थे। चराहरूको आगमन र पूर्णिमाको समय एकैपटक पर्नु नै यस पर्वको नामकरणको मुख्य आधार भएको जनविश्वास छ।

यस दिन विशेष पूजाआजा सम्पन्न गरी बेलुका चिनियाँ लामाले स्थानीय तामाङ समुदायलाई प्रसादस्वरूप चिउरा र मासुसहितको सामूहिक भोज खुवाउने गर्थे। यद्यपि, हाल यो भोजको परम्परा लोप भईसकेको छ। यो पर्व मनाउने मूल दायित्व बौद्ध मेलाम्ची घ्याङ गुठी अन्तर्गत पर्ने भए तापनि गुठीले आफ्नो परम्परागत जिम्मेवारी पूर्ण रूपमा निर्वाह नगरेको र स्थानीय गुठीयारहरूले मात्र आफ्नो तर्फबाट परम्परा धानिरहेको गुनासो स्थानीय तहमा सुनिन्छ।

बौद्ध क्षेत्रको सामाजिक इतिहास, शक्ति-सम्बन्ध, कृषि जीवन, प्राकृतिक चक्र र सामुदायिक स्मृतिको एक महत्त्वपूर्ण पाटो हो, कराङकुरूङ ङ्ह्या। वर्तमानमा यसको औपचारिक अनुष्ठान केही कमजोर भए पनि स्थानीयको स्मृति र सांस्कृतिक पहिचानमा यसको गरिमा अझै अक्षुण्ण छ।

## ७. सोनाम ल्होछार (तामाङ नववर्ष)

तामाङ समुदायको मौलिक सांस्कृतिक पहिचान मानिने सोनाम ल्होछार (नयाँ वर्ष) पछिल्लो समय बौद्ध क्षेत्रमा सांस्कृतिक पुनर्जागरणको एउटा बलियो खम्बाका रूपमा स्थापित भएको छ। ऐतिहासिक रूपमा हेर्दा बौद्धका स्थानीय तामाङहरूका लागि हालको जस्तो 'औपचारिक' ल्होछार मनाउने पद्धति अपेक्षाकृत आधुनिक अभ्यास हो। स्थानीय वृद्धवृद्धाहरूको संस्मरण तथा टासीकुमार लामाका अनुसार, विगतमा 'ल्होछार' भन्दा पनि माघे संक्रान्तिलाई नै ल्हो (वर्ष) परिवर्तन हुने दिनका रूपमा लिइन्थ्यो। त्यतिबेला लामाहरू तथा स्थानीय बुढापाकाहरूमा मौखिक परम्पराका आधारमा 'ल्हो' (वर्ष) गणना गर्ने चलन थियो। पारिवारिक जमघट र चेलीबेटीलाई निमन्त्रणा गरी सत्कार गर्ने जस्ता सामाजिक पक्षहरू त्यतिबेला छँदैथिएन। वि.सं. २०६३ को राजनीतिक परिवर्तनपछि मात्र यसले राष्ट्रिय र संस्थागत उत्सवको स्वरूप ग्रहण गरेको देखिन्छ। विशेषगरी बौद्ध क्षेत्र विकास समितिका पूर्वअध्यक्ष दिलीपकुमार लामा (रुम्बा)को कार्यकालमा सुरु भएका सांस्कृतिक अभियानहरूले तामाङ भेषभूषा (फुलबुट्टे फरिया, चोली, पटुका) र जातीय पहिचानलाई पुनःस्थापित गर्दै ल्होछारलाई सार्वजनिक गौरवको विषय बनाएका छन्।

दार्शनिक रूपमा ल्होछारले बाह्र वर्षे चक्र (ल्होखोर) लाई आधार मान्दछ, जहाँ प्रत्येक वर्षलाई फरक-फरक जीवजन्तुको नामबाट नामाकरण गरिन्छ। ल्होछारको मूल मर्म विगतका नकारात्मक ऊर्जालाई विसर्जन गरी नयाँ वर्षमा सुख, शान्ति र समृद्धिको संकल्प गर्नु हो। ल्होछार मनाउने प्रक्रिया अत्यन्त व्यवस्थित र प्रतीकात्मक छ। उत्सव सुरु हुनु **१५** दिनअघिदेखि नै घर-टोल सरसफाइ गर्ने र समृद्धिको प्रतीकका रूपमा जमरा राख्ने कार्यबाट यसको तयारी आरम्भ हुन्छ। नयाँ वर्षको दुई दिनअघि खाइने 'गुथुक' (नौ प्रकारका गेडागुडी मिसाइएको थुक्पा) र त्यसमा राखिने प्रतीकात्मक वस्तुहरूका माध्यमबाट गरिने हास्य-व्यङ्ग्यपूर्ण भविष्यवाणीले समुदायमा विशेष हर्षोल्लास ल्याउँछ। गुथुकको बाँकी अंश चौबाटोमा फाल्नुलाई वर्षभरिका ग्रहदशा र व्याधिलाई विसर्जन गरेको शक्तिशाली सांस्कृतिक विम्बका रूपमा लिइन्छ। यसलाई गुम्बाहरूमा गरिने 'गेक्तोर' पूजा र लामाहरूको 'छ्याम' (मुखौटे नृत्य) ले धार्मिक पूर्णता प्रदान गर्दछ।

ल्हो फेरिने मुख्य दिनमा घरको सरसफाइ र 'छ्योस्याम' (पूजास्थल) को सजावटलाई विशेष प्राथमिकता दिइन्छ। 'छेमार' (गहुँ, साम्पा, घिउ र चिनीको मिश्रण) तथा सप्त पूजा सामग्रीसहित त्रिरत्नको आराधना गरी ज्येष्ठ सदस्यबाट आशीर्वाद लिने परम्पराले पारिवारिक सम्बन्धलाई सुदृढ बनाउँछ। घर-घरमा लुङ्ता र दार्ज्यु (धार्मिक ध्वजा) फहराउनु आध्यात्मिक ऊर्जाको पुनर्जागरणको प्रतीक मानिन्छ। पछिल्लो समय बौद्ध क्षेत्रमा ल्होछारको स्वरूप निकै विस्तारित भएको छ। बौद्ध घ्याङ गुठीले यसको शुद्ध धार्मिक अनुष्ठानको नेतृत्व सम्हाल्ने र अन्य स्थानीय संघ-संस्थाहरूले सांस्कृतिक र्‍याली, झाँकी, डम्फु नृत्य तथा ताम्बा प्रस्तुति जस्ता कार्यक्रमहरूको संयोजन गर्ने समन्वयकारी संरचना विकास भएको छ।

बौद्ध क्षेत्रमा सोनाम ल्होछारको यात्रा परम्परागत मौखिक मान्यताबाट सुरु भई आजको संस्थागत तथा सार्वजनिक उत्सवसम्म आइपुग्दा यसले तामाङ समुदायको बदलिँदो सामाजिक-सांस्कृतिक चेतनालाई प्रतिविम्वित गर्दछ। यसले हिमाली समुदायसँगको सांस्कृतिक तादम्यता वा आदानप्रदान (थुक्पा, खाप्से आदि खाने परम्परा) लाई आत्मसात् गर्दै आफ्नो मौलिक 'सोनाम' (कृषि) ल्होछारको पहिचानलाई अझ सुदृढ बनाएको छ। यस दृष्टिले ल्होछार एक जातिविशेषको चाड मात्र नभई बहुसांस्कृतिक सौन्दर्य र राष्ट्रिय एकताको सशक्त आधारका रूपमा स्थापित भएको देखिन्छ।

## ८. म्हेनिङ

बौद्धका स्थानीय तामाङहरूका लागि म्हेनिङ महत्वपूर्ण चाड हो। यहाँका तामाङले म्हेनिङलाई परापूर्वकालदेखि नै विशेष रूपमा मान्दै आएको मत छ। म्हेनिङमा विशेषतः आफ्ना चेलीबेटी र नातागोताहरूलाई बोलाई टिका-जमरा राख्ने प्रचलन रहेको पाइन्छ। यसरी बौद्धमा म्हेनिङको टिका-जमरा लगाउनुभन्दा अघि अष्टमी, नवमी र दशमीका दिन मामथानमा जमरासहित हाँसको अण्डा, रक्सी लगायतका सामग्री चढाइसकेपछि मात्र दशमीको दिन टिका-जमरा लगाउने चलन छ।

त्यसैगरी म्हेनिङको समापन हुने म्हेनिङ ङ्याह् (कोजाग्रत पूर्णिमा) का दिन छ्योर्तेनमा विशेष रूपमा १०८ भगवान् रहेको खोपिमा चिउरा भिजाई गुलियो, ल्वाङ, सुकमेल, नरिवल आदि मिसाएर तयार गरिएको नैवेद्य, १०८ चामलको तोर्मा, फलफूललगायतका सामग्री चढाउँछन्। त्यसपछि मामथान, गणेश भगवान् र धाराटोलमा रहेको लुथान (नागथान) तथा त्रिकाल मैत्रिय बुद्ध विहार नजिकैको लुथान (नागथान) मा पूजा गर्ने चलन रहेको छ। तर त्रिकाल मैत्रिय बुद्ध विहार नजिकैको लुथान (नागथान) भने हाल घर निर्माण गरेकाले अस्तित्वमा छैन। परम्परागत रूपमा बिहान उज्यालो नहुँदै अँध्यारोमै पूजा गर्नुपर्ने मान्यता थियो, तर अहिले जुनसुकै समयमा पनि पूजा गर्ने चलन देखिन्छ। यस पूजालाई क्षमा पूजा भनिन्छ। हाल व्यक्तिगत रूपमा स्थानीय तामाङहरूका साथै बौद्ध तामाङ कल्याण गुठीलगायत अन्य गुठीहरूले सामूहिक रूपमा समेत पूजा गर्ने गरेका छन्। तर हाले भने बौद्धका स्थानीय तामाङहरू धेरैजसोले यो पूजा छोड्दै गएको देखिन्छ।

बौद्धका स्थानीबासी कृष्ण लामाका अनुसार बौद्धका तामाङहरूका लागि म्हेनिङ महत्वपूर्ण चाड हो। यस चाडका लागि स्थानीय तामाङहरूले धान बेचेर पैसाको जोहो गर्ने र आवश्यक खाद्य सामग्रीको व्यवस्था गर्ने गर्थे। दशैंको अष्टमी र नवमीका दिन मामथानमा जमरासहित हाँसको अण्डा, रक्सी लगायतका सामग्री चढाइसकेपछि मात्र दशमीका दिन टिका-जमरा लगाउने चलन छ।

टासी कुमार लामाका अनुसार बौद्धमा म्हेनिङलाई विशेष पर्वका रूपमा नै मानिन्छ। यस चाडमा आफ्ना चेलीबेटीलाई घरमा बोलाई एक किसिमको भोज खुवाइन्छ। त्यसको भोलिपल्ट मामथानमा पूजा गरिन्छ। यसै चाडमा स्थानीय तामाङ समुदाय र चिनियाँ लामाबीचको सामाजिक सम्बन्धको आयाम देख्न सकिन्छ। स्थानीय तामाङ समुदायले चिनियाँ लामालाई 'आखे' सम्बोधन गर्ने प्रचलन छ, जसले उनलाई अभिभावकका रूपमा सम्मान गर्ने संकेत गर्दछ। बौद्धका स्थानीय तामाङहरू म्हेनिङमा टिका थाप्न अनिवार्य रूपमा चिनियाँ लामाको घरमा जाने व्यवस्था थियो। टिका थाप्न जाँदा प्रत्येक घरबाट चिनियाँ लामालाई न्हाङलिङ म्हेन्दो (टोटोलाको फूल) टाँसी जाँड राखिएको सगुन पोङ लैजानुपर्थ्यो।

म्हेनिङको समयमा बौद्ध स्तूपको पूर्वी दिशामा हालको ड्रागन हाउस रहेको भोताप (भोगटेको रूख आसपासको क्षेत्र) मा म्हाङदुङ म्हेमेले बोम्बो विधिबाट रातभरि पूजा गर्ने प्रचलन थियो। तोर्मो बनाएर कुखुराको बली दिने चलन पनि थियो। स्थानीय बुद्धिजीवी खड्गजीत लामा आफू दुई-तीन पटक रातभर पूजामा बसेको स्मृति सुनाउँछन्।

### ९. भ्या ल्होको बाह्र वर्षे मेला

प्रत्येक बाह्र वर्षमा आयोजना हुने भ्या ल्हो जात्रा (चरा वर्षको मेला) बौद्धनाथको सबैभन्दा ठूलो र विशिष्ट पर्व हो। ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको यस जात्रामा देश-विदेशबाट हजारौँ श्रद्धालुहरूले सहभागिता जनाउँछन्। यो जात्राले बौद्धनाथ स्तूपको प्राचीन गरिमालाई पुनःस्मरण गराउँछ।

बौद्ध स्तूपको निर्माण एक चरा वर्ष (भ्या ल्हो) देखि अर्को चरा वर्षसम्ममा पूर्ण भएको स्मरणमा प्रत्येक चरा वर्षमा बाह्र वर्षे जात्रा मनाइन्छ। यस अवसरमा स्तूपका चारै ढोकाहरू खोलिन्छन्, जुन सामान्य वर्षमा बन्द रहने गर्छ। जात्राको मुख्य आकर्षण स्तूपको दक्षिण ढोकाको ठीक अगाडिको पवित्र कुण्ड हो। सामान्यतया यो कुण्ड सुक्खा देखिन्छ तर चरा वर्षमा विशेष रूपमा जल उत्पन्न हुने विश्वास रहिआएको छ। कुण्डको जलले अभिषेक गर्दा पूर्वजन्मका पाप कट्टिने, मनोकाङ्क्षा पूरा हुने, यस जन्म सफल हुने र मृत्युपश्चात् निर्वाण प्राप्त हुने विश्वास गर्छन्। स्थानीयहरूकै अनुसार कुण्डमा सुनको हाँस देखा पर्ने सुने पनि प्रत्यक्ष अनुभव भने गर्न नपाएको बताउँछन्।

यो जात्रा माघ महिनाको चरा वर्षदेखि अर्को माघसम्म, करिब एक वर्षसम्म मनाइन्छ। यस अवधिमा देश-विदेशबाट आउने धर्मावलम्बीहरूको चहलपहल विशेष बढ्दछ। ७३ वर्षीया रेनुका थिङले सानै छँदा बाह्र वर्षे मेलाको समयमा प्रत्यक्ष जल देखेको स्मृति सुनाउँछन्। ९८ वर्षीय घ्यागार लामाले बाल्यकालमा घरमा जल ल्याइराखेको देखेको स्मृति सुनाउँदै, भाग्यमानीहरूले मात्र यो दर्शन गर्न पाउने बताए। भ्यारूङ खस्योरमा प्रत्येक बाह्र वर्षमा हुने यस जात्रालाई तिब्बती पात्रोअनुसार "चरा वर्ष" (भ्या ल्हो) मा भव्य रूपमा मनाइन्छ। जात्राको प्रारम्भ माघ शुक्ल पूर्णिमाबाट हुन्छ। यस दिन विशेष साइत हेरेर चारै ढोकाहरू भक्तजनहरूका लागि खुला गरिन्छ। बौद्ध स्तूपको निर्माण कार्य चरा वर्ष शुरू भएर अर्को चरा वर्ष सम्पन्न भएको ऐतिहासिक घटनालाई स्मरण गर्दै प्रत्येक चरा वर्षमा यो पर्व निरन्तर मनाइँदै आएको देखिन्छ।

स्थानीयहरू माझ जात्रा (मेला) का स्मृतिहरू अझै रहस्यपूर्ण र रोमाञ्चक छन्। ९२ वर्षीय माइली तामाङले दुध जस्तो तरल देखेको अनुभव सुनाउँछिन्। प्रत्येक बाह्र वर्षमा मात्र देखिने यी घटनाहरूले यस पर्वलाई केवल धार्मिक कर्मकाण्ड नभई सांस्कृतिक र सामाजिक जीवन्त परम्परामा परिणत गरेको छ। बौद्धका स्थानीय तामाङहरूमा नेवार समुदायको सांस्कृतिक प्रभाव सामान्य मानिन्छ। तर भ्या ल्हो जात्रासँग सम्बन्धित मान्यता र विश्वास भने मौलिक बौद्ध क्षेत्रीय परम्परामा आधारित छन्। यसले यो पर्वलाई बौद्ध क्षेत्रको विशेष, अद्वितीय र मौलिक सांस्कृतिक सम्पदाको रूपमा स्थापित गरेको छ।

बौद्धनाथ क्षेत्रको जीवन्त संस्कृतिको महत्वपूर्ण पाटोका रूपमा यहाँ मनाइने जात्रा र चाडपर्वहरूले महाचैत्यलगायतका सम्पदाहरूसँग स्थानीय तामाङ समुदाय र अन्य बासिन्दाहरूको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्दछ। यस प्रकारका उत्सवहरूले बौद्ध सम्पदा क्षेत्रलाई विश्वव्यापी रूपमा परिचित गराउनुका साथै सम्पदाको ऐतिहासिक विकासक्रम र विश्वास पद्धतिलाई समेत प्रतिविम्बित गर्दछ। हाल प्रचलनमा रहेका धेरैजसो जात्रा तथा पर्वहरू महाचैत्य निर्माणपश्चात् विभिन्न कालखण्डमा तात्कालीन सामाजिक-सांस्कृतिक वस्तुस्थिति अनुरूप विकसित हुँदै आएका मानिन्छन्। यी स्थानीय सामाजिक अभ्यास, संस्कार, पर्व-जात्रा, सामूहिक पूजाआजा, परम्परागत प्रणाली, भेषभूषा, खानपिन र जीवनपद्धतीहरूले एउटा बृहत् सांस्कृतिक पर्यावरण निर्माण गरेका छन्। समग्रमा, घ्याङ गुठीद्वारा सम्पादित यी विविध धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरूले तामाङ समुदायको सांस्कृतिक पहिचानलाई स्थापित गर्दछ।

## ७.८. घ्याङ गुठीको सामाजिक कार्यहरू

हिजोका दिनहरूमा बौद्ध घ्याङ गुठी धार्मिक संस्था मात्र थिएन बौद्ध क्षेत्रको तामाङहरूका लागि एउटा सामाजिक-सांस्कृतिक संरक्षकका रूपमा स्थापित थियो। गुठीको परम्परागत नित्य पूजा र अनुष्ठानको कार्य त छँदै थियो त्यसभन्दा बाहिर निस्केर शिक्षा, सामाजिक सुरक्षा र सामुदायिक ऐक्यबद्धताका क्षेत्रमा समेत योगदान पुऱ्याउँदै आएको थियो।

घ्याङ गुठीको सामाजिक योगदानको सबैभन्दा ठोस कार्य महेन्द्र माध्यमिक विद्यालयको स्थापनासँग जोडिएको छ। विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि गुठीले आफ्नो स्वामित्वमा रहेको बहुमूल्य जग्गा निःशुल्क उपलब्ध गराउनुले गुठीको शिक्षामा दूरदर्शितालाई पुष्टि गर्दछ। यसले के प्रमाणित गर्दछ भने घ्याङ गुठी केवल आध्यात्मिक केन्द्र मात्र नभई सामाजिक चेतना र बौद्धिक रूपान्तरणको संवाहक पनि हो।

यससँगै गुठीले गुठीयारहरूको परिवारमा मराउ-पराउ (जन्म, मृत्यु, अन्त्येष्टि) र बिहे जस्ता संस्कारहरूमा आवश्यक सहयोग, समन्वय र व्यवस्थापन प्रदान पनि गर्ने गर्दथे। यद्यपी गुठीका पछिल्ला नेतृत्वहरू भने सामाजकि कार्यहरूमा देखिँदैनन्।

## ७.९. घ्याङ गुठीको स्रोत व्यवस्थापन

परम्परागत रूपमा हेलम्बुस्थित मेलम्ची गाउँमा रहेको घ्याङ गुठीको जग्गाहरू र कपन क्षेत्र वरिपरी रहेका जग्गाहरू बौद्ध घ्याङ गुठीको मुख्य आय स्रोत रहेको थियो। हाल गुठीको नाममा रहेको जग्गाको तिरो, दान, भेटी, पूजाआजा, गुठी संस्थानबाटप्राप्त रैतानी व्याज आदिबाट प्राप्त आम्दानीबाट गुठी संचालित छ। श्री बौद्ध घ्याङ गुठीको नाममा **२-३** सय रोपनी जग्गा भएकोमा **२०४४/४५** सालको रैतानी सुविधा अनुसार अधिकांश जग्गा रैतानीमा परिणत भइसकेका छन्। हाल गुठीको नाममा बौद्ध स्तूप तथा आसपासको क्षेत्रमा **१५** रोपनी र अन्य स्थानमा ८९ रोपनी ७ आना रहेको छ। वि.सं. **२०१७** सालमा गुठी संस्थानको गठन पश्चात संस्थानको नीति बमोजिम राजगुठी अन्तर्गत गुठी छुट गुठीको रूपमा लालमोहर प्रदत्त छुट्टै स्वायत्तता प्राप्त गरेको देखिन्छ। परम्परागत रूपमा यस गुठीमा स्थानीय साठी तामाङ घरधुरी गुठियारको रूपमा आबद्ध भएपनि प्रदत्त लालमोहर अनुसार गुठियारको सबालमा कुनै कुरा उल्लेख भएको देखिँदैन। (लामा, **२०६४**, पृ.७९)

## ७.१०. प्रमुख लामाको नियुक्ति, काम कर्तव्य र अधिकारहरू

घ्याङ गुठीका प्रमुख लामा (चिनियाँ लामा) को नियुक्ति प्रक्रियालाई (क) ऐतिहासिक परम्परागत आधार र (ख) वर्तमान कानुनी आधार गरी दुई वर्गीकृत आधारमा छुट्याएर हेर्न सकिन्छ। ऐतिहासिक परम्परागत आधार भनेको तात्कालीन लालमोहर तथा स्तिहार (राजकीय आदेश र परम्परागत मान्यता) अनुसार चिनियाँ लामाको नियुक्ति गर्ने प्रचलन हुन्। तात्कालिन लालमोहर तथा स्तिहारले नै लामाको योग्यता, धार्मिक अधिकार क्षेत्र र जिम्मेवारीलाई परिभाषित गर्ने गरिन्थ्यो। हाल यो प्रक्रिया *'चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि-२०७८'* बमोजिम सञ्चालन हुँदै आएको छ। यस कार्यविधि जारी हुनुअघि भने *गुठी संस्थान ऐन, २०३३, गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९* तथा *महन्त-पुजारी लगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७* अनुसार हुने गरेको थियो।

### १. गुठी संस्थान ऐन २०३३, मातहतका विनियम र निर्देशिका अन्तर्गत व्यवस्था

चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि **२०७८** को प्रस्तावनाको पहिलो लाइनमै 'बौद्ध धर्माबलम्बीहरुको आस्थाको केन्द्रको रुपमा रहेको बौद्ध घ्याङ गुठी राजगुठी भित्र छुट गुठीमा संचालन भैरहेको गुठी हो' भनि किटान गरिएको छ। यस अनुसार चिनियाँ लामाको नियुक्तीको सवालमा पछिल्लो व्यवस्था अनुसार *'चिनियाँ लामा नियुक्ति सम्बन्धी*

*कार्यविधि-२०७८'* र त्यसले पनि प्रस्ट्याउन नसकेको हकमा *गुठी संस्थान ऐन, २०३३* को दफा १६ (२), *गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९* तथा *महन्त-पुजारी लगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७* क्रियाशील वा आकार्षित हुने देखिन्छ।

*गुठी संस्थान ऐन, २०३३* को दफा १६ (२) 'राजगुठीमा परिणत भएका छुट वा निजी गुठीको हकमा धार्मिक कार्य अवरुद्ध नहुने र धर्म लोप नहुने...' सुनिश्चित गर्दै 'संस्थानले आफ्नै रेखदेख, नियन्त्रण तथा निर्देशनमा बढीमा पाँच वर्षसम्म तोकी यस्तो गुठीको बन्दोबस्ता र सञ्चालन साविकमा चलाइआएको दर्ता गुठियार, महन्त, पुजारी वा अन्य व्यक्तिलाई बन्दोबस्त तथा सञ्चालन सुम्पन सक्नेछ' भनि व्यवस्था गरेको छ।

त्यसैगरी *गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९* को दफा ६ (१) ले संस्थानको वार्षिक कार्यक्रम स्वीकृत तथा मूल्याङ्कनलाई प्रष्ट गरेको छ भने *महन्त पूजारी लगायत जनशक्तिको व्यवस्थापन निर्देशिका २०७७* को दफा १२ ले चिनियाँ लामाको योग्यता निर्धाण गरेको छ। जसअनुसार चिनियाँ लामा पदका लागि '(क) नेपाली नागरिकता, (ख) तिब्बती भाषा तथा लिपिमा लेखिएका धर्मग्रन्थ अध्ययन-अध्यापन गर्न सक्ने क्षमता, (ग) बौद्ध पूजा-विधिमा ज्ञान र अनुभव, (घ) धर्म तथा दर्शन सम्बन्धी आधारभूत ज्ञान, (ङ) गुम्बासम्बन्धी धार्मिक साहित्य र सम्प्रदायगत परम्पराको ज्ञान, (च) चेलालाई धार्मिक विधि-विधानअनुकूल शिक्षा दिन सक्ने क्षमता, (छ) धार्मिक अनुशासन र नैतिक आचरणमा प्रतिबद्धता, (ज) फौजदारी कसुरमा सजाय नपाएको र (झ) उच्च नैतिक चरित्र' हुनु प्रावधानको व्यवस्था गरिएको छ।

## २. चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि-२०७८ अन्तर्गत व्यवस्था

पछिल्लो समय चिनियाँ लामा नियुक्ति सम्बन्धमा धेरै विवादहरू सिर्जना भएपछि वि.सं. २०७८ मा गुठी संस्थानले संस्थानको ३३८ औं बैठकले *चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि-२०७८* पारित गर्‍यो। यसपछि भने यसै कार्यविधि अनुसार चिनियाँ लामाको नियुक्ति हुँदै आएको छ।

कार्यविधिको **दफा २** (क), दफा २ (ख), दफा २ (ग), दफा २ (च) र दफा २ (६) ले चिनियाँ लामाका लागि आवश्यक धार्मिक योग्यताहरू निर्दिष्ट गरेका छन्। यसमा शास्त्रसम्मत दीक्षा, बौद्ध दर्शन र शास्त्रसम्बन्धी ज्ञान, पूजा-विधि सञ्चालन क्षमता, नियमित साधना, तिब्बती/चिनियाँ भाषामा दक्षता तथा लामा परम्पराको सैद्धान्तिक र व्यवहारिक ज्ञान समावेश छन्।

यस प्रावधानले दुई तहमा काम गर्दछ। पहिलो, यसले धार्मिक नेतृत्वको आध्यात्मिक वैधता सुनिश्चित गर्छ। दीक्षा र विधि-विधान सञ्चालन क्षमता नभएको व्यक्ति परम्परागत रूपमा धार्मिक प्रमुख हुन सक्दैन। दोस्रो, यसले बौद्ध ज्ञान-परम्पराको संरक्षण गर्छ। तिब्बती भाषा र धर्मग्रन्थ अध्ययनसम्बन्धी दक्षता अनिवार्य गरिनुले मौखिक र लिखित परम्पराको निरन्तरतालाई संस्थागत रूपमा अघि बढाउँछ। यसले यो प्रष्ट पार्छ कि यस दफाले धार्मिक पदलाई शुद्ध प्रशासनिक नियुक्ति मात्र होइन, आध्यात्मिक दायित्वयुक्त पदका रूपमा परिभाषित गरेको छ।

दफा २ मै नैतिक तथा कानुनी शर्तहरू पनि किटान गरिएका छन्- जस्तो, दफा २ (घ) फौजदारी अभियोगमा कसुरदान नभएको, असल चालचलन भएको, त्यसैगरी दफा २ (ङ) अन्य देशको नागरिकता नलिएको नेलाली नागरिक हुनुपर्ने।

यो व्यवस्थाले धार्मिक नेतृत्वलाई राज्यको नागरिकीय संरचनासँग जोडेर हेरेको। यहाँ धार्मिक पदलाई पूर्णतः स्वायत्त धार्मिक अधिकारको रूपमा नलिई नागरिक उत्तरदायित्वसँग गाँसिएको सार्वजनिक पदको रूपमा हेर्ने दृष्टिकोण प्रष्ट पारेको देखिन्छ।

कार्यविधिको दफा ४ ले चिनियाँ लामाको नियक्तिको व्यवस्थालाई किटान गरेको छ। जसअनुसार 'सञ्चालक समितिले चिनियाँ लामाको सम्भाव्य दावेदारहरू मध्ये दफा २ बमोजिम योग्यता भएका व्यक्तिलाई यो कार्यविधि बमोजिम प्रक्रिया पुरा गरी चिनियाँ लामा नियुक्ति गर्ने निर्णय गर्नेछ' भनि प्रष्ट उल्लेख गरेको छ।

दफा ३ ले कार्ययोजना पेश गर्नुपर्ने व्यवस्था गरेको छ भने दफा ५ ले नियुक्तिपत्रमा काम, कर्तव्य र सेवा-शर्त स्पष्ट उल्लेख गरी कबुलियत गराउने प्रावधान राखेको छ। यो आधुनिक प्रशासनिक सोच हो। प्रवधान अनुसार अब गुठी प्रमुख (धार्मिक गुरू/चिनियाँ लामा) ले पूजा कार्य सञ्चालन मात्र होइन, गुठीको सम्पत्ति, आर्थिक पारदर्शिता र प्रशासनिक उत्तरदायित्व पनि वहन गर्नुपर्ने हुन्छ। यसले चिनियाँ लामाको भूमिकालाई धार्मिक-प्रशासनिक प्रबन्धकको रूपमा पुनर्परिभाषित गर्दछ।

कार्यविधिको दफा ६ ले चिनियाँ लामाको काम, कर्तव्य, अधिकार र जिम्मेवारीरलाई तीन बहुआयामिक ढाँचामा संरचित गरेको छ। दफा ६ का विभिन्न उपदफाहरूलाई विश्लेषण गर्दा यसलाई मुख्यतः तीन आयाममा वर्गीकृत गर्न सकिन्छ- (क) धार्मिक आयाम, (ख) प्रशासनिक-आर्थिक आयाम र (ग) सम्पत्ति-सम्पदा संरक्षण आयाम।

**(क) धार्मिक आयाम**- दफा ६ (क) मा चिनियाँ लामाले 'दान पर्व लिखत परम्पराबमोजिम दैनिक पर्व, पूजा, जात्रा इत्यादि गर्ने पर्ने काम नरोकिने र धर्मलोप नहुने गरी लगत र परम्परा अनुसार गर्ने' भनेर धार्मिक जिम्मेजारीलाई प्रष्ट गरिएको छ। यस उपदफाले लामाको मुख्य आध्यात्मिक भूमिका स्पष्ट रूपमा परिभाषित गर्दछ र लामा प्रशासनिक प्रमुखभन्दा पहिले धार्मिक गुरु हुन् भन्ने कुरा चिश्चित गर्दछ। यसले परम्परागत विधि-विधान र निरन्तर अभ्यासमार्फत् बौद्ध सांस्कृतिक निरन्तरताको सुनिश्चित गर्छ।

**(ख) प्रशासनिक-आर्थिक आयाम**- दफा ६ (ख) मा चिनियाँ लामालाई 'गुठीलाई प्राप्त हुन आएका सम्पूर्ण नगदी जिन्सीको अभिलेख राखी नगद जति बैंकमा जम्मा गरी दरबन्दी बमोजिमका कार्यमा खर्च गर्ने, बाँकी बचेको रकम तथा साल भरिको आम्दानी खर्चको विवरण लेखा परीक्षण गराई सोको प्रतिवेदन समेत प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र संस्थानमा बुझाउने' भनेर प्रशासनिक जिम्मेवारी समेत सुम्पेको छ।

नगदी तथा जिन्सी अभिलेख राख्ने, प्राप्त आय बैंक खातामा जम्मा गर्ने, वार्षिक आय-व्यय विवरण तयार गरी पेश गर्ने, लेखापरीक्षण गराउने तथा आगामी वर्षको प्रस्तावित कार्यक्रम/बजेट पेश गर्ने दायित्व दिइएको छ।

'गुठीलाई प्राप्त हुन आएका सम्पूर्ण नगदी जिन्सीको अभिलेख राखी नगद जति बैंकमा जम्मा गरी दरबन्दी बमोजिमका कार्यमा खर्च गर्ने, बाँकी बचेको रकम तथा साल भरिको आम्दानी खर्चको विवरण लेखा परीक्षण गराई सोको प्रतिवेदन समेत प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र संस्थानमा बुझाउने' भनेर प्रशासनिक दायित्व समेत सुम्पेको छ।

यस उपदफाले विशेष गरी गुठी जस्तो धार्मिक संस्थालाई आर्थिक पारदर्शिता र उत्तरदायित्वको नयाँ ढाँचामा परिभाषित गर्दछ। यसबाट घ्यङ गुठीको आय-व्यय गुठी प्रमुखको व्यक्तिगत नियन्त्रणमा नभई अभिलेखीय प्रणालीका आधारमा सञ्चालित हुने, लेखापरीक्षणको व्यवस्था मार्फत् आर्थिक अनियमितता न्यूनीकरण आउनुका साथै धार्मिक नेतृत्वको व्यवस्थापकीय दक्षता अभिवृद्धि समेत सुनिश्चित गर्दछ।

**(ग) सम्पत्ति-सम्पदा संरक्षण आयाम**- दफा ६ (ङ) र दफा ६ (च) ले गुठीको चल-अचल सम्पत्तिको संरक्षण, अभिलेख तयारी तथा घर-जग्गाको विवरण अद्यावधिक गर्ने र संस्थानको निर्देशन बमोजिम संरक्षण, व्यवस्थापन र परिचालन गर्ने

जिम्मेवारी चिनियाँ लामालाई तोकेको छ। त्यसैगरी दफा ६ (छ) ले बौद्धनाथ क्षेत्र, विशेषतः विश्व सम्पदा सूचीमा सूचीकृत स्तूप परिसरको संरक्षण, स्वच्छता, धार्मिक-सांस्कृतिक वातावरणको मर्यादा कायम राख्ने तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने जिम्मेवारी चिनियाँ लामामाथि तोकेको छ।

उपरोक्त कानुनी तथा परम्परागत आधारको विश्लेषण गर्दा घ्याङ गुठीका प्रमुख लामा नियुक्ति प्रक्रिया परम्परागत राजकीय मान्यताबाट विकसित हुँदै आधुनिक राज्य-नियमन प्रणालीमा संस्थागत भएको देखिन्छ। यसले धार्मिक परम्पराको निरन्तरता कायम राख्दै राज्यीय उत्तरदायित्व, पारदर्शिता र प्रशासनिक संरचनालाई सुदृढ बनाएको छ।

### ७.११. बौद्ध घ्याङ गुठीमा चिनियाँ लामा परम्परा

'चिनियाँ लामा'को शाब्दिक अर्थ 'चीनबाट आएका लामा' वा 'चिनिया मूलका लामा' भएपनि यसको वास्तविक अर्थ भौगोलिक सन्दर्भसँग मात्र सीमित छैन। यसले नेपालको बौद्ध समुदाय, तिब्बती बौद्ध परम्परा र चीनको ऐतिहासिक प्रभावबीचको गहिरो सम्बन्धलाई प्रतिबिम्बित गर्ने एक महत्वपूर्ण धार्मिक, सामाजिक र राजनीतिक संस्था तथा जीवन्त परम्पराको प्रतिनिधित्व गर्दछ। यो परम्पारले कुनै एक व्यक्तिको धार्मिक उपाधि वा धर्मगुरुको परिचय नभएर समग्रमा नेपाल-तिब्बत-चीन सम्बन्धको ऐतिहासिक सेतुका रूपमा कार्य गर्दै आएको छ। जसले धर्म, संस्कृति र राजनीति बीच सन्तुलन कायम गर्न ऐतिहासिक रूपमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देखिन्छ।

नेपालमा चिनियाँ लामा परम्पराको इतिहासलाई धार्मिक निष्ठा र कूटनीतिक चातुर्यको संगमको रूपमा लिन सकिन्छ। वि.सं. **१९११** (सन् **१८५३**) तिर चिनियाँ मूलका भिक्षु ताइफोसिङ साधनाका क्रममा काठमाडौँको आर्यघाटस्थित गुफामा बसिरहेका बेला उनको चर्चा दरबारसम्म पुग्यो। तत्कालीन राणा प्रशासनले उनलाई दरबारमा निमन्त्रणा गरियो। उनको भाषिक दख्खल र बौद्ध दर्शनको ज्ञान देखेर शासकहरू प्रभावित भए र उनलाई 'दोभाषे' र मध्यस्थकर्ताको महत्त्वपूर्ण जिम्मेवारी दिइयो। यही कूटनीतिक सेवाको कदरस्वरूप उनलाई सिन्धुपाल्चोकको मेलम्चीस्थित घ्याङ गुम्बा र काठमाडौँको बौद्धनाथ क्षेत्रको प्रमुख 'चिनियाँ लामा' नियुक्त गरियो, जसले नेपालमा एउटा विशिष्ट धार्मिक र सांस्कृतिक संस्थाको जग बसाल्यो।

चिनियाँ लामा परम्पराको सुरुवात **१९**औँ शताब्दीको दोस्रो दशको प्रारम्भतिर भएको देखिन्छ। नेपालमा चिनियाँ लामा परम्पराको जग भिक्षु ताइपोसिङले बसालेका हुन्। उनको आगमन र तत्कालीन राज्यसत्तासँगको सम्बन्धबारे समाजसेवी नेपालजीत लामा बताउँछन्-

*'एक दिनको कुरा हो, पशुपतिको सूर्यघाटनेरको गुफामा एकजना चिनियाँ भिक्षु ध्यान गरिरहेको खबर दरबारसम्म पुग्यो। सोधखोज गर्दै जाँदा थाहा लाग्यो कि ती चिनियाँ भिक्षुको नाम ताइपोसिङ रहेछ, जो तन्त्रविद्यामा बडो पारङ्गत रहेछन्। अनि उनी तिब्बती र चाइनिज भाषा पनि बोल्दा रहेछन्। तान्त्रिक शक्ति र भाषामा दख्खल देखेर जङ्गबहादुरले भिक्षु ताइपोसिङलाई नेपालमा दोभासेका रूपमा नियुक्त गरेछन्। बौद्ध भिक्षु पनि भएकाले उनलाई बौद्धमा शान्ति कायम गर्ने जिम्मेवारी पनि सुम्पिएछ, जसमा उनी सफल भएछन्।'*

वि.सं. **१९१२** ताकाको नेपाल-भोट युद्धमा ताइपोसिङको भाषिक र कूटनीतिक कौशल महत्वपूर्ण सावित भयो। यसै योगदानको कदरस्वरूप राज्यले उहाँलाई आधिकारिक रूपमा 'चिनियाँ लामा'को पदवी र विभिन्न गुठीहरूको जिम्मेवारी सुम्पियो। जंगबहादुर राणाको शासन भएको यस समयमा राजा सुरेन्द्रविक्रम शाह गद्दीमा थिए। यस सम्बन्धमा नेपालजीत लामा थप्छन्:

*'चीन र नेपालको सम्बन्ध सुधारमा उल्लेखनीय योगदान गरेकाले राजा गीर्वाणयुद्धविक्रम शाहले उनलाई गुरु ल्हाखाङ चिनियाँ लामा गुम्बा (बौद्ध, काठमाडौँ) र उर्गेन छ्योलिङ गुम्बा (हेलम्बु, सिन्धुपाल्चोक)को संरक्षण र संवर्द्धनका लागि मुख्य लामा नियुक्त गरे। चिनियाँ लामा एउटा खानदानी पदका रूपमा स्थापित हुँदै गयो, जुन आजपर्यन्त कायमै छ।'*

नेपालजीत लामाको यो विवरणले स्पष्ट पार्छ कि चिनियाँ लामा परम्परा ताइपोसिङ नामका एक जना बौद्ध भिक्षुबाट सुरु भएको थियो। यो यात्रा आज आएर एउटा ऐतिहासिक संस्था र कूटनीतिक इतिहासको एक अभिन्न अङ्ग बनेको छ, जसले डेढ शताब्दीभन्दा बढी समयदेखि आफ्नो गरिमा जोगाइराखेको छ।

ताइफोसिङ वि.सं. **२०११** अएका भएपनि चिनियाँ लामा परम्परा वि.सं. **२०१४** सालबाट भएको हो। उनलाई तत्कालिन समयमा घ्या लामा पनि भनिन्थ्यो। यो कुरा वि.सं. **१९५५** माघको मध्यतिर काठमाडौँ आइपुगेका पहिलो जापनी बौद्ध भिक्षु इकाइ कावागुचीले पनि आफ्नो यात्रा वृतन्तमा बताएका छन्। यतिबेला पहिलो चिनियाँ लामा ताइफोसिंका छोरा बुद्धबज्र लामा चिनियाँ थिए। उनी लेख्छन्- 'नेपालीहरू बुद्धबज्र लामालाई ग्यालामा भन्छन्। यसको अर्थ हो चिनियाँ लामा।' (कावाकुची, **२०४६:३०**) चिनियाँ लामा परम्परा शुरू हुनु पूर्व बौद्धको पूजारी छेवाङ सितार लामा थिए। उनी बौद्धका स्थानीय नै थिए। उनलाई नेपाल भोटबीचको युद्धमा सहयोग नगरेका लगायत आरोप लगाएर वि.सं. **१९१४** सालमा पदबाट हटाएका थिए।

लेखक बीरबहादुर वाइबाका अनुसार ताइफोसिङले नेपाली महिलासँग वैवाहिक सम्बन्ध कायम गरे र नेपालमा स्थायित्व प्राप्त गरे। त्यतिखेर स्वयम्भूका प्रमुख लामा तामाङ जातिकै थिए। उनले स्वयम्भूका लामाकी छोरीसँग विवाह गरे। विवाह भएको केही समयपछि नै उनलाई चीनमा बोलाइयो। जुनबेला उनकी श्रीमती गर्भवती थिइन्। ताइफोसिङ चिनमा नै भएको बेला उनकी श्रीमतीले छोरा जन्माइन्। छोराको नाम साङदोर्जे राखियो। साङदोर्जे नै पछि बुद्धबज्र नामबाट परिचित भए। उनका सन्तान दरसन्तानहरू क्रमशः बुद्धबज्र, पुण्यबज्र, पुण्यज्वाला, अन्तरे लामा, गणेशबज्र, सेरबदोर्जे लगायतले चिनियाँ लामाको पदमा नियुक्त हुँदै परम्पराको निरन्तरता सुनिश्चित गरेका छन्। यस परम्पराले पारिवारिक उत्तराधिकारलाई महत्व दिनुका साथै बौद्ध धर्मको ज्ञान, परम्परा र सांस्कृतिक अभ्यासलाई पनि गहिराइमा बचाइराखेको छ।

**बुद्धबज्र लामा**

ताइफोसिङ लामाका छोरा हुन। उनलाई साङदोर्जे पनि भनिन्थ्यो। पछि साङ्दोर्जे भन्दा पनि बुद्धबज्रबाट चिनियो। उनको आमा स्वयम्भुका लामाका छोरी हुन्। बुद्धबज्रले कर्म वाङ्गेल योञ्जनकी छोरीसँग विवाह गरे र वि.सं. **१९३२** तिर चिनियाँ लामाको पद सम्हाले। उनको कार्यकाल बौद्ध धर्मको संरक्षण र धार्मिक संरचनाहरूको सम्वर्द्धनमा केन्द्रीत रह्यो। उनले **१९६५** सालसम्म नै गुठीको प्रमुख लामा भई जिम्मेवारी निर्वाह गरे। उनको वि.सं. **१९६५** मा मृत्यु भएको थियो।

**पुण्यबज्र लामा**

एक बहुभाषिक विद्वान् थिए। उनले **१६** वटा भाषा बोल्न सक्ने अद्वितीय क्षमता राख्दथे। उनको नेतृत्वमा बौद्ध धर्म, शिक्षा र सामाजिक सेवाको क्षेत्रहरूमा बहुआयामिक विकास भयो। उनले स्तूप र गुम्बाको पुनःनिर्माण, विद्यालयलाई जग्गा प्रदान, सामाजिक सहयोगका कार्यक्रमहरू सञ्चालनजस्ता महत्त्वपूर्ण कार्यहरू गरे। उनले बुद्धबज्र पश्चात बौद्ध घ्याङ गुठीको प्रमुख लामा भई नेतृत्व सम्हालेको थिए। उनको कार्यकालसम्म पनि नेपालबाट भोट तिब्बत जान राहादानी लिन उनीकहाँ नै जानु पर्थ्यो। उनले सिन्धुपाल्चोक लिसंखुका योञ्जन थरकी तामाङसँग दोस्रो विवाह गरेका थिए। उनको पहिलो श्रीमतीबाट एक छोरा जन्मेका थिए। छोराको नाम पुण्यज्वाला थियो। दोस्रो श्रीमतीबाट पनि एक छोरा जन्मेका थिए। उनले **१९६५** सालमा गुठीको नेतृत्व सम्हालेका थिए। उनको **२०३९** सालमा निधन भएको थियो।

**पुण्यज्वाला लामा**

**वि.सं. २०३९ सालमा** बौद्ध घ्याङ गुठीमा नियुक्ति भएका हुन्। उनी पुन्यबज्र लामाका छोरा हुन। उनी गुठीको नेतृत्वमा केही वर्ष मात्र रह्यो। उनको कार्यकाल पनि धार्मिक तथा सांस्कृतिक पुनःसंरचनामा केन्द्रित रह्यो। तर, गुठियारहरूसँग

समन्वयको अभावले उनका प्रयासहरू अपेक्षाकृत रूपमा कमजोर बनेका थिए। उनले अफ्नो कार्यकालमा बौद्ध परिसरभित्र सरस्वतीको मन्दिर बनाउने, स्तूप परिसरमा घण्टाहरू राख्ने, स्तूपको गजुर मर्मत गर्ने तथा अजिमाको मूर्तिको पनि मर्मत जस्ता विविध कार्यहरू गरे। उनको २०४३ सालमा निधन भएको थियो।

### अन्तरे लामा

अन्तरे लामा वि.सं. २०४३ सालमा घ्याङ गुठीको प्रमुख लामाको रूपमा नियुक्ति भएका थिए। उनी पुण्यज्वालाको निधन पश्चात नियुक्ति भएका हुन्। उनको पालादेखि मात्र गुठी संस्थान ऐन २०३३ अनुसार चिनियाँ लामा नियुक्त हुन थालेको हो। उनको कार्यकालमा बौद्ध स्तूप वरिपरिको कोर्वा (कोरा) गर्ने ठाउँ मर्तत गरेका थिए। त्यसैगरी उनले मण्डलाको पनि मर्मत गरेका थिए। उनले २०४८ सालसम्म नेतृत्व सम्हालेका थिए।

### गणेशबज्र लामा

वि.सं. २०४८ सालमा छैठौं चिनियाँ लामाको रूपमा नियुक्ति भएका थिए। उनले वि.सं. २०५५ सालसम्म गुठीको नेतृत्व सम्हालेका थिए। उनी ९० वर्षको उमेरमा चावहिल स्थित ओम अस्पतालमा निधन भएको थियो। उनी पूर्व राजपरिषद् स्थायी समिति सदस्य नियक्ति पनि भएका थिए। उनी पनि धेरै भाषामा ज्ञाता थिए। उनलको कार्यकालमा बौद्ध क्षेत्रको विकासमा विशेष योगदान पुर्याएका थिए। उनको पहलमा काठमाडौं महानगरपालिका वडा नम्बर-६ को वडा कार्यालय तथा प्रहरी बृत, बौद्धको तत्कालिन प्रहरी चौकी समेत स्थापना भएको थियो।

### सेरबदोर्जे लामा

वि.सं. २०५५ साल साउन २६ गते चिनियाँ लामा नियुक्ति भएका थिए। उनी वि.सं. १९९४ साल मा जन्मिएका थिए। उनले २०२३ सालमा एसएलसी उतिर्ण गरेका थिए। उनी पनि धेरै भाषामा ज्ञाता थिए। उनी पुण्यज्वाला लामाका माहिला छोरा हुन। उनले स्थानीय संघसंस्थाहरूको सहकार्य र स्थानीहरूको सहयोगमा गुरू ल्हाखाङ गुम्बाको पुनःनिर्माण कार्य गरेका थिए। उने एतिहासिक संगुलुङ पोखरी जीर्णेद्धार गरेका थिए। त्यसैगरी स्तूपको चारैदिशामा रहेका ढोकाहरूलाई मर्मत सम्भार गरी कलात्मक काठका ढोकाहरू स्थापना गरे। उनको पहलमा स्तूपको भित्तो र मण्डला मर्मत समेत गरेका थिए। त्यसैगरी बगैचाको व्यवस्थापन पनि गरे। उनले अजिमाको मूर्ति मर्मत गरी सुनको मोलम्बा लगाए।


### भूपति बज्र लामा

आठौं चिनियाँ लामा

## ७.१२. प्रशासनिक संरचना

घ्याङ गुठीको प्रशासनिक संरचनामा परम्परागत धार्मिक पदानुक्रम र आधुनिक प्रशासनिक व्यवस्थापनको संयोजन देखिन्छ। प्रशासनिक संरचनाको शीर्ष तहमा चिनियाँ लामा रहन्छन्। उनी घ्याङ गुठीका प्रमुख गुठीयार तथा आध्यात्मिक नेतृत्वकर्ता हुन्। उनको भूमिका द्वैध प्रकृतिको रहेको छ- (क) आध्यात्मिक नेतृत्व र (ख) प्रशासनिक नेतृत्वको।

आध्यात्मिक नेतृत्वको रूपमा उनले प्रमुख धार्मिक अनुष्ठानहरू सञ्चालन गर्ने, परम्परागत बौद्ध विधि-विधानहरूको संरक्षण गर्ने, हिमाली बौद्ध धर्मलोप नहुने सुनिश्चितता गर्दै बौद्ध धार्मिक अनुशासन कायम राख्ने कार्य गर्दछन्। त्यसैगरी गुठीको संस्थागत/प्रशासनिक नेतृत्वमा उनले गुठी सम्पत्तिको संरक्षण गर्ने, आर्थिक निर्णयमा अन्तिम जिम्मेवारी लिने, अधीनस्थ पुजारी तथा लामाहरूको समन्वयदेखि प्रशासनिक कार्यहरूको जिम्मेवारी पनि वहन गर्ने गर्दछन्।




**चिनिया लामाको निजी सचिवालय**

चिनियाँ लामाको निजी सचिवालयले उनको सहयोगी प्रशासनिक इकाइका रूपमा कार्य गर्दछ। उनको यस सचिवालयको प्रमुख कार्यहरूमा गुठीलाई प्राप्त आधिकारिक पत्राचार र अभिलेखको व्यवस्थापन, बैठक व्यवस्थापन तथा निर्णय कार्यान्वयन समन्वय र कार्यालय सञ्चालन तथा नियमनकारी भूमिका निर्वाह गर्दछ। सचिवालयले धार्मिक नेतृत्व र प्रशासनिक कार्यान्वयन बीच समन्वयकारी सेतुको भूमिका पनि निर्वाह गर्छ।

**कोङ्यार**

कोङ्यार चिनियाँ लामाको मातहतमा रहेका धार्मिक तथा अनुष्ठानिक विधि-विधान सम्पादनसँग जोडिएका लामाहरूको समूह हो। यस समूहले बौद्ध परम्पराअनुसार गुरू ल्हाखाङ र मामथानमा दैनिक रूपमा नित्य-नैमित्यिक पूजा-अनुष्ठान, विभिन्न तिथि तथा पर्व-उत्सवहरूमा विशेष पूजाहरू सञ्चालन गर्ने गर्दछन्। कोङ्यार लामा समूहाले नै विहानको पूजा पश्चात महाचैत्यको माथिल्लो भागको सरसफाई कार्य पनि दैनिक रूपमा गर्ने गर्दछन्।

संरचनागत हिसाबले हेर्दा, चिनियाँ लामा नीति-निर्देशक तथा आध्यात्मिक प्रमुख हुन् भने कोङ्यार समूहलाई विधि-विधान कार्यान्वयन तहको रूपमा लिन पनि सकिन्छ। यद्यपी विशेष पूजा तथा अनुष्ठानिक क्रिया तथा विधि-विधानहरू सम्पन्न गर्न भने चिनियाँ लामाको उपस्थिति अनिवार्य रहेने गर्दछ। लामा कोङ्यारको टोलीभित्र पनि वरिष्ठदेखि कनिष्ठ लामाहरू संलग्न हुन्छन्।

प्रमुख लामा तथा कोङ्यार बौद्ध घ्याङ-गुम्बाहरूको परम्परागत धार्मिक संरचना हो। यो नै बौद्ध घ्याङ-गुम्बाहरूको धार्मिक जीवन्तता कायम राख्ने आधारभूत संरचना हो।

**साङ्गुलुङ**

बौद्ध महाचैत्यको धार्मिक र आध्यात्मिक ओज मन्त्र-पाठ, जप वा अनुष्ठानले मात्र पूर्ण हुँदैन। महाचैत्यको भौतिक भव्यता, स्वच्छता र दृश्यात्मक गरिमाले नै साधक तथा दर्शनार्थीको चित्तमा श्रद्धाभाव जागृत गराउँछ। यस कार्यका लागि घ्याङ गुठीको प्रशासनिक संरचना अन्तर्गत महाचैत्यको भौतिक सौन्दर्य संवर्द्धन, सरसफाइ र पर्व-विशेषमा सजावटमा समर्पित एक विशिष्ट र अपरिहार्य विशिष्ट अङ्ग छ, त्यही अङ्ग नै साङ्गुलुङ भनेर चिनिन्छ।

साङ्गुलुङ समूहको कार्यक्षेत्र मुख्यतः महाचैत्यको बाह्य स्वरूपलाई जीवन्त र आकर्षक बनाउनेसँग सम्बन्धित छ। यस समूहले महाचैत्यमा समय-समयमा चुना रङ्गाउने (सेतो अभिषेक गर्ने), पुरानो लुङ्दार (प्रार्थना-ध्वजा) हटाई नयाँ फेर्ने र बुद्ध जयन्ती, ल्होसार तथा अन्य विशेष उत्सवहरूमा पुष्प-सज्जा एवं रङ्गीन ध्वजाहरूद्वारा महाचैत्यलाई सुसज्जित पार्ने कार्य गर्दछ। झट्ट हेर्दा यी कार्यहरू केवल भौतिक सजावट जस्तो मात्र देखिए तापनि बौद्ध दर्शन र तान्त्रिक परम्परामा यसको गहिरो सांकेतिक अर्थ रहने गर्दछ।

बौद्ध आध्यात्ममा महाचैत्यको स्वच्छतालाई मनको शुद्धतासँग पनि जोडेर हेरिन्छ। साङ्गुलुङद्वारा गरिने चुना-रङ्गाउने कार्यले महाचैत्यलाई नयाँ ऊर्जा र पुनर्जीवन प्रदान गर्ने कार्य मात्र गर्दैन, जसद्वारा पुण्य आर्जन तथा पुण्य सञ्चय पनि हुन्छ भन्ने विश्वास गरिन्छ। त्यस्तै, लुङ्दार परिवर्तन गर्नु भनेको विश्व शान्ति र कल्याणका लागि प्रार्थनालाई वायुको माध्यमबाट पुनः सक्रिय गराउनु हो। महाचैत्यको गुम्बजदेखि गजुरसम्म गरिने यी सजावटहरूले पर्वको आध्यात्मिक उत्साहलाई झल्काउनुका जीवन्त बनाउने कार्य पनि गर्दछ।

यस अर्थमा, साङ्गुलुङ समूह केवल एक व्यवस्थापकीय टोली मात्र नभई महाचैत्यको भौतिक अस्तित्व र धार्मिक गरिमा बीचको सेतु हो। यस समूहले गर्ने प्रत्येक कार्यले बौद्धनाथको दृश्य-सौन्दर्यलाई कायम राख्दै यसलाई विश्वकै एक उत्कृष्ट आध्यात्मिक गन्तव्यका रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्याउँदै आएको छ।

### लेखा शाखा

घ्याङ गुठीको संस्थागत सुदृढिकरण र प्रशासनिक जवाफदेहिताका लागि लेखा शाखा एक अपरिहार्य र महत्वपूर्ण अभिलेखीय इकाइ हो। यो शाखा गुठीको समग्र अर्थ प्रणाली, कोष परिचालन र वित्तीय अनुशासनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। यसको मुख्य दायित्व गुठीको नाममा प्राप्त हुने विभिन्न आर्थिक स्रोतहरू- भेटी/दान, गुठी जग्गाको कुत र सरकारी अनुदान आदिको व्यवस्थित अभिलेखीकरण गर्नु र त्यसको विधिसम्मत परिचालन सुनिश्चित गर्नु हो।

लेखा शाखाले गुठीको वार्षिक आय-व्ययको विस्तृत विवरण (Budgeting and Accounting) तयार गर्ने, आन्तरिक तथा बाह्य लेखापरीक्षणका लागि समन्वय गर्ने र आर्थिक पारदर्शीताका गुठी संस्थान र गुठीयारहरू माझ प्रतिवेदन पेश गर्ने कार्यहरू सम्पादन गर्दछ। ऐतिहासिक रूपमा गुठीका आम्दानीहरू परम्परागत स्रेस्तामा आधारित हुने गरे तापनि वर्तमान सन्दर्भमा यस शाखाले ती आर्थिक क्रियाकलापहरूलाई आधुनिक स्रेस्ता प्रणालीमा रूपान्तरण गरेको छ।

प्रशासनिक उत्तरदायित्वको औपचारिक आधारका रूपमा रहेको यस शाखाले गुठीको कोषलाई धार्मिक अनुष्ठान, भौतिक संरक्षण र सामाजिक कल्याणकारी कार्यहरूमा विनियोजन गर्दा वित्तीय सन्तुलन कायम राख्ने काम गर्दछ। यसरी लेखा शाखाले केवल अङ्कहरूको हिसाब मात्र नराखी, घ्याङ गुठीको आर्थिक दिगोपना र सामुदायिक विश्वासलाई संस्थागत गर्ने महत्वपूर्ण भूमिका पनि निर्वाह गर्नु पर्ने हुन्छ।

## ७.१३. ऐतिहासिक परिवर्तन र समकालीन अवस्थाहरू

बौद्ध-मेलाम्ची घ्याङ गुठीको ऐतिहासिक यात्रा नियाल्दा गुठी परम्परागत स्वायत्तताबाट आधुनिक राज्य-नियन्त्रित संयन्त्रमा रूपान्तरण भएको एउटा जटिल इतिहास हो। गुठीले लिच्छवि-मल्लकालीन धार्मिक स्वतन्त्रता, शाह-राणाकालीन राजकीय हस्तक्षेप र नियन्त्रण तथा आधुनिक लोकतान्त्रिक कालको कानुनी जटिलताहरू भोग्दै आएको छ।

**ऐतिहासिक रूपान्तरण र संरचनात्मक परिवर्तन:** प्रारम्भमा यो गुठी पूर्णतः तामाङ लामा परम्परा र तामाङ सामुदायिक स्वशासनमा आधारित थियो। वि.सं. १९१६ को सनदपछि यसको नेतृत्वमा चिनियाँ लामाको वंशगत उदय भयो, जसलाई राज्यले अमाली अधिकारसहित मान्यता दियो। पञ्चायतकालमा 'गुठी संस्थान ऐन २०२०' लागू भएपछि, यो गुठी राज्यको केन्द्रीकृत प्रणाली अन्तर्गत राजगुठी (छुट गुठी) को रूपमा परिभाषित भयो। यस परिवर्तनले गुठीको प्राचीन स्वायत्ततालाई सीमित गरी संस्थानको प्रशासनिक परिधिभित्र ल्याइदियो। गुठीको शीर्ष स्थानमा रहने प्रमुख लामाको नियुक्ति र अधिकारलाई संस्थानको नियमावलीले बाँध्न थालेपछि परम्परागत तामाङ सामुदायीक प्रणाली राज्य नियन्त्रीत हुन पुग्यो।

**राजनीतिक प्रभाव र क्षेत्राधिकार विवाद:** वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि गुठी व्यवस्थापनमा लोकतान्त्रिक र कानुनी प्रश्नहरू उठ्न थाले। वि.सं. २०५३ मा 'बौद्धनाथ क्षेत्र विकास समिति'को गठन ऐतिहासिक मोड सावित भयो। एउटै क्षेत्रमा दुईवटा संस्था (एउटा परम्परागत घ्याङ गुठी र अर्को सरकारी क्षेत्र विकास समिति) क्रियाशील हुँदा क्षेत्राधिकार, आम्दानीको बाँडफाँट र सम्पदाको स्वामित्वलाई लिएर लामो समयदेखि विवाद ज्यादा र समन्वयको अभाव खड्किँदै आएको छ। गणतन्त्र स्थापनापछि जारी भएको गुठी सम्बन्धी नयाँ कानुनहरूले स्थानीय परम्परागत अभ्यासलाई सम्बोधन गर्नुको सट्टा थप प्रशासनिक केन्द्रीकरणलाई जोड दिएको देखिन्छ।

**समकालीन चुनौती र वर्तमान संकट:** हालको अवस्थामा घ्याङ गुठी गम्भीर प्रशासनिक र कानुनी संकटबाट गुज्रिरहेको छ। विशेष गरी आर्थिक पारदर्शिता र पदीय आचरणको विषयलाई लिएर उत्पन्न विवादले संस्थाको गरिमामा प्रश्न उठाएको छ। वि.सं. २०८२ माघमा गुठी संस्थानले प्रमुख लामा (चिनियाँ लामा) भूपतिबज्र लामालाई पदमुक्त गरेपछि यो विवाद कानुनी र राजनीतिक तहमा पुगेको छ। यस घटनाले गुठीको नेतृत्व, स्थानीय तामाङ समुदायको भावना र राज्यको नियमनकारी भूमिकाबीचको द्वन्द्व छताछुल्ल भएको छ। गुठीका बहुमूल्य जग्गाहरूको अतिक्रमण र आर्थिक अपारदर्शिताका मुद्दाहरूले गर्दा स्थानीय समुदाय र गुठी प्रशासनबीच अविश्वासको वातावरण सिर्जना भएको छ।

ऐतिहासिक रूपमा श्रद्धा र आस्थाको केन्द्र रहेको घ्याङ गुठी वर्तमानमा राजनीतिकरण, कानुनी झमेला र आन्तरिक व्यवस्थापकीय कमजोरीको शिकार भएको देखिन्छ। परम्परागत मूल्य-मान्यतालाई आधुनिक प्रशासनिक संरचनासँग जोड्न नसक्दा यो संकट उत्पन्न भएको हो। यसले गर्दा बौद्धनाथको धार्मिक गरिमा मात्र होइन, तामाङ समुदायको ऐतिहासिक विरासतमाथि समेत चुनौती थपिएको छ।

### ७.१४. घ्याङ गुठी र स्थानीय समुदायबीचको सम्बन्ध

घ्याङ गुठी र महाचैत्य परिसरका तामाङ समुदायबीचको सम्बन्ध भौतिक सह-अस्तित्व मात्र नभई यो एक ऐतिहासिक, धार्मिक र संस्थागत सह-अस्तित्वको हो। यस सम्बन्धको मूल कडी घ्याङ गुठी हो, जसले स्थानीय समुदायलाई महाचैत्यको आध्यात्मिक र भौतिक संरक्षकका रूपमा सदियौँदेखि गोलबद्ध गर्दै आएको छ।

### ६० घरधुरी: सामुदायिक उत्तरदायित्वको आधार

परम्परागत रूपमा बौद्धनाथ क्षेत्रका स्थानीय तामाङहरू नै घ्याङ गुठीका आधिकारिक संरक्षक, सेवक र अधिकारधारी गुठीयार हुन्। समयक्रममा विकसित भएको "६० घरधुरी"को अवधारणा एउटा तथ्याङ्क मात्र नभई यो एक सुदृढ सामाजिक-धार्मिक ऐक्यवद्धता थियो र छ। यस संरचनाले महाचैत्यसँग सम्बन्धित अधिकार र कर्तव्यलाई घरधुरी-आधारित सामूहिक जिम्मेवारीमा बाँडेको थियो। महाचैत्यको सरसफाइ, पूजा सामाग्रीको व्यवस्थापन र जात्राको सञ्चालनलाई यी

घरधुरीहरूले आफ्नो वंशानुगत र आध्यात्मिक धर्मका रूपमा वहन गर्दै आएका थिए र छन्। यसले पुष्टि गर्दछ कि घ्याङ गुठी स्थानीय तामाङ समुदायको धार्मिक-सांस्कृतिक अभ्यासको गर्भबाट विकसित भएको एक मौलिक संस्था हो।

### प्रमुख लामा: तीनचुलीका बज्यूदेखि चिनियाँ लामासम्म

घ्याङ गुठीको नेतृत्वको ऐतिहासिक जरो स्थानीय तामाङ आध्यात्मिक परम्परामै भेटिन्छ। वि.सं. **१९१६** मा चिनियाँ लामा नियुक्ति प्रणाली संस्थागत हुनुभन्दा अघि तीनचुलीका बज्यूहरू नै यस क्षेत्रको प्रमुख धार्मिक नेतृत्वमा रहेको ऐतिहासिक तथ्य पाइन्छ। बज्यूहरू स्थानीय तामाङ धार्मिक अधिकारका प्रतीक थिए, जसले महाचैत्यको प्राचीन पूजा-विधि र अनुष्ठानको नेतृत्व गर्दथे। यसबाट प्रष्ट हुन्छ गुठीको प्रारम्भिक स्वरूप स्थानीय तामाङ आध्यात्मिक संरचनामा आधारित थियो र पछि आएर मात्र यसले चिनियाँ लामालाई राजकीय आदेश मार्फत् धार्मिक तथा प्रशासनिक जिम्मेवारी सूम्पिएको हो।

### समकालीन चुनौती र शहरीकरणको प्रभाव

वर्तमान सन्दर्भमा घ्याङ गुठी र समुदायबीचको सम्बन्धमा केही नयाँ आयाम र चुनौतीहरू थपिएका छन्। तीव्र शहरीकरण र जनसाङ्ख्यिक चापले गर्दा परम्परागत **'६०** घरधुरी'को मौलिक स्वरूप र उनीहरूको सामूहिक प्रभावमा संकुचन आएको प्रष्ट रूपमा झल्किन्छ। नयाँ पुस्ताको वैदेशिक पलायन र आधुनिक जीवनशैलीका कारण महाचैत्याको परम्परागत छ्योपा गर्ने जनशक्ति (स्थानीय लामा) हरूको अभाव देखिन थालेको छ। घ्यङ गुठीका वर्तमान कोङ्यार लामाहरूमा सबैजसो बाहिराका तामाङ लामाहरू देखिएका छन्।

गुठी संस्थान र बौद्धनाथ क्षेत्र विकास समिति जस्ता आधुनिक संरचनाहरूको उदयले स्थानीय गुठीयारहरूको परम्परागत अधिकार र निर्णय प्रक्रियामा हस्तक्षेप पुऱ्याएको महसुस समुदायले गरिरहेको छ। यसले गर्दा समुदाय र गुठी प्रशासनबीच बेलाबेलामा अविश्वासको वातावरण सिर्जना हुने गरेको छ।

### समुदाय नै गुठीको प्राण

बौद्धनाथ महाचैत्यले आज जुन विश्वव्यापी गरिमा र भव्यता प्राप्त गरेको छ, त्यसको जगमा स्थानीय तामाङ समुदायको पुस्तौंदेखिको त्याग, समर्पण र अटल आस्था रहेको छ। ऐतिहासिक उतारचढावका बाबजुद महाचैत्यलाई वर्तमानको समृद्ध अवस्थासम्म ल्याइपुऱ्याउने वास्तविक श्रेय यसै समुदायलाई जान्छ। घ्याङ गुठी र स्थानीय तामाङ समुदायको यो सम्बन्धलाई "घ्याङ गुठी=तामाङ समुदायको आध्यात्मिक आधार"का रूपमा परिभाषित गर्न सकिन्छ।

यस संरचनात्मक सम्बन्धमा यदि प्रमुख लामा गुठीको नेतृत्व र परम्पराको प्रतीक हुन् भने, **'६०** घरधुरी' लगायतका स्थानीय तामाङ समुदाय त्यस नेतृत्वलाई गतिशीलता दिने सामाजिक र भौतिक ऊर्जा हुन्। नेतृत्व विनाको समुदाय दिशाहीन हुन सक्छ भने समुदाय विनाको नेतृत्व आधारहीन। त्यसैले, महाचैत्य केवल ईँटा, ढुङ्गा र माटोले बनेको भौतिक स्मारक मात्र होइन, यो त स्थानीय तामाङ जातिको ऐतिहासिक स्मृति, सांस्कृतिक स्वामित्व र आध्यात्मिक निरन्तरताको जीवित सङ्ग्रहालय हो।

वर्तमानको परिवर्तनशील परिवेशमा घ्याङ गुठीको अस्तित्व र सान्दर्भिकता स्थानीय समुदायको सक्रिय सहभागिता, संस्थागत पारदर्शिता र आपसी अटुट विश्वासमा नै निर्भर गर्दछ। समुदायको भावनालाई उपेक्षा गरेर गुठीको विकास

सम्भव छैन र गुठीको मर्यादा विना समुदायको धार्मिक पहिचान सुरक्षित रहन सक्दैन। अतः, गुठी र समुदायबीचको यो 'नङ र मासु' जस्तो सम्बन्धलाई समयसापेक्ष सुदृढ बनाउँदै लैजानु नै बौद्धनाथको वास्तविक संरक्षण हो।

## ८. अध्ययनको निष्कर्ष

प्रस्तुत अध्ययनले बौद्धनाथ क्षेत्रको श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठीलाई केवल एउटा धार्मिक एकाइका रूपमा मात्र नभई ऐतिहासिक विरासत, सामुदायिक स्वामित्व र आधुनिक संस्थागत संरचनाको एउटा अद्वितीय संगमका रूपमा स्थापित गरेको छ। अनुसन्धानका विभिन्न चरण र अध्यायहरूको गहन विश्लेषणबाट प्राप्त निष्कर्षहरूलाई निम्न बुँदाहरूमा संक्षेपीकरण गर्न सकिन्छः

**१. ऐतिहासिक विरासत र सामुदायिक प्राणतत्वः** घ्याङ गुठीको स्थापना स्थानीय तामाङ समुदायको सदियौंदेखिको धार्मिक अभ्यास र सामुदायिक आवश्यकताको स्वाभाविक उपज हो। ऐतिहासिक '६० घरधुरी'को अवधारणा र चिनियाँ लामा प्रणालीभन्दा पूर्वको 'तीनचुलीका बज्यूहरू'को नेतृत्वले पुष्टि गर्दछ कि यस गुठीको प्राणतत्व स्थानीय तामाङ समाजको आध्यात्मिक जगमा अडिएको छ। अध्ययनले यो पनि प्रमाणित गरेको छ कि महाचैत्यको भौतिक संरक्षण र धार्मिक जीवन्ततामा स्थानीय तामाङ समुदायको सक्रिय भूमिका नै यसको ऐतिहासिक निरन्तरताको मूल आधार हो।

**२. संस्थागत रूपान्तरण र कानुनी सुदृढीकरणः** परम्परागत प्रथागत कानुनबाट आधुनिक राज्यीय नियमनतर्फको संक्रमण घ्याङ गुठीको इतिहासको एक महत्वपूर्ण 'प्याराडाइम सिफ्ट' हो। विशेष गरी 'चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि-२०७८'को कार्यान्वयनले धार्मिक नेतृत्वलाई परम्परागत स्वेच्छाचारिताबाट मुक्त गरी संस्थागत पारदर्शिता, आर्थिक उत्तरदायित्व र प्रशासनिक अनुशासनको आधुनिक घेराभित्र बाँधेको छ। चिनियाँ लामाको भूमिकालाई आध्यात्मिक गुरु, प्रशासनिक प्रबन्धक र बौद्ध धार्मिक-सांस्कृतिक संरक्षकका रूपमा त्रिआयामिक रूपमा परिभाषित गरिनुले परम्परागत संस्थाको सफल आधुनिक पुनर्गठनलाई प्रतिविम्वित गर्दछ।

**३. कार्यगत विशिष्टीकरण र आधुनिक व्यवस्थापकीय स्वरूपः** अध्ययनका क्रममा देखिएका घ्याङ गुठी अन्तर्गतका चिनियाँ लामाको निजी सचिवालय, लेखा, प्रशासन, कोड्यार र साङ्गुलुङ जस्ता विशिष्ट इकाइहरूको व्यवस्थाले धार्मिक संस्थाभित्र पनि आधुनिक व्यवस्थापकीय सिद्धान्त र संरचनाको अङ्गीकार गरिएको देखिन्छ। कार्यविभाजन र विशिष्टीकरणको यो मोडेलले धार्मिक अनुष्ठानको शुद्धता र भौतिक सम्पदाको संरक्षणलाई वैज्ञानिक, व्यवस्थित र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**४. पहिचान, स्वामित्व र अन्योन्याश्रित सम्बन्धः** बौद्धनाथ महाचैत्य केवल युनेस्कोको विश्व सम्पदा सूचीमा अङ्कित भौतिक स्मारक मात्र होइन, यो स्थानीय तामाङ समुदायको ऐतिहासिक स्मृति, सांस्कृतिक अस्मिता र आध्यात्मिक अस्तित्वको केन्द्रविन्दु हो। घ्याङ गुठी र समुदायबीचको सम्बन्ध 'नङ र मासु'को जस्तै अन्योन्याश्रित रहेको छ। समुदाय विनाको गुठी आधारहीन हुने र गुठी विनाको सामुदायिक पहिचान अपुरो रहने यथार्थ नै यस अध्ययनको एउटा प्रमुख निष्कर्ष हो। यसले सम्पदा संरक्षणमा 'जनसहभागिता'को महत्वलाई पुनः पुष्टि गरेको छ।

**५. भविष्यको मार्गचित्र र विद्यमान चुनौतीहरूः** समग्रमा, घ्याङ गुठीको वर्तमान स्वरूप धार्मिक स्वायत्तता र राज्यको नियमन बीचको सन्तुलन खोज्ने एउटा प्रयोगात्मक र अनुकरणीय मोडेल हो। यद्यपि, आधुनिक प्रशासनिक जटिलताले आध्यात्मिक गहिराइमा पार्न सक्ने प्रभाव, संस्थागत पारदर्शिता र परम्परागत मूल्यहरूबीचको द्वन्द्व तथा स्थानीय समुदायको

ऐतिहासिक अधिकार र केन्द्रीकृत कानुनी संरचनाबीचको सामञ्जस्यता जस्ता प्रश्नहरू अझै पनि गम्भीर अनुसन्धान र निरन्तर संवादको घेरामा छन्।

अन्त्यमा, घ्याङ गुठी बौद्धनाथको एक जीवन्त बौद्ध धार्मिक-सांस्कृतिक धरोहर र ऐतिहासिक निरन्तरताको प्रतीक हो। यसको संरक्षण र संवर्द्धन गर्नु भनेको केवल इँटा र माटोको भौतिक संरचना जोगाउनु मात्र होइन, एक विशिष्ट मानव समुदायको सामूहिक स्मृति, आध्यात्मिक अभ्यास र सांस्कृतिक स्वायत्ततालाई भावी पुस्ताका लागि जीवित राख्नु हो। यो अध्ययनले घ्याङ गुठीलाई आधुनिक सन्दर्भमा अझ बढी जनमुखी र पारदर्शी बनाउनुपर्ने आवश्यकतालाई मार्गनिर्देश गर्दछ।

यस अध्ययनले बौद्ध महास्तूपको नित्य नैमित्य पूजाआजा, अनुष्ठान, जात्रा, पर्व लगायतका स्तूपको संचालन, व्यवस्थापन तथा मर्मतसंभारका लागि स्थापित बौद्ध मेलम्ची घ्याङ गुठी लगायत अन्य परम्परागत संस्थाहरूको ऐतिहासिक पृष्ठभूमी, विकासक्रम, प्रशासनिक संरचना, स्रोत व्यवस्थापन, संचालन प्रकृयाका साथै वर्तमान अवस्थाको विश्लेषण गहनरूपमा विश्लेषण गरी, यसको संरक्षण र सुधारका लागि आवश्यक कदमहरू सुझाव गरिएको छ। अध्ययनको प्राथमिक स्रोतको रूपमा बौद्ध मेलम्ची घ्याङ गुठीको नाममा इतिहासका विभिन्न कालखण्डमा लिखित लालमोहर, इस्तिहार, अभिलेख, पुस्तकलगायत अन्य दस्तावेजहरूको संकलन गरी विश्लेषण गरिनेछ। गुठी संस्थान, राष्ट्रिय अभिलेखालय लगायत अन्य स्थानमा बौद्ध स्तूपको परम्परागत गुठी तथा सम्बद्ध संघसंस्थाको बारेमा उपलब्ध दस्तावेजहरूको संकलन गरि विश्लेषण गरिनेछ। त्यसैगरी, द्वितीय स्रोतको रूपमा बौद्ध स्तूप, तामाङ इतिहास, र गुठी प्रणालीसम्बन्धी हालसम्म प्रकाशित पुस्तकहरू, शोधपत्र, र लेखहरूको संकलन गरि विश्लेषण गरिएको छ। साथै, यसले तामाङ समुदायको ऐतिहासिक न्याय प्रति पनि चेतना जगाउने अपेक्षा गरिएको छ। यस अध्ययनले बौद्ध स्तूप र मेलम्ची घ्याङ गुठीको ऐतिहासिक तथ्यहरू प्रकाशमा ल्याउनेछ। तामाङ समुदायको धार्मिक-सांस्कृतिक अधिकार पुनः स्थापित गर्न मद्दत गर्नेछ। गुठीको सुशासन र संरक्षणका लागि नीतिगत सुझाव दिन सक्नेछ। यस अध्ययनले नेपालको सांस्कृतिक विरासत अनुसन्धानमा नयाँ आयाम थप्नेछ।

## ९. घ्याङ गुठीको संरक्षण र विकासका लागि केही सुझाव

घ्याङ गुठीको ऐतिहासिक गरिमालाई कायम राख्दै यसलाई आधुनिक र पारदर्शी संस्थाका रूपमा विकास गर्न निम्न सुझावहरू प्रस्तुत गरिन्छः

- संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्न गुठीका कर्मचारी र धार्मिक सेवकहरूका लागि आधुनिक प्रशासनिक व्यवस्थापन, लेखा प्रणाली र सम्पदा संरक्षण सम्बन्धी विभिन्न समयमा तालिमको व्यवस्था गर्ने।
- वार्षिक आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन गुठीयार र स्थानीय समुदायमाझ सार्वजनिक गरी वित्तीय पारदर्शिता सुनिश्चित गर्ने।
- घ्याङ गुठी प्रशासन, श्री बौद्धनाथ क्षेत्र विकास समिति, स्थानीय गुठीयार र अन्य सुधार समितिहरूबीच अन्तरक्रिया कार्यक्रम गरी क्षेत्राधिकारसम्बन्धी विवादलाई न्यूनीकरण गर्दै जाने।
- स्थानीय तामाङ युवाहरूलाई कोङ्यार (लामा) र अन्य धार्मिक पदहरूमा आकर्षित गर्न लामा शिक्षा र 'धार्मिक-सांस्कृतिक छात्रवृत्ति'को व्यवस्था गर्ने।
- बौद्ध क्षेत्रको धार्मिक पवित्रता र व्यावसायिक गतिविधि बीच सन्तुलन कायम गर्न 'धार्मिक पर्यटन निर्देशिका' जारी गर्ने, जसले व्यावसायिक हस्तक्षेपलाई नियन्त्रण गरोस्।

- घ्याङ गुठीको आफ्नै आधिकारिक वेबसाइट (Official Website) निर्माण गरी सञ्चालनमा ल्याउनुपर्ने। जसमा गुठीको ऐतिहासिक पृष्ठभूमि, महत्वपूर्ण जानकारीहरू, आगामी जात्रा/पर्वको तालिका र वैधानिक कार्यविधिहरू सार्वजनिक गरिनुपर्छ। वेबसाइटमार्फत् गुठीका सूचना, वार्षिक प्रतिवेदन र महत्वपूर्ण निर्णयहरू सार्वजनिक गरी 'डिजिटल सूचना केन्द्र'का रूपमा विकास गर्नुपर्ने। यसले देश-विदेशमा रहेका अनुयायीहरू र अनुसन्धानकर्ताहरूलाई आधिकारिक जानकारी प्राप्त गर्न सहज हुनेछ।
- विशेष पूजाको बुकिङ, दान-चन्दाको रसिद र ग्यालरी (फोटो/भिडियो) लाई वेबसाइटमा एकीकृत गर्दा आर्थिक पारदर्शिता बढ्नुका साथै प्रशासनिक काममा सहजता आउनेछ।
- तीनचुलीका बज्यूहरूको इतिहास, '६० घरधुरी'को परम्परा र दुर्लभ लालमोहर/सनदहरूको संरक्षणका लागि अभिलेखालय प्रकाशन तथा संरक्षण योजना बनाउने।
- गुठीका विशिष्ट अनुष्ठान विधि, मन्त्रोच्चारण र परम्परागत ज्ञानलाई श्रव्य-दृश्य (Audio-Visual) माध्यमबाट दस्तावेजीकरण गर्ने।
- गुठीको इतिहास र महत्त्वबारे थप अनुसन्धान, पुस्तक प्रकाशन र वार्षिक सेमिनारहरू आयोजना गरी यसलाई शैक्षिक अध्ययनको विषय बनाउने।

## सन्दर्भसूची

### १. ऐन, नियम, निर्देशिका तथा सरकारी प्रतिवेदनहरू


गुठी संस्थान, (२०३३), *गुठी संस्थान ऐन, २०३३,* नेपाल सरकार, मुद्रण विभाग।

गुठी संस्थान, (२०४९), *गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९,* नेपाल सरकार।

गुठी संस्थान, (२०७७), *महन्त पूजारी लगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७,* काठमाडौं: गुठी संस्थान।

गुठी संस्थान, (२०७८), *चिनियाँ लामा नियुक्ति सम्बन्धी कार्यविधि, २०७८,* काठमाडौं: गुठी संस्थान।

गुठी संस्थान, (२०८१), *देवस्थल व्यवस्थापन समिति गठन गर्ने सम्बन्धी निर्देशिका, २०८१,* काठमाडौं: गुठी संस्थान।

नेपाल सरकार, (२०५३), *बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३,* नेपाल राजपत्र।

नेपाल राजपत्र, (२०५४, फागुन २), *नेपाल सरकारद्वारा प्रकाशित सूचना,* काठमाडौं: नेपाल सरकार।

पुरातत्व विभाग, (विभिन्न वर्ष), *विश्व सम्पदा सूचीअन्तर्गत बौद्धनाथ महाचैत्य संरक्षणसम्बन्धी प्रतिवेदनहरू,* काठमाडौं: पुरातत्व विभाग।


### २. पुस्तक, स्मारिका तथा लेखहरू


कावागुची, एकाई (२०४६), मगन्तेहरूसँगको मेरो मैत्री भावना, *कावागुचीको नेपाल बसाइ* (पृ. २९-३३), अनुवादक: टंकविलास वार्य, सम्पादक: कृष्णचन्द्र सिंह प्रधान, ललितपुर: साझा प्रकाशन।

तामाङ, मुक्तसिंह (२०८१, चैत्र २९), चैत्र पूर्णिमाको बौद्ध-सिङ्गोन तामाङ जात्रा, *शैलुङ अनलाइन*। https://www.sailungonline.com/127478/11/04/2025

पराजुली, पुण्य प्रसाद (२०७४), भोटवासीको नजरमा भ्यारुङ खास्योर, सम्पूर्ण कुमार लामा र फुबु याङजी लामा (सम्पा.), *बौद्ध दर्पण स्मारिका* (पृ. ४६-५१)। काठमाडौं: श्री बौद्धनाथ क्षेत्र विकास समिति।

योन्जन-तामाङ, अमृत, लामा, टि. ग्याल्छान., तामाङ, रबिन्द्र, गोले, सिर्जना र स्याङदन, राकेश (२००८), *प्राचीन बौद्ध स्तूप र बौद्धक्षेत्रका सम्पदाहरू* (शोध-अध्ययन प्रतिवेदन)। काठमाडौं: बौद्धनाथ क्षेत्र विकास समिति।

लामा, खड्कजीत (२०७८), बौद्ध स्तूप निर्माणको इतिहास, स्तूप संरक्षणमा तामाङ्को भूमिका, चिनियाँ लामा वंश परम्परा र भविष्य, टासी कुमार लामा, सम्पूर्ण कुमार लामा र खड्गजीत लामा (सम्पा.), *स्मारिका २०७८* (पृ. ८४-९२), काठमाडौं: श्री बौद्ध तामाङ कल्याण गुठी।

लामा, टाशीकुकार (२०८१), बौद्ध क्षेत्रकी आराध्यदेवीः ममो पुकासी, वीरबहादुर वाइबा (मनकाजी) र अन्य (सम्पा.), *गुठी दर्पण, स्मारिका २०८१* (पृ. ७२-७४), काठमाडौं: ओम तामाङ सुख-दुःख गुठी।

लामा, टि. ग्याल्छान (२०६५), प्राचीन सम्पदा बौद्ध स्तुप, सम्पूर्णकुमार लामा र अन्य (सम्पा.), *स्मारिका २०६५*, काठमाडौं: श्री बौद्धनाथ क्षेत्र विकास समिति।

लामा, सम्पूर्णकुमार (२०६४), बौद्ध स्तूपः हिजो, आज र भोलिको सन्दर्भमा, सम्पूर्ण कुमार लामा (सम्पा.), *स्मारिका २०६४* (पृ. १-९), काठमाडौं: श्री बौद्ध घ्याङ गुठी।

लामा, सम्पूर्णकुमार र लामा, खड्कजीत (२०७८), बौद्धको ऐतिहासिक जात्रा, टासी कुमार लामा र अन्य (सम्पा.), *स्मारिका २०७८* (पृ. १२७-१३३)। काठमाडौं: श्री बौद्ध तामाङ कल्याण गुठी।

लामा, सम्पूर्णकुमार (२०७४), २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प, बौद्ध महास्तूपको पुनर्निर्माण: चुनौती र अवसरहरू, सम्पूर्ण कुमार लामा र अन्य (सम्पा.), *बौद्ध दर्पण स्मारिका २०७४* (पृ. ३९-४५), काठमाडौं: श्री बौद्धनाथ क्षेत्र विकास समिति।

शेर्पा, टीका, लामा, सम्पर्णकुमार र शाक्य, म. (सम्पा.) (२०६४) *बौद्ध महास्तूपको संक्षिप्त इतिहास* (अनु. मिलन शाक्य र टीका शेर्पा), काठमाडौं: थुप्तेन काल्साङ तामाङ, किरणकुमार लामा र आङबाबु शेर्पा।

### ३. अङ्ग्रेजी


Kathmandu Valley Preservation Trust (KVPT), (Various years), *Heritage Conservation Reports: Boudhanath Area*.

UNESCO (1979), *Operational Guidelines for the Implementation of the World Heritage Convention*. Paris: UNESCO World Heritage Centre.

UNESCO (1979), *World Heritage List: Boudhanath Stupa (Kathmandu Valley)*।

**अनुसूची-१** गुठी सम्बन्धी मल्लकालीन हालमोहरू

## जग्जय मल्लले केरूङ लामा निमा सङ्गेलाई दिएको ताम्रापत- १



(नेपाल सम्वत् ८४३ अर्थात् ईस्वी सम्वत् १७२३)

### ताम्रपत्रको लेख

स्वस्ती श्रीमत पशुपति चरणकमल धुली धुसरित सिरोरुह श्रीमन् मानेश्वरीस्त देवता बरलब्ध प्रसाद दे दिव्यमान मानोन्त श्री रुधुवशावतार रविकुल तिलक हनुमतध्वज नेपालेश्वर महाराजाधिराज राज राजेन्द्र सकल राज चक्राधिश्वर श्रीश्री जय जगज्जय मल्ल देव परम भट्टारक देवानाम सदा समर विजयीनाम प्रार ठाकुरसन, केरोम्य राम निमा सिम्ङ्गे राम्ङ्गे प्रसादीकृत स्थानस्य उत्तर दिशी लारक्या क्षेत्र नाम संज्ञक श्री राजकुल क्षेत्रन पश्चिमतो दक्षिण तट उलर पूर्वतश्च एतेसममध्ये तोते चात्राधातनहु नाराक्का भू सदम ढिका सएठी परिमितम क्षेत्रक तोपी बुरो ६६ भूय ७ लगम्से भ्वाक पञ्च रोपनीका क्षेत्रांक तादी भूरो ५ महामारिय शान्ति यानाय प्रसाद रपम प्रसन्न जुसे बिजान भाषा थोते फेनेमदु वंधकतमा मडु रामचुय वंश शिष्य दत्वले ग्वम्ह राजान हरय यामदु रामाजुया वंश शिएय दतोले महाराजया संवायास माला अत्र पत्रार्थ दृष्टसक्षी श्रीश्री राजेन्द्र मल्लदेव संवत् ८४३ चैत्र बढी १ - चैत्र कृष्णपक्ष प्रतिपदा) शुभ सिद्धि धल्याक्षी कर्ए ४


**भावार्थ**

कल्याण होस् । श्री मत पशुपतिको पाउको धुलोले शिर फुस्रो भएको श्री मनमानेश्वरी देवीको वरदानले देदिप्यमान उज्जवल भएको श्री रघुवंशको अवतार रवीकुलको टिका भएको हनुमानको ध्वजा भएको नेपालेश्वर महाराजाधिराज सबै राजयोगले युक्त चक्राधिश्वर श्री श्री जगज्जय मल्ल परम भट्टारक देवको सदा युद्धमा विजय हुने प्रभुठाकुरबाट केराको लामा निमासृगी नाम गरेको व्यक्तिलाई यो निगाहा गरियो ।

यो स्थानको उत्तर भागमा तारका क्षेत्र नाम गरिएको राजकुल क्षेत्रको पश्चिममा दक्षिणमा र उत्तर र पुर्व यति चार किल्ला भएको तारका खेत ६६ क्षेत्रफलको रोपनि क्षेत्र महामारी पीडा शान्त गरिएबापत प्रसन्न भएर निगाहा गरी बक्सेको हो । यो लिखत भाषा अनुसार दिहिघल्यादि कर्ष ४ समेत कसैले खोसीनाशी गर्न पाउँदैन र बन्धक राख्न पनि पाउँदैन । लामाको वंश शेष रहुन्जेल सम्म महाराजाको सेवा गर्नु पर्छ । यो पत्रको देखिजान्ने साक्षी श्री श्री राजेन्द्र मल्ल देव रहनु भयो ।

संवत् ८४३ चैत्र वदि १ (तदनुसार वि.स १७७९) शुभम् ।

## जग्जय मल्लले केरूङ लामा निमा सङ्गेलाई दिएको ताम्रापत- २



(नेपाल सम्वत् ८४७)

### ताम्रपत्र लेख

स्वस्ती श्रीमत पशुपति चरणकमल धुली धुसरित सिरोरुह श्रीमन मानेश्वरीस्त देवता बरलब्ध प्रसाद दे दिव्यमान मानोन्त श्री रुधुवशावतार रविकुल तिलक हनुमतध्वज नेपालेश्वर महाराजाधिराज राज राजेन्द्र सकल राज चक्राधिश्वर श्रीश्री जय जगज्जय मल्ल देव परम भट्टारक देवानाम सदा समर विजयीनाम प्रार ठाकुरसन, मेलम्चेया नाली गुम्बामा ध्वना निमा रामा यात पालाचोक्या ताक्यो भू क्षेत्र नाम संज्ञकम श्री राज यान पश्चिमोत्तरतो घरम, पूर्वतो रामान दक्षिण थोते यात्राघाटनछु भू रोपनीय पपिकारो २४ खेल कर्म २ चुल २ थोते भू १ कसिया प्रसन्नकुया दिहि कर्फ ३ छसीङ धल्यादी कर्ष अत्र पत्रार्थे दृष्ट साक्षी श्री श्री राजेन्द मल्ला देव सम्वत ८४७ चैत्र बढी ८ शुभ (कृष्णपक्ष अष्टमी)

## हेलम्बुको गुम्बामा रहेको लार्केध्याङ गुठीको ताम्रपत्रको प्रतिलिपी (१)

१) स्वस्ति ॥ श्री मत्पशुपति चरण धूलि धुसरित शिरोरुह श्री मन्मानेश्वरीष्ट देवता व

२) रलब्ध प्रसाद देदीप्यमान मान्नोन्न श्री रघुवंशावतार रवि कूल तिलक हनुमद्ध्व

३) ज नेपालेश्वर महाराजाधिराज राज राजेन्द्र सकलराज चक्राधीश्वर श्री श्री ज

४) य जगज्जय मल्ल परम भट्टारक देवाना सदासमर विजायिना प्रभुठाकुरसन

५) मिलंछेयाङलि गुंवास चोङ नीमारामा यात पालचोकया ताम्र्यांवु क्षेत्रनाम

६) संज्ञकं श्री राजायान पश्चिमोत्तरतो धरं पूर्वतो रामान दक्षिन ख्वतेत्वात्राघातन वु वुरो नी

७) य पेपिक रो २४ खल कर्ष २ चुल २ ख्वते पुवक सीस प्रसन्न जुया ॥ दिहि क

८) र्ष २ छ्यसिङस घल्यादि कर्ष ३ अत्रपत्रार्थे दृष्ट साक्षि श्री श्री राजेन्द्र मल्ल दे


९) व ॥ सम्वत ८४७ चैत्र वदि ८ शुभं ॥

व्याख्या

कल्याण होस् । श्री मत पशुपतिको पाउको धुलोले शिर फुसो भएको श्री मनमानेश्वरी देवीको वरदानलें देदिप्यमान उज्जवल भएको श्री रघुवंशको अवतार रवीकुलको टिका भएको हनुमानको ध्वजा भएको नेपालेश्वर महाराजाधिराज सबै राजयोगले युक्त चक्राधिश्वर श्री श्री जगज्जय मल्ल परम भट्टारक देवको सदा युद्धमा विजय हुने प्रभुठाकुरबाट मिलंछेयाङलि गुम्बामा बस्ने नीमालामालाई नाम गरेको व्यक्तिलाई यो निगाहा गरियो।

## अनुसूची- २

स्वयम्भू र बौद्ध घ्याङ सञ्चालनको लागि गुन्डा लामालाई थामिदिएको ईस्तिहास



वि.सं १९४६ सालमा जङ्गबहादुर राणाद्वारा स्वयम्भू र बौद्ध घ्याङ सञ्चालनको लागि गुन्डा लामालाई

श्री सीम्बु घ्याङ्____१ श्री बौद्ध घ्याङ्____ १

ईस्तिहार

स्वस्ती श्री गिरी राज जक्र चुडामणि नरनारायणे त्यादी विवीधावली विराजमान मनोन्नत श्रीमानमहा राजधिराज श्री श्री श्री महा राज पृर्थि वीरविक्रम साह देव जंग राणा बहादुर संसेर देव नाम सदा समर देव नाम.........................................................

आगे पूर्व मेचि पश्चिम महाकाली दक्षिण चुरे उत्तर रसुवा यती हाम्रो गोर्खराज्य भर मुलूक को १८ नाल १२ तामाङ सेर्पा भोटे लामा जात गैह्र के अघि ६२ साल देषी हाम्रा जातको ११ वर्ष नाघेको कंने सतूवा विधुवा कंनेहरू उपाध्यय व्राम्हान बाहेक आफ्ना जात छोडी अरू जात दनुवार माफी कूमाल दराही चेपाङ हायु सुनूवार पहरिया जलकरिया वनधरिया वन् परिया नमासिने मतवाली जात गुरूङ मगर नेवार जैसी व्रम्हन संनेसी धामी तेराउते क्षेत्रि येति १३ जातले लगी करणी गरी हाम्रा जात भात सुरूफुरूमा पोरी हाम्रा जात भात केही ठेकी रहेन आफ्ना पूर्खले गरी आयाको थिती रिती पनि पायेन प्रभू यस्मा सिम्भू बौद्धको योल्मो बाराघ्याङ बाट यस्तो विथिती गर्ने हरूलाई ७ फेंरा संमा पैलापटक २४० रूपैया धारमार गरिनु दोश्रा पटक १२० गर्नु तेश्रा पटक मोरू ६०। गर्नु चौथा पटक मोरू ३० रूपैया संम गर्नू पाचौ पटक मोरू १५ गर्नु छैटो पटक मोरू ७ गर्नु सातौपटक रू ३। गर्नु निज हरूबाट धारमार गरी लियाको मोहरू लेषाउनी छपाउनी श्री बारा घ्याङको दस्तुर ३ षंडको १ षंड श्री सीम्बु घ्याङ् श्री बौद्ध घ्याङलाई चढाई अरू आफ्ना जातभात भदाह भाईले आफ्ना वेदको समृती गरी षानु भंने वेहोराको अघि मेरा बाजे थार्चे लामाको नाउमा लालमोहर भएको रहेछ प्रभु ऐले हाल सिम्बु बौद्ध समेत १२ घ्याङको हाली मोली मैले पाया को हुनाले मेरा नाउमा पनि लालमोहर गरी बक्से हुदाहो भनी तिमीले श्री मत राज कूमार मत श्री कमेंडरर ईनाचीफ जनरल देव संम्सेर जंग राणा बहादुर को हजुरमा विन्ती परेछौ र सोबाट हाम्र हजुरमा विन्ती पत्र जाहेर भो जस अर्थ अब उप्रंता तिम्रा बाजे थर्चे लामाले भोग गरी आयाको सीम्बु बौद्ध घ्याङको थिती बमोजीं हाम्रा पर्ब न पं को उमर हुँदा हामीबाट पनि तिमी सिम्बु बौद्ध घ्याङ बस्ने गुंडा लामाको नाउमा माथी लेषीया को थीती बमोजीं तींम्रा बाजे थर्चे लामाको नाउको लालमोहोर बमोजिं तींम्रा नाउमा लालमोहोर गरी बक्स्यौ आफ्ना लालमोहोर नाउमा भयाको लालमोहोर बमोजीं खातिर जामा सित भोगगर............................................................।

श्री मार्फत् श्री श्री श्री मतदर्त प्रचंड भुजडंड ईत्यादी श्री महाराजा वीर शम्सेर राणा बहादुर प्राईममिनिस्टर यंडर कमेंडर ईन चीफ...................................................................... १

मार्फत् श्री मत राजकुमार मत श्री कमंडर ईन चीफ जनरल देव शम्सेर जंग राणा बहादुर...... १

मार्फत् पूर्व तरफको कमंडर जनरल भीम संसेर जंग राणा बहादुर.................................... १

मार्फत् उत्तर तरफको कमंडर ललित संसेर जंग राणा बहादुर........................................ १

मार्फत् कमंडर करनेल कुल विक्रम धोज जंग राणा बहादुर............................................ १

मार्फत् श्री कमंडर सेर संसेर जंग राणा बहादुर.......................................................... १


मार्फत् श्री गुरू प्रोहित अम्रीनोराज पंडीत.................................................................. १

मार्फत् श्री गुरू प्रोहीत बजंती बामदेव पंडीत............................................................ १

ईति सम्वत १९४६ साल मीती माघ वदी ८ गते रोज ७ शुभम....................................... ।

**अनुसूची- २ : बौद्ध-मेलाम्ची घ्याङ गुठीसम्बन्धी हालमोहरू, रूक्कहरू र गुठी बन्दोबस्त अड्डामा बुझाएको हिसाबी कागजातहरू**

१. वि.सं. १९१६ मा तत्कालिन चिनियाँ लामा ताईफोसिंलाई दिएको लालमोहर




**लालमोहर लेख**


छेते टेफोसिं लामा फुछेदोर्जे

प्रसासीसौ

आगे चिनिञा टेफोसीं लामा कोन्छ्यो हुंजकै **१९११** सालमा छ्वाङ्ग सीतार लामाले भोट सँग लडाञी हुँदा गोर्षा नमानी भोटमा गई जालसाज गऱ्यको र श्री बौद्धका गुठी वांधारा घ्याङको जाहेर हुँदा **१९१४** सालका बालीदेषि षेछ्वाङ सितार लामा ... पासाङ लामालाई खोसी **२** लामाले अघिदेखि चलाई आयाको श्रीबौद्धको र मीलीं ची गुम्बाको नित्ये नैमीत्यक र पर्वपर्वको गुठी पूजा चलाई घ्याङ धर्म साल भत्क्याको विग्रयाको बनाउनु भनी मलाई श्री बौद्धको र मीलीं ची गुम्बा समेत यक्लौटी गरी पूजाहारीको दस्खत. भयाको हो. अघीका रीत बमोजिं नित्य, नैमित्यक पूजा चलाई आएको छु. म टाढा देसको मानिस चिनिया अक्षर पढाईनु पर्छ. ञाहा बस विवाह पनीगर. भंन्या हुँदा विवाह पनि गऱ्या, संन्तान पनि भया. श्री बौद्धको र मीलीं ची गुम्बाको यकौटी पुजाहारी को संतान दर संतान पर्यांत खोसमोस नगर्नु भंन्या लालमोहर गरी बक्स्या. पछि परान्तुसम्म सरकारको जये मनाई पूजा गरी जाहान पाली बसदा हुँ भनि तैले श्रीमदतां प्रचण्ड भुजदरोडा त्यादी. श्री श्री श्री. महाराज जङ्गबहादुर राणा जी.सी.वी. प्राइम्मीनीस्टर यान्ड कमांडर ईन चीफ. श्री भद्राज कुमार, कुमाराअज श्री कमांडर ईन चीफ जनर ल. कृष्ण बहादुर कुवर राणा मार्फत हाम्राहजुरमा बींती परी जाहेर गराईदा ऐं छेवाङ नाम्ग्याल लामाका नाउमा भयाका लालमोहर बमोजीं श्री बौद्धको र मीलींची गुम्बाको खेतपाखो सिध्य कुरीयाले बीग्राको बनाउनु जुगेका पाती जगाउनु चुन लगाउनु भनी उद्याउनी पद्याउनी भारा बेठबेगार दंड कंड भये अपुताली जो पैदा हुन्छ. तेसले श्री बौद्धको नीत्य नैमीत्यक पुजा गर्नु भनी. श्री **५** ज्यूजा बाज्या. श्री **५** बाज्याज्यू बाट गुठी थामी बक्स्याको हो. आज हामीले पनि सर्वकर अकर. सर्वांक माफ गरी थामी बक्स्यौ. भंन्या श्री **५** बुबाज्यू बाट ९४ साल मा गुठीको लालमोहर गरी बक्स्याको रहेछ. सो बमोजीं **१९०८** साल सम्म चलि आयाको रीती थीती सबै थामी श्री बौद्धको र मीलींची गुम्बाका नीत्य नैमित्यक पुजा र घ्यांको सदावर्त चलाई तेरा संतान दरसंतान लाई चीनीया अक्षर बोली आफुले जान्यासम्म सिकाउनु आफुले जान्या सम्मको अक्षर बोली नसीका या नपाहाया मोहर धुलीएला भंन्या बंन्देज बाधी लालमोहर गरी बक्स्यौं आफ्ना षातीर ज मासंग श्री बौद्धको र मीलींची गुम्बाका नीत्य नैमीत्यक गुठी पुजा र सदावर्त अघिदेषी चली आयाबमोजिम् कतीनघटाई चलाई हाम्रो जयमनाउन्या काम गर. ईती सम्वत् **१९१६** साल मीती कार्तिक सुदी ४ रोज १ शुभम.................................................।

२. चिनीयाँ लामा संगीन दोर्जे लामाको नाममा वि.सं. १९३६ मा जारी लालमोहर






**लालमोहर लेख**

श्री

प्रसासीसौ


आगे सदर दफदर खानाका नायेब सुबा लक्ष्मी प्रसाद उपाध्यायके येथोचीत उप्रान्त श्री बौद्धको र मेलांची गुम्बाका नीत्य नैमीत्यक पुजा र घ्यांको सदावर्त चलाई चीनीया अक्षर आफ्ना संतानलाई पढाई हाम्रो जये मनाई काम गर भंन्या १६ साल कार्तीक सुदी ४ रोज १ मा मेरा बाबु चिनिया टेफोसिं लामा कुंछ्वोदोर्जेको नाउमा लालमोहर गरी बक्स्या बमोजीम मेरा नाउमा लालमोहर गरी पाउन्य हुं भनी संगीन दोर्जे लामाले ह्राम्रा हजुरमा बींती पार्दा जाहेर भयो तसर्थ याका बाबुका नाउमा गरी बक्स्याका १६ सालका लालमोहर बमोजीम नीज संगीन दोर्जेका नाउमा लालमोहर ऐन सवालको रीत चलाई सौपी दीन्या काम गर भंन्या १९३३ साल मार्ग वदी ४ रोज ३ मा श्री ३ महाराज श्री कमंडर ईन चीफ का नेकी छाप लाग्याको सनद सदर दफदर खानाका १ लंबरका सवाल मोताबीक श्री गुरूप्रोहीत खजांची वामदेव पंडीत काजीका रक्षाका मध्येस्का लायरीलाई आयाका बाली लालमोहर मध्ये १ ली सोल्गली लालमोहरमा १९१६ साल मीती कार्तीक सुदी ४ मा चीनीया टेफोसिं लामा कुंछ्वोदोर्जेका नाउमा आयाको लालमोहर बमोजीमको बेहोरा हाली नीजका छ्वोरा संगीन दोर्जे लामाका नाउमा लालमोहर लखी मार्फत हालाई सौपी दीन भंन्या आफ्ना ... मा मध्य दस्का १ तीम जीक्र रक्षाका मध्येस्का लम्बरी लाई ...का खाली लालमोहर खाली लालमोहर १ ... दफदर पा... नायेब सुबा लक्ष्मी प्रसाद उपाध्यका जीम्मा दीन्या काम गर मंन्या श्री गुरूप्रोहीत षजांची वामदेव पंडीतज्यूका नाउमा ... दस्खत १ ... रहनु पर्न्या ठहराई तीमीले हाम्रा हजुरमा बींती पार्द जाहेर भयो तसर्थ श्री गुरूप्रोहीत खजांची वामदेव पंडीतज्यूका माग रक्षाका मध्यस्क लंबरी लाई आयाका बाली लालमोहर १ सो बाली लालमोहरमा चीनीया टेफोसिं लामा कुंछ्वोदोर्जे मर्दा नीजका नाउमा १९१६ साल मीती कार्तीक सुदी ४ रोज १ मा भयाको लालमोहर बमोजीमको बेहोरा हाली नीजका छ्वोरा संगीन दोर्जे लामाका नाउमा लालमोहर लेखी मार्फत हालाई सौपी दीन्या काम गर भंन्या प्रमांगीको दृहमा दस्खत गरी बक्यौं ईती सम्वत १९३६ साल मीती पौष सुदी ३० रोज २ शुभम.............................।


३. बौद्ध-मेलाम्ची घ्याङ गुठीको वि.सं. १९५४ सालको लालमोहर



४. गुठी ठेक असुलीका लागि १९८८ सालमा जारी हुकुमी रूक्का

१







... गुठीयाफालसासबुध्धाको पुजाहारी पुनेवज्र संगनी जलेसी बुध्धापाचाको [illegible]
उसीद्र सालआसमै सीताकवर्ष [illegible] कोआवीगो मोहर २५४४ [illegible]
गई [illegible] रसोवीगोवमोजी डिआरी [illegible] वातवर्षसगरी नीजका ठाउमा [illegible]
मागतलाई सी बुध्धाको पुजाहारी [illegible] कीपाईनैले जैसीको ठाउको [illegible] गर्नुपर्नेस,
[illegible] जैसीको ठामा [illegible] पुजाहारी [illegible] डोवस्तागराई अवअनो [illegible]
कोगर्नुपर्नेगरी चलापेन चलापेको [illegible] नेवारे [illegible] अपेका [illegible]
[illegible] ७०० को श्रीस्वयंभु [illegible] डीसम्मतालो
[illegible] पुजा [illegible] पर्व [illegible] चलाई [illegible] डीतलो [illegible]
[illegible] भ्यालतामा को [illegible] मोजी [illegible] पुजा [illegible]
रैमा सो [illegible] को पुजा [illegible] पालामा लाई [illegible] मोजी [illegible]
[illegible] मोहर [illegible] अडेवात [illegible] गरी [illegible]
पर्चा [illegible] पुजाहारी [illegible] सजापे [illegible]
[illegible] गाई [illegible] कोरी मोहर [illegible]
[illegible] डोवस्त [illegible] आसीये [illegible] गर्नुपर्नेको [illegible]
[illegible] सजाये [illegible]













[illegible]

[illegible]कनासाथ भेरा वाईमा भयेका सनद्[illegible] [illegible] आईला भेलेव

वाईजुपतै [illegible] नाईतासो [illegible] [illegible]कोवनाईनची मीतदा

[illegible] सालको [illegible] मयेप वास [illegible] [illegible] साल रको [illegible]

[illegible] डीघार [illegible] साल [illegible] सालवै साथ मे [illegible] गरा [illegible]

[illegible] गरोर [illegible] [illegible] कोको नै को गरि

धर्मलो [illegible] गरे [illegible] सारी [illegible] साल पोस [illegible]

[illegible] [illegible]को पुजा [illegible] रि [illegible]

[illegible] पुजा [illegible] कागरा आज्ञाका [illegible] [illegible]

[illegible] नीका साव [illegible] आवसेक परी [illegible] गरेका [illegible] सजापेका [illegible]

[illegible]को वपनै [illegible] [illegible]

सा [illegible] पुजा [illegible] [illegible] [illegible]


[illegible] [illegible] धर्मलोप गरेको [illegible] [illegible] [illegible]


[illegible] [illegible] धर्मलोप गरेको [illegible] [illegible]

[illegible] [illegible] पैस [illegible] पुजा [illegible]

[illegible] पुजाहारीको [illegible] [illegible]

[illegible]




[illegible]

मेक. नवराज वाक्ता दरसीङ ——— १

ना. सु. कालीचरण ——— १


ख. डिमेश्वर लाल ——— १

पु. धीजमान ——— १

इति सम्वत १८[illegible] साल चैत्र गते रोज [illegible]


## ५. तत्कालिन चिनियाँ लामा पुण्यबज्रले वि.सं. २००३ सालमा गुठी बन्दोबस्त अड्डामा बुझाएको आय-व्यय हिसाब

१





[illegible]

३



**५. वि.सं. १९७६ मा छेवाङ सितार लामाका बाजेको मृत्युपछि उठेको विवादमा जारी कागजात**






बौद्ध घ्यां गुम्बपहर

माघ सुदी ४ रोज ४

बालीमा सारी दीनु भंन्या आउन्या वडा लेफटेन देवोगम पाध्ये

आगे बौद्धको छेवाङ सितार लामा के हामीहरूका बाज्या मर्दा बौद्धको पुजा चारै पाउन्य हुं भनि बादी आउदा अलग थमा पुर्पछे भै दुई भाई लाई आधा आधा गरी दीयाको हो **१९७६** सालमा लामाका नामका श्रेष्ताले बाबुमान्यापछि जोजेठो हुन्छ उसैले .. भनी के..का .. .. ले बींती गर्दा मेरा बाजे फुन्जो नाम्ग्याल लामाका नाउमा भयाको पुजा यकौतो गरी .. .. .. पछीको .. रीजी फावा साङ लामाले अ.. नाउमा मोहसाराई खाया जोजे जे हुन्छ उसैले पाउछ भन्य श्रेष्ताले पुजा .. न्या हुं भनि श्री महारज कुमार कुमारा .. श्री .. ईनचीफ जनरल वंबहादुर राणा जी मार्फत हाम्रा हजुरमा विंती पर्दा जाहेर भयो रीजी फपा लामाका नमा भयाको मोहर हामी तेरा नाउमा बौद्धका पुजाको मोहर गरी बक्स्यौ आघे तेरा बाबुका नाउमा मोहर भई चर्च्या बमोजीमको जगा चलन गरी बौद्धको पुजागरी हाम्रो जये गरी भोग्य ईतीमीती सउर.........................................।

**अनुसूची-३ :** गोपालराज वंशावली



गोपालराजवंशावलीको पत्रः **२०** को केही अंशको अनुवाद

'राजा श्री विश्वदेव वर्ष **१००** तेन कृत सीनगुविहारचैत्यभटारिक प्रतिष्ठित सम्पूर्ण कृतम् ॥ तत्रेव पनालिका चः ॥ पुन श्रीपशुपतिस्थाने पुत्र वृहत्त्रीसुल प्रतिष्ठितम् तस्य मृत्ती स्वपुत्रेण रात्रे पनालिकास्थाने शिरश्छित्वा पिताज्ञा कृतम् । तस्य पुत्र श्रीमानदेव वर्ष **४१** तेन मज्ञातेन पिता वध कृत्य । महाघोर पातक कृतेन महारोदमान भ्रमित्वा गुंविहारशिखरे तप कृतम् । तपःप्रभवान्महाचेतमुतपद्यते प्रतिष्ठितश्च ॥ तत्राद्यो बहुतरविहारस्थान -

अर्थात्

राजा श्री विश्व (वृष) देव; वर्ष **१००** l तिनले सीनगुं (स्वयम्भू) विहारमा चैत्य भट्टारकको प्रतिष्ठा गरे । त्यहीं ढुङ्गेधारा पनि बनाए । फेरि श्रीपशुपतिस्थानमा उत्तरपट्टि ठूलो त्रिशूलको प्रतिष्ठा गरे । राति प्रणालिकास्थान (ढुङ्गे धारा) मा छोराद्वारा शिर काटिएको हुँदा तिनको मृत्यु भयोः बाबुको आज्ञाद्वारा यो गरिएको थियो ।

तिनका छोरा श्रीमानदेव भए; वर्ष **४१** । तिनले थाहा नपाई बाबुका बध गरे । त्यस्तो महाघोर पाप गरेका हुनाले रुँदै घुम्दै गुँविहारको शिखरमा पुगी तपस्या गरे । तपस्याको प्रभावले ठूलो चैत्य उत्पन्न भयो र तिनको प्रतिष्ठा गरियो । त्यहाँ पहिलेका धेरै विहारको स्थान ....

(साभारः NGMPP राष्ट्रिय अभिलेखालय, काठमाण्डौं : Reel No. B18/23)

**अनुसूची-४ :** बौद्धनाथ क्षेत्रका गुम्बाहरू (गम्बाको नाम, स्थापना मिति, प्रमुख लामा, गुम्बाको किसिम र गुम्बा विकासमा दर्ता मितिसहित)

| क्र.सं. | गुम्बाको नाम | ठेगाना | स्थापना | सप्प्रदाय | प्रमुख लामा | किमिम | गुम्ब विकासमा दर्ता | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर्ता नं. | दर्ता मिति |
| १ | गुरू ल्हाखाङ (चिनिया लामा गुम्बा) | कामनपा-६ | १०० वर्ष अघि | ञिङ्मा | चिनीया लामा (सेख दोर्जे लामा) | सार्वजनिक | ६८५ | २०५७/०८/०२ |
| २ | त्रिकाल मैत्रेय बुद्ध विहार | कामनपा-६ | १९८३ | साक्यपा | चोग्ये ठिछेन रिन्पोछे | व्यक्तिगत | ९७१ | २०५९/०५/२७ |
| ३ | थेकछेन लेक्छेलिङ गुम्बा | कामनपा-६ | १९८५ | कर्ग्युपा | फुन्छे लामा | सार्वजनिक | १०२९ | २०५९/०६/२४ |
| ४ | बुद्ध धर्म चक्र द्विप गुम्बा (साङ्ग्य क्षोखोरलिङ) | कामनपा-६ | २००३ | ञिङ्मा | तोर्चे गुरूङ | सार्वजनिक | २२३४ | २०७२/१२/०१ |
| ५ | साम्तेनलिङ गुम्बा | कामनपा-६ | २०१० | गेलुक्पा | फुतुण्ड शेर्पा | सार्वजनिक | १५६० | २०६६/१२/२६ |
| ६ | दिलयाक हजार बुद्ध गुम्बा | कामनपा-६ | २०२३ | कर्ग्युपा | उर्गेन दास लामा | व्यक्तिगत | १२४३ | २०६२/०१/२९ |
| ७ | चेछेन स्येढुपलिङ साक्य थारिग गोन्पा | कामनपा-६ | २०२४ | साक्यपा | थरिग टुल्कु रिम्पोर्छे नेवो खेलाङ लामा | व्यक्तिगत | १२१ | २०५४/०३/११ |
| ८ | सेग्युद दाछाङ गुम्बा | कामनपा-६ | २०२४ | गेलुक्पा | दाम्दीङ शेर्पा | व्यक्तिगत | १०३७ | २०५९/०८/०९ |
| ९ | नमोबुद्ध बैद्धधर्म तथा शिक्षण केन्द्र ठाङ्गु टासी छ्योइलिङ | कामनपा-६ | २०३५ | कर्ग्युपा | हेडा ठा. लामा रिन्पोछे | सार्वजनिक | १०६ | २०५३/१२/२७ |
| १० | अर्गेन दोङग क्षोलिङ गुम्बा | कामनपा-६ | २०३८ | ञिङ्मा | कर्मा सोनाम तामाङ | व्यक्तिगत | २१७५ | २०७३/०८/२९ |
| ११ | पाल थुप्तेन डेदोन सेडुप दर्गेलिङ | कामनपा-६ | २०४२ | कर्ग्युपा | अम्जीन लामा | व्यक्तिगत | ११५७ क | २०६०/०७/१९ |
| १२ | कर्मा दोर्जे छ्योखोरलिङ महाबैद्ध विहार | कामनपा-६ | २०४३ | कर्ग्युपा | खेन्चे रिन्पोछे | सार्वजनिक | १०९१ | २०५९/०८/१० |
| १३ | धोडयाङ सेडुप थुप्तेन धार्गेलिङ गुम्बा, चोडाक तेनजिन लाब्राङ | कामनपा-६ | २०४४ | कर्ग्युपा | अतारी तेन्जिङ रिन्पोछे | सार्वजनिक | ११७० | २०६०/११/०८ |
| १४ | महायान प्रकाश पलयुल धर्मालय | कामनपा-६ | २०४८ | ञिङ्मा | एच.एच. पेनोर रिन्पोछे | व्यक्तिगत | १०५७ | २०५९/१०/२७ |
| १५ | थलम संगम नामग्यालिङ साक्य धर्म विहार | कामनपा-६ | २०४८ | साक्यपा | जम्याङ खेडुप, देछुङ रिन्पोछे | सार्वजनिक | १०२१ | २०५९/०६/०८ |
| १६ | बुद्ध समाज सेवा केन्द्र गुम्बा | कामनपा-६ | २०४८ | ञिङ्मा | ङावा लामा | सार्वजनिक | १२९५ | २०६३/०४/०७ |
| १७ | ड्रिगुङ काग्युद रिन्चेन पाली गुम्बा | कामनपा-६ | २०५० | कर्ग्युपा | छेवाङ दोर्जे लामा | व्यक्तिगत | १३०३ | २०६३/०२/०६ |
| १८ | उर्गेन छोलिङ गुम्बा | कामनपा-६ | २०५२ | ञिङ्मा | छुटु लामा | सार्वजनिक | १५९ पु | २०५२/१२/०१ |
| १९ | भुरमाङ काग्यु गुम्बा | कामनपा-६ | २०५४ | कार्ग्युपा | सेगा लामा, भुरमाङ रिन्पोछे | व्यक्तिगत | ११०८ | २०६०/०२/१६ |
| २० | ह्योल्मो जवसाङ देक्षेन हेसाल क्ष्योलिङ | कामनपा-६ | २०५७ | ञिङ्मा | केसाङ लामा | सार्वजनिक | १०१९ | २०५९/०१/०३ |
| २१ | कान्यिङ सेडुपलिङ (सेतो गुम्बा) | कामनपा-६ | २०५८ | ञिङ्मा | टुल्कु छ्योकी निमा लामा | सार्वजनिक | १३०१ | २०६३/०५/२६ |
| २२ | शाक्य घिरी बडा गुरू | कामनपा-६ | २०५९ | साक्यपा | टासी छुम्पेल रिन्पोछे | सार्वजनिक | १०३४ | २०५९/०८/०९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३ | टेक चोक लिङ गुम्बा | कामनपा-६ | २०५९ | कग्युपा | अनी ज्याम्बो छोजेम लामा | सार्वजनिक | १२७९ | २०६२/१०/१७ |
| २४ | साङधोक पालरी निङ्मा गुम्बा | कामनपा-६ | २०६० | निङ्मा | गणेश ब. लामा | सार्वजनिक | ११५९ | २०६०/११/१० |
| २५ | पोरोङ पेल्मो छोदिङ गुम्बा | कामनपा-६ | २०६२ | निङ्मा | सोनाम डोन्डुब | सार्वजनिक | १९०९ | २०७१/०१/३० |
| २६ | नाम्गेल ज्याङछ्युब छोलिङ गुम्बा | कामनपा-६ | २०६३ | रीमेद | नाम्गेल लामा | सार्वजनिक | १६३७ | २०६७/०१/२५ |
| २७ | खावालुङ साम्तेन छ्योइलिङ गुम्बा | कामनपा-६ | २०६३ | निङ्मा | फिमे तोर्ची लामा | व्यक्तिगत | १२७२०३ | ०६२/०९/१८ |
| २८ | बज्रयोगिनी बिहार | कामनपा-६ | २०७७ | साक्यपा | लामा ज्याम्याङ खेडुप | सार्वजनिक | २७०६ | २०७७/११/२६ |
| २९ | सिछेन तन्यी दार्गेलिङ गुम्बा | कामनपा-७ | उ.न. | निङ्मा | च्यापा तामाङ उपाध्यक्ष | सार्वजनिक | १९८ ख | २०५५/०३/०७ |

*स्रोत: बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (वार्षिक प्रगति प्रतिवेदन अ.व. २०८०/०८१)*

**अनुसूची-४** : बौद्धनाथ क्षेत्रका संघसंस्थाहरूको सूची

**धार्मिक-सांस्कृतिक गुठी-संस्थाहरू**

१. श्री बौद्ध तथा मेलाम्ची घ्याङ गुठी

२. श्री बौद्धनाथ क्षेत्र विकास समिति

**सामाजिक-सांस्कृतिक गुठीहरू**

३. श्री बौद्ध तामाङ कल्याण गुठी

४. ओम तामाङ सुख दुःख गुठी

५. बज्यु गुठी

६ दे भ्वय गुठी

**सामाजिक संघसंस्थाहरू**

७. बौद्ध जेष्ठ नागरिक समाज

८. छ्योरङान महिला समाज

**खेलकुदसँग सम्बन्धित संघसंस्थाहरू**

९. बौद्ध पिपलबोट युवा क्लब

१०. टुसाल युवा क्लब

११. बौद्ध भेट्रान क्लब

१२. जोरपाटी भेट्रान क्लब

१३. स्पोर्ट युवा क्लब, तीनचुली

१४. पानीट्याङ्की युवा क्लब

१५. टाउन प्लानिङ युवा समाज

**सरकारी निकाय**

१६. काठमाडौँ महानगरपिलका वडा नं. ६।

१

# चीनियाँ लामाको शान्तिसन्देश फिँजाउँन नेवारी र संस्कृतग्रन्थ खोज्न नेपालआगमन (वि. सं. १९८६)

बिन्तीपत्र जाहेरी

उप्रान्त महाराज करुनानिधां दयासागर धर्म अवतार प्रभु हिजो श्रीबुद्धसम्सेरले मलाई डाकीपठायेछं निजगां जाद तिमीं त्रिपुरेस्वोरमा जानु तहा चिनिया ३ जना आईबस्येको छ· तिनिहरूलाई तिम्रा घर लगी वौधमंदीर देषाईदेउ भनि मरजी भयाकोले म तहा चिनियाहरू भयाको ठाउमा गै कुराकानी गरी सोदनि गरे तिमिहरू कहादेषी आयो कुन देस्को हो के कांमा आयो भनि भंद हामी चिन् पेकींसहरदेषी आयेको हो· भीक्षुमतको हुं १ जनाचाई अङरेजी जानेको छ बुद्धधर्ममतको हो नेपाल्मा के धर्ममा गरने रहेछ· सो हेरन र वौधमंदीरहरूको दरसं गरनु आयेको हो ञहा नेपाल्मा १५।२० दीं बसी भोट तिबेट ल्हासमा जान्छु भनि भन्यो· मैले यो नेपाल्वाट तिमिहरूले भोट तिवेट ल्हास जानु सकदैन बाटो साह्रैं नराम्रो छ तिमिहरू भोट तिबेट जानुलाई कालीपुङबाट बाटो पनि सजिलो छ तेस्बाट जानुलाई बहुतै सुबिस्त हुन्छ भनि भन्द तेतैबाट जानुपरला भन्यो अैले चिनमा के हाल् छ राज छ छैन भन्द राज सुतिरहंछ उमेर २० वर्षको भो सो राजकां रेपब्लीक प्रेसीडेन्टवाट राजनिति चलाउंछं तर ह तेस् चिन्देस्मा पनि आपस्भित्र बराबर लडाई नहोस् मिलाप् गरनु सकिछ कि भनि बुद्धधर्मबाट निजहरूलाई उपदेस् दी सांति गरनु बडा कोसीस् गरदैछ· तेसविसाइमा

भोट्तिबेट्मा गै बुद्धधर्म पुरा सीषन आयेको हुं ऋहा नेपाल्मा संस्कृत र पुरानु नेवारपोस्तकहरू पाये षरीदिनु आयेको हुँ भनि भन्यो हाल् इनीहरू चिनदेषी आयेको ६ मैह्ना मात्र भयेछं तस्वीर षिजने सारदंसमेत रहेछ भयाको बेहोरा जाहेर गरन आयेको छ प्रभु जो हुकुं—

इत सदा सेबक बौध बस्न्या

चिनिया पुण्यवज्र लामाको कोठी कुर्णेश ३

इति सम्वत् १९८६ साल श्रावण ४ गते रोज ६ शुभम्

उन्नाइसौं शताब्दीको उत्तरार्धदेखि सरकारी खर्च दिएर वृत्ति खुवाएर भोटमा पठाई ४ जना नेपाली केटालाई तिब्वती चीनी भाषा पढाउने गरिन्थ्यो। यसभन्दा पहिले पनि भोटमा व्यापार गर्ने बेपारी र नाइकेहरू विशेषतः भोट भाषाविज्ञ नै हुन्थे। पछि धेरै जना लडकाहरूलाई तिब्बती चीनी भाषा पढाउने नेपालसरकाको विचार भयो। धेरै लडका पढाउन पठाउनलाई भोटचीनबाट मञ्जुरी नआउदा नेपालसरकारले यहीं चीनी भाषा पढाउने प्रबन्ध गऱ्यो र एक पाठशाला खोल्यो, अर्थात् चीनी भाषा जान्ने लामा ल्याएर खास्तीचैत्यमा राखेर च्यांग्रासीको पूजा गर्नू नेपाली केटालाई चीनी भाषा पढाउनू भनेर धेरै जग्गा गूठी राखिदियो। परन्तु पछि पूजाहारी लामा चीनी भाषचाहिं नजान्ने नपढाउने गूठीमात्रै खाने भए। यस सम्बन्धमा अन्यत्र म छुट्टै विचार गर्नेछु। बौद्धघ्याङमा बस्ने यी लामा पहिले चीनी भाषा पढाउने हुंदा चीनियाँ लामा कहलाएका थिए। वास्तव चीनदेशवासी भएर चीनियाँ लामा कहलाएका चाहिं होइनन्। नेपालको पेचिनसँग प्रत्यक्ष सम्बन्ध छुटेपछि यी लामा भोटचीनको खबर सुनेजानेको सबै श्री ३ मा जाहेर गर्दथे। उताबाट आउने मानिसको आगवानी गर्दथे उनको गतिविधिमा जानकारी राख्तथे। भोटचीनबाट आउने यात्रुको मात्रै होइन, बौद्ध तीर्थ गर्न बौद्ध धर्मसम्बन्धी अध्ययन गर्न आउने अरूको पनि यी चीनियाँ लामा नै मार्गदर्शक बन्दथे।

यस बेला चीनमा प्रजातन्त्र शासन चलेको १७।१८ वर्ष भइसकेको थियो । पहिल्यैं बादशाह पनि पदच्युत भएका र राष्ट्रपति नै सर्वोच्चशासक मानिन्थे । यहाँ राजा २० वर्षको भयो, काम नगरी सुतिरहन्छ भनी जाहेर गरिएको छ ।

वि. सं. १९८६ को बर्खामा एक चीनियाँ बौद्धभिक्षुको टोली समुद्रमार्गबाट कलकत्ता हुँदै नेपाल आयो । यसको आगमनको उद्देश्य बुद्धको शान्तिसन्देश फिँजाएर आपसमा सद्भावना बढाउनु लडाइँभिडाइँ कम गर्नु र नेपाल भोटमा गएर पुराना बौद्ध संस्कृतग्रन्थ नेवारी पुस्तक संग्रह गरेर बौद्ध धर्मको अध्ययन गर्नु पनि रहेको थियो भनिन्थ्यो ।

यसै कारण नेपालमा आफ्नो काम सकी यतैबाट यो दल भोट पनि जान चाहन्थ्यो । परन्तु बाहिर यस्तो पवित्र उद्देश्य भएपनि भोटसँग चीनको पनि सम्बन्ध राम्रो नभएर चीनी सेना भोटसीमानामा जम्मा भएको र नेपालसँग पनि घ्याल्पो सेपाँकाण्डबाट सम्बन्ध बिग्रिएर उग्ररूप लिएर युद्धस्थितिको समस्या संग्रालिएको वेला आएको यस टोलीप्रति नेपालका तात्कालिक शासक सशङ्कित हुनु स्वाभाविकै थियो । यसैले चीनियाँ लामा मार्ग निर्देशकको रूपमा यिनको निगरानीमा खटिएका थिए र यताबाट भोट जानु सम्भव छैन भनेर उनले यस चीनियाँ लामाको टोलीलाई दोर्जेलिङ्गतर्फ पठाउने प्रयास गरेका थिए ।

[ ४६३ ]

(ज्ञानमणि नेपालको नेपाल-भोटचीनसम्बन्धका केही सांस्कृतिक पक्षबाट- नेपाल राजकीय प्रज्ञा पतिष्ठान, २०५४)

१

# छैठौं अध्याय

## मगन्तेहरूसँगको मेरो मैत्री भावना

ठूलो काश्यप स्तूपलाई घेर्ने गाउँलाई साधारणतया बौद्ध नाउँले पुकारिन्छ। लामा बुद्ध बज्र त्यस गाउँको प्रधान र त्यस समाधि स्तूपको सर्वश्रेष्ठ व्यक्ति थिए। त्यो समाधि स्तूपलाई तिब्बती भाषामा यम्बु चोर्टन चेन्पो भनिन्छ। तिब्बतमा काठमाडौंलाई यम्बु भनिन्छ र त्यो ठूलो स्तूपलाई चोर्टन चेन्पो। स्तूपको सम्पूर्ण यथार्थ नाउँ 'जा रङ्ग काशोल चोर्टन चेन्पो' हो। यसको अनुवाद यसरी गर्न सकिन्छ: 'अगाडि बढ्ने आशाको पालना भएको छ।' यो स्तूपको आफ्नै घत लाग्दो इतिहास छ, जसले यो अनौठा नाउँको व्याख्या गर्छ। यो इतिहास अनुसार भनिन्छ— काश्यप एउटा बुद्ध थिए, जो शाक्यमुनि बुद्धभन्दा धेरै वर्षअघि जन्मेका थिए। काश्यप बुद्धको निधन भएपछि एउटी बूढी महिलाले आफ्नो चारजना छोराहरूलाई साथमा लिएर अहिले जुन माटोको ढिस्को खडा छ, त्यही ठाउँमा ती महात्माको अवशेश गाडेकी थिइन्। त्यो माटोको ढिस्को बूढी महिला आफैले बनाएकी थिइन्। ढिस्को निर्माण गर्नुभन्दा अगाडि तिनले त्यस बेलाको राजासँग बनाउने अनुमति लिइन्। ती महिला र उनका चारजना छोराहरूको ठूलो त्यागको फलस्वरूप जगको निर्माण कार्य समाप्त भएपछि त्यो देख्ने मानिसहरू त्यसको विशालता देखेर आश्चर्य चकित भएका थिए। विशेष गरेर सरकारी उच्च पदाधिकारीहरू र धनी मानिसहरूलाई आश्चर्य लागेर उनीहरूले भने छन्— यस्ती गरीब बूढी महिलालाई यति भव्य स्तूप बनाउने अनुमति दिएको रद्द गरियोस्। यसरी ईर्ष्या गरी उनीहरूले हामी एउटा पहाड जत्रो मन्दिर बनाउँछौं, त्यो बूढीको काम रोक्न लगाउन पाउँ भनी राजासँग अनुमति मागे। उनीहरूले यस्तो अनुमति मागेपछि राजाले जवाब दिए: "मैले ती महिलालाई काम चालु

गर्ने हुकुम दिइसकेको छु। राजाहरूले आफूले भनेका कुरा फिर्ता लिन हुँदैन र मैले अब आफूले दिइसकेको हुकुम फिर्ता लिन सक्तिन।" यसरी त्यो स्तूप बनाउन दिइएको थियो र यस कारण नै यस्तो अपूर्व नाउँ रह्यो, 'जा रङ्ग काशोल चोर्टेन चेन्पो।' तर म विचार गर्छु त्यो स्तूप शाक्यमुनि बुद्धको कालपछि बनाएको हुनुपर्छ। किनभने तिब्बती किताबहरूबाट लिइएको उपर्युक्त वर्णन संस्कृतमा लेखेको कुरादेखि भिन्न छ र तिब्बती किताबमा लेखिएको भन्दा बढ्ता विश्वस्त छ।

हरेक साल सेप्टेम्बर महीना र चन्द्र पञ्चाङ्गको आउँदो फेब्रुअरी महीनाको बीचमा तिब्बत, मङ्गोलिया, चीन र नेपालबाट थुप्रै मानिसहरू त्यस भव्य मन्दिरप्रति आफ्नो श्रद्धाभक्ति प्रदर्शन गर्न आउँछन्। उनीहरूले त्यस मन्दिरको दर्शन गर्नका लागि स्पष्ट रूपले साह्रै नै प्रतिकूल मौसम छानेको कारण के हो भने गृष्मकालीन महीनाहरूमा उनीहरू हिमालको बाटोबाट आएको खण्डमा उनीहरूलाई मलेरिया जरोले सताउनेछ। धेरै जसो यात्रुहरू तिब्बती हुन्छन्। उनीहरू थोरै संख्यामा मात्र कुलीन र सुकिला हुन्छन्, धेरै जसो दीन र दरिद्र हुन्छन्। उनीहरूले यताउति भ्रमण गरेर जिन्दगी बिताउँछन्। स्तूपको आसपासमा बसेर उनीहरूले जाडो महीना काट्छन् र गर्मी महीना आएपछि तिब्बत फर्केर जान्छन्।

म नेपालमा आइपुगेको कारण मेरो उद्देश्य अनुसारको बाटो मैले आफैले छान्नु थियो। नेपाल र तिब्बतको बीचमा धेरै राम्रा राम्रा सडकहरू र गोरेटोहरू रहेछन्। तर यस मामलामा मैले कसैलाई पनि, यहाँसम्म कि मेरो दयावान् र उपकारी घरपट्टी लामा बुद्ध बज्रलाई समेत विश्वास नगर्ने मेरो अवस्था थियो, किनभने लामा बुद्ध बज्रको निम्ति म एउटा राम्रो बाटो छानेर ल्हासा पुगी त्यहाँबाट चीन जाने एउटा सुयोग्य चिनिया थिएँ। यो बाहेक लामा चाहिं नेपालका राजालाई तिब्बत सम्बन्धी कुराको व्याख्या गर्ने हुन् भन्ने कुरा मलाई थाहा थियो र मैले मेरो गोप्य कुरा उसलाई भनिदिएको खण्डमा उसले आफ्नो कर्तव्य सम्झी त्यो गोप्य कुरा राजालाई भनिदिनेछन्। यसबाट मेरो तिब्बत यात्रा बीचमै रोकिन्थ्यो। म यहाँ के पनि सूचित गर्छु भने नेपालीहरूले लामा बुद्ध बज्रलाई ग्यालामा भन्छन्। यसको अर्थ हो चिनिया लामा। किनभने उनी एउटा चिनिया पुरोहितका छोरो थिए जसले स्तूपको प्रमुख भएपछि एउटी नेपाली महिलासित बिहे गरेका थिए। मेरो घरपट्टीको बुवा पुरानो सम्प्रदायको व्यक्ति भएकाले विवाहको विशेषाधिकार

उपभोग गर्थे। यसरी लामा बुद्ध बज्रले मलाई आफ्नै देशवासी भन्ठानेर चाख लिई विशेष दया देखाएका थिए। यी कुरा जे सुकै होस् मेरो लागि तिब्बतको गोप्य बाटो पत्ता लगाउनु आवश्यक थियो।

मगन्ते तिब्बती तीर्थ यात्रीहरूले आफ्नो देशबाट बाहिर जान र भित्र आउनलाई आफ्ना सीमानाका धेरै ढोकाहरू पार गर्नु पर्छ। यसको लागि पास पाउन सकिन्न भन्ने लाग्यो। मैले यो कुरा पनि सम्झें कि तिब्बतका बासिन्दा नै भए पनि कुनै विशेषाधिकारयुक्त व्यक्ति हैन भने ती ढोके पालेहरूलाई पर्याप्त मात्रामा घुस ख्वाउन नसकेमा तिनीहरूले पास पाउन सक्तैनन्। अत एव ती मगन्तेहरूले पास पाउन नसक्ने स्पष्ट हुन्छ। यी नै कुरा सोचेर मैले तिब्बती मगन्तेहरूसँग मित्रताको साइनो जोडें। त्यसबेला तिनीहरूको संख्या काश्यप बौद्ध स्तूपको वरपर निकै थियो। मैले उनीहरूप्रति देखाएको उदारताले म उनीहरूको बीचमा खूब लोकप्रिय भएँ। पहिले त उनीहरू मप्रति सन्दिग्ध थिए तर पछि मसित डराउनु नपर्ने कुरा बुझेपछि उनीहरू मसित हेलमेल गर्न थाले। मैले धेरै गोप्य बाटाहरू भएको कुरा उनीहरूबाट थाहा पाएँ, तर कुनै पनि मेरो निम्ति सुरक्षित भएको पाइन। उदाहरणको निम्ति उनीहरूले न्यालामको गोप्य बाटो बारे भने, यो बाटो लागे पछि केरुङको ढोका छल्न सकिन्छ तर भित्रपट्टिको अर्को द्वारको सामना गर्नु पर्ने जोखिम आइपर्छ। अर्को कुरा शारकोङ्पोको बाटो लागेपछि तेनरीको ढोकाको सामना गर्नुपर्ने हुन्छ। यसरी जुनसुकै बाटो लागे पनि एक न एक ढोकाहरूको सामना गर्नुपर्ने हुँदोरहेछ। पालेहरू भएको ढोका ननाँघीकन नेपालबाट तिब्बतको राजधानी पुग्ने बाटो पत्ता लगाउनु असम्भव जस्तै देखियो। उनीहरूसँग पास पनि छैन र घूस दिने पैसा पनि नभएकोले ती मगन्ते तीर्थयात्रीहरूसँग एउटै उपाय थियो, त्यस्तो ढोका आयो भने पालेहरूलाई प्रार्थना र बिन्तीभाउ गरेर जानदिनु होस् भनी अनुरोध गर्ने। यसरी मात्र भित्री ढोका पनि छिर्न सम्भव हुँदो रहेछ। मेरो बारे कुरा भिन्नै थियो। पालेहरूसित अनुरोध गर्दा मेरो छद्म–भेष पत्ता लाग्ने जोखिम थियो। तर मेरो आग्रहयुक्त प्रयासहरू अन्तमा सफल भए। मलाई थाहा भयो अलिकति घुमेर गएपछि यी पालेहरू भएका ढोकाहरूबाट नगैकनै म ल्हासा पुग्न सक्दो रहेछु। साधारणतया नेपालको राजधानीबाट सरासर ल्हासाको यात्रा गर्नलाई उत्तरपूर्वको बाटो लाग्नु पर्छ, तर मैले भरखर उल्लेख गरेको बाटो चाहिं उत्तर–पश्चिमको बिपरीत पर्छ, जहाँबाट नेपालको सीमान्त भूमि

तिङरी

लो भन्ने ठाउँमा पुगिन्छ । त्यहाँबाट याङ्गताङ्ग भन्ने उत्तरी मैदान आउँछ, तर वास्तवमा त्यो तिब्बतको पश्चिमी मैदान हो र अन्त्यमा मानसरोवर तालको नजीकैबाट जानुपर्छ । यो वेचलतींको बाटोबाट जाने मैले अठोट गरें । यसरीं मेरो भाग्य फेरि चम्कयो ।

यो विचार त राम्रै हो, तर मैले कुनै स्पष्ट कारण नभैकन यस्तो विशेष रूपले घुमाउरो र खतरनाक बाटो अँगाल्दा शङ्का लाग्न सक्छ । भाग्यबश मैले एउटा राम्रो निहुँ भेट्टाएँ । किनभने मैले बौद्ध मूल ग्रन्थहरूमा बराबर भेटिने आनवतप्त तालसँग मानसरोवर तालको समानताको बारे विचार गर्थें । यो समानताको बारेमा विद्वान्हरूको राय मिलेको सर्वमान्य नभएता पनि मेरो उद्देश्यको निम्ति त्यो पर्याप्त थियो । समानतालाई मान्यता दिए पछि त्यो तालको छेउमा भएको कैलास पर्वत बुद्धको स्मृति स्वरूप प्रकृतिको मण्डप थियो भनेर तर्क गर्न सकिन्थ्यो, जो बौद्ध तीर्थ यात्रीको निम्ति एउटा महत्त्वपूर्ण तीर्थ बनेको थियो । यसकारण मैले एक दिन मेरो आतिथ्य गर्ने लामाजीसँग भनें: "यहाँसम्म आइसकेपछि मैले यहाँबाट ल्हासामा र ल्हासाबाट चीनमा बकुलाको जस्तो यात्रा गर्नु पर्‍यो भने मलाई सँधै यस्तो अपूर्व मौका गुमाएकोमा अपसोस हुनेछ । चिनिया मूलग्रन्थले मानसरोवर (तिब्बती भाषामा माफामयन्शो) तालको किनारमा त्यति माथिसम्म उठिरहेको कैलास पर्वत (तिब्बती भाषामा— कैङ्गरिन्पोचे) को बारेमा जिकिर गरेको छ । म घर फर्केर जाँदा त्यो पवित्र पहाडमा जान चाहन्छु । अत एव तपाईले मेरो गुन्टा बोक्ने मानिसहरू मिलाई दिनु भए म तपाईंप्रति धेरै अनुगृहित हुनेछु ।" मैले जवाबस्वरूप पाएको कुरा सहानुभूतिपूर्ण भएता पनि उत्साहवर्धक थिएन । अन्त्यमा ग्यालामाले मलाई मेरो उद्देश्य परित्याग गर्न अनुरोध गरे, किनभने उनले भने— उत्तर पश्चिमको मैदानमा बाटोघाटो छैन र त्यहाँ यथेष्ट लुटेरा डाँकाहरू छन् । त्यो स्वच्छ पहाडमा जाने उनको पनि ठूलो इच्छा रहेछ तर उपरोक्त मुश्किलहरूले गर्दा त्यस इच्छालाई पूर्ण गर्न उनले सकेनन् । त्यसैले मेरो अदूरदर्शी निर्णयलाई परित्याग गर्न जोडदार सल्लाह दिए । एक दुई जना नोकरहरूलाई साथमा लिएर त्यस्तो ठाउँमा जाने साहस गर्नु मृत्यु खोज्नु जस्तै हुन्छ, भने । "जन्मे पछि मर्नु पर्छ" भन्ने बुद्धको शिक्षा स्वरूप मैले जवाब दिएँ । मलाई मृत्युसँग डर छैन । वास्तवमा म लामाको हिफाजतमा आनन्दपूर्वक बसेता पनि मलाई जुनसुकै बेलामा पनि मृत्युले भेट्टाउन सक्थ्यो । अत एव तीर्थयात्रा गरिरहँदा मृत्युसँग मेरो

जम्काभेट भए म राम्रो मान्नेछु । मलाई रोक्नु निरर्थक छ भन्ने देखेपछि मेरो आतिथ्यकर्ताले मेरो दृढ सङ्कल्पप्रति सराहना गरे र मेरा निम्ति विश्वासी भरियाहरू खोज्ने जिम्मा लिए । तत्पश्चात् राम्रोसँग खोजी गरेर उनले मेरो लागि एउटा तीर्थयात्रीको दल मिलाइदिए । यसमा दुईजना पुरूष र एकजना बूढी आइमाई थिए । बूढी आइमाईको उमेर साठ्ठी वर्ष पुगेको भएता पनि उनी अति अप्ठेरो बाटोको सामना गर्न पर्याप्त सबल थिइन् । यी मानिसहरू डाँकाहरूको निम्ति कुख्यात मुलुक खामबाट आएका भएता पनि मलाई उनीहरूप्रति पूरा विश्वास र राम्रो धारणा रह्यो । उनको विशेष कृपास्वरूप ग्यालामाले मेरो तीर्थ यात्रामा साथ दिने दुईजना नोकरहरूले इमान्दारीसँग मेरो सेवा गरे कि गरेनन् भनेर हेर्नलाई उनको विश्वासी एकजना मानिसलाई तुक्जेसम्म मसँगै पठाउने प्रतिज्ञा गरे ।

(जापानी बौद्ध भिक्षुको संस्मरण 'इकाइगुचीको नेपाल बसाइ'बाट- साझा प्रकाशन २०४६)

<u>**परिशिष्ट - ३**</u>

स्थलगत अध्ययनका क्रममा खिचिएका चिरिघ्याङ र त्यस क्षेत्रका तस्बिरहरू





